
## बुढानीलकण्ठ नगरपालिकाको नक्सा





प्रकाशक:

बुढानीलकण्ठ नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

शिक्षा, युवा तथा खेलकुद महाशाखा

हात्तीगौँडा, काठमाडौं, बागमती प्रदेश, नेपाल



ईमेल: edubudhanilkantha2076@gmail.com, वेब साईट: budhanilkanthamun.gov.np


"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बुढानीलकण्ठ"

# शैक्षिक अनुसन्धान प्रतिवेदन सार
# २०८१




बुढानीलकण्ठ नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

हात्तीगौँडा, काठमाडौं

बागमती प्रदेश, नेपाल

# शैक्षिक अनुसन्धान प्रतिवेदन सार
# २०८१

बुढानीलकण्ठ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद महाशाखा
हात्तीगौंडा, काठमाडौं
बागमती प्रदेश, नेपाल

**बुढानीलकण्ठ नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**शिक्षा, युवा तथा खेलकुद महाशाखा**

**हात्तीगौंडा, काठमाडौं**
**बागमती प्रदेश, नेपाल**

कम्प्युटरः आनन्द राज शाक्य, anandeye@gmail.com

"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बुढानीलकण्ठ"
बुढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हात्तीगौंडा, काठमाडौं
बागमती प्रदेश, नेपाल



# शुभकामना

यस नगरपालिकामा रहेको शिक्षा, युवा तथा खेलकुद महाशाखाले शैक्षिक उन्नयन वर्ष घोषणाको अवधिमा विभिन्न क्रियाकलाप सञ्चालन गरिरहेको छ । यी क्रियाकलापको सञ्चालनबाट बुढानीलकण्ठको शिक्षा क्षेत्रलाई सुधार र विकास गरी रूपान्तरण गर्न महत्त्वपूर्ण टेवा पुग्न गएको अनुभूति आमसरोकारवालाहरूले गरिरहेको महसुस भएको छ ।

शिक्षाको विकास र रूपान्तरणको महत्त्वपूर्ण सारथी शिक्षक नै हुन् । शिक्षकले सकारात्मक मनोवृत्ति राखेर आफूमा भएको ऊर्जाको सदुपयोग गर्न सके मात्र शिक्षामा एक पछि अर्को परिवर्तन सम्भव हुन जान्छ ।

शिक्षकलाई सकारात्मक बनाउने महत्त्वपूर्ण तत्त्व नै शिक्षकको पेसागत विकास हो । शिक्षकको पेसागत विकासलाई निर्देशित भन्दा स्वचालित बनाउन सक्नुपर्छ । तब मात्र शिक्षक आफ्नो पेसागत विकासका लागि आफैं जिम्मेदार र जवाफदेही बन्न सक्छन् । यसै कुरालाई हृदयङ्गम गरी बुढानीलकण्ठ नगरपालिकाले शिक्षक पेसागत विकासको महत्त्वपूर्ण तत्त्वका रूपमा कार्यमूलक अनुसन्धानलाई शिक्षक डायरीको अभिन्न अङ्ग बनाई कार्यान्वयन गरिरहेको छ ।

शिक्षकले कार्यान्वयन गरिरहेको कार्यमूलक अनुसन्धानका प्रतिवेदन र शिक्षकको मनोबल, अभिप्रेरणा तथा काम र समय (टाइम एण्ड टास्क) सम्बन्धी गरिएका अध्ययन अनुसन्धानका प्रतिवेदन समावेश गरी यो शैक्षिक अनुसन्धान प्रतिवेदन सार प्रकाशन गरिएको छ । अवश्य नै यो आम शैक्षिक सरोकारवालाहरूका लागि उपयोगी हुने अपेक्षा गरिएको छ ।

मिठाराम अधिकारी
नगरप्रमुख

टोल फ्रि नं. १६६००१०००३२, फोन नं. ०१-४३७२७२५
www.budhanilkanthamun.gov.np, E-mail: info@budhanilkanthamun.gov.np, budhanilkanthamun@gmail.com

"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बुढानीलकण्ठ"
**बुढानीलकण्ठ नगरपालिका**
# नगर कार्यपालिकाको कार्यालय
**हात्तीगौंडा, काठमाडौं**
**बागमती प्रदेश, नेपाल**



## शुभकामना

सार्वजनिक विद्यालय शिक्षालाई सुधार गर्दै नगरवासीलाई सर्वसुलभ रूपमा गुणस्तरीय विद्यालय शिक्षा प्रदान गर्ने अभिष्टका साथ नगरपालिकाले विभिन्न शैक्षिक सुधार, विकास र उन्नयनशील कार्यक्रमहरू कार्यान्वयन गरिरहेको छ । यस सन्दर्भमा पछिल्लोपटक जनप्रतिनिधि बहाल भइसकेपछिका दुई आर्थिक वर्षलाई शैक्षिक सुधार र शैक्षिक उन्नयन वर्षका रूपमा कार्यान्वयन गरिएको छ । शैक्षिक उन्नयन वर्षअन्तर्गत विद्यार्थीको सिकाइ सुधार, शिक्षकको पेसागत विकास र विद्यालयमा सक्षमता अवस्थाको सुनिश्चितता अन्तर्गत विभिन्न कार्यक्रम कार्यान्वयन गरिएका छन् ।

शिक्षक पेसागत विकास कार्यक्रमअन्तर्गत विभिन्न पेसागत विकासका मोडुल कार्यान्वयन गरिएका छन् । यस्ता विभिन्न मोडुलहरूमा स्वचालित रूपमा शिक्षक पेसागत विकासको मोडुललाई हाम्रो नगरपालिकाले प्रभावकारी रूपमा कार्यान्वयन गरिरहेको छ । यस मोडेलमा शिक्षकलाई सामयिक रूपमा आफ्नो पेसागत विकास आफैँ गर्न अग्रसर गराइन्छ । यसका लागि विभिन्न योजना, कार्यक्रम प्रदान गरिन्छ, अभिमुखीकरण गरिन्छ र अन्ततः शिक्षक स्वयम् नै स्वअध्ययन र स्वक्रियाशीलताबाट आफूमा सक्षमता विकासका लागि प्रयत्नशील बन्ने गर्छन् ।

शिक्षकलाई आफैँ प्रयत्नशील भएर आफ्नो पेसागत विकास गर्नका लागि सक्षम बनाउने एउटा साधन कार्यमूलक अनुसन्धान रहेछ । शिक्षक स्वयम्ले शिक्षण सिकाइका क्रममा भोगेका शैक्षणिक समस्याको समाधान खोज्ने, यसका लागि योजना बनाउने, कार्यान्वयन गर्ने, अवलोकन गर्ने र प्रतिविम्बन गर्ने कार्य गर्छन् । यदि एउटा चक्रमा समाधान निकाल्न सकेनन् भने अर्को चक्रको पुनरावृत्ति गर्ने कार्य गर्छन् । जसले शिक्षकलाई चिन्तनशील, अध्ययनशील र अन्वेषक बनाउन उद्वेलित गर्छ । यो महत्त्वपूर्ण विधिलाई अवलम्बन गरेर हरेक शिक्षकलाई कार्यमूलक अनुसन्धान गर्न बाध्य पारेर शिक्षक पेसागत विकासमा नयाँ आयाम सिर्जना गरिएको छ । यसका साथै तेस्रो पक्षको सहयोगमा शिक्षकको मनोबल र अभिप्रेरणाको पक्षका साथै शिक्षकको समय पालनाको बारेमा समेत अध्ययन अनुसन्धान गरेर महत्त्वपूर्ण निष्कर्ष सार्वजनिक गरी सोको प्रकाशन समेत गरिँदै छ । यो आफैँमा गहन महत्त्व बोक्ने कार्य हो । महत्त्वपूर्ण यस कार्यमा संलग्न विज्ञ, शिक्षक र कर्मचारी सबैप्रति कृतज्ञता जाहेर गर्दै प्रकाशनको स्तरीयताको कामना गर्छु ।

अनिता लामा
नगरउपप्रमुख

"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बुढानीलकण्ठ"

**बुढानीलकण्ठ नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**हात्तीगौँडा, काठमाडौँ**

**बागमती प्रदेश, नेपाल**



## शुभकामना

शिक्षालाई समयसापेक्ष रूपमा सुधार, विकास र प्रर्वतन गर्न अनुसन्धान अपरिहार्य छ । शिक्षकको पेसागत विकास, कक्षाकोठाको शिक्षण सिकाइ, पाठ्यक्रममा समसामयिक सुधार र विकास, विद्यार्थी मूल्याङ्कनमा सुधारलगायतका कार्यका लागि अनुसन्धान आवश्यक छ । अनुसन्धानले शिक्षकको शिक्षण क्रियाकलाप, विद्यार्थीको सिकाइ उपलब्धि र विद्यालयको समग्र व्यवस्थापकीय सुधारमा महत्त्वपूर्ण टेवा पुऱ्याउँछ ।

उपर्युक्त सन्दर्भमा यस नगरपालिकाको शिक्षामा सुधार र विकासका लागि आ.व.२०८०/८१ लाई शैक्षिक उन्नयन वर्षको रूपमा घोषणा गरेको छ । यस घोषणाअन्तर्गत विभिन्न अन्वेषक कार्यक्रमहरू कार्यान्वयन गरिएका छन् । खास गरी शिक्षकको पेसागत विकासलाई केन्द्रमा राखेर विभिन्न मोडुलमा शिक्षक पेसागत विकासका कार्यक्रमहरू सञ्चालन गरिएका छन् । शिक्षक डायरीको कार्यन्वयन, कार्यमूलक अनुसन्धान, कक्षा अवलोकन जस्ता कार्यक्रमले शिक्षकको पेसागत विकासमा महत्त्वपूर्ण टेवा पुऱ्याएको देखिन्छ ।

यस प्रकाशनले शिक्षकबाट गरिएका कार्यमूलक अनुसन्धानहरूका प्रतिवेदन र नगरपालिकाबाट शिक्षकको मनोबल र अभिप्रेरणा वृद्धिका लागि सञ्चालन गरिएका अनुसन्धानका प्रतिवेदनहरू समेटेको छ । यसबाट शिक्षकको पेसागत उन्नयन कार्यलाई वस्तुपरक रूपमा कार्यान्वयन गर्न सहयोग पुग्ने अपेक्षा लिएको छु । अन्त्यमा यस प्रकाशनको स्तरीयता र निरन्तरताको कामना गर्छु ।

तुल्सीराम अर्याल

प्रमुख प्रशासकीय अधिकृत

**टोल फ्रि नं. १६६००१०००३२, फोन नं. ०१-४३७२७२५**

www.budhanilkanthamun.gov.np, E-mail: info@budhanilkanthamun.gov.np, budhanilkanthamun@gmail.com

# अनुसन्धान

शिक्षामा सुधार, विकास र उन्नयन आजको अपरिहार्यता हो । समय सापेक्ष रूपमा शिक्षामा रूपान्तरण गर्न वाञ्छनीय छ, यदि सकिएन भने विद्यार्थी, अभिभावक र शिक्षकको अपेक्षा पूरा हुन सक्दैनन् । जसले गर्दा शैक्षिक संस्था र प्रणालीप्रतिको विश्वास र भरोसामा बदलाब आउन पुग्दछ । परिणामतः गुणस्तरीय शिक्षाको अध्ययनका नाममा विदेशिने विद्यार्थीको सङ्ख्यामा बढोत्तरी हुँदै जान सक्छ । यसबाट एकातिर शैक्षिक संस्थाहरू धराशयी हुँदै जान सक्छन् भने अर्कोतिर यसले गर्दा राष्ट्रको अर्थतन्त्र, सामाजिक संरचना र राष्ट्रियता समेत कमजोर हुन जान्छ । यस सन्दर्भमा शैक्षिक नीति, योजना, कार्यक्रम, संस्था तथा प्रणालीलाई अद्यावधिक गर्दै जानुपर्छ । यो अद्यावधिकता शिक्षा प्रणालीलाई चलायमान बनाउने मानव संसाधनको सक्षमताबाट मात्र सम्भव देखिन्छ । यसको प्रमुख साधन भने कै शिक्षक पेसागत विकास हो । शिक्षकको पेसागत विकासलाई शिक्षक स्वयम् जिम्मेवार हुने गरी विकास र कार्यान्वयन गर्न सके मात्र सूचना र प्रविधिको तीव्रतर विकासका कारण स्क्रिन एरा वा जेष्ठ पुस्ताका विद्यार्थीको अपेक्षा सम्बोधन गर्न सहज हुन सक्छ ।

शिक्षकको पेसागत विकासलाई स्वचालित बनाउने सन्दर्भमा कार्यमूलक अनुसन्धानलाई महत्त्वपूर्ण अवयवका रूपमा प्रयोग गर्न सकिन्छ । कार्यमूलक अनुसन्धानले शिक्षकको पेसागत विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ । यसले शिक्षकलाई शिक्षण सिकाइका क्रममा देखिएका समस्याहरूलाई पहिचान गर्न र समाधानको बाटो पहिल्याउन उद्वेलित गर्दछ । यो प्रायोगिक अनुसन्धान हो, जसको अध्ययनको सुरुआत समस्यालाई समाधान गर्ने गरी गरिएको हुन्छ । यसमा अन्य अनुसन्धान जस्तो समस्याको अध्ययन गरी निष्कर्षको सिफारिस एउटाले गर्ने र उक्त सिफारिसहरूको कार्यान्वयन गरेर समाधान अर्कोले गर्ने अभ्यास हुँदैन । यसमा समस्याको अध्ययनकर्ता वा अुसन्धानको अभ्यासकर्ता नै अध्ययनका सुझावहरू कार्यान्वयनकर्ता हुन्छ । यसैले यसलाई कार्यमूलक अनुसन्धान भनिन्छ । यो प्रमाणीकरणका लागि गरिँदैन । यो त निरन्तर सुधार, विकास र उन्नययनको अभिप्रायले गर्ने गरिन्छ ।

यसरी नगरपालिकाले शिक्षकको पेसागत विकासलाई स्वचालित पद्धतिबाट अघि बढाउन विभिन्न अभ्यास गर्दै आएको छ । विषयगत शिक्षण समितिहरूको गठन, शिक्षक डायरीको कार्यान्वयन, बेलेण्डेड मोडेलमा शिक्षक पेसागत विकास कार्यक्रमको कार्यान्वयन, शिक्षण सिकाइको प्राविधिक परीक्षण, रमाइलो शुक्रबार, शिक्षकको समय र कार्य (टाइम एण्ड टास्क) को अध्ययन, शिक्षकको मनोबल र अभिप्रेरणा बढाउने तत्त्वहरूको पहिचान जस्ता अन्वेषणशील अध्ययन र कार्यक्रमको सञ्चालन गरिएको छ । यसबाट शिक्षा क्षेत्रमा अपेक्षित नतिजा पनि हासिल हुन गएको छ । यिनै विभिन्न अन्वेषक रूपमा सम्पादित क्रियाकलापहरूलाई सङ्गठित गर्न नगरपालिकाको तहमा गरिएका शैक्षिक अध्ययन अनुसन्धानको सारका रूपमा यस जर्नलको प्रकाशन गरिएको छ ।

# विषयसूची


| शीर्षक | पृष्ठ |
| --- | --- |
| **अनुसन्धान प्रतिबेदन;** विद्यालयमा कार्यरत शिक्षकहरुको पेशागत आवश्यकता : एक अध्ययन | १-२४ |
| **कार्यमूलक अनुसन्धान खण्ड** | |
| सामाजिक सञ्जालको प्रयोगले विद्यार्थीमा पारेको प्रभाव | २५-३० |
| सिकाइ क्षमतामा विविधता व्यवस्थापनका उपायहरू | ३१-३६ |
| कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूलाई न्यायपालिका शीर्षक पाठ सहजीकरणको रणनीति | ३७-४२ |
| कक्षा ९ का विद्यार्थीलाई नियमित कक्षाकार्य, गृहकार्य र परियोजना कार्य गराउन गरिएको प्रयास: एक अध्ययन | ४३-४६ |
| An Action Research on Teaching and Learning with Technology: Effectiveness of ICT Integration in ELT | ४७-५२ |
| विद्यार्थीलाई कक्षामा पढाइ हुने विषयका पाठ्यपुस्तक नियमित ल्याउन लगाउने उपायहरू | ५३-५८ |
| कक्षा ९ र १० को सामाजिक अध्ययन विषयमा सिकाइ सहजीकरण गर्दा विद्यार्थीहरूको अनुशासन तथा कक्षा वयवस्थापन सम्बन्धी एक अध्ययन २०८१ | ५९-६२ |
| **अनुसन्धान प्रतिबेदन;** बुढानीलकण्ठ नगरपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूको कार्य र समयको व्यवस्थापनको अवस्था सम्बन्धी एक अध्ययन | ६३-९२ |
| प्रारम्भिक बालविकास सम्बन्धी एकिकृत योजना २०७९-२०८४ | ९३-११० |
| विद्यालय तहमा लोक सेवा कक्षा पाठ्यक्रम | १११-१३६ |

# विद्यालयमा कार्यरत
# शिक्षकहरूको पेशागत आवश्यकता: एक अध्ययन

प्रा. स्वयम् प्रकाश जबरा

(अनुसन्धानकर्ता)

२०८१

# विद्यालयमा कार्यरत
# शिक्षकहरूको पेशागत आवश्यकता : एक अध्ययन

**अध्याय एक**

**परिचय**

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षण एक उच्च सम्मानजनक पेसा हो र शिक्षकहरू समाजको लागि एक अमूल्य सम्पदा हुन् । कुनै पनि देशको विकासको लागि शिक्षा एक सबैभन्दा महत्त्वपूर्ण लगानी हो भने शैक्षणिक प्रक्रियालाई आफ्नो गन्तव्यसम्म सफलतापूर्वक पुऱ्याउनमा शिक्षकको सबैभन्दा महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

शिक्षण प्रक्रियाको प्रभावकारी सञ्चालनमा यसका विभिन्न तत्त्वहरूको प्रत्यक्ष र महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यसका प्रमुख तत्त्वहरूमा शिक्षक, विद्यार्थी र विषयवस्तु र यसको प्रस्तुतिलाई लिइन्छ । शिक्षक यस प्रणालीको स्वतन्त्र चर हो भने विद्यार्थी यस प्रणालीको आश्रित चर हो । स्वतन्त्र चरको रूपमा शिक्षकको जिम्मेवारी शिक्षणको योजना बनाउने, सङ्गठन गर्ने, नेतृत्व प्रदान गर्ने र नियन्त्रण गर्ने जस्ता व्यवस्थापकीय जिम्मेवारीहरू वहन गरी यस प्रक्रियाको आश्रित चरको रूपमा रहका विद्यार्थीहरूको व्यवहारमा योजनाबद्ध रूपमा परिवर्तन ल्याउनु हो ।

शिक्षण एक सिपपूर्ण कार्य हो । शिक्षणको सफलताका लागि शिक्षक योग्य र दक्ष हुनुपर्छ । उसमा विषयगत उच्च ज्ञान हुनुका साथै शिक्षण सिप पनि हुनुपर्छ । शिक्षकको सक्षमता सम्बन्धमा शैक्षिक जनशक्ति विकास केन्द्रले तयार गरेको प्रारूपअनुसार शिक्षकको सक्षमता अन्तर्गत विषयगत ज्ञान, शिक्षण सम्बन्धमा ज्ञान, सिकारुसम्बन्धमा ज्ञान, सिकाइ वातावरण र कक्षा व्यवस्थापन, सञ्चार र सहकार्य, निरन्तर सिकाइ र पेसागत विकास, कानुनी आधार र पेसागत व्यवहार, तथा सूचना सञ्चारबारे जानकारी आदि आठ सक्षमताहरूलाई समेटिएका छन् ।

शिक्षकहरूको आवश्यकताको लेखाजोखा गर्दा शिक्षणलाई एक पेसाको रूपमा हेरिनु पर्छ । पेसा एउटा यस्तो विशिष्ट कार्य हो जसको लागि विशेष योग्यता तथा तालिमको आवश्यकता पर्दछ । यो एक सिपमूलक कार्य हो । यी सिपहरू शिक्षा तथा  तालिमबाट मात्र प्राप्त गर्न सकिन्छ । शिक्षण पेसाको लागि विशेष योग्यताको आवश्यकता पर्दछ । कुनै व्यक्ति एक निश्चित तहको अध्ययन र तालिम पूरा गरिसकेपछि मात्र यस पेसामा प्रवेश गर्न सक्दछन् । यो अध्ययन शिक्षकहरूको सक्षमतासँग प्रत्यक्ष सम्बन्ध राख्ने उनीहरूको पेसागत आवश्यकताको लेखाजोखा गर्नुमा केन्द्रित रहेको थियो ।

## १.२ समस्याको कथन

शिक्षक शैक्षणिक प्रक्रियाको सफलता निर्धारण गर्ने सबैभन्दा महत्त्वपूर्ण तत्त्व हो । शिक्षकको दक्षता र कार्यकुशलताले  शैक्षणिक प्रक्रियालाई आफ्नो पूर्वनिर्धारित लक्ष्य हासिल गर्न सबैभन्दा बढी प्रभाव पार्दछ । निश्चय नै सबै व्यक्तिहरू जन्मजात तवरले असल शिक्षक हुन सक्दैनन् । असल शिक्षक बन्नका लागि

उनीहरूमा उपयुक्त शैक्षणिक सिपहरूको विकास गर्नुपर्छ । यसको लागि उपयुक्त शिक्षक तालिमको व्यवस्था गर्नुपर्छ र शिक्षणको लागि उपयुक्त वातावरणको सिर्जना गर्नुपर्छ । युक्त दुवै पक्षहरूको सम्बन्ध शिक्षकको पेसागत आवश्यकतासँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छन । तसर्थ शिक्षकका आवश्यकताहरूको आँकलन गर्दा उनीहरूको पेसागत आवश्यकता तथा शैक्षणिक वातावरणसँग सम्बन्धित आवश्यकताहरूको आँकलन गर्नुपर्छ ।

शिक्षकका आवश्यकताहरूको आँकलन गर्दा उनीहरूको पेसागत सिपसम्बन्धी आवश्यकताको साथै यस पेसासँग सम्बन्धित भौतिक तथा सामाजिक आवश्यकताहरूको आँकलन गर्नु आवश्यक हुन्छ । यो अध्ययन उनीहरूद्वारा प्रयोग गरिएका शिक्षण सिपहरूको वर्तमान अवस्था, यसको प्रयोग सम्बन्धमा उनीहरूको व्यक्तिगत प्रतिक्रिया, यससम्बन्धमा उनीहरूको थप आवश्यकता, उनीहरूले शिक्षणमा अनुभव गरेका समस्या, उनीहरूको पेसाप्रतिको सन्तुष्टि, र यससम्बन्धमा शिक्षण सिकाइका अन्य प्रत्यक्ष सरोकारवालाहरू जस्तै : विद्यालय, अभिभावक र राज्यप्रति उनीहरूको थप अपेक्षाहरू के-कस्तो छन् ? आदि अनुसन्धानात्मक प्रश्नहरूको जवाफको खोजितर्फ केन्द्रित रहेको थियो ।

## १.३ अध्ययनको उद्देश्य

(क) शिक्षकहरूको आफ्नो पेसाप्रतिको सन्तुष्टिको अवस्था आँकलन गर्नु

(ख) शिक्षकहरूद्वारा कक्षाकोठामा शिक्षण सिप प्रयोगको वर्तमान अवस्था र यससम्बन्धमा उनीहरूको दृष्टिकोणको विश्लेषण गर्नु

(ग) शिक्षकहरूको पेसागत आवश्यकता पहिचान गर्नु

(घ) शिक्षकहरूको शिक्षण सिकाइका विभिन्न सरोकारवाला अर्थात् विद्यालय, अभिभावक, स्थानीय सरकार र राज्यप्रतिका अपेक्षाहरू निर्क्योल गर्नु

## १.४ अध्ययनको औचित्य

(क) यस अध्ययनले विद्यालयमा कार्यरत शिक्षकहरूका ती विशिष्ट आवश्यकताहरूबारे जानकारी गराएको छ, जुन वर्तमानको अवस्थामा उनीहरूलाई कक्षाकोठामा गुणस्तरीय शिक्षणका लागि आवश्यक रहेका छन् ।

(ख) यस अध्ययनले शिक्षकको पेसागत विकास कार्यक्रमले समेट्नुपर्ने शिक्षकका सक्षमताका क्षेत्रहरूबारे पनि जानकारी गराएको छ ।

(ग) यस अध्ययनले शिक्षण सिकाइसँग सम्बन्धित पक्षहरू अर्थात् अभिभावक तथा विद्यालय प्रशासनलाई गुणस्तरीय शिक्षणको सुनिश्चितता गर्न उनीहरूले निर्वाह गर्नुपर्ने उत्तरदायित्वहरूबारे जानकारी एवम् सचेतना समेत प्रदान गरेको छ ।

(घ) यो अध्ययन स्थानीय निकाय तथा शिक्षासँग सम्बन्धित राज्यका निकायहरूलाई समेत शिक्षक विकास तथा तालिमको नीति तथा कार्यक्रमको विकासबारे आवश्यक योजना बनाउन तथा शिक्षकको पेसागत विकासमा सहयोग गर्नुपर्ने क्षेत्रहरूबारे आवश्यक जानकारी प्रदान गरेको छ ।

## १.५ अध्ययनको परिसीमा

(क) यो अध्ययन बुढानीलकण्ठ नगरपालिकामा कार्यरत सामुदायिक विद्यालयका शिक्षकहरूको पेसागत आवश्यकताको अध्ययनसँग सम्बन्धित रहेको थियो । यस कार्यका लागि यस अध्ययनले त्यस क्षेत्रका सामुदायिक विद्यालयका शिक्षक तथा प्रधानाध्यापकको प्रतिक्रिया तथा विज्ञहरूद्वारा गरिएको कक्षा अवलोकनबाट प्राप्त जानकारीहरूलाई प्रमुख स्रोतको रूपमा प्रयोग गरेको थियो ।

(ख) पेसागत आवश्यकताहरूको निर्क्यौल गर्न शिक्षकले कक्षाकोठमा प्रदर्शन गर्नुपर्ने शैक्षणिक सिप तथा सक्षमता तथा शिक्षकहरूले गुणस्तरीय शिक्षणकालागि अभिभावक, विद्यालय, स्थानीय निकाय तथा राज्यसँग गरेका अपेक्षाहरूलाई प्रमुख आधारको रूपमा समेटिएको थियो ।

(ग) शिक्षकले कक्षाकोठामा प्रदर्शन गर्नुपर्ने शैक्षणिक सिप तथा सक्षमताअन्तर्गत योजना निर्माण, शिक्षण सामग्रीको प्रयोग, प्रयोग गरिने शिक्षण विधि, पृष्ठपोषण र मूल्याङ्कनको सिप तथा तालिमबाट प्राप्त ज्ञान र सिपलाई कक्षाकोठामा हस्तान्तरणको अवस्थाको साथै उनीहरूलाई आवश्यक परेको थप प्राज्ञिक सहयोगका क्षेत्रहरूबारे जानकारी सङ्कलन गरेर शिक्षकका आवश्यकताहरूबारे निर्क्यौल गरिएको थियो ।

(घ) अध्ययनका लागि विद्यालय तथा शिक्षकको छनोट गर्दा यिनीहरूको उपलब्धताको आधारमा सुविधाजनक तवरले यिनीहरूलाई छनोट गरिएको थियो ।

# अध्याय दुई
# अध्ययन विधि

## २.१ जनसङ्ख्या र नमुना छनोट

बुढानीलकण्ठ नगरपालिकाका सामुदायिक विद्यालयहरू यस अध्ययन क्षेत्र र यी विद्यालयमा कार्यरत शिक्षक तथा प्रधानाध्यापक यस अध्ययनको उत्तरदाताको रूपमा रहेका थिए । यस नगरपालिकाका १९ ओटा सामुदायिक विद्यालयहरूमध्ये ९ विद्यालयहरूलाई सम्भावनायुक्त नमुना छनोट विधि प्रयोग गरेर छनोट गरिएको थियो । यी विद्यालयमा कार्यरत शिक्षकहरूलाई तहगत र विषयगतआधारमा छनोट गरी उनीहरूको कक्षा अवलोकन गर्नुका साथै उनीहरूको प्रश्नावलीमार्फत प्रतिक्रिया पनि सङ्कलन गरिएको थियो ।

**तालिका : नमुनाको आकार**

| क्र.सं. | उत्तरदाता | छनोट गरिएको नमुनाको आकार |
|---|---|---|
| १. | विद्यालय | ९ |
| २. | प्रधानाध्यापक | ९ |
| ३. | शिक्षक | ६५ |

अध्ययनको क्रममा नमुनाको रूपमा छनोट भएका विद्यालयहरूका ६५ जना शिक्षकहरूको कक्षा अवलोकन गरिएको थियो । कक्षा अवलोकन गरिएका सम्पूर्ण शिक्षकहरू र विद्यालयका प्रधानाध्यापकहरूलाई प्रश्नावली समेत प्रदान गरी उनीहरूको प्रतिक्रिया समेत सङ्कलन गरिएको थियो । प्रश्नावली सङ्कलनको क्रममा सम्पूर्ण प्रधानाध्यापकहरूको प्रश्नावली प्राप्त भए तापनि विविध कारणले ६५ मध्ये ५६ शिक्षकहरूको प्रश्नावली मात्र प्राप्त भयो ।

## २.२ अध्ययनका साधनहरू

**यस अध्ययनसम्बन्धी जानकारी सङ्कलन गर्न निम्नानुसारका साधनहरू प्रयोग गरिएको थियो :**

कक्षा अवलोकन फाराम, शिक्षकहरूद्वारा पाठयोजना, उत्प्रेरणा र शिक्षण सामग्रीको प्रयोग, पाठको प्रस्तुतीकरण, शिक्षण विधिको प्रयोग, विद्यार्थीहरूलाई शिक्षण सिकाइमा सहभागी गराउने, कक्षाकोठाको वातावरण व्यवस्थापन गर्ने, पाठको योजनाबद्ध पुनरावृत्ति गर्ने, मूल्याङ्कन, पृष्ठपोषण र कक्षाकार्य/गृहकार्यको प्रयोग आदि सिपहरूको प्रयोगको अवस्थाको लेखाजोखा गर्न एक कक्षा अवलोकन फाराम निर्माण गरेर प्रयोग गरिएको थियो ।

शिक्षकका लागि प्रश्नावली : शिक्षकहरूले आफ्नो पेसागत सिप प्रयोगबारे उनीहरूको व्यक्तिगत धारणा, पेसाप्रतिको सन्तुष्टि, पेसागत विकासप्रतिका चाहना तथा अपेक्षाहरू एवम् समस्याहरू सङ्कलन गर्न शिक्षकहरूलाई एक बन्द र खुल्ला प्रश्नहरू भएको एक प्रश्नावली प्रदान गरेर त्यसमा उनीहरूको प्रतिक्रिया सङ्कलन गरिएको थियो ।

प्रधानाध्यापकका लागि प्रश्नावली : शिक्षकद्वारा पेसागत सिप प्रयोगको अवस्था, उनीहरूका समस्या तथा आवश्यकताहरूबारे प्रधानाध्यापकहरूको दृष्टिकोण सङ्कलन गर्नका लागि प्रधानाध्यापकहरूलाई एक प्रश्नावली प्रदान गरेर उनीहरूको विचार सङ्कलन गर्ने प्रयास पनि गरिएको थियो ।

## २.३ साधनहरूको वैधता निर्धारण

कक्षा अवलोकन कार्यमा प्रत्यक्ष रूपमा सङ्लग्न हुने विज्ञहरू तथा अनुसन्धानसँग प्रत्यक्ष सरोकार राख्ने यस नगरपालिकाको शिक्षा तथा खेलकुद महाशाखाका पदाधिकारीहरूसँगको छलफल गरेर साधनको वैधता सुनिश्चित गरिएको थियो ।

## २.४ तथ्याङ्कका स्रोतहरू

**प्राथमिक स्रोत :** यस अध्ययनका प्राथमिक स्रोतको रूपमा अवलोकन फाराममार्फत गरिएको प्रत्यक्ष कक्षा अवलोकलनमार्फत प्राप्त जानकारीहरू, शिक्षक र सम्बन्धित प्रधानाध्यापकमार्फत प्राप्त जानकारीहरूलाई उपयोग गरिएको थियो ।

**माध्यमिक स्रोत :** माध्यमिक स्रोतको रूपमा सम्बन्धित नगरपालिकाको शिक्षा तथा खेलकुद महाशाखामा रहेका विद्यालयहरूसँग सम्बन्धित तथ्याङ्कहरू उपयोग गरिएको थियो ।

## २.५ तथ्याङ्क सङ्कलन विधि

तथ्याङ्क सङ्कलन गर्न पहिलो चरणमा नमुना छनोटमा परेका विद्यालयमा कक्षा अवलोकनका लागि विज्ञहरूलाई प्रत्यक्ष रूपमा संलग्न गराइएको थियो विज्ञहरूद्वारा कक्षा सुपरिवेक्षण गराइनुका साथै शिक्षकहरूलाई उनीहरूको शिक्षणबारे पृष्ठपोषण प्रदान गर्न कक्षापश्चात सामूहिक रूपमा छलफल पनि आयोजना गरिएको थियो । यस छलफलका साथै शिक्षकहरूलाई प्रश्नावली प्रदान गरेर यसमा उनीहरूको प्रतिक्रिया समेत सङ्कलन गरिएको थियो ।

## २.६ तथ्याङ्क विश्लेषण र व्याख्या विधि

प्राप्त सम्पूर्ण जानकारीहरूलाई सर्वप्रथम सावधानीपूर्वक उतार गरिएको थियो । यी जानकारीहरूमध्ये परिमाणात्मक प्रकृतिका जानकारीहरूलाई यिनीहरूको समानताको आधारमा वर्गीकरण गरी तालिकीकरण पश्चात् तथ्याङ्कहरूलाई अध्ययनका उद्देश्यहरू अनुरूप विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको थियो । प्राप्तिको वैधता सुनिश्चित गर्न शिक्षक तथा प्रधानाध्यापकहरूबाट प्राप्त प्रतिक्रियाहरूको त्रिकोणीकरणमार्फत यसको वैधता निर्धारण गरिएको थियो ।

# अध्याय तीन
# तथ्याङ्कको विश्लेषण र व्याख्या

## ३.१ उत्तरदाताहरूको पृष्ठभूमि

अनुसन्धानमा छनोट गरिएका शिक्षक तथा प्रधानाध्यापकहरू योग्यता, तालिम र अनुभवबारे प्राप्त जानकारी निम्नानुसार प्रस्तुत गरिएको छ :

### ३.१.१ शिक्षकहरूको पृष्ठभूमि

**तालिका : उत्तरदाता शिक्षकहरूको शिक्षण तह**

| शिक्षण तह | पुरुष | महिला | कुल (जम्मा) |
|---|---|---|---|
| मा. वि. | १५ (२६.८%) | ६ (१०.७%) | २१ (३७.५%) |
| निमावि | ७ (१२.५%) | ४ (७.१%) | ११ (१९.६%) |
| प्राथमिक | ८ (१४.३%) | १४ (२५.०%) | २२ (३९.३%) |
| बालविकास | ० | २ (३.६%) | २ (३.६%) |
| जम्मा | ३० (५३.६%) | २६ (४६.४%) | ५६ (१००%) |

छनोट गरिएका जम्मा ५१ उत्तरदाताहरूमध्ये ५३.६ प्रतिशत पुरुष शिक्षक र ४६.४ प्रतिशत महिला शिक्षकहरू थिए । २६.८ प्रतिशत पुरुष शिक्षक माध्यमिक तहमा कार्यरत थिए र यस तहमा महिला शिक्षकहरूको सङ्ख्या मात्र १०.७ प्रतिशत रहेको पाइयो । धेरै जसो महिला शिक्षकहरू प्राथमिक तहमा कार्यरत थिए ।

**तालिका : शिक्षकहरूको शैक्षिक योग्यता**

| शिक्षक | स्नातकोत्तर | स्नातक | उच्चमाध्यमिक | माध्यमिक | जम्मा |
|---|---|---|---|---|---|
| पुरुष | २२ (३९.३%) | ६ (१०.७%) | २ (३.६%) | ० | ३० (५३.६%) |
| महिला | ९ (१६.१%) | ७ (१२.५%) | ७ (१२.५%) | ३ (५.४%) | २६(४६.४%) |
| कुल (जम्मा) | ३१ (५५.४%) | १३ (२३.२%) | ९ (१६.१%) | ३ (५.४%) | ५६ (१००%) |

यस अध्ययनमा समावेश शिक्षकहरूको शैक्षिक योग्यताको विश्लेषण गर्दा आधाभन्दा बढी शिक्षकहरूको योग्यता स्नातकोत्तर रहेको पाइयो । पुरुष र महिला शिक्षकहरूको योग्यता स्तरमा स्पष्ट अन्तर थियो । ३९.३ प्रतिशत पुरुष शिक्षकहरूको शैक्षिक योग्यता स्नातकोत्तर थियो भने मात्र १६.१ प्रतिशत महिला शिक्षकहरूको शैक्षिक योग्यता स्नातकोत्तर थियो । ५.४ प्रतिशत महिला शिक्षकहरूको शैक्षिक योग्यता माध्यमिक तह उत्तीर्ण मात्र थियो ।

**तालिका : शिक्षकहरूको तालिमको अवस्था**

| शिक्षक | तालिम प्राप्त | तालिम अप्राप्त | जम्मा |
|---|---|---|---|
| पुरुष | २३ (४१.१%) | ७ (१२.५%) | ३० (५३.६%) |
| महिला | १८ (३२.१%) | ८ (१४.३%) | २६ (४६.४%) |
| कुल (जम्मा) | ४१ (७३.२%) | १५ (२६.८%) | ५६ (१००%) |

माथिको तालिकाअनुसार कुल शिक्षकहरूमध्ये ७३.२ प्रतिशत शिक्षकहरू तालिम प्राप्त थिए तर २६.८ प्रतिशत शिक्षकहरू तालिम प्राप्त नहुनुले तालिमको अवस्था सन्तोषजनक रहेको भन्न सकिँदैन । पुरुष शिक्षकहरूमध्ये तीनचौथाइ शिक्षक तालिम प्राप्त थिए भने महिला शिक्षकहरूमध्ये ३२.१ प्रतिशत शिक्षकमात्र तालिम प्राप्त रहेको पाइयो । कुल शिक्षकहरूमध्ये आधि शिक्षकहरू र तालिम प्राप्तमध्ये ७५ प्रतिशत भन्दा बढी शिक्षक बी.एड. वा सोभन्दा माथिल्लो तालिम पाएका थिए ।

**तालिका : शिक्षकहरूको अनुभव**

| अनुभव | पुरुष | महिला | कुल जम्मा |
|---|---|---|---|
| ० - ५ वर्ष | २ (३.६%) | २ (३.६%) | ४ (७.२%) |
| ५ - १० वर्ष | २ (३.६%) | ६ (१०.३%) | ८ (१३.९%) |
| १० - १५ वर्ष | ९ (१६.१%) | १० (१७.७%) | १७ (३३.८%) |
| १५ - २० वर्ष | १० (१७.३%) | ३ (५.४%) | १३ (२२.७%) |
| २० वर्षभन्दा माथि | ७ (१२.५%) | ५ (८.९%) | १२ (२१.४%) |
| जम्मा | ३० (५५.६%) | २६ (४६.४%) | ५६ (१००%) |

माथि प्रस्तुत तालिमअनुसार यस अध्ययनमा समावेश गरिएका शिक्षकको अनुभवको विश्लेषण गर्दा यिनीहरू मोटामोटी ८० प्रतिशत शिक्षकहरूको अनुभव १० वर्षभन्दा बढी नै रहेको पाइयो । मात्र ७.२ प्रतिशत शिक्षकहरूको अनुभव ५ वर्षभन्दा कम थियो ।

### ३.१.२ प्रधानाध्यापकहरूको पृष्ठभूमि

प्रधानाध्यापकहरूको योग्यता, तालिम र अनुभवबारे प्राप्त जानकारी निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका : प्रधानाध्यापकहरूको योग्यता**

| योग्यता | |
|---|---|
| शैक्षिक योग्यता | सङ्ख्या |
| स्नातकोत्तर | ५ |
| स्नातक | ४ |
| कुल (जम्मा) | ९ |

अध्ययनको प्राप्तिअनुसार प्रअहरूको योग्यता स्नातक वा सोभन्दा माथि नै थियो । अध्ययनमा समेटिएका पचास प्रतिशत प्रअहरूको योग्यता स्नातकोत्तर रहेको पाइयो ।

**तालिका : प्रधानाध्यापकहरूको तालिमको स्थिति**

| तालिम | |
|---|---|
| **तालिमको प्रकार** | **सङ्ख्या** |
| एमएड | २ (२२.२%) |
| बिएड | ५ (५५.५%) |
| १० महिने तालिम | २ (२२.२%) |
| कुल (जम्मा) | ९ |

अध्ययनमा समेटिएका सबै प्रअहरू तालिम प्राप्त थिए । यिनीहरू मध्ये २२.२ प्रतिशत एमएड, ५५.५ प्रतिशत बिएड र बाँकी २२.२ प्रतिशत १० महिने तालिम प्राप्त रहेका थिए ।

**तालिका : प्रधानाध्यापकहरूको अनुभव**

| अनुभव | सङ्ख्या |
|---|---|
| ० - ५ वर्ष | ० |
| ५ - १० वर्ष | १ |
| १० - १५ वर्ष | ० |
| १५ - २० वर्ष | ० |
| २० वर्षभन्दा बढी | ८ |

यस अध्ययनका लागि छनोट गरिएका प्रधानाध्यापकहरूको अनुभव प्रयाप्त रहेको पाइयो । छनोट गरिएका ९ प्रधानाध्यापकहरूमध्ये ८ (८८.८ प्रतिशत) जनाको अनुभव २० वर्षभन्दा बढी रहेको थियो ।

### ३.२ शिक्षण पेसाप्रतिको सन्तुष्टि

कुनै पनि पेसागत कार्यमा राम्रो प्रदर्शनका लागि उपयुक्त पेसागत सिपका साथै पेसाप्रति सन्तुष्टिको पनि निकै आवश्यकता पर्छ । शिक्षकहरूसँग उनीहरूको पेसागत सन्तुष्टिको अवस्था बारे प्रश्न गर्दा निम्नानुसारको नतिजा पाइयो :

**तालिका : पेसागत सन्तुष्टिको अवस्था**

| सन्तुष्ट | असन्तुष्ट | अनिश्चित |
|---|---|---|
| ५० (८९.३%) | ३ (५.४%) | ३ (५.४%) |

अध्ययनको प्राप्तिअनुसार शिक्षकहरूमा आफ्नो पेसाप्रतिको पेसागत सन्तुष्टिको अवस्था उच्च स्तरको रहेको पाइयो । कुल शिक्षकहरूमध्ये लगभग ९० प्रतिशत शिक्षकहरू आफ्नो पेसाप्रति सन्तुष्ट रहेको पाइयो । असन्तुष्टको सङ्ख्या सरदर ५ प्रतिशत थियो । शिक्षकहरूलाई आफ्नो पेसागत सन्तुष्टिको कुनै तीन कारणसमेत

स्पष्ट पार्न अनुरोध गरिएकोमा उनीहरूद्वारा प्रस्तुत गरिएका प्रमुख कारणहरू निम्नानुसार रहेका थिए :

**तालिका : पेसागत सन्तुष्टिका कारणहरू**

| सन्तुष्टिका कारणहरू | सङ्ख्या |
|---|---|
| विद्यार्थीलाई सिकाउने अवसर | ३१ (५५.४%) |
| बालबालिकासँग काम गर्न मन पराउने | २२ (३९.३%) |
| शिक्षण गर्न रमाइलो | २० (३५.७%) |
| शिक्षण पेसामा रुचि | १८ (३२.१%) |
| जीविकोपार्जन | ११ (१९.६%) |
| सिक्ने अवसर | ९(१६.१%) |

शिक्षकहरूले दिएको प्रतिक्रियाअनुसार उनीहरूको पेसागत सन्तुष्टिमध्ये प्रमुख कारण उनीहरूलाई यस पेसामार्फत विद्यार्थीलाई सिकाउने अवसर रहेको पाइयो । यसबाहेक अन्य प्रमुख कारणहरूमा बालबालिकासँग काम गर्न मन पराउने, शिक्षण गर्न रमाइलो, शिक्षण पेसामा रुचि आदि थिए । मात्र ५ मध्ये १ शिक्षकले आफ्नो सन्तुष्टिको कारणको रूपमा जीविकोपार्जनको अवसर अभिव्यक्त गरेका छन् । यी कारणहरूको विवेचना गर्दा शिक्षकहरूको पेसागत सन्तुष्टिको कारणमा भौतिक आवश्यकता "जीविकोपार्जनको अवसर" को तुलनामा स्नेह र परस्पर सम्बन्ध, आत्मसम्मान, आत्मबोध सम्बन्धी आवश्यकताहरूको नै बाहुल्य रहेको पाइयो ।

पाँच प्रतिशतभन्दा कम शिक्षकले शिक्षण पेसामा असन्तुष्टि अभिव्यक्त गरे तापनि उनीहरूका असन्तुष्टिका कारणहरू उल्लेखनीय छन् । असन्तुष्टि अभिव्यक्त गर्ने सबै शिक्षकहरूको असन्तुष्टिको साझा कारण न्यून पारिश्रमिक, कार्यको मूल्याङ्कन नहुने, शिक्षण सामग्रीको अभाव, वृत्तिविकासको सीमित अवसर, योग्यताको कदर नहुनु, प्रतिफलको अनिश्चितता, पेसागत अनिश्चितता, पर्याप्त तालिमको व्यवस्था नहुनु, विद्यार्थीका असफलतामा शिक्षकलाई दोष दिनु, प्रोत्साहनमा कमी आदि रहेको पाइयो ।

## ३.३ शिक्षकहरूद्वारा कक्षाकोठामा शिक्षण सिप प्रयोगको अवस्था र यसप्रति उनीहरूको दृष्टिकोण

शिक्षकहरूद्वारा कक्षाकोठामा शिक्षण सिप प्रयोगको अवस्थाको अध्ययन गर्न विज्ञहरूद्वारा उनीहरूको कक्षा शिक्षणको अवलोकन गरेर यसबारे जानकारी प्राप्त गरिएको थियो । यसका साथै एक पूर्वनिर्मित प्रश्नावलीमार्फत यी शिक्षण सिपहरूको प्रयोगको अवस्थाबारे शिक्षकहरूको प्रतिक्रिया सङ्कलन गरिएको थियो । यी साधनहरूबाट प्राप्त जानकारी अनुसार शिक्षकहरूद्वारा शिक्षण सिपको प्रयोगको अवस्था निम्नानुसार रहेको पाइयो :

### ३.३.१ पाठयोजनाको प्रयोगको अवस्था

**तालिका : पाठयोजनाको प्रयोगको अवस्था**

| धेरै राम्रो | राम्रो | उपयुक्त | सामान्य | कमजोर | जम्मा |
|---|---|---|---|---|---|
| ९ (१३.८%) | ३१ (४७.७%) | १३ (२०.०%) | ४ (६.२%) | ८ (१२.३%) | ६५ (१००%) |

कक्षा अवलोकनमार्फत प्राप्त जानकारी अनुसार ८० प्रतिशतभन्दा बढी शिक्षकहरूले पाठयोजना निर्माण गरेर प्रयोग गरिएको पाइयो । यसले शिक्षकहरूमा पाठयोजना निर्माण र प्रयोग गर्ने सिप राम्रो रहेको भन्न सकिन्छ । शिक्षण योजनाको प्रयोगबारे शिक्षकहरूसँग प्रश्नावलीमार्फत पनि प्रतिक्रियाअनुसार उनीहरूद्वारा निर्माण गरिने शिक्षण योजनाको प्रकार र तयार गर्ने शिक्षकहरूको सङ्ख्या निम्नानुसार पाइयो :

**तालिका : शिक्षकहरूले निर्माण र प्रयोग गरेका शिक्षण योजनाहरू**

| शिक्षण योजनाको नाम | शिक्षक सङ्ख्या |
|---|---|
| वार्षिक योजना | ३९ (६९.६%) |
| एकाइ योजना | ३३ (५८.९%) |
| पाठ योजना | ५६ (१००.०%) |

प्राप्त प्रतिक्रियाअनुसार शतप्रतिशत शिक्षकहरूले आफूले निर्माण गर्ने योजनाहरूमध्ये एक प्रमुख पाठयोजनाको निर्माण रहेको भने । पाठयोजना निर्माण र प्रयोग सम्बन्धी शिक्षकको पेसागत सिप राम्रो हुनुको एक प्रमुख कारण सम्बन्धित बुढानीलकण्ठ नगरपालिकाको शिक्षा महाशाखाले शिक्षकहरूलाई एक शिक्षक डायरी प्रदान गरी अनिवार्य रूपमा पाठयोजना निर्माण गर्न लगाएको अवस्थालाई पनि लिन सकिन्छ । शिक्षकहरूले शिक्षण योजना अन्तर्गत वार्षिक योजना (६९.६ प्रतिशत) र एकाइ योजना (५८.९ प्रतिशत) समेत निर्माण र प्रयोग गर्ने गरेको प्रतिक्रिया दिए । शैक्षणिक योजना निर्माण र प्रयोगसम्बन्धी सिपको अवस्था राम्रो देखिए तापनि यससम्बन्धमा शिक्षकहरूले निम्नानुसारका समस्याहरू पनि आफ्नो प्रतिक्रियामार्फत प्रस्तुत गरेका छन् :

**तालिका : शैक्षणिक योजना निर्माण र प्रयोगका समस्याहरू**

| क्र.सं. | समस्याहरू | उत्तरदाताको सङ्ख्या |
|---|---|---|
| १. | बढि कार्यभार र समय अभाव | २५ (४४.६%) |
| २. | सामग्रीको अभाव | १० (१७.९%) |
| ३. | योजना र कार्यान्वयनमा अन्तर पाइनु | ८ (१४.३%) |
| ४. | तालिमको अभाव | ४ (७.१%) |
| ५. | शिक्षक डायरी समयमा उपलब्ध नहुनु | ३ (५.४%) |
| ६. | विद्यार्थीको अनियमितता | ३ (५.४%) |

शिक्षकहरूद्वारा अभिव्यक्त गरिएको प्रमुख समस्या समय अभाव (४४.६ प्रतिशत) रहेको थियो । यस बाहेक अन्य समस्या सामग्रीको अभाव (१७.९ प्रतिशत), बढी योजना र कार्यान्वयनमा अन्तर पाइनु (१४.३ प्रतिशत) तालिमको अभाव (७.१ प्रतिशत) आदि थिए । शिक्षण योजनाको निर्माण र प्रयोगबारे प्रधानाध्यापकहरू प्राय : सन्तुष्ट नै रहेको पाइयो ।

### ३.३.२ शिक्षण सामग्रीको प्रयोग

कक्षाकोठाको अवलोकनको क्रममा शिक्षकहरूद्वारा शिक्षण सामग्रीको प्रयोगको अवस्था निम्नानुसार रहेको पाइयो :

**तालिका : शिक्षण सामग्रीको प्रयोगको अवस्था**

| धेरै राम्रो | राम्रो | उपयुक्त | सामान्य | कमजोर | जम्मा |
|---|---|---|---|---|---|
| ९ (१३.८%) | १४ (२१.५%) | २५ (३८.५%) | १७ (२६.२%) | ० (०%) | ६५ (१००%) |

कक्षा अवलोकनबाट प्राप्त जानकारी अनुसार लगभग ३५ प्रतिशत प्रस्तुति धेरै राम्रो र राम्रो वर्गका थिए भने बाँकी प्रस्तुति औसत दर्जा र सामान्य दर्जाका थिए। यस प्राप्तिमार्फत प्राप्त निष्कर्ष अनुसार शिक्षकहरूको शिक्षण सामग्रीको प्रयोग सम्बन्धी सिप सन्तोषजनक भए तापनि यसमा सुधारको आवश्यकता देखियो । शिक्षण सामग्री प्रयोगबारे शिक्षकहरूसँग प्रश्नावलीमार्फत पनि प्रतिक्रिया सङ्कलन गरिएको थियो । उनीहरूको प्रतिक्रिया निम्नानुसारका् तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका : शिक्षण सामग्रीको प्रयोगबारे प्रतिक्रिया**

| गर्छु | कहिलेकाहीँ | गर्दिन | प्रतिक्रिया नदिने | जम्मा |
|---|---|---|---|---|
| २९ (५१.८%) | २० (३५.७%) | ० | ७ (१२.५%) | ५१ (१००%) |

कुल शिक्षकहरूमध्ये आधिभन्दा बढी शिक्षकहरूले आफूद्वारा शिक्षण सामग्री प्रयोग गरेको जनाए भने एक तिहाइ कहिले काहींमात्र शिक्षण सामग्री प्रयोग गरेको जनाए । शिक्षकहरूलाई उनीहरूद्वारा शिक्षण सामग्रीको प्रयोगमा पर्ने समस्याबारे उनीहरूले दिएको जानकारीअनुसार उनीहरूले भोगेका प्रमुख समस्याहरू निर्माणमा समयको कमी (२३.२ प्रतिशत) र शिक्षण सामग्री उपलब्ध नहुनु (२१.४ प्रतिशत) रहेका थिए । यसबाहेक अन्य कारणहरूमा सूचना प्रविधि उपलब्ध नहुनु, प्रयोगको सिपको अभाव तथा सामग्रीको भण्डारणसम्बन्धी समस्या रहेको प्रतिक्रिया पाइयो ।

विद्यालयका प्रधानाध्यापकहरूसँग पनि शिक्षकहरूले शिक्षण सामग्री निर्माण र प्रयोगको अवस्थाबारे १ जना प्रधानाध्यापकमात्र यससम्बन्धमा उच्च सन्तुष्ट थिए भने ५ जना सामान्य सन्तुष्ट र ३ जना न्यून सन्तुष्ट रहेको प्रतिक्रिया दिए । शिक्षण सामग्रीको प्रयोगबारे शिक्षक र प्रधानाध्यापकहरूका प्रतिक्रिया तथा कक्षाकोठाको अवलोकनमार्फत प्राप्त जानकारी अनुसार यस क्षेत्रमा सुधारको आवश्यकता देखियो ।

### ३.३.३ शिक्षण विधिको प्रयोग

यस अध्ययन अन्तर्गत शिक्षकहरूद्वारा शिक्षण विधिको प्रयोगको गुणस्तरको लेखाजोखा गरिएको थियो । यस लेखाजोखाको प्राप्ति निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका : शिक्षण विधिको प्रयोगको अवस्था**

| धेरै राम्रो | राम्रो | उपयुक्त | सामान्य | कमजोर | जम्मा |
|---|---|---|---|---|---|
| ७ (१०.८%) | २८ (४३.१%) | २८ (४३.१%) | २ (३.१%) | ० (०%) | ६५ (१००%) |

अवलोकन गरिएका आधिभन्दा कक्षाहरूमा शिक्षण विधिको प्रयोगको अवस्था राम्रो अथवा त्यसभन्दा माथि देखिए तापनि ४५ प्रतिशत कक्षाहरूमा यसको प्रयोगको अवस्था उपयुक्त र सामान्य स्वरूपको मात्र पाइएकोले यस क्षेत्रमा सुधारको आवश्यकता देखियो ।

प्रश्नावलीमार्फत प्राप्त जानकारीअनुसार शिक्षकहरूले प्रयोग गरेका प्रमुख शिक्षण विधिहरू निम्नानुसार थिए :

**तालिका : शिक्षकहरूद्वारा प्रयोग गरिने प्रमुख शिक्षण विधिहरू**

| क्र.सं. | शिक्षण विधि | प्रयोगकर्ताको सङ्ख्या |
|---|---|---|
| १. | छलफल विधि | ३८ (६७.९%) |
| २. | प्रदर्शन विधि | ३० (५३.६%) |
| ३. | प्रश्नोत्तर विधि | ३० (५३.६%) |
| ४. | प्रवचन विधि | १६ (२८.६%) |
| ५. | प्रयोगात्मक विधि | १४ (२५.०%) |
| ६. | विद्यार्थी केन्द्रित विधि | १३ (२३.२%) |
| ७. | खोज विधि | ११ (१९.६%) |
| ८. | समस्या समाधान विधि | १० (१७.९%) |

शिक्षकहरूले दिएको प्रतिक्रियाअनुसार उनीहरूले अन्तक्रियात्मक विधि नै बढी मात्रामा प्रयोग गरेको जनाए । प्राप्त प्रतिक्रिया अनुसार दुईतिहाइ शिक्षकहरूले आफूद्वारा छलफल विधि नै बढी मात्रामा प्रयोग गरिएको जनाए । यसरी नै प्रश्नोत्तर विधि प्रयोग गर्ने शिक्षकहरू ५३.६ प्रतिशत थिए । शिक्षक केन्द्रित विधिअन्तर्गत प्रवचन विधि प्रयोगको बारे जानकारी शिक्षकहरूको सङ्ख्या २८.६ प्रतिशत थियो भने अर्का शिक्षक केन्द्रित भए तापनि प्रत्यक्ष अनुभवमार्फत शिक्षण गर्ने विधि अर्थात् प्रदर्शन विधिको प्रयोग गरेको भनेर प्रतिक्रिया दिने शिक्षकहरूको सङ्ख्या ५३.६ प्रतिशत थियो । शिक्षकहरूले प्रशस्त मात्रामा विद्यार्थी केन्द्रित विधिहरू पनि प्रयोग गरेको जनाए ।

अध्ययनको क्रममा शिक्षकले गरेको विविध शिक्षण विधि प्रयोग गरेर कक्षाकोठामा गरिएको पाठको प्रस्तुतिको स्वरूपको समेत लेखाजोखा गरिएको थियो । शिक्षकद्वारा गरिएको पाठको प्रस्तुतिको अवस्था निम्नानुसार रहेको पाइयो :

**तालिका : पाठको प्रस्तुतिको अवस्था**

| धेरै राम्रो | राम्रो | उपयुक्त | सामान्य | कमजोर | जम्मा |
|---|---|---|---|---|---|
| ८ (१२.३%) | ४२ (६४.६%) | १३ (२०.०%) | २ (३.१%) | ० (0%) | ६५ (१००%) |

माथि प्रस्तुत जानकारीअनुसार कक्षाकोठामा शिक्षकद्वारा गरिएको पाठको प्रस्तुतिको अवस्थाको आकलन गर्दा ७५ प्रतिशत कक्षाहरू राम्रो देखिनु र मात्र ३.१ प्रतिशत कक्षाको प्रस्तुति सामान्य देखिनुले पाठको प्रस्तुतिको अवस्था समग्र रूपमा राम्रो नै रहेको भन्न सकिन्छ ।

### ३.३.४ उत्प्रेरणाको प्रयोग

शिक्षकहरूद्वारा कक्षाकोठामा उत्प्रेरणाको प्रयोगको अवस्थाको अवलोकन गर्दा निम्नानुसारको जानकारी प्राप्त भयो :

**तालिका : उत्प्रेरणाको प्रयोगको अवस्था**

| धेरै राम्रो | राम्रो | उपयुक्त | सामान्य | कमजोर | जम्मा |
|---|---|---|---|---|---|
| ८ (१२.३%) | ३२ (४९.२%) | १९ (२९.२%) | ६ (९.२%) | ० (0%) | ६५ (१००%) |

माथिको तालिकाले दिएको जानकारीअनुसार अवलोकन गरिएका कक्षाहरूमध्ये ९० प्रतिशत कक्षाहरूमा शिक्षकहरूले पाठ थालनी गर्नुपूर्व उत्प्रेरणाको उपयुक्त प्रयोग गरेको पाइयो । यसले शिक्षकहरूमा उत्प्रेरणाको प्रयोग सम्बन्धी सिप प्रभावकारी रहेको निष्कर्षमा पुग्न सकिन्छ ।

### मूल्याङ्कन र पृष्ठपोषणको प्रयोग

यस अध्ययनले शिक्षकहरूमा हुनुपर्ने मूल्याङ्कन र पृष्ठपोषण सिपको अवस्थाबारे पनि कक्षा अवलोकनमार्फत निम्नानुसारको जानकारी प्राप्त भयो :

**तालिका : मूल्याङ्कनको प्रयोगको अवस्था**

| धेरै राम्रो | राम्रो | उपयुक्त | सामान्य | कमजोर | जम्मा |
|---|---|---|---|---|---|
| ५ (७.७%) | ३३ (५०.८%) | १८ (२७.७%) | ६ (९.२%) | ३ (४.६%) | ६५ (१००%) |

शिक्षकद्वारा कक्षा शिक्षणमा मूल्याङ्कनको प्रयोगको अवस्थाको आँकलन गर्दा शिक्षकहरूमा यस सम्बन्धी सिप उपयुक्त रहेको पाइयो । कुल शिक्षकहरूमध्ये ८५ प्रतिशतभन्दा बढी शिक्षकले यसलाई कक्षाकोठामा उपयुक्त तरिकाले प्रयोग गरेका थिए ।

यस अध्ययनको क्रममा शिक्षकमा पृष्ठपोषण गर्ने सिपको उपस्थितिको कक्षा अवलोकनमार्फत लेखाजोखा गर्दा निम्नानुसारको जानकारी प्राप्त भयो :

**तालिका : पृष्ठपोषण गर्ने सिपको अवस्था**

| धेरै राम्रो | राम्रो | उपयुक्त | सामान्य | कमजोर | जम्मा |
|---|---|---|---|---|---|
| ५ (७.७%) | २२ (३३.८%) | २४ (३६.९%) | १० (१५.४%) | ४ (६.२%) | ६५ (१००%) |

अवलोकनमार्फत प्राप्त जानकारीअनुसार कक्षाकोठामा मूल्याङ्कन पश्चात पृष्ठपोषणको प्रयोगको अवस्था औसत दर्जाको मात्र रहेको पाइयो । अवलोकन गरिएका कक्षाहरूमध्ये लगभग ४० प्रतिशत कक्षामा पृष्ठपोषणको प्रयोगको अवस्था राम्रो थियो भने बाँकी ६० प्रतिशत कक्षाहरूमा यसको प्रयोगको अवस्था औसत वा यसभन्दा कम नै रहेको पाइयो ।

शिक्षकहरूद्वारा मूल्याङ्कन र पृष्ठपोषणको प्रयोगको अवस्थाको प्रत्यक्ष अवलोकनबारे जानकारी सङ्कलन गर्नुमा साथै यस अध्ययनमा शिक्षकहरूलाई उनीहरूद्वारा यी दुवैको प्रयोगबारे पनि प्रतिक्रियाहरू सङ्कलन गरिएको थियो । शिक्षकहरूले प्राय : आफ्ना शिक्षणको क्रममा मूल्याङ्कन र पृष्ठपोषणको प्रयोग गरेको

जनाए । प्रतिक्रिया दिने शिक्षकहरूमध्ये ७२.० प्रतिशतले आफूले मूल्याङ्कन र पृष्ठपोषणको नियमित प्रयोग गर्ने गरेको जनाए । शिक्षकहरूसँग मूल्याङ्कन र पृष्ठपोषणको प्रयोगमा परेको समस्याबारे प्रश्न गर्दा मात्र ५.४ प्रतिशत प्रतिशत शिक्षकले समय अपुग भएको समस्या उल्लेख गरे ।

### ३.३.६ कक्षाकार्य/गृहकार्यको प्रयोग

कक्षाकोठामा कक्षाकार्य र गृहकार्यको प्रभावकारी प्रयोग शिक्षकको एक महत्त्वपूर्ण सिप हो । यस अध्ययनको क्रममा शिक्षकमा रहेको यस सिपको पनि अवलोकन मार्फत लेखाजोखा गरिएको थियो । यस अवलोकनको प्राप्ति अनुसार कुल कक्षाहरूमध्ये ४० प्रतिशतभन्दा बढी कक्षाहरूमा यसको प्रयोग राम्रो र माथिल्लो श्रेणीको रहेको पाइयो तर लगभग आधि कक्षा (६५ मध्ये ३१ कक्षा) मा औसत दर्जा अर्थात् उपयुक्त दर्जाको देखिनुले यस क्षेत्रमा सुधारको आवश्यकता देखा परेको छ ।

### ३.३.७ कक्षाकोठाको शिक्षणमा शिक्षकहरूले सामना परेका प्रमुख समस्याहरू

शिक्षणमा शिक्षकहरूले सामना परेका प्रमुख समस्याहरू र यिनीहरूको समाधान गर्न प्रधानाध्यापकहरूले गरेका प्रयासबारे प्रधानाध्यापकहरूसँग प्रश्न गरिएको थियो । उनीहरूले दिएको जानकारीअनुसार शिक्षकहरूले आफ्नो सिप कक्षाकोठामा हस्तान्तरण गर्न परेका समस्याहरूमा प्रमुख समस्या शिक्षकहरूको उच्च कार्य (४४.४ प्रतिशत) सूचना सञ्चार प्रविधिको प्रयोगको समस्या (३३.३ प्रतिशत), विद्यार्थीको अनियमितता (३३.३ प्रतिशत), कक्षाकोठाको व्यवस्थापनको समस्या (२२.२ प्रतिशत), विद्यार्थीहरूको असमान क्षमता (२२.२ प्रतिशत), शैक्षिक सामग्रीको कमी (२२.२ प्रतिशत), अभिभावकको चासोमा कमी (२२.२ प्रतिशत), अधिक विद्यार्थी सङ्ख्या (२२.२ प्रतिशत) आदि रहेका थिए ।

## ३.४ अध्ययन र तालिमको कक्षाकोठामा हस्तान्तरणबारे सन्तुष्टिको अवस्था

शिक्षकहरूसँग आफ्नो अध्ययन र तालिमका हस्तान्तरण सम्बन्धमा उनीहरूको सन्तुष्टिको अवस्थाबारे पनि प्रतिक्रिया सङ्कलन गरिएको थियो । यी प्रतिक्रियाहरू निम्नानुसारको तालिकामा प्रस्तुत गरिएका छन् :

**तालिका : अध्ययन र तालिमको कक्षाकोठामा हस्तान्तरणबारे सन्तुष्टिको अवस्था**

| पूर्ण सन्तुष्ट | उच्च सन्तुष्ट | सामान्य सन्तुष्ट | न्यून सन्तुष्ट | असन्तुष्ट |
|---|---|---|---|---|
| ११ (१९.६%) | १९ (३३.९%) | २५ (४४.६)% | १ (१.८%) | ० |

शिक्षकहरूबाट प्राप्त प्रतिक्रियाको समीक्षा गर्दा ४४.६ प्रतिशत शिक्षकहरू सामान्य सन्तुष्ट र एक शिक्षक (१.८ प्रतिशत) यसबारे न्यून सन्तुष्ट पाइनुले शिक्षकहरू यस पक्षमा सामान्य मात्रामा सन्तुष्ट नै रहेको परिदृश्य देखा परे तापनि १९.६ प्रतिशत शिक्षकहरूमात्र पूर्ण सन्तुष्ट देखिनुले यस पक्षमा थप प्रयास गर्नु पर्ने आवश्यकता देखियो तर यस सम्बन्धमा कुल प्रधानाध्यापकहरूमध्ये दुईतिहाइ सामान्य र न्यून सन्तुष्ट देखिनुले यस क्षेत्रमा थप सुधारको आवश्यकता औंल्याएको छ । प्रधानाध्यापकहरूअनुसार यसका मुख्य कारणहरूमा सामग्रीको कमी, अप्रयाप्त शिक्षक, उच्च कार्यबोझ, विद्यार्थीसँग अन्तर्क्रियाको समस्या, पुनर्ताजगीकरण तालिमको अभाव, शिक्षकलाई प्रोत्साहनको कमी, पाठयोजना निर्माणको बोझ, कक्षाकोठाको व्यवस्थापनको समस्या, शिक्षण सामग्री निर्माण, सङ्कलन र प्रयोगको समस्या, नयाँ प्रविधि आत्मसात गर्न नसक्नु, विद्यार्थीको अनियमितता, शिक्षकमा प्रेरणाको अभाव, परम्परागत शिक्षण आदि रहेका थिए ।

## ३.५ शिक्षकहरूको पेसागत आवश्यकताहरू

शिक्षकहरूसँग उनीहरूलाई आफूद्वारा प्राप्त शिक्षा र तालिमलाई आफ्नो पेसागत जिम्मेवारी वहन गर्न पर्याप्त रहेको वा नरहेको बारे प्रतिक्रियासङ्कलन गरिएको थियो । यस सम्बन्धमा प्राप्त प्रतिक्रियाहरू निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका : आफूले प्राप्त गरेको शिक्षा र तालिमको पर्याप्तताबारे शिक्षकहरूको प्रतिक्रिया**

| पर्याप्त छ | पर्याप्त छैन | अनिश्चित |
|---|---|---|
| १७ (३०.४%) | ३९ (६९.६%) | ० |

शिक्षकहरूले अभिव्यक्त गरेको प्रतिक्रियाअनुसार लगभग ७० प्रतिशत शिक्षकहरूले आफूद्वारा प्राप्त गरेको शिक्षा र तालिमको पर्याप्तता नभएको पक्षमा प्रतिक्रिया प्रस्तुत गरे । यस सम्बन्धमा प्रधानाध्यापकहरूको प्रतिक्रियासमेत सङ्कलन गरिएको थियो । जम्मा ९ जना प्रधानाध्यापकहरूमध्ये ८ जना (८८.८ प्रतिशत) ले शिक्षकहरूद्वारा प्राप्त गरिएको शिक्षा र तालिम उनीहरूलाई आफ्नो पेसागत जिम्मेवारी वहन गर्न पर्याप्त नरहेको प्रतिक्रिया दिए । यस प्राप्तिले शिक्षकहरूलाई थप पेसागत सहयोगको आवश्यकता रहेको तथ्य देखा पर्‍यो ।

यस अध्ययनमा उनीहरूलाई आवश्यक पेसागत सहयोगका क्षेत्रहरूबारे पनि सङ्कलन गरिएको थियो । यसका लागि उत्तरदाताहरूलाई पेसागत सहयोगका १० क्षेत्रहरू पहिचान गरी उनीहरूलाई ती क्षेत्रहरूलाई आफ्नो आवश्यकताअनुसार १ देखि १० को प्राथमिकता क्रममा प्रतिक्रिया दिन अनुरोध गरिएको थियो । उनीहरूले दिएको प्रतिक्रियाको औसत गणना गरेर यसलाई निम्नानुसारको तालिकामा क्रमानुसार प्रस्तुत गरिएको छ :

**तालिका : शिक्षकहरूलाई चाहिने पेसागत सहयोगका क्षेत्रहरू**

| क्र.सं. | पेसागत सहयोगका क्षेत्रहरू | शिक्षकहरूकाअनुसार प्राथमिकता क्रम | प्रधानाध्यापकहरूकाअनुसार प्राथमिकता क्रम |
|---|---|---|---|
| १. | आधुनिक शिक्षण विधिहरूबारे जानकारी | १ | ३ |
| २. | बाल मनोविज्ञान | २ | ५ |
| ३. | उत्प्रेरणा उत्पन्न गर्ने सिप | ३ | २ |
| ४. | शिक्षण सामग्रीको निर्माण | ४ | ७ |
| ५. | सूचना सञ्चार विधिको प्रयोग | ५ | ६ |
| ६. | शिक्षण विधिको प्रयोग | ६ | ४ |
| ७. | विषयगत थप जानकारी | ७ | १ |
| ८. | शिक्षण योजना निर्माण | ८ | ८ |
| ९. | प्रश्न निर्माण सिप | ९ | ९ |
| १०. | मूल्याङ्कन विधिको प्रयोग | १० | १० |

पेसागत सहयोगका क्षेत्रहरू सम्बन्धमा शिक्षक र प्रधानाध्यापहहरूले अभिव्यक्त गरेको प्राथमिकतामा व्यापक विविधता पाइयो । कुनै शिक्षकले पहिलो प्राथमिकतामा राखेको क्षेत्रलाई अर्को शिक्षकले अन्तिम प्राथमिकता पनि दिए । यस्तै प्राथमिकता प्रधानअध्यापकहरूले पनि अभिव्यक्त गरे । यी प्राथमिकता शिक्षकहरूको व्यक्तिगत पेसागत आवश्यकतासँग सम्बन्धित भएकाले यसमा विविधता हुनु स्वाभाविक नै थियो । शिक्षकहरूद्वारा अभिव्यक्त प्राथमिकताको औसत गणना गर्दा शिक्षकहरूले आफ्नो पेसागत आवश्यकतामा पहिलो, दोस्रो र तेस्रो आवश्यकताको रूपमा क्रमश : आधुनिक शिक्षण विधिहरूबारे जानकारी, बाल मनोविज्ञान र उत्प्रेरणा उत्पन्न गर्ने सिपलाई प्रस्तुत गरे । यसरी नै उनीहरूको आवश्यकताको अन्तिम क्रममा शिक्षण योजना निर्माण, प्रश्न निर्माण सिप र मूल्याङ्कन विधिको प्रयोगले क्रमश : आठौं, नवौं र अन्तिम प्राथमिकता क्रम प्राप्त गरे ।

यससम्बन्धमा प्रधानाध्यापकहरूको अवधारणा समेत सङ्कलन गरिएको थियो । प्रधानाध्यापकहरूको प्रतिक्रिया अनुसार शिक्षण योजना निर्माण, उत्प्रेरणा उत्पन्न गर्ने सिप र आधुनिक शिक्षण विधिहरूबारे जानकारी शिक्षकहरू चाहिने प्राज्ञिक सहयोगका क्षेत्रहरूले क्रमश : पहिलो, दोस्रो र तेस्रो प्राथमिकता प्राप्त गरे भने विषयगत थप जानकारी, प्रश्न निर्माण सिप र मूल्याङ्कन विधिको प्रयोगसम्बन्धी सिपहरूले क्रमश : आठौं, नवौं र अन्तिम अर्थात दशौं प्राथमिकता प्राप्त गरे । शिक्षक र प्रधानाध्यापकहरूको प्रतिक्रियाहरूको तुलना गर्दा शिक्षकहरूले आठौं प्राथमिकतामा राखेको सिप अर्थात् "शिक्षण योजना निर्माण"लाई प्रधानाध्यापकहरूले पहिलो प्राथमिकता प्रदान गरे । यस बाहेक अन्य आवश्यक पेसागत सहयोगको क्षेत्रको प्राथमिकतामा बढी अन्तर पाइएन ।

## ३.६ शिक्षकहरूको शिक्षण सिकाइका विभिन्न सरोकारवाला अर्थात् विद्यालय, अभिभावक, स्थानीय सरकार र राज्यप्रतिका अपेक्षाहरू

शिक्षकका पेसागत आवश्यकताहरूको अध्ययन गर्ने लक्ष्यले सञ्चालन गरिएको यस अध्ययनमा उनीहरूको पेसागत आवश्यकताहरूको पहिचान गर्ने प्रयास गर्नुका साथै विद्यालयअन्तर्गत शिक्षण सिकाइ कार्यसँग सम्बन्धित अन्य सरोकारवालाहरूप्रति उनीहरूको अपेक्षाको सम्बन्धमा पनि जानकारी सङ्कलन गरिएको थियो । यस सम्बन्धमा शिक्षकको यी विभिन्न सरोकारवालाप्रतिका अपेक्षाहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

### ३.६.१ विद्यालयप्रतिका अपेक्षाहरू

अध्ययनबाट प्राप्त जानकारीअनुसार शिक्षकका विद्यालय प्रतिको प्रमुख अपेक्षा मुख्य रूपमा शिक्षण सामग्रीको व्यवस्था (३९.३ प्रतिशत), कार्यभारमा कमी गर्नुपर्ने (२३.२ प्रतिशत), थप प्रोत्साहन (१०.७ प्रतिशत), कार्यको सम्मान (५.४ प्रतिशत), उचित वातावरण (५.४ प्रतिशत), सूचना प्रविधि तालिम (५.४ प्रतिशत), बालमैत्री वातावरण र भवन (५.४ प्रतिशत), आवधिक तालिम (५.४ प्रतिशत), आधुनिक शिक्षण विधिबारे अभिमुखीकरण (५.४ प्रतिशत) आदि रहेका थिए ।

### ३.६.२ अभिभावक वर्गप्रतिका अपेक्षाहरू

शिक्षकका अभिभावकवर्गप्रति यी अपेक्षाहरूमा प्रमुख अपेक्षाहरू घरमा गृहकार्य र सिकाइमा बालबालिकालाई समय दिने (५५.४ प्रतिशत), समयमा नियमित विद्यालय पठाउँने (५५.४ प्रतिशत), समय समयमा विद्यालयमा उपस्थिति (४२.९ प्रतिशत) आदि रहेका छन् । यसबाहेक अन्य अपेक्षाहरूमा शिक्षक/विद्यालयसँग समय समयमा अन्तर्क्रिया गर्ने (२१.४ प्रतिशत), बच्चाको सरसफाइमा ध्यान दिने (१७.९ प्रतिशत),

बालबालिकालाई प्रोत्साहन दिने (१७.९ प्रतिशत), घरमा पढ्ने वातावरणको सिर्जना गर्ने (१४.३ प्रतिशत), विद्यार्थीलाई आवश्यक सामग्रीको व्यवस्था (१२.५ प्रतिशत) आदि रहेका छन् ।

शिक्षकका अभिभावकवर्ग प्रतिको अपेक्षाको त्रिकोणीय पद्धतिबाट प्रामाणीकरण गर्न प्रधानाध्यापकहरूसँग पनि उनीहरूको अभिभावक वर्गप्रतिका अपेक्षाहरू सङ्कलन गरिएको थियो । प्रधानाध्यापकहरूको अभिभावक वर्ग प्रतिका प्रमुख अपेक्षाहरूमा विद्यालयमा उपस्थित भई आफ्ना बालबालिकाको सिकाइबारे जानकारी लिने ८८.८ प्रतिशत, विद्यालयलाई सकारात्मक सुझाव ३३.३ प्रतिशत, बालबालिकाहरूलाई सिकाइका लागि घरमा सहयोग गर्ने २२.२ प्रतिशत, विद्यार्थीलाई नियमित तवरमा विद्यालय पठाउँने २२.२ प्रतिशत आदि थिए ।

### ३.६.३ स्थानीय सरकारप्रतिका अपेक्षाहरू

अध्ययनको क्रममा शिक्षकहरूले स्थानीय सरकारप्रति अभिव्यक्त गरेका पाँच प्रमुख अपेक्षाहरू क्रमश : सावधिक तालिमको व्यवस्था (५०.० प्रतिशत), अनुगमन, सुपरीवेक्षण, मूल्याङ्कन र पृष्ठपोषण (३५.७ प्रतिशत), राम्रा शिक्षकहरूलाई प्रोत्साहन (३५.७ प्रतिशत), शैक्षिक सामग्रीको व्यवस्था (१४.३ प्रतिशत) र शैक्षिक भ्रमणको व्यवस्था (१२.५ प्रतिशत) रहेका थिए ।

शिक्षकहरूको स्थानीय सरकारप्रतिको अपेक्षा विशुद्ध पेसागतमात्र नभएर आर्थिक स्वरूपका पनि रहेका थिए । यी अपेक्षाहरू सङ्ख्यागत रूपमा कम देखिए तापनि महत्त्वपूर्ण नै छन् । यी अपेक्षाहरूमा समयमा तलब उपलब्ध गराउने (८.९ प्रतिशत), तलब वृद्धि (७.१ प्रतिशत), सञ्चयकोषमा योगदान (५.४ प्रतिशत), आर्थिक व्यवस्था (३.६ प्रतिशत), पोसाक भत्ता (३.६ प्रतिशत), आदि रहेका थिए ।

यस सम्बन्धमा प्रधानाध्यापकहरूका अपेक्षाहरू बारे प्राप्त प्रतिक्रियाहरूको विश्लेषण गर्दा शिक्षकहरूलाई समय समयमा तालिमको व्यवस्था गर्नुपर्ने (७७.७ प्रतिशत), शिक्षकलाई प्रोत्साहनको व्यवस्था (४४.४ प्रतिशत), निरन्तर सुपरिवेक्षण अनुगमन र पृष्ठपोषण (४४.४ प्रतिशत), थप शिक्षकको व्यवस्था (२२.२ प्रतिशत) र कार्यबोझमा कमी (२२.२ प्रतिशत) आदि अपेक्षाहरू मुख्य रूपमा देखा परे । प्रधानाध्यापक र शिक्षकहरूको अपेक्षाबिच प्रयाप्त एकरूपता देखा पर्‍यो ।

### ३.६.४ राज्यप्रतिका अपेक्षाहरू

शिक्षकहरूको राज्यप्रति प्रमुख अपेक्षाहरूमा प्रोत्साहन (२६.८ प्रतिशत), उपयुक्त पेसागत वातावरणको निर्माण (२५.० प्रतिशत), सावधिक तालिम (२३.२ प्रतिशत), पेसागत सहयोग (१६.१ प्रतिशत), तलब वृद्धि (१४.३ प्रतिशत), थप शिक्षकको व्यवस्था (१२.५ प्रतिशत आदि रहेका थिए । यससम्बन्धमा प्रधानाध्यापकहरूको अपेक्षा थप दरबन्दीको व्यवस्था (३३.३ प्रतिशत), आवधिक पदोन्नति (२२.२ प्रतिशत), निरन्तर अनुगमन र पृष्ठपोषण (२२.२ प्रतिशत), सावधिक तालिमको व्यवस्था (२२.२ प्रतिशत) आदि रहेका थिए ।

## अध्याय चार

## प्राप्ति, निष्कर्ष र सुझावहरू

### ४.१ प्राप्ति

**यस अध्ययनका प्रमुख प्राप्तिहरू निम्नानुसार रहेका थिए :**

- अध्ययनका लागि छनोट गरिएका शिक्षकहरूको शैक्षिक योग्यताको विश्लेषण गर्दा आधाभन्दा बढी शिक्षकहरूको योग्यता स्नातकोत्तर रहेको पाइयो । एकचौथाई शिक्षक स्नातक तह योग्यता भएका थिए । पुरुष र महिला शिक्षकहरूको योग्यता स्तरमा स्पष्ट अन्तर थियो । ३९.३ प्रतिशत पुरुष शिक्षकहरूको शैक्षिक योग्यता स्नातकोत्तर थियो भने मात्र १६.१ प्रतिशत महिला शिक्षकहरूको शैक्षिक योग्यता स्नातकोत्तर थियो । ५.४ प्रतिशत महिला शिक्षकहरूको शैक्षिक योग्यता मात्र माध्यमिक तह उत्तीर्ण थियो । मोटामोटी ८० प्रतिशत शिक्षकहरूको अनुभव १० वर्षभन्दा बढी नै रहेको पाइयो भने मात्र ७.२ प्रतिशत शिक्षकहरूको अनुभव ५ वर्षभन्दा कम थियो ।
- २६.८ प्रतिशत शिक्षकहरू तालिम अप्राप्त  थिए । कुल शिक्षकहरूमध्ये आधि शिक्षकहरू ५७.१ प्रतिशतले एमएड, बिएड सम्मको तालिम प्राप्त गरेको पाइयो भने टिपिडि तालिम प्राप्त शिक्षकहरूको सङ्ख्या १४.३ प्रतिशत रहेको पाइयो ।
- प्रधानाध्यापकहरूको योग्यता स्नातक वा सोभन्दा माथि नै थियो । अध्ययनमा समेटिएका ५५.५ प्रतिशत प्रअहरूको योग्यता स्नातकोत्तर रहेको पाइयो । अध्ययनमा समेटिएका सबै प्रअहरू तालिम प्राप्त थिए । यिनीहरू मध्ये तीनचौथाइ एमएड, बिएड तालिम प्राप्त रहेका थिए ।
- कुल शिक्षकहरूमध्ये लगभग ९० प्रतिशत शिक्षकहरू आफ्नो पेसाप्रति सन्तुष्ट रहको पाइयो । शिक्षकहरूले दिएको प्रतिक्रिया अनुसार उनीहरूको पेसागत सन्तुष्टिमध्ये प्रमुख कारण उनीहरूलाई यस पेसामार्फत विद्यार्थीलाई सिकाउने अवसर (५५.४ प्रतिशत), बालबालिकासँग काम गर्न मन पराउने (३९.३ प्रतिशत), शिक्षण गर्न रमाइलो (३५.७ प्रतिशत), शिक्षण पेसामा रुचि (३२.१ प्रतिशत) रहेको पाइयो भने मात्र १९.६ प्रतिशत शिक्षकले आफ्नो सन्तुष्टिको कारणको रूपमा जीविकोपार्जनको अवसर अभिव्यक्त गरेका छन् ।
- शिक्षकहरूको पेसागत सन्तुष्टिको कारणमा भौतिक आवश्यकता "जीविकोपार्जनको अवसर" को तुलनामा स्नेह र परस्पर सम्बन्ध, आत्मसम्मान, आत्मबोध सम्बन्धी आवश्यकताहरूको नै बाहुल्य रहेको पाइयो ।
- ८० प्रतिशत भन्दा बढी शिक्षकहरूले पाठयोजना निर्माण गरेर प्रयोग गरिएको पाइयो । यसले शिक्षकहरूमा पाठयोजना निर्माण र प्रयोग गर्ने सिप राम्रो रहेको भन्न सकिन्छ । शतप्रतिशत शिक्षकहरूले आफूले निर्माण गर्ने योजनाहरूमध्ये एक प्रमुख पाठयोजनाको निर्माण रहेको भनेर प्रतिक्रिया दिए । शिक्षकहरूले शिक्षण योजनाअन्तर्गत वार्षिक योजना र एकाइ योजनासमेत निर्माण र प्रयोग गर्ने गरेको प्रतिक्रिया दिए । शैक्षणिक योजना निर्माण र प्रयोगका प्रमुख समस्या समय अभाव (४४.६ प्रतिशत), सामग्रीको अभाव (१७.९ प्रतिशत), आदि थिए ।

- मात्र एकतिहाइ शिक्षण सामग्रीको प्रयोगको अवस्था राम्रो वर्गका थिए भने बाँकी प्रयोगको अवस्था औसत दर्जा र सामान्य दर्जाका थिए । आधिभन्दा बढी शिक्षकहरूले आफूद्वारा शिक्षण सामग्री प्रयोग गरेको जनाए भने एक तिहाइ कहिलेकाहीँमात्र शिक्षण सामग्री प्रयोग गरेको जनाए । शिक्षकहरूले दिएको जानकारीअनुसार उनीहरूले भोगेको प्रमुख समस्याहरू यिनीहरूको निर्माणमा समयको कमी र शिक्षण सामग्री उपलब्ध नहुनु रहेका थिए ।

- ५५ प्रतिशत कक्षाहरूमा मात्र शिक्षण विधिको प्रयोगको अवस्था राम्रो पाइएकाले यस क्षेत्रमा सुधारको आवश्यकता देखियो । शिक्षकहरूले आफूद्वारा शिक्षक केन्द्रित विधि प्रवचनको सट्टा अन्तक्रिया विधिहरू जस्तै प्राथमिकताकाको क्रमानुसार छलफल विधि, प्रश्नोत्तर विधि र विद्यार्थी केन्द्रित विधि जस्तै प्रयोगात्मक विधि खोज विधि, समस्या समाधान विधि, आगमन विधि, निगमन विधि, क्षेत्र भ्रमण विधि, आदि प्रयोग गर्ने जनाए तर आधिभन्दा बढी शिक्षकहरू शिक्षक केन्द्रित विधिअन्तर्गत प्रदर्शन विधि प्रयोग गर्ने गरेको जनाए ।

- ९० प्रतिशत प्रतिशत कक्षाहरूमा शिक्षकहरूले पाठ थालनी गर्नुपूर्व उत्प्रेरणाको उपयुक्त प्रयोग गरेको पाइयो । यसले शिक्षकहरूमा उत्प्रेरणाको प्रयोग सम्बन्धी सिप प्रभावकारी रहेको निष्कर्षमा पुग्न सकिन्छ ।

- ७० प्रतिशत भन्दा बढी शिक्षकहरूले आफूले मूल्याङ्कन र पृष्ठपोषणको नियमित प्रयोग गर्ने गरेको जनाए भने शिक्षकहरूमध्ये ८५ प्रतिशतभन्दा बढी शिक्षकले मूल्याङ्कन कार्यलाई कक्षाकोठामा उपयुक्त तरिकाले प्रयोग गरेका थिए । मूल्याङ्कन पश्चात् पृष्ठपोषणको प्रयोगको अवस्था ४० प्रतिशत कक्षामा राम्रो भए तापनि बाँकी ६० प्रतिशत कक्षाहरूमा यसको प्रयोगको अवस्था औसत वा यसभन्दा कम नै रहेको पाइयो ।

- कुल कक्षाहरू मध्ये ४० प्रतिशतभन्दा बढी कक्षाहरूमा गृहकार्य/परियोजना कार्यको प्रयोग राम्रो रहेको पाइयो तर लगभग आधि कक्षाहरूमा यो औसत दर्जाको देखिनुले यस क्षेत्रमा सुधारको आवश्यकता देखा परेको छ ।

- प्रधानाध्यापकहरूले दिएको जानकारीअनुसार शिक्षकहरूले आफ्नो सिप कक्षाकोठामा हस्तान्तरण गर्न परेका समस्याहरूमा उच्च कार्य बोझ, सूचना सञ्चार प्रविधिको प्रयोगको समस्या, विद्यार्थीको अनियमितता आदि रहेका थिए ।

- शिक्षा तथा तालिममार्फत आफूले प्राप्त गरेको ज्ञान र सिपको कक्षाकोठामा प्रयोगको सम्बन्धमा ४४.६ प्रतिशत शिक्षकहरू सामान्य सन्तुष्ट र एक शिक्षक यसबारे असन्तुष्ट पाइनुले यस पक्षमा थप प्रयास गर्नु पर्ने आवश्यकता देखियो । शिक्षक तथा प्रधानाध्यापककाअनुसार यसका मुख्य कारणहरूमा सामग्रीको कमी, उच्च कार्यबोझ, आदि रहेका थिए ।

- आफूले प्राप्त गरेको शिक्षा र तालिमको पर्याप्तताबारे शिक्षकहरूको प्रतिक्रिया दिँदा लगभग ७० प्रतिशत शिक्षकहरूले आफूद्वारा प्राप्त गरेको शिक्षा र तालिमको पर्याप्तता नभएको पक्षमा प्रतिक्रिया प्रस्तुत गरे । यस सम्बन्धमा प्रधानाध्यापकहरूले समेत सहमति जनाए ।

- शिक्षकहरूलाई आवश्यक पेसागत सहयोगका क्षेत्रहरूबारे शिक्षकहरूको प्रतिक्रिया अनुसार पहिलो पाँच क्षेत्र क्रमश : आधुनिक शिक्षण विधिहरूबारे जानकारी, बालमनोविज्ञान, उत्प्रेरणा उत्पन्न गर्ने सिप, शिक्षण सामग्रीको निर्माण र सूचना सञ्चार विधिको प्रयोग थिए भने प्रधानाध्यापकहरूको

अनुसार शिक्षण योजना निर्माण, उत्प्रेरणा उत्पन्न गर्ने सिप, आधुनिक शिक्षण विधिहरूबारे जानकारी, शिक्षण विधिको प्रयोग, बालमनोविज्ञान आदि प्राथमिकताको क्रममा परे ।

- शिक्षकका विद्यालय प्रतिको प्रमुख अपेक्षा मुख्य रूपमा शिक्षण सामग्रीको व्यवस्था, कार्यभारमा कमी गर्नुपर्ने, थप प्रोत्साहन आदि रहेका थिए ।
- बालबालिकाको सिकाइ सुधारमा शिक्षक तथा प्रधानाध्यापकहरूको अभिभावकवर्ग प्रतिको प्रमुख अपेक्षाहरू घरमा गृहकार्य र सिकाइमा बालबालिकालाई समय दिने, समयमा नियमित विद्यालय पठाउँने, समयसमयमा विद्यालयमा उपस्थिति आदि रहेका छन् ।
- शिक्षक तथा प्रधानाध्यापकहरूको स्थानीय सरकारप्रतिका प्रमुख अपेक्षाहरूमा सावधिक तालिमको व्यवस्था, नियमित अनुगमन, सुपरीवेक्षण, मूल्याङ्कन र पृष्ठपोषण, राम्रा शिक्षकहरूलाई प्रोत्साहनसँग सम्बन्धित थिए । यी अपेक्षाहरू प्रत्यक्ष रूपमा शिक्षण सिकाइको गुणस्तरसँग सम्बन्धित थिए ।
- शिक्षकहरूको स्थानीय सरकारप्रतिको अपेक्षाअन्तर्गत विशुद्ध पेसागतमात्र नभएर आर्थिक स्वरूपका पनि थिए । यी अपेक्षाहरू सङ्ख्यागत रूपमा कम देखिए तापनि महत्त्वपूर्ण नै छन् । यी अपेक्षाहरूमा समयमा तलब उपलब्ध गराउने, तलब वृद्धि, सञ्चयकोषमा योगदान, आदि रहेका थिए ।
- शिक्षक तथा प्रधानाध्यापकहरूको राज्यप्रतिका अपेक्षाहरूमा प्रोत्साहन, उपयुक्त पेसागत वातावरणको निर्माण, सावधिक तालिम, पेसागत सहयोग, तलब वृद्धि, थप शिक्षकको व्यवस्था, निजामती सेवासरह व्यवस्था, शैक्षिक भ्रमणको अवसर आदि रहेका थिए ।

## ४.२ निष्कर्ष

- योग्यता, तालिम र अनुभवको आधारमा शिक्षक तथा प्रधानाध्यापक दुवैको अवस्था राम्रो रहे तापनि एकचौथाइ शिक्षकहरू तालिम अप्राप्त हुनुले यस क्षेत्रमा तत्काल सुधारको आवश्यकता देखियो ।
- शिक्षकहरू आफ्नो पेसाप्रति सन्तुष्ट रहको पाइयो र शिक्षकहरूको पेसागत सन्तुष्टिको कारणमा भौतिक आवश्यकता अर्थात जीविकोपार्जनको अवसरको तुलनामा स्नेह र परस्पर सम्बन्ध, आत्मसम्मान, आत्मबोध सम्बन्धि आवश्यकताहरूको नै बाहुल्य रहेको पाइयो ।
- शिक्षण योजना विशेष गरेर पाठयोजनाको निर्माण र प्रयोगको अवस्था राम्रो रहेको पाइयो, तर मात्र एकतिहाइ शिक्षण सामग्री प्रस्तुतिमात्र राम्रो वर्गको भएकाले शिक्षकहरूको शिक्षण सामग्रीको प्रयोग सम्बन्धी सिप सन्तोषजनक भए पनि यसमा सुधारको आवश्यकता देखियो ।
- लगभग आधि कक्षाहरू शिक्षण विधिको प्रयोगको अवस्था सामान्य मात्र पाइएकाले यस क्षेत्रमा सुधारको आवश्यकता देखियो । शिक्षकहरूले आफूद्वारा शिक्षक केन्द्रित विधिको सट्टा अन्तरक्रियात्मक र विद्यार्थी केन्द्रित विधि प्रयोग गर्ने गरेको जनाए ।
- शिक्षकहरूले पाठ थालनी गर्नुपूर्व उत्प्रेरणाको उपयुक्त प्रयोग गरेको पाइयो । यसरी नै शिक्षकहरूमा मूल्याङ्कनको कक्षाकोठामा प्रयोग उपयुक्त तरिकाले प्रयोग गरेका तापनि मूल्याङ्कन पश्चात पृष्ठपोषणको प्रयोगको अवस्था औसत वा यसभन्दा कम नै रहेको पाइयो ।
- कक्षाहरूमा गृहकार्य/परियोजना कार्यको प्रयोगको सम्बन्धमा लगभग आधि कक्षाहरूमा यो औसत दर्जाको देखिनुले यस क्षेत्रमा सुधारको आवश्यकता देखा परेको छ ।

- शिक्षकहरूले आफ्नो सिप कक्षाकोठामा हस्तान्तरण गर्न परेका समस्याहरूमा उच्च कार्य बोझ, सूचना सञ्चार प्रविधिको प्रयोगको समस्या, विद्यार्थीको अनियमितता, आदि रहेका थिए ।
- शिक्षकहरू आफ्नो ज्ञान र सिपको कक्षाकोठामा प्रयोगबारे सामान्य भन्दा कम मात्रामा सन्तुष्ट रहेको पाइयो । शिक्षक तथा प्रधानाध्यापकहरू अनुसार यसका मुख्य कारणहरूमा सामग्रीको कमि, उच्च कार्यबोझ, आदि रहेका थिए ।
- ७० प्रतिशत शिक्षकहरूले आफूद्वारा प्राप्त गरेको शिक्षा र तालिमको पर्याप्तता नभएको पक्षमा प्रतिक्रिया प्रस्तुत गरे । यस सम्बन्धमा प्रधानाध्यापकहरूले समेत सहमति जनाए ।
- शिक्षक र प्रधानाध्यापकहरूद्वारा अभिव्यक्त पेसागत सहयोगका क्षेत्रहरूमा आधुनिक शिक्षण विधिहरूबारे जानकारी, बाल मनोविज्ञान, उत्प्रेरणा उत्पन्न गर्ने सिप, शिक्षण सामग्रीको निर्माण र सूचना सञ्चार विधिको प्रयोग, शिक्षण योजना निर्माण, आधुनिक शिक्षण विधिहरूबारे जानकारी आदि प्राथमिकताको क्रममा परे ।
- शिक्षकका विद्यालयप्रतिको प्रमुख अपेक्षा मुख्य रूपमा शिक्षण सामग्रीको व्यवस्था, कार्यभारमा कमी गर्नुपर्ने, थप प्रोत्साहन आदि रहेका थिए ।
- बालबालिकाको सिकाइ सुधारमा शिक्षक तथा प्रधानाध्यापकहरूका अभिभावकवर्गप्रतिको प्रमुख अपेक्षाहरू घरमा गृहकार्य र सिकाइमा बालबालिकालाई समय दिने, समयमा नियमित विद्यालय पठाउँने, समय समयमा विद्यालयमा उपस्थिति आदि रहेका छन् ।
- शिक्षक तथा प्रधानाध्यापकहरूको स्थानीय सरकार प्रतिका प्रमुख अपेक्षाहरूमा सावधिक तालिमको व्यवस्था, नियमित अनुगमन, सुपरिवेक्षण, मूल्याङ्न र पृष्ठपोषण, राम्रा शिक्षकहरूलाई प्रोत्साहनसँग सम्बन्धित थिए । यसबाहेका अन्य अपेक्षाहरूमा समयमा तलब उपलब्ध गराउने, तलब वृद्धि, सञ्चयकोषमा योगदान, आदि रहेका थिए ।
- शिक्षक तथा प्रधानाध्यापकहरूको राज्यप्रतिका अपेक्षाहरूमा प्रोत्साहन, उपयुक्त पेसागत वातावरणको निर्माण, सावधिक तालिम, पेसागत सहयोग, तलब वृद्धि, थप शिक्षकको व्यवस्था, निजामती सेवासरह व्यवस्था, शैक्षिक भ्रमणको अवसर आदि रहेका थिए ।

## ४.३ सुझावहरू

उपर्युक्त प्राप्ति र निष्कर्षहरूको आधारमा निम्नानुसारका सुझावहरू प्रदान गरिएका छन् :

- एकचौथाइ शिक्षकहरू तालिम अप्राप्त हुनुले यस क्षेत्रमा तत्काल सुधारका लागि विशेष ध्यान दिनुपर्ने आवश्यक देखियो ।
- शिक्षकहरू आफ्नो पेसाप्रतिको सन्तुष्टि जीविकोपार्जनको अवसरको तुलनामा स्नेह र परस्पर सम्बन्ध, आत्मसम्मान, आत्मबोध सम्बन्धि आवश्यकताहरूको नै बाहुल्य रहेकाले विद्यालयमा प्राज्ञिक वातावरण निर्माणमा विद्यालय र स्थानीय सरकारले विशेष पहलकदमी गर्नुपर्छ ।
- शिक्षकहरूमा शिक्षण सिप प्रयोगको केही क्षेत्रहरू जस्तै शिक्षण सामग्रीको निर्माण र प्रयोग, शिक्षण विधिको प्रयोग, मूल्याङ्कन पश्चात् पृष्ठपोषणको प्रयोग, गृहकार्य/परियोजना कार्यको प्रयोग आदि क्षेत्रहरू सिप सुधारको लागि तालिम तथा कार्यशाला सञ्चालन गर्नुपर्ने आवश्यकता देखियो ।

- शिक्षकहरूले आफ्नो सिप कक्षाकोठामा हस्तान्तरण गर्न परेका समस्याहरूमा उच्च कार्य बोझ, सामग्रीको कमी, सूचना सञ्चार प्रविधिको प्रयोगको समस्या, विद्यार्थीको अनियमितता आदि रहेकामा यस क्षेत्रमा सुधार गर्नुपर्ने आवश्यकता देखियो ।
- शिक्षकहरू आफ्नो ज्ञान र सिपको कक्षाकोठामा प्रयोगबारे सामान्यभन्दा कम मात्रामा सन्तुष्ट रहेको र आफूद्वारा प्राप्त गरेको शिक्षा र तालिमको पर्याप्तता नभएको पक्षमा प्रतिक्रिया प्रस्तुत गरेकोमा शिक्षक तथा प्रधानाध्यापकहरूद्वारा अभिव्यक्त पेसागत सहयोगका क्षेत्रहरूमा आधुनिक शिक्षण विधिहरू बारे जानकारी, बालमनोविज्ञान, उत्प्रेरणा उत्पन्न गर्ने सिप, शिक्षण सामग्रीको निर्माण र सूचना सञ्चार विधिको प्रयोग, शिक्षण योजना निर्माण, आधुनिक शिक्षण विधिहरूबारे जानकारीबारे तालिम र कार्यशाला सञ्चालन गर्नुपर्ने आवश्यकता देखियो ।
- शिक्षकका विविध अपेक्षाहरू शिक्षण सामग्रीको व्यवस्था, कार्यभारमा कमी गर्नुपर्ने सावधिक तालिमको व्यवस्था, नियमित अनुगमन, सुपरिवेक्षण, मूल्याङ्कन र पृष्ठपोषण, राम्रा शिक्षकहरूलाई प्रोत्साहन आदि पक्षमा यसका प्रमुख सरोकारवाला अर्थात् विद्यालय, स्थानीय सरकार र राज्यले अग्रसरता प्रदर्शन गर्नुपर्ने आवश्यक रहेको छ । यसका साथै अभिभावकवर्गलाई पनि आफ्ना बालबालिकाको सिकाइमा नियमित सहयोग गर्ने, बालबालिकाको नियमितता सुनिश्चित गर्ने र समय समयमा विद्यालयमा उपस्थितिका लागि सचेतिकरण गर्न अभिभावक शिक्षाको आयोजना गर्नुपर्ने आवश्यकता रहेको छ ।
- शिक्षकहरूको शिक्षण सिप सुधारका लागि नियमित रूपमा सहकर्मी शिक्षकले लिएको कक्षाको जोडा अवलोकन र पृष्ठपोषण गर्नुपर्छ ।

### ४.४ कार्य चरणहरू (Action steps)

माथि उल्लेखित सुझावहरू कार्यान्वयनका लागि निम्नानुसारको कार्य चरणहरू प्रस्तावित गरिएका छन् :

| क्र.सं. | गर्नुपर्ने कार्य | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| १. | तालिम अप्राप्त शिक्षकहरूका लागि तालिमको व्यवस्था | स्थानीय सरकार | नियमित |
| २. | शिक्षकहरूलाई शिक्षण सिपसम्बन्धी पुनर्ताजगीकरण तालिम र कार्यशाला | स्थानीय सरकार + विद्यालय | सत्रान्त र सत्र प्रारम्भको बिचमा |
| ३. | शिक्षकहरूबिच शिक्षण सिपसम्बन्धी अन्तरक्रिया | विद्यालय | प्रत्येक महिनाको अन्तिम शुक्रबार |
| ४. | अभिभावक शिक्षा | विद्यालय | कक्षा सञ्चालन भएको पहिलो महिना |
| ५. | अभिभावकसँग अन्तर्क्रिया | विद्यालय | प्रत्येक आन्तरिक परीक्षाको नतिजा वितरणको दिन |
| ६. | सहकर्मिको जोडा कक्षा अवलोकन र पृष्ठपोषण | विद्यालय + शिक्षक | महिनामा १ पटक |
| ७. | कक्षा सुपरीवेक्षण | स्थानीय सरकार + प्रधानाध्यापक | महिनामा १ पटक |

# कार्यमूलक अनुसन्धान प्रतिवेदनहरू

# सामाजिक सञ्जालको प्रयोगले विद्यार्थीमा पारेको प्रभाव

## कार्यमूलक अनुसन्धान प्रतिवेदन २०८०

प्रस्तुतकर्ता

कमलाकुमारी भण्डारी

श्री ग्राम शिक्षा मन्दिर मा. वि.

बुढानीलकण्ठ-११, कपन

काठमाडौँ

## १. परिचय

समय परिवर्तनशील छ। आजको ज्ञान भोलिको लागि सही नहुन पनि सक्छ। ढुङ्गे युगबाट सुरुआत भएको मानव इतिहासमा धेरै परिवर्तन र उतारचढाव भएका छन्। समयसँगै ज्ञान विज्ञान र प्रविधिको विकासले निकै नै फड्को मारेको छ। ज्ञान, विज्ञान र प्रविधिका कारण विश्व नै साँघुरो पारेको छ। विश्वमा घटेका घटना तथा सूचना विश्वभरि फैलिन समय नै लाग्दैन। यो एउटा विज्ञानमा आएको सकारात्मक परिवर्तन हो तर आजको आएको सूचना प्रविधिले सबै ठाउँ र क्षेत्रमा सकारात्मक परिवर्तन मात्र ल्याएको छ भन्न सकिँदैन ।

वर्तमान विश्वमा प्रविधिको विकासले एक ठाउँमा बसेर विश्वको सूचना तत्काल नै थाहा हुन सक्ने अवस्थाको विकास भएको छ । यस्तै इन्टरनेटमा आधारित फेसबुक, ट्वीटर, भाइबर वाटसअप आदि सामाजिक सञ्जालका प्रयोगकर्ताहरूको सङ्ख्यामा निकै ठुलो भएको छ । अहिले यसका प्रयोगकर्ताको सङ्ख्या ५ अरबभन्दा बढी रहेको अनुमान छ। यसको प्रभाव हरेक क्षेत्रमा परेको छ। विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरू यसबाट अछुतो रहन सकेका छैनन् । सामाजिक सञ्जालको प्रयोगको सकारात्मक तथा नकारात्मक दुवै प्रभाव भए तापनि विद्यालय स्तरका बालबालिकाको अपरिपक्व उमेर, निर्णय क्षमताको कमीका कारण के ठिक के बेठिक छुट्याउन कठिन हुन्छ । यस्ता परिस्थितिमा नकारात्मक प्रभावले बढी स्थान लिन सक्ने सम्भावना हुन्छ । यस कार्यमूलक अनुसन्धानअन्तर्गत विद्यालय स्तरमा विद्यार्थीलाई सामाजिक सञ्जालले के कस्तो प्रभाव पारेको हुन्छ भन्ने कुराको अध्ययन गर्न खोजिएको छ ।

## २. अध्ययनको सन्दर्भ

तीव्र गतिमा विकास भइरहेको विश्वमा विद्यार्थीलाई किताबी ज्ञानलाई मात्र सीमित राख्न नसकिने अवस्था छ र यस्तो गर्नु पनि उपयुक्त हुन्न। अहिले प्रविधिको विकासले विद्यार्थीलाई आफैँ खोजी गरेर अध्ययन गर्न सहज भएको छ। कोभिड १९ को महामारीले त झन् हामीलाई प्रविधिमैत्री बनाएको छ। मानिसको घर घर र हात हातमा मोबाइल छ। इन्टरनेटमा पहुँचको सङ्ख्या निकै वृद्धि भएको छ। सामाजिक सञ्जालमा फेसबुक नहुने व्यक्ति नै भेटिँदैन। घरका परिवार एउटै कोठामा भए पनि एकलाई अर्कोको उपस्थितिको चासोसमेत हुँदैन ।

यस्तो अवस्थामा प्रयोग गरिने सामाजिक सञ्जालले विद्यार्थीमा के कस्तो असर पारेको छ भन्ने सन्दर्भमा विद्यालयमा केही विद्यार्थीलाई निगरानीपूर्वक तुलनात्मक रूपमा अध्ययन गर्न यो अध्ययन गरिएको थियो । विद्यार्थीमा किन अनुशासन कम हुँदै गएको छ ? किन विद्यार्थीहरू ठुलो समूहभन्दा एक दुई जनाको समूहमा बस्न थाले ? किन उनीहरू एक्लै एक्लै बस्न रुचाउन थाले ? स्थानीय खेलहरू किन खेल्न छोडे ? किन अभिभावकको गुनासो बढी आउन थाल्यो ? नैतिकतामा कमी आएको जस्तो देखिएकाले यस विषयलाई अध्ययनको शीर्षकको रूपमा छनोट गरिएको हो ।

## ३. समस्याको कारण

विद्यार्थीहरूको आधारभूत तहदेखि नै फेसबुक हुने र अहिले Online classका कारण पनि अनिवार्य फेसबुक बनाउनुपर्ने भएकाले सबैसँग फेसबुक Id रहेको छ। छनोट गरिएका विद्यार्थीको अध्ययन गर्दा कक्षाभित्र तथा कक्षा बाहिर शिक्षक तथा साथीसँग गर्ने व्यवहार, बोल्ने शैली, साथीभाइसँग प्रयोग गर्ने भाषा, उनीहरूको पहिरन आदिका कारण पनि उनीहरूमा केही असहज परिवर्तन आएको देखिन्छ । अभिभावकबाट आएका गुनासाहरू बढी मोबाइल चलाउने, फेसबुकमा बढी रमाउने, पढ भन्दा झनक्क रिसाउने, फरक व्यवहार

देखाउने, एक्लै बस्न रुचाउने आदि गुनासाहरू आउने गर्दछन् । यसकारण पनि सामाजिक सञ्जालको नकारात्मक प्रभाव हो भनी अनुमान गर्न सकिन्छ । यस पक्षमा शिक्षक, विद्यार्थी तथा अभिभावक सबै जिम्मेवार पक्ष हुन । शिक्षकले जानकारी दिने हो भने घरमा निरन्तर निगरानी राख्ने काम अभिभावकको हो । यसमा आफूलाई सुधार्ने आत्ममूल्याङ्कन गरी सुधार गर्ने कार्य स्वयम् विद्यार्थीको हुन जान्छ ।

## ४. समस्या सामाधानका लागि गरिएका कार्ययोजना

हरेक कार्य सम्पादन गर्नका लागि योजनाको आवश्यकता पर्छ । बिना योजना कार्य सम्पन्न हुन सक्दैन । यो विषयलाई सामाधान गर्नका लागि यस कार्यमूलक अनुसन्धानको लागि निम्नानुसारको योजना तय गरिएको थियो :

**पहिलो चरण**

१. कक्षा कोठा तथा कक्षा बाहिर विद्यार्थीको चालचलन तथा व्यवहार, साथीसँग सम्बन्ध जस्ता पक्ष जानकारी नदिई अवलोकन गर्ने

२. कक्षा कोठामा अनुशासन र नैतिकताको महत्त्वका बारेमा व्याख्या गर्ने

३. अनुशासन र नैतिकताको सकारात्मक रूपमा लिएर महान् बनेका व्यक्तित्व र नकारात्मक असर परेर जिन्दगी बर्बाद गरेका व्यक्तित्वका उदाहरण प्रस्तुत गर्ने

**दोस्रो चरण**

कुनै विद्यार्थीले अनुशासन पालना नगरेको, नकारात्मक बाटोतिर लागेको, मोबाइल लिएर विद्यालय आउने गरेको, फेसबुक चलाउने वा त्यसको दुरूपयोग गरिएको देखिएमा व्यक्ति वा समूहलाई परामर्श दिने

**तेस्रो चरण**

दोस्रो चरणबाट पनि सुधार गर्न नसकिएमा शिक्षक वा प्रशासन र अभिभावकसँग सूचना सम्प्रेषण गरी सुधारतर्फ उन्मुख बनाउने प्रयास गर्ने । अनुशासन कायम गरी समय समयमा ती विद्यार्थीको निगरानी गर्ने

## ५. प्राप्ति

यसरी कार्ययोजना बनाएर योजनाबद्ध रूपमा कार्य गर्दै जाँदा अनुसन्धानबाट प्राप्त भएका उपलब्धिहरू यसप्रकार छन् :

- विद्यालयमा मोबाइल लुकाएर ल्याउने बानीको अन्त्य भयो ।
- फुर्सदको बेलामा फेसबुकभन्दा पढाइको बारेमा कुराकानी गरेको पाइयो ।
- पढाइमा अब्बल विद्यार्थीसँग साथ गरेको पाइयो ।
- शिक्षकसँग आदरपूर्वक बोलेको पाइयो ।
- अभिभावकको गुनासो कम आउन थाल्यो ।
- पहिरनमा पनि परिवर्तन भएको पाइयो ।
- एकाइ परीक्षा र मासिक परीक्षामा प्राप्ताङ्क बढेको पाइयो ।

## ६. निष्कर्ष

ज्ञान विज्ञान र प्रविधिको क्षेत्रमा चरम विकासमा भएर सामाजिक सञ्जालको प्रयोगमार्फत शिक्षण सिकाइ सहजीकरणमा ठुलो सहयोग भएको छ । अहिले आएका सामाजिक सञ्जालले किशोरावस्थाका बालबालिकाका लागि सकारात्मकभन्दा नकारात्मक असर बढी गरेको देखिन्छ । यसकारण विद्यार्थीहरूमा नैतिकतामा ह्रास आउने र पढाइभन्दा अन्य कुरामा ध्यान दिने कारणले पढाइप्रति विद्यार्थीहरूमा लगाब कम भएको देखिन्छ। यसलाई नियन्त्रण गर्नका लागि शिक्षक तथा अभिभावकको भूमिका अहम् हुने गर्दछ। यसमा शिक्षकले अभिभावकसँग सहकार्य गरेर विद्यार्थीलाई परामर्श गरी उनीहरूको बानी परिवर्तन गर्न सकिन्छ। यसका लागि अभिभावक र शिक्षकको निरन्तर निगरानी आवश्यकता देखिन्छ ।

# सिकाइ क्षमतामा
# विविधता व्यवस्थापनका उपायहरू

## कार्यमूलक अनुसन्धानको प्रतिवेदन

प्रस्तुतकर्ता

गोमा श्रेष्ठ

श्री गणेश मा.वि., बुढानीलकण्ठ -२, काठमाडौँ

२०८०

## १. समस्याको कथन

मैले अध्यापन गर्ने विद्यालय श्री गणेश मा.वि. बुढानीलकण्ठ-२,गणेशचोक, चपली, काठमाडौँमा अध्ययन गर्ने अधिकांश बालबालिकाहरू न्यून आर्थिक अवस्था भएका परिवारका, अरूका घरमा घरेलु कामदारका रूपमा बस्ने, निरक्षर र दैनिक ज्याला मजदुरी गर्ने अभिभावकहरूका सन्तान हुन्छन् । अङ्ग्रेजी शिक्षा प्रतिको मोह र आवश्यकता, सामुदायिक विद्यालयको दिनप्रतिदिन खस्कँदो शैक्षिक उपलब्धि आदिले गर्दा हुने खाने, बुद्धिजीवी, पढेलेखेका उच्च आर्थिक अवस्था भएका तथा मध्यम वर्गीय परिवारका बालबालिकाहरू निजी विद्यालयमा नै अध्ययन गर्छन् । अनि सामुदायिक विद्यालयको भागमा त निम्नवर्गीय परिवारका, दैनिक ज्याला मजदुरी गरी गुजारा चलाउने परिवारका र हुनेखानेको घरमा पढाइदिने भन्ने बहानामा घरेलु कामदारका रूपमा राखिएका बालबालिकाहरू मात्र पर्छन् जसले गर्दा अधिकांश बालबालिकाहरू आर्थिक एवम् शारीरिक रूपमा पनि कमजोर र थकित मानसिकताका रहेका हुन्छन् ।

अधिकांश अभिभावकहरू ज्याला मजदुरी गर्न जानुपर्ने बाध्यता, अध्ययनमा छोराछोरीलाई सहयोग गर्न पनि नसक्ने, आफ्ना नानीहरूको शैक्षिक उपलब्धिप्रति चासो नराख्ने, आफ्ना नानीहरूका लागि उपयुक्त शैक्षिक वातावरण तयार गरिदिन नसक्ने जस्तै एउटै कोठामा सपरिवार बस्ने, घरेलु झैझगडा, अभाव, लोडसेडिङको समयमा वैकल्पिक उज्यालोको स्रोतको व्यवस्था गर्न नसक्ने, आर्थिक, सामाजिक, शारीरिक रूपमा कमजोर भएका, कोभिड महामारीका कारण सम्बन्धित कक्षाका न्यूनतम सिकाइ उपलब्धि हाँसिल नभइकन नै कक्षोन्नति गरिएका विद्यार्थीहरू जसले गर्दा नपढे पनि र नपढाए पनि उत्तीर्ण भइने परम्परा बस्नुले पढ्ने र पढाउने दुवै पक्ष संवेदनशील र जिम्मेवार नहुनु जस्ता कारणले गर्दा कक्षा १० मा अध्ययनरत अधिकांश विद्यार्थीहरूको शैक्षिक स्तर ज्यादै न्यून रहेको छ । यसका साथै विद्यार्थीहरूको रूचि र आवश्यकताअनुसारको शिक्षण सिकाइ क्रियाकलाप गर्न नसक्नु, तल्लो कक्षादेखि नै उनीहरूको सिकाइमा परेका समस्याहरू पहिचान गरी उपचारात्मक शिक्षण गर्न नसकिनु ,पर्याप्त शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण नगरिनु, गणितीय ज्ञान, सिप र धारणाहरू स्पष्ट नहुनु, गणितका विषयवस्तु नीरस, प्रयोगविहीन र गाह्रो विषयको रूपमा चित्रण गरिनु, विद्यार्थीको रुचि क्षमता र सिकाइस्तर अनुरूप कक्षाकोठा व्यवस्थापन नगरिनु जस्ता कारणहरूले गर्दा पनि कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको अपेक्षाकृत शैक्षिक स्तर नरहेको अवस्था छ ।

केही विद्यार्थीहरू भने उपयुक्त वातावरण पाएका र तीक्ष्ण बुद्धि तथा उच्च सिकाइ क्षमता भएका हुनुले कक्षामा सिकाइ क्षमतामा विविधता भएका विद्यार्थीहरू विद्यमान छन् । यसरी तीक्ष्ण बुद्धि तथा उच्च सिकाइ क्षमता भएका र न्यून तथा मध्यम सिकाइ क्षमता भएका विद्यार्थीहरूलाई समेटेर समान सिकाइ अवसर प्रदान गरी कक्षागत सिकाइ उपलब्धि स्तर वृद्धि गर्नु चुनौतीपूर्ण रहेको छ । अत : उक्त असमान सिकाइ स्तर भएका विद्यार्थीहरूलाई समेटेर सिकाइमा सहभागी गराई उच्च सिकाइ उपलब्धि प्राप्त गर्नु मेरो लागि प्रमुख चुनौती र समस्याको रूपमा रहेको छ । यो अध्ययन यस्ता सिकाइ क्षमतामा विविधता भएका विद्यार्थीहरूको शिक्षणका लागि प्रयोग गर्नुपर्ने उपयुक्त रणनीतिको पहिचानतर्फ लक्षित रहेको थियो ।

## २. अनुसन्धानको उद्देश्य

यस अध्ययनको प्रमुख उद्देश्य निम्नानुसार रहेको थियो :

- कक्षा १० मा अध्ययनरत विविध सिकाइ क्षमता भएका विद्यार्थीहरूलाई सिकाइको समान अवसर

प्रदान गरेर सिकाइमा सक्रिय सहभागी गराउने

- उनीहरूको कक्षागत औसत सिकाइ उपलब्धि ६० प्रतिशतभन्दा बढी बनाउने ।

## ३. समस्याले पारेका असरहरूको पहिचान

कक्षामा ५ प्रतिशत जति उच्च सिकाइ क्षमता भएका, ३३ प्रतिशतभन्दा बढी ज्यादै न्यून सिकाइ स्तर भएका र बाँकी मध्यम खालका सिकाइ स्तर भएका बालबालिकाहरू छन् । यस कारणले उनीहरूलाई एकै किसिमका शिक्षण सिकाइ क्रियाकलापले समेट्न नसकिने अवस्था छ । न्यून सिकाइ क्षमता भएका विद्यार्थीलाई लक्षित गरी शिक्षण गर्दा अन्य विद्यार्थीहरू दिक्क मान्ने, होहल्ला गरी बस्ने गर्छन् भने उच्च सिकाइ क्षमता भएका विद्यार्थीहरूलाई लक्षित गरी शिक्षण गर्दा बाँकी विद्यर्थीहरूले केही नबुझी कक्षाको ठूलो हिस्सा सिकाइबाट वञ्चित भइराखेका हुन्छन् । यसरी न्यून सिकाइ स्तर भएका विद्यार्थीहरूमा सिकाइप्रति रूचि जगाउन, सिकाइमा सक्रिय सहभागी गराउन नसक्दा उनीहरूको सिकाइ उपलब्धि झन् खस्किँदो अवस्थामा छ । यसले गर्दा शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुन नसकी समग्र शैक्षिक प्रक्रिया नै असफल हुनुका साथै औसत सिकाइ उपलब्धि ३३ प्रतिशतभन्दा पनि कम भएको देखिन्छ । यसैगरी एउटै कक्षामा असमान सिकाइ स्तर भएका बालबालिकाहरूलाई शिक्षण गर्नुपर्दा तोकिएको समयमा तोकिएको कोर्स पूरा गर्न नसक्ने, सबैखाले सिकाइ स्तर भएका बालबालिकाहरूलाई समेट्ने किसिमको शिक्षणसिकाइ क्रियाकलापको योजना गर्न नसक्ने जस्ता असरहरू परेको देखिन्छ ।

## ४. समस्या पर्नाका कारणहरू

- विविध सिकाइ क्षमता भएका विद्यार्थीहरूलाई सँगै समेटेर सिकाइ प्रक्रियामा सक्रिय सहभागी गराउने किसिमले कक्षाकोठा व्यवस्थापन गरी शिक्षण गर्न नसक्नु
- न्यून सिकाइ क्षमता भएका विद्यार्थीहरूलाई अतिरिक्त कक्षाको व्यवस्था गरी आवश्यक पूर्वज्ञानको तयारी गराउन नसक्नु
- विश्वव्यापी रूपमा फैलिएको कोभिड महामारीका कारण न्यूनतम सिकाइ उपलब्धि हाँसिल नभएका विद्यार्थीहरूलाई पनि कक्षोन्नति गरिँदै लगिनु
- शिक्षण सिकाइ क्रियाकलापमा पाठ्यक्रमले व्यवस्था गरेबमोजिम पर्याप्त प्रयोगात्मक कार्य तथा परियोजना कार्य सञ्चालन गर्न नसक्नु
- घरेलु कामदारका रूपमा रहेका विद्यार्थी र कमजोर आर्थिक अवस्था भएका अभिभावकका बालबालिकाहरू कक्षाकोठामा धेरै हुनाले शारीरिक, मानसिक रूपमा थकित र कमजोर अवस्थामा कक्षामा उपस्थित हुनाले गर्दा सिकाइमा कम तत्परता देखाउनु
- अधिकांश अभिभावकहरू निरक्षर, दैनिक ज्याला मजदुरी गरी गुजारा चलाउनुपर्ने खालका हुनुले उनीहरूको विद्यालयका गतिविधिमा पहुँच ज्यादै कम हुनु
- स्थानीय अभिभावकहरू नहुनुले स्थानीय समुदायको विद्यालयप्रति खासै चासो नहुनुले अनुगमनको अभावमा शिक्षकहरूमा पेसाप्रति जिम्मेवारीपन र प्रतिबद्धतामा कमी देखिनु
- शिक्षासँग सम्बद्ध सरकारी निकायहरूबाट अनुगमन तथा पृष्ठपोषणको अभाव हुनु
- तालिमबाट प्राप्त ज्ञान सिप र अनुभवहरूलाई कक्षाकोठासम्म पुऱ्याउन नसक्नु

## ५. समस्या समाधानको लागि अपनाइएको कार्ययोजना

बढी जान्ने र कम जान्ने भनिएका विद्यार्थीहरूको मिश्रित समूह बनाई सहयोगात्मक सिकाइको वातावरण तयार गर्न नसक्नुलाई समस्या पर्नुको प्रमुख कारण मानी समस्या समाधानको लागि अपनाइएको हस्तक्षेपकारी प्रयत्नमा बढी जान्ने विद्यार्थीको नेतृत्वमा मिश्रित सिकाइ क्षमता भएका विद्यार्थीहरूको समूह बनाई सहयोगात्मक सिकाइको वातावरण तयार गर्ने कार्यको लागि निम्न बमोजिमको कार्ययोजना तयार गरी कार्यन्वयन गरीयो ।

## ६. कार्य प्रक्रिया

(क) २०८०/०८/०५का दिन कक्षाका बढी जान्ने विद्यार्थीको नेतृत्वमा ६ देखि ८ जनाको मिश्रित सिकाइ क्षमता भएका विद्यार्थीहरूको समूह बनाई वैयक्तिक शिक्षण कार्यन्वयन गरियो

(ख) प्रत्येक समूहमा समूह नेतालाई आआफ्नो समूहमा परेका साथीहरूको कक्षाकार्य, गृहकार्य तथा मौखिक प्रश्नहरूमा पाएको जवाफका आधारमा मूल्याङ्कन गरी निम्नलिखित ढाँचामा दैनिक रूपमा अभिलेख राख्न लगाइयो ।

| क्र.स. | विद्यार्थीको नाम थर | मौखिक प्रश्नको जवाफको अवस्था | कक्षाकार्य | गृहकार्य | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |

(ग) समूह नेतालाई सहयोग गर्नका लागि समूह भित्रका सदस्यबाट एकजना प्रतिवेदक तोकी प्रतिवेदकले आफ्नो समूहका साथीहरूले कक्षाकार्य तथा गृहकार्य के कति गर्न सके, के केमा समस्या आयो पत्ता लगाई समूह नेता तथा कक्षाशिक्षकलाई जानकारी दिई समूह नेता तथा शिक्षकद्वारा परीक्षण गरिएको गृहकार्य तथा कक्षाकार्यका आधारमा बाँकी साथीहरूको कापी परीक्षण गर्न सहयोग गर्ने भनी जिम्मेवारी बाँडफाँड गरी सोही अनुरूप कार्य सम्पादन गर्न लगाउने

(घ) प्रत्येक समूहको समूह नेताले कक्षाको सुरुको पाँच मिनेटमा आफ्नो समूहका साथीहरूलाई पूर्वपाठमा आधारित सूत्रहरू, ज्ञान, सिप र धारणाहरू सोध्ने र आवश्यक पृष्ठपोषण प्रदान गर्न लगाउने

## ७. अनुसन्धानको प्राप्ति

योजना कार्यन्वयन पश्चात् न्यून सिकाइ क्षमता भएका विद्यार्थीहरूले पनि शिक्षण सिकाइ क्रियाकलापमा सक्रिय रूपमा सहभागी भई विषयवस्तुसँग सान्दर्भिक समस्या समाधानमा तदारुकता देखाएको र आफूभन्दा जान्ने साथीहरूसँग सहयोग लिई सिक्न प्रयास गरेको पाइयो ।

यसरी अनुसन्धानबाट प्राप्त नतिजालाई निम्न बमोजिमको ढाँचामा प्रस्तुत गरिएको छ :

| क्र.सं. | उद्देश्य | कार्यमूलक अनुसन्धान गर्नु पूर्वको स्थिति | कार्यमूलक अनुसन्धान गर्नु पछिको स्थिति | फरक | साधन |
|---|---|---|---|---|---|
| १. | कम जान्ने भनिएका विद्यार्थीहरूलाई पनि शिक्षण सिकाइ क्रियाकलापमा सक्रिय सहभागी गराई समाहित शिक्षा दिने | शिक्षण सिकाइ क्रियाकलापमा सबै विद्यार्थीलाई सक्रिय सहभागी गराउन नसकिएको | शिक्षण सिकाइ क्रियाकलापमा सबै विद्यार्थीको सक्रिय सहभागिता भएको | सिकाइमा सक्रियता | कक्षा अवलोकन तथाआवश्यक भिडियो रेकर्ड |
| २. | कक्षामा सहयोगात्मक सिकाइको वातावरण तयार गर्ने | कक्षामा सहयोगात्मक सिकाइको वातावरण नभएको | बढी जान्ने र कम जान्ने विद्यार्थीबिच सहयोगात्मक सिकाइको वातावरण भएको | सहयोगात्मक सिकाइको वातावरण | कक्षा अवलोकन तथाआवश्यक भिडियो रेकर्ड |
| ३. | मिश्रित समूह बनाई समूहगत रूपमा शिक्षण गर्ने | समूह विभाजन नगरिकन शिक्षण गरिएको | मिश्रित(बढी जान्ने र कम जान्ने) समूह बनाई शिक्षण गरिएको | समूह शिक्षण | समूह विभाजनको अभिलेख |

यसरी हेर्दा यो अनुसन्धानबाट ८० प्रतिशत सफल रहेको पाइयो भने २० प्रतिशत भने अझै सफल नभएको पाइयो ।

## ७. अनुसन्धानको प्रतिविम्बन

गणित विषय आफैँले गरेर सिक्ने तथा पर्याप्त अभ्यासबाट बुझाइलाई गहिर्‍याउने विषय भएकाले उच्च सिकाइ क्षमता र न्यून तथा मध्यम सिकाइ क्षमता भएका विद्यार्थीहरूको मिश्रित समूह बनाई आफूभन्दा जान्ने साथीसँग सहयोगात्मक सिकाइको वातावरण सृजना गरिदिँदा वैयक्तिक रूपमा शिक्षण गर्न सहज हुने रहेको पाइयो । यसै गरी आफ्ना सिकाइ कमजोरीहरू आआफूले नै पहिल्याई सुधार गर्न सकिने, महत्त्वपूर्ण धारणाहरू तथा सूत्रहरू दिनदिनै मौखिक रूपमा पुनरावलोकन हुँदा सधैँ ताजा भइरहने, विद्यार्थीहरूमा समूहमा काम गर्ने सामूहिक भावको विकास हुने, आफूले जानेका ज्ञान, सिप, धारणाहरू साथीहरूलाई सिकाउन तत्परता देखाउने, जिम्मेवारी वहन गर्ने क्षमताको विकास हुने जस्ता व्यवहारमा परिवर्तन आएको पाइयो । यसरी यस प्रक्रियाद्वारा शिक्षण सिकाइ क्रियाकलाप वर्षभरि नै गर्न सकिने र कुनै पनि कक्षामा विविध सिकाइ क्षमता भएका विद्यार्थीको सिकाइ स्तरमा अपेक्षित रूपमा सुधार ल्याउन सकिने रहेछ भन्ने यो अध्ययनको निष्कर्ष रहेको छ ।

# कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूलाई न्यायपालिका शीर्षक पाठ सहजीकरणको रणनीति

# कार्यमूलक अनुसन्धान प्रतिवेदन

प्रस्तुतकर्ता

विमला बानियाँ (थापा)

श्री बुढानीलकण्ठ माध्यमिक विद्यालय

नारायणस्थान, काठमाडौँ

२०८०

**कृतज्ञता ज्ञापन**

हरेक विद्यार्थीमा नागरिक चेतनाको विकास गर्दै देशको न्यायिक व्यवस्थाको जानकारी गराउने उद्देश्यले कक्षा १० को सामाजिक अध्ययन विषयको पाठ्यक्रमअन्तर्गत एकाइ ५ मा न्यायपालिकालाई समेटिएको छ तर विद्यार्थीलाई न्यायपालिका गठन प्रक्रिया र यसको कार्यसम्पादनबारे कक्षाकोठाभित्र शिक्षण सिकाइ सहजीकरण गर्दा बुझ्न र बुझाउन कठिन भएको ठम्याइपछि न्यायपालिका कसरी सहजै शिक्षण सहजीकरण गर्न सकिएला शीर्षकमा मैले प्रस्तुत कार्यमूलक अध्ययन गरेकी हुँ ।

स्थानीय तहमा हुने न्यायिक समितिसँग परिचित भई सभ्य र शान्त न्यायपूर्ण समाज निर्माणमा विद्यार्थीको महत्त्वपूर्ण भूमिका हुनुपर्दछ । कक्षाकोठामा न्यायपालिका शिक्षण सिकाइ सहजीकरणमा आउने समस्या न्यूनीकरण गर्न र न्यायपालिकासम्बन्धी अवधारणाको विकास गर्न आवश्यक देखेर मैले गरेको अध्ययनमा यस विद्यालयका प्रधानाध्यापक श्री दीपक कार्की, विद्यालय व्यवस्थापन समिति अध्यक्ष श्री श्याम खड्का लगायत पदाधिकारी, शिक्षक सहकर्मी, स्थानीय तहका न्यायिक समितिका पदाधिकारी, बुढानीलकण्ठ नगरपालिका वडा नं ३का अध्यक्ष श्री आकाश धिताल, बुढानीलकण्ठ नगरपालिका शिक्षा महाशाखा, जिल्ला शिक्षा समन्वय इकाइ, काठमाडौँ एवम् अदालत प्रशासनहरूप्रति हार्दिक कृतज्ञता एवम् आभार प्रकट गर्छु ।

## १. अनुसन्धानको पृष्ठभूमि

नेपालको संविधानको भाग ११ मा न्यायपालिकाको व्यवस्था गरिएको छ । न्यायपालिका न्यायसम्पादन गर्ने जिम्मेवार निकाय हो । कानुनको व्याख्या गरी वैधता स्थापित गर्ने, नागरिकको अधिकार र संविधानको संरक्षण गर्ने, कानुनको व्याख्या गर्ने, न्यायिक पुनरावलोकन गर्ने तथा मानवअधिकारको संरक्षण गर्ने लगायतका कार्य न्यायपालिकाले गर्छ । नेपालको संविधानले सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत गरी तीन तहको न्यायालयको परिकल्पना गरेको छ ।

विद्यार्थीमा नागरिक चेतनाको विकास गर्दै देशको न्यायिक व्यवस्थाको जानकारी गराउने उद्देश्यले कक्षा १० को सामाजिक अध्ययन विषयको पाठ्यक्रमअन्तर्गत एकाइ ५ मा न्यायपालिकालाई समेटिएको छ । बालबालिकालाई न्यायपालिका गठन प्रक्रिया र यसको कार्यसम्पादनबारे कक्षाकोठाभित्र शिक्षण सिकाइ सहजीकरण गर्दा बुझ्न र बुझाउन कठिन भएको मेरो ठम्याइ छ । यो अध्ययन कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूलाई 'न्यायपालिका शीर्षक पाठ सहजीकरण गर्न आवश्यक रणनीति पहिचानतर्फ केन्द्रित रहेको थियो ।

## २. अध्ययन सन्दर्भ

पाठ्यक्रमले नागरिकका मानवअधिकार तथा मौलिक अधिकार संरक्षण गर्ने उद्देश्यका साथ न्यायपालिकालाई पाठ्यपुस्तकमा समेटेको पाइन्छ । हरेक विद्यार्थीमा नागरिक चेतनाको विकास गरी न्यायसम्बन्धी आधार भूत व्यावहारिक ज्ञान दिनु आजको आवश्यकता हो । तसर्थ विद्यार्थीको दैनिक जीवनसँग जोडिएर आउने अदालतीय काम कारबाहीमा एक जिम्मेवार हिस्सा बनी समाधान गर्न सक्ने क्षमता विकास गर्नु र गराउनुपर्छ ।

स्थानीय तहमा हुने न्यायिक समितिसँग परिचित भई सभ्य र शान्त न्यायपूर्ण समाज निर्माणमा विद्यार्थीको महत्त्वपूर्ण भूमिका हुनुपर्छ । कक्षाकोठामा न्यायपालिका शिक्षण सिकाइ सहजीकरणमा आउने समस्या न्यूनीकरण गर्न र न्यायपालिकासम्बन्धी अवधारणाको विकास गर्न विद्यार्थीहरूमा न्यायपालिका कसरी सहजै शिक्षण सहजीकरण गर्न सकिएला भन्ने शीर्षकमा मैले क्रियात्मक अनुसन्धान सुरु गरेकी हुँ ।

## ३. अध्ययनको उद्देश्य:

विद्यार्थीहरूलाई न्यायपालिका कसरी सहजै शिक्षण सहजीकरण गर्न सकिएला शीर्षकमा गरिएको कार्यमूलक अनुसन्धानको उद्देश्यहरू निम्नअनुसार रहेका थिए :

- विद्यार्थीहरूमा न्यायपालिकासम्बन्धी अध्ययनको कठिनाइ पत्ता लगाउने
- उक्त समस्या समाधानका लागि आवश्यक रणनीतिक प्रयासहरू पहिचान गर्ने

## ४. समस्याको कथन

कक्षा १० को सामाजिक अध्ययन विषयको पाठ्यक्रमले न्यायपालिका र यससँग सम्बन्धित विषयवस्तुलाई समेटेको छ । न्यायपालिकासम्बन्धी प्रश्नावलीलाई माध्यमिक शिक्षा परीक्षा (एसईई) को मूल्याङ्कनमा पनि समेटिने व्यवस्था रहेकोमा विद्यार्थीले न्यायपालिकासम्बन्धी प्रश्न कठिन मान्ने गरेको पाइयो । यस विषयसँग सम्बन्धित समस्याको समाधानमा सरोकारवाला, विषय विशेषज्ञ, स्थानीय तह, विद्यालय प्रशासनलगायत स्वयम् शिक्षक पनि मौन देखिन्छन् । सहरी क्षेत्रका विद्यालयका विद्यार्थीहरूलेसमेत जटिल महसुस गर्ने न्यायपालिका ग्रामीण भेगका सामुदायिक विद्यालयका विद्यार्थीहरूले कसरी लिएका होलान् ? त्यसैले यससँग सम्बन्धित भई समस्या समाधान गर्न यस विषयवस्तुलाई छनोट गरेकी हुँ ।

## ५. समस्याका कारणहरू

यस विषयमा अध्ययन सुरु गरिसकेपछि उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गर्दै सबै सरोकारवालाको प्रतिनिधित्व हुने गरी यो समस्याको सम्भावित कारण पत्ता लगाउने प्रयास गरेँ । त्यसमा निम्न कारणहरू पत्ता लागे:

- परम्परागत अध्ययन विधि र शैक्षिक सामग्रीको प्रयोग
- अतिरिक्त क्रियाकलापको अभाव
- स्थलगत भ्रमण तथा अवलोकन विधिको कमी
- स्रोत व्यक्ति कक्षा शिक्षणको अभाव
- सन्दर्भ पुस्तक अध्ययनको समस्या

## ६. चरणबद्ध रणनीतिक प्रयासहरू

विद्यार्थीहरूलाई न्यायपालिका कसरी सहजै शिक्षण सहजीकरण गर्न सकिएला भन्ने सन्दर्भमा निम्न चरणबद्ध प्रयास गरियो:

### ६.१ पहिलो चरण

**(क) योजना :** कक्षाकोठाभित्र स्रोत विद्यार्थी शिक्षण तथा अन्तरक्रिया गरियो ।

**(ख) कार्य :** विद्यार्थीलाई तीन बराबर समूहमा विभाजन गरियो । प्रत्येक समूहको नेता चयन गरियो । गोलाप्रथा गरी एक समूहलाई एक अदालत पर्ने गरी सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतबारे अवधारणा राख्न लगाइयो । सन्दर्भ पुस्तक अध्ययन गरी चार्ट पेपरमा परियोजना तयार गर्न लगाइयो । विद्यार्थीहरूका लागि न्यायपालिकासम्बन्धी भिडियो

क्लिप प्रदर्शन गरियो । बुढानीलकण्ठ माध्यमिक विद्यालयका कक्षा १२ मा कानुन सङ्कायमा अध्ययनरत विद्यार्थी रमेश गिरीसँग अन्तरक्रिया र छलफल गराइयो र अन्त्यमा प्रत्येक समूहबाट समूह नेतालाई प्रस्तुतीकरण गर्न प्रोत्साहन गरियो ।

**(ग)** **अवलोकन** : अन्तरक्रिया तथा छलफलपछि विद्यार्थीहरूको व्यवहारमा आएका परिवर्तन अवलोकन गरियो ।

**(घ)** **प्रतिविम्बन** : स्रोत व्यक्तिसँगको अन्तरक्रिया तथा छलफल र भिडियोमार्फत कक्षा शिक्षण सहजीकरण गर्दा ७० जना विद्यार्थीमध्ये २५ विद्यार्थीमा मात्र न्यायपालिकासम्बन्धी अवधारणा स्पष्ट भएको देखियो । कक्षा शिक्षणमा गरिएको अन्तरक्रियाले मात्र समस्या समाधान नहुने देखिएपछि दोस्रो चरणमा प्रवेश गरियो ।

## ६.२ दोस्रो चरण

**(क)** **योजना** : प्रधानाध्यापक, शिक्षक तथा विद्यार्थीसँग बैठक गरी परामर्श लिइयो ।

**(ख)** **कार्य** : बैठकमा विद्यार्थीले न्यायपालिकाबारे आधारभूत कक्षादेखि नै अध्ययन गर्दै आए तापनि कक्षा १० मा पुग्दासम्म पनि कठिनाइ मान्ने र सन्तोषजनक उत्तर दिन नसक्ने समस्याबारे छलफल र अन्तरक्रिया गरियो । यसको कठिनाइ न्यूनीकरण गर्न स्थानीय तहको न्यायिक समिति तथा अदालतको अध्ययन भ्रमण गराउने सुझाव प्राप्त भयो । त्यसअन्तर्गत पहिलो चरणमा बुढानीलकण्ठ वडा नं ३ स्तरीय न्यायिक समिति तथा बुढानीलकण्ठ नगर कार्यपालिकाको न्यायिक समितिको अध्ययन अवलोकन भ्रमण गरी विद्यार्थीलाई त्यसको प्रतिवेदन पेस गर्न लगाइयो ।

**(ग)** **अवलोकन** : विद्यार्थीहरूबाट प्राप्त प्रतिवेदन अध्ययन गरी अवलोकनको सिकाइ स्तर मापन गरियो ।

**(घ)** **प्रतिविम्बन** : विद्यार्थीहरूको अध्ययन भ्रमण प्रतिवेदन अवलोकन तथा प्रश्नोत्तर विधिबाट अन्तर्वार्ता गरी विद्यार्थीको थप सिकाइबारे जिज्ञासा राख्दा आधाजसो अर्थात् ५० प्रतिशत विद्यार्थीले मात्र न्यायपालिकाको मर्म र भावना समेटी सन्तोषजनक उत्तर दिन सकेको पाइयो । तत्पश्चात् तेस्रो चरणको अनुसन्धानमा प्रवेश गरियो ।

## ६.३ तेस्रो चरण

**(क)** **योजना** : प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा अभिभावकहरूसँग परामर्श, छलफल तथा अनुमतिमा जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालत अध्ययन भ्रमण गर्ने योजना बनाइयो ।

**(ख)** **कार्य** : कक्षा १०का सबै विद्यार्थीहरूको प्रतिनिधित्व हुने गरी विद्यार्थीहरूलाई ३ समूहमा विभाजन गरियो । प्रत्येक समूहको प्रतिनिधित्व बमोजिम प्रत्येक समूहबाट ५ जना विद्यार्थी छनोट गरी प्रत्येक ५-५ जना विद्यार्थी र शिक्षक मिठू रेग्मीसहित जिल्ला अदालत बबरमहल, काठमाडौँ, ५ जना विद्यार्थी र शिक्षक श्यामकृष्ण लामिछानेसहित उच्च अदालत पाटन, हरिहरभवन र ५ जना विद्यार्थी र म स्वयम् शिक्षक विमला बानियाँ (थापा) सहित सर्वोच्च अदालत रामशाहपथको अध्ययन भ्रमण गरियो । अदालत प्रशासनको पूर्व अनुमति लिई

अदालत भ्रमण गरिएको थियो । अध्ययन भ्रमणका लागि विद्यार्थीले निम्नअनुसारको प्रश्नावली प्रयोग गरेका थिए:

- काठमाडौँ जिल्ला अदालतले गर्दै आएका मुख्य कार्यहरू के के हुन् ?
- उच्च अदालत पाटनमा हाल कति जना न्यायाधीश कार्यरत हुनुहुन्छ ?
- सर्वोच्च अदालतलाई अभिलेख अदालत किन भनिन्छ ?
- हाल सर्वोच्च अदालतको प्रधानन्यायाधीशको हुनुहुन्छ ?
- न्यायपालिका र व्यवस्थापिकाबिच कस्तो सम्बन्ध रहन्छ ?
- न्यायपालिका र कार्यपालिका बिचको सम्बन्ध स्पष्ट पारिदिनुहोस् न ।
- न्यायपालिकालाई स्वतन्त्र र निष्पक्ष राख्न के गर्नुपर्ला ?
- न्यायपालिकाले संविधानको रक्षा गर्न कसरी सहयोग गर्छ ?

अन्त्यमा १५ जना विद्यार्थीलाई आआफ्नो समूहमा फर्की सहजीकरण गर्न लगाइयो र सबै विद्यार्थीले आआफ्नो प्रतिवेदन तयार गरे ।

**(ग)** **अवलोकन** : विद्यार्थीको सिकाइ स्तर अवलोकन गरियो । त्यसका निम्ति प्रतिवेदन अध्ययन गरियो ।

**(घ)** **प्रतिविम्बन** : अध्ययन भ्रमण गरिसकेपछि विद्यार्थीको मूल्याङ्कन गर्न प्रतिवेदन अध्ययन गरियो । प्रार्थना समयमा न्यापालिका स्वतन्त्र र निष्पक्ष हुनुपर्छ भन्ने शीर्षकमा मन्तव्य राख्न लगाइयो । भित्तेपत्रिकाका लागि न्यायपालिकाका कार्य समेटी सम्पादकीय लेखको नमुना तयार पारी टाँस्न लगाइयो र सबैको अध्ययन र अवलोकन गरियो । अब सबैजसो विद्यार्थीमा न्यायपालिकासम्बन्धी कठिनाइ समाधान भई सिकाइ स्तरमा वृद्धि भएको पाइयो र यो अनुसन्धान यहीँ अन्त्य गर्ने निर्णय गरेँ ।

## ७. अनुसन्धानको उपलब्धि

यस क्रियात्मक अनुसन्धानबाट विद्यार्थीहरूलाई निम्न उपलब्धि प्राप्त भयो:

- विद्यार्थी नजिरको महत्त्व बताउन सफल भए ।
- न्यायपालिकालाई निष्पक्ष र स्वतन्त्र राख्न उपाय अपनाउन सफल भए ।
- नेपालको न्याय व्यवस्थाबारे जानकारी पाए ।
- नियुक्ति, पदावधि र महाभियोगसम्बन्धी व्यावहारिक ज्ञान हासिल गरे ।
- जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतको अन्तरसम्बन्धबारे ज्ञान प्राप्त गरे ।
- न्यायपालिकाको व्यवस्थापिका र कार्यपालिकाबीच परिपूरक सम्बन्ध हुने कारणबारे जानकारी भयो ।

यसका साथै समग्र सिकाइ स्तरमा नै यसको सकारात्मक प्रभाव पार्‍यो । अध्ययन भ्रमणका लागि विद्यालय प्रशासनले योजना बनाई कार्यान्वयनमा सहयोग गर्‍यो । कक्षामा विद्यार्थीको उपस्थिति दर बढ्न थाल्यो ।

शैक्षिक सामग्री र विधि विद्यार्थीमैत्री प्रयोग गर्न थालियो । विद्यार्थीले परियोजना कार्यलाई भित्तेपत्रिका, भित्तेपाटीमा प्रयोग गर्न थाले । नियमित रूपमा पत्रपत्रिका र अन्य सन्दर्भ पुस्तक पढ्ने बानीको विकास भयो । खोज, अध्ययन, अनुसन्धान गर्ने बानी विकास भयो र त्यसअनुरूपको वातावरण सिर्जना भयो । विद्यार्थी मूल्याङ्कनमा नवीनतम प्रविधिसमेत प्रयोग गर्न थालियो । विद्यार्थीमा नेतृत्व क्षमताको विकास भयो । एकअर्कामा सहकार्य, सद्भाव र सहयोगको आदानप्रादान बढ्यो ।

## ८. निष्कर्ष

कक्षाकोठामा देखिएका समस्यालाई शिक्षकले तुरुन्त पहिचान गरी समाधान गर्न सकेमा यसले शिक्षक, विद्यार्थी, विद्यालय, अभिभावक, शिक्षासँग सम्बन्धित सरोकारवाला निकाय तथा समग्र शिक्षा क्षेत्रलाई नै लाभ पुऱ्याउने देखिन्छ । राज्यले बेहोर्नुपरेको शैक्षिक क्षति न्यूनीकरण गरी शिक्षकको पेसागत दक्षता अभिवृद्धि गर्न कार्यमूलक अनुसन्धान प्रभावकारी हुने देखियो ।

## ९. सन्दर्भ सामग्री

कानुन अनुसन्धानमूलक पत्रिका

गोरखापत्र, कान्तिपुर दैनिक, द काठमाडौँ पोस्ट, द राइजिङ नेपाल इत्यादि ।

नेपालको संविधान, २०७२

वस्ती, प्रकाश (२०७८). हाम्रो कानुनी इतिहासको नालीबेली : किरातकालदेखि २०७८ सालसम्म

# कक्षा ९का विद्यार्थीलाई नियमित कक्षाकार्य, गृहकार्य र परियोजना कार्य गराउन गरिएको प्रयास : एक अध्ययन

## कार्यमूलक अनुसन्धान प्रतिवेदन

प्रस्तुतकर्ता

सरिता न्यौपाने

बुढानीलकण्ठ माध्यमिक विद्यालय

बुढानीलकण्ठ -३, काठमाडौं

२०८०

## १. पृष्ठभूमि

शिक्षकले आफ्नो शिक्षण सिकाइलाई अभ : प्रभावकारी बनाउन शिक्षण सिकाइ क्रियाकलापसँगै गरिने अनुसन्धानलाई कार्यमूलक अनुसन्धान भनिन्छ। कार्यमूलक अनुसन्धानको लागि विशेष ढाँचाको आवश्यकता पर्दैन । शिक्षकहरूले विद्यालय समयमा आफ्नो अनुकूल जुनसुकै तरिकाले कार्यमूलक अनुसन्धान गर्न सकिन्छ । कार्यमूलक अनुसन्धान योजना, कार्यान्वयन, अवलोकन र प्रतिविम्बनको चक्रीय प्रक्रिया हो । यहा मैले बुढानीलकण्ठ माध्यमिक विद्यालयमा विज्ञान शिक्षकको रूपमा शिक्षण गर्दा शिक्षण सिकाइ क्रियाकलापमा आइपरेका समस्याहरूको समाधान गर्ने क्रममा गरिएका कार्यमूलक अनुसन्धानहरूमध्ये कक्षा ९का विद्यार्थीलाई नियमित कक्षाकार्य, गृहकार्य र परियोजना कार्य गराउन गरिएको कार्यमूलक अनुसन्धानको प्रतिवेदन प्रस्तुत गरिएको छ ।

## २. समस्याको कथन

कक्षा ९का विद्यार्थीलाई नियमित कक्षाकार्य, गृहकार्य र परियोजना कार्य गराउन गाह्रो भएकाले यो कार्यमूलक अनुसन्धान गरिएको थियो ।

## ३. समस्याको पुष्ट्याइँ

कक्षा ९का विद्यार्थीलाई नियमित कक्षाकार्य, गृहकार्य र परियोजना कार्य बुझाएनन् । विद्यार्थीहरूलाई नियमित कक्षाकार्य, गृहकार्य र परियोजना कार्य गर्न प्रेरित गरिरहँदा पनि केही विद्यार्थीहरूले नियमित रूपमा कक्षाकार्य, गृहकार्य र परियोजना कार्य बुझाउने गरे पनि सबै विद्यार्थीहरूले नियमित रूपमा कक्षाकार्य, गृहकार्य र परियोजना कार्य बुझाएनन् । यसरी विद्यार्थीहरूले नियमित कक्षाकार्य, गृहकार्य र परियोजना कार्य बुझाउने नगर्दा सिकाइलाई प्रत्यक्ष रूपमा असर गर्ने र सिकाइ उपलब्धि निकै कमजोर हुने भएकाले उक्त समस्या समाधान गरी सिकाइ उपलब्धि बढाउन कार्यमूलक अनुसन्धान गर्नुपर्ने आवश्यकता भयो ।

## ४. अनुसन्धानको उद्देश्य

यस अध्ययनको उद्देश्य निम्नानुसार रहेको थियो :

(क) कक्षा ९का विद्यार्थीहरूलाई नियमित कक्षाकार्य, गृहकार्य र परियोजना कार्य गराउनु

(ख) विद्यार्थीको उपलब्धिस्तर बढाउनु

## ५. समस्याको सम्भावित कारणहरू

(क) विद्यार्थीहरूले नियमित कक्षाकार्य, गृहकार्य र परियोजना कार्य गरे नगरेको रेकर्ड नराखिनु

(ख) विद्यार्थीहरूलाई नियमित कक्षाकार्य, गृहकार्य र परियोजना कार्य गर्न प्रेरित नगरिनु

## ६. समस्या समाधानका विकल्पहरू तथा प्राथमिकीकरण

(क विद्यार्थीहरूले नियमित कक्षाकार्य, गृहकार्य र परियोजना कार्य गरे नगरेको रेकर्ड राख्नु

(ख) विद्यार्थीहरूलाई नियमित कक्षाकार्य, गृहकार्य र परियोजना कार्य गर्न प्रेरित गर्नु,

## ७. कार्यमूलक चरणहरू

**प्रथम चक्र :**

पहिलो विकल्प अर्थात् विद्यार्थीहरूले नियमित कक्षाकार्य, गृहकार्य र परियोजना कार्य गरे नगरेको रेकर्ड राख्नुसँग सम्बन्धित

### (क) योजना

| के गर्ने ? | किन गर्ने ? | कसरी गर्ने ? | कहिले गर्ने ? |
|---|---|---|---|
| विद्यार्थीहरूले नियमित कक्षाकार्य, गृहकार्य र परियोजना कार्य गरे नगरेको रेकर्ड राख्न फारम तयार गर्ने र रेकर्ड राख्ने | कक्षा ९का विद्यार्थीहरूलाई नियमित कक्षाकार्य, गृहकार्य र परियोजना कार्य गराई विद्यार्थीको उपलब्धिस्तर बढाउन | योजना अनुसार | प्रत्येक पाठ पढाइ सकेर |

### (ख) कार्यान्वयन

उपर्युक्त योजनाअनुसार विद्यार्थीहरूले नियमित कक्षाकार्य, गृहकार्य र परियोजना कार्य गरे नगरेको रेकर्ड राख्नको लागि एउटा फारम तयार गरियो र नियमित रूपले विद्यार्थीहरूले कक्षाकार्य, गृहकार्य र परियोजना कार्य गरे नगरेको रेकर्ड राखियो । तोकिएको समयमा कक्षाकार्य, गृहकार्य र परियोजना कार्य गरेर नल्याउने विद्यार्थीहरूलाई समय थप गरी कक्षाकार्य, गृहकार्य र परियोजना कार्य बुझाउन प्रेरित गरियो । यसो गर्दा प्राय सबै विद्यार्थीहरूले सबै कक्षाकार्य, गृहकार्य र परियोजना कार्य बुझाउन थाले । उनीहरू खुसी भई सिकाइमा सहभागी भए भने आफूलाई पनि आत्मसन्तुष्टिको अनुभव भयो ।

### (ग) अवलोकन

विद्यार्थीहरूले कक्षाकार्य, गृहकार्य र परियोजना कार्य गरे नगरेको रेकर्ड राख्दा प्राय सबै विद्यार्थीहरूले सबै कक्षाकार्य, गृहकार्य र परियोजना कार्य गरेर बुझाउन थाले । विद्यार्थीहरूले सबै कक्षाकार्य, गृहकार्य र परियोजना कार्य बुझाए नबुझाएको पत्ता लगाउन प्रत्येक विद्यार्थीको प्रत्येक पाठको कक्षाकार्य, गृहकार्य र परियोजना कार्यको ग्रेड दिन मिल्ने गरी फारम निर्माण गरियो । सबै कक्षाकार्य/गृहकार्य /परियोजना गर्नेलाई A, आधा जति गर्नेलाई B र थोरै मात्र गर्नेलाई C ग्रेड दिइएको थियो । यसो गर्दा प्राय सबै विद्यार्थीको प्रत्येक पाठको कक्षाकार्य, गृहकार्य र परियोजना कार्यमा A ग्रेड नै आएको थियो । यसरी सबै विद्यार्थीहरूले सबै कक्षाकार्य, गृहकार्य र परियोजना कार्य बुझाउन थालेको निष्कर्ष निकालियो ।

### (घ) प्रतिविम्बन

उक्त पहिलो विकल्प (विद्यार्थीहरूले नियमित कक्षाकार्य, गृहकार्य र परियोजना कार्य गरे नगरेको रेकर्ड राख्नु) को प्रयोग कक्षाकार्य, गृहकार्य र परियोजना कार्य गराउँदा सजिलैसँग कक्षाकार्य, गृहकार्य र परियोजना कार्य गराउन सकिने निष्कर्ष निकालियो । यसले गर्दा सिकाइ प्रभावकारी हुने र विद्यार्थीहरूको उपलब्धिस्तर पनि वृद्धि हुने देखियो । पहिलो विकल्प नै प्रभावकारी भएकाले दोस्रो विकल्प अर्थात् विद्यार्थीहरूलाई नियमित कक्षाकार्य, गृहकार्य र परियोजना कार्य गर्न प्रेरित गर्नु आवश्यक रहेन । निष्कर्षमा भन्नुपर्दा विद्यार्थीहरूको कार्यको नियमित अभिलेख राखेर तथा यसलाई निरन्तर मूल्याङ्कन गरेमा यसले विद्यार्थीहरूलाई स्वत : प्रेरित गर्छ ।

# An Action Research on Teaching and Learning with Technology: Effectiveness of ICT Integration in ELT

**An Action Research Report**


**Submitted by**

**Shashi Dahal Khatri**

**Panchakanya Secondary School**

**Budhanilkantha-5**


**2080**

**Background**

English is now the most widely used language all around the world. It is one of the richest languages since it has its wide coverage, rich vocabulary, written literature, and high population of its users. So, teaching English takes place all over the world. It is one of the major languages studied as a compulsory subject in schools of Nepal.

English is considered as a foreign language for the Nepali speaking people. This causes the situation where it is felt that both teachers and students over-use their mother tongue instead of English. Most of the government schools of Nepal teach through Nepali medium. Students are normally exposed to English only during English classes.

In the context of Nepal, ELT classes are more teacher-centered and students do not get adequate exposure of English language. Students cannot develop good competency of using English language when they do not get adequate opportunity to use English language. This can lead them to lose interest in learning, having fear of making mistakes, become shy and both teachers and students cannot achieve the goal of the syllabus. This can affect all the teaching and learning activities and have long-lasting effect on the whole curriculum.

But, in this 21st century, the development of technology has made everything possible. It has changed everything as it has become the most effective tool in many fields. So, by the use of ICT tools, ELT classrooms can be made more effective and successful. It can change the classrooms from teacher-centered to more student-centered by making them exposed to the use of English language. The more they get exposed to the language, the more they would feel comfortable in the classroom.

Teachers can make the ELT class more interesting by using audio/visual tools, interactive whiteboards, smart boards, OHP etc. Students can enjoy learning by watching videos, listening audios, doing different interesting activities through internet. This can make them feel like they are having fun and entertainment instead of studying through boring lectures. So, there are many effective potential benefits of ICT in ELT classrooms. This study was intended to explore the strategy to use ICT tools in the ELT classroom.

**Objectives of the study**

The main objectives of this study were

1. To explore the possibility of the use ICT tools in the ELT classrooms.
2. To find the effectiveness of ICT tools in the teaching and learning activities.
3. To eliminate fear and shyness of students by using ICT tools.
4. To increase learning achievements.

**Research methodology**

This action research is based on a cyclical process of planning, acting, observing and reflecting. The participants will be I, myself as an ELT teacher and the students from Panchakanya Secondary School of grade 4 and 5.

**Tools and materials**

- ICT tools such as interactive whiteboard, language learning apps, online resources, and multimedia were used.
- Surveys, interviews, observation checklists, and assessment tests were conducted regularly.

**Data collection**

- Pre and post- intervention tests were taken to measure students' language proficiency.
- Surveys and interviews were conducted to gather qualitative data on attitudes and experiences.
- Daily classroom observations were employed to document changes in teaching practices and student engagement.

Several tools and processes were employed to gather information for the study. Tools and processes like questionnaires, observations, language skills tests, language tests, interviews and worksheets were used. Students used more ICT tools as much as possible while doing different activities. They were observed daily and their changes were recorded. Then all the collected data and information were analyzed and entered into the following steps of action research.

**Planning**

The main objective of this action research was to find out the effectiveness of ICT integration in my ELT classroom. I was trying to make the class more interesting, effective and successful through ICT tools. Students always felt bored and always lacked confidence in getting involved in the classroom activities. It was difficult to make them understand everything by using only one tool that was text book.

- At present, there are many different types of ICT tools available at school like OHP, smart boards, laptops, computers, internet etc. So, I planned my daily lessons mostly in such a way that I used ICT tools in every possible way.
- IN order to make it more effective and organized, I planned to use different techniques to encourage them to participate actively in all the classroom activities.
- Allow students to collaboratively handle the task by organizing the class into pairs or groups.
- Reduce the level of task difficulties.

- Promote positive attitudes among students towards English language learning.
- Boost students' self-confidence by creating various activities and providing enough opportunities with easy tasks.
- Encourage students to get involved in all activities without worrying too much about making mistakes.
- Build a supportive learning environment. Treat them like friends and make them feel a sense of support from their teachers.
- Encourage peer support in the classroom.
- Encourage them to solve their problems by themselves.
- Give them enough time to complete the task.

Similarly, I planned to conduct the following activities for grammar, vocabulary, functions and skills of language to increase the use of ICT:

- For language skills, make them listen audios or watch videos, sing rhymes etc.
- Play word games, puzzles, find similar/opposite etc. to practice vocabulary.
- Make the watch and listen to the stories and ask them to find the verbs used there for grammar (tense) etc.
- Make them watch conversations, short videos for language functions.
- Make them compose, draw, paint, find new things through internet according to their course content.

**Process of study**

This study was carried out in following four steps of acting, observing, reflecting and data analysis. These steps are described below:

**Step I: Acting**

After making the above strategic plans and designing activities to implement in the classroom, I entered the class with lesson plan and appropriate teaching materials (ICT tools). I implemented the above mentioned activities one by one for a month. I used the available ICT tools every day in every possible way and tried to make the class more interesting and fun. I encouraged them to use ICT tools and guided them how to use it if they had any problems. I taught them how to watch videos, use different apps and sites, search the information, open and close all the tools and apps. Different types of intervention tests and assessments were conducted regularly to find out their learning improvement and proficiency increment.

**Step II: Observing**

In the beginning, most of the students were shy and reluctant to use ICT tools. They found it strange and difficult to understand native speakers' English in audios and videos. They felt shy to come forward to use it. But gradually, after few classes, I observed the change. They started to feel comfortable to use the tools and do the activities using it. Not only that, they were asking to use the ICT tools in every class. They stared to enjoy a lot.

In the beginning, learning English was like a punishment for them as the considered English as the hardest subject. But, after few days, I found them eagerly waiting for me and asked what we were going to do on that day. They started to learn many new words and they didn't have any difficulty in doing their assignments and assessments. ICT tools improved their concentration and promoted their flexibility and autonomy.

I observed that ICT in ELT classroom increased productivity and collaborative work. It helped in improving IT literacy of students and helped them feel more confident. It stimulated motivation. It helped learners to develop critical thinking skills. It helped to optimize the learning out comes of teaching.

**Step III: Reflecting**

Fro M the above observation, it has been found out that if the ELT teacher integrates the ICT tools in the English language teaching and learning activities, it certainly can optimize the learning outcomes of teaching. It can make the class more fun and less fearful. ICT tools provide them anything and everything for their learning. It makes the class more student- centered and interesting for them.

Analyzing the collected data and reflecting on the effectiveness of ICT integration, it is found out that:

- There is huge improvement in students' language skills.
- It enhanced engagement and motivation among students.
- It made the class more interesting and fun.
- It made the teaching-learning activities more effective and easier for teachers to teach English language.

**Step IV: Data Analysis**

- **Quantitative Analysis:**
    - Statistical analysis of pre and post-test scores determine that there is quite impressive improvement in English language proficiency after the use of ICT tools in the ELT classroom.
    - Students didn't have much problem in doing their daily tasks.

- **Qualitative Analysis:**
    - Thematic analysis of survey and interview responses show that students enjoyed and learned faster with the use of ICT tools.
    - Classroom dynamics and students engagement were also very satisfactory.

**Conclusion**

This research shows that integration of the ICT tools in the ELT classroom multiplies the effectiveness and output of the learning in the students. It not only makes the class more interesting and fun, it also helps students achieve their goals and increase their proficiency level. It is the best tool for more effective and successful learning. It should be used daily and make the students more autonomous. It is one of the main elements in transforming the country to future development.

The Ministry of Education, through the latest education blueprint 2076 BS, insights the importance of technology-based teaching and learning into the school's national curriculum. So, at the end, I would like to say that integration of ICT in teaching-learning activities helps in the overall development of students as well as teachers.

# विद्यार्थीलाई कक्षामा पढाइ हुने विषयका पाठ्यपुस्तक नियमित ल्याउन लगाउने उपायहरू

# कार्यमूलक अनुसन्धान प्रतिवेदन


प्रस्तुतकर्ता

भुवन कुमारी खड्का

श्री पञ्चकन्या माध्यमिक विद्यालय

बुढानीलकण्ठ ५, टुसाल


२०८०

## १. पृष्ठभूमि

पाठ्यपुस्तक सिकाइ उपलब्धिहरूलाई पूरा गर्न शिक्षक र विद्यार्थीहरूको दैनिक कक्षाकार्यलाई व्यवस्थित तरिकाले सञ्चालन गर्न प्रयोग गरिने महत्त्वपूर्ण सामग्री हो । कक्षाकोठामा सञ्चालन गरिने शिक्षण सिकाइ क्रियाकलापको सङ्ठनका लागि भरपर्दो र सर्वसुलभ शैक्षिक सामग्रीका रूपमा पनि पाठ्यपुस्तकलाई स्वीकार गरिन्छ । पाठ्यपुस्तकले शिक्षकको आदर्श र विश्वास माथि उठाउँन सहयोग पुऱ्याउँछ भने विद्यार्थीको लागि ज्ञान आर्जनको भरपर्दो साधनको रूपमा काम गर्दछ । पाठ्यपुस्तक तालिम अप्राप्त तथा शैक्षणिक सिप कम भएको शिक्षकका लागि ज्ञान र सूचनाको प्रवाहको प्रमुख साधनसमेत भएकाले वर्तमान समयमा सरकारले प्राथमिक तहमा अध्ययरत सबै विद्यार्थीहरूलाई निःशुल्क पाठ्यपुस्तकहरू वितरण गर्ने गरेको अवस्था छ । जसअनुसार यस श्री पञ्चकन्या माध्यमिक विद्यालय, बुढानीलकण्ठ, ५ टुसालका सबै छात्रछात्राहरूले पाठ्यपुस्तक पाएका पनि छन् । यसरी पाठ्यपुस्तक निःशुल्क रूपमा पाएर पनि अधिकांश विद्यार्थीहरूले कक्षामा दैनिक पढाइ हुने विषयका पाठ्पुस्तकहरू विद्यालयमा ल्याउँदैनन् जसको असर शिक्षण सिकाइमा पनि परेको पाइन्छ ।

शिक्षकको पेसागत जिम्मेवारीमध्ये विद्यार्थीहरूलाई अनिवार्य रूपमा कक्षामा पाठ्यपुस्तकहरू नियमित ल्याउने गराउनु पनि हो । तसर्थ कक्षाकोठामा नियमित पाठ्यपुस्तक नल्याउने विद्यार्थीलाई कक्षाकोठामा नियमित पाठ्यपुस्तक ल्याउने बनाउनु पनि चासोको विषय भएकाले मैले यस सम्बन्धमा कक्षा ५ मा अध्ययनरत कक्षाकोठामा पाठ्यपुस्तक नलिई आउने केही विद्यार्थीहरूलाई पाठ्यपुस्तक नियमित ल्याउन सहयोग पुगोस भनी यो कार्यमूलक अनुसन्धानको कार्य गरेको छु ।

विद्यार्थीहरूलाई दैनिक अध्यापनको क्रममा विषयगत पाठ्यपुस्तकहरूको अनिवार्य आवश्यकता पर्ने, शिक्षकले पढाएका मुख्य मुख्य बुँदाहरूमा रेखाङ्कन गर्न, मुख्य बुँदाहरू टिपोट गरी घरमा थप अध्ययन गर्न, विद्यार्थी विद्यार्थीबिच तथा शिक्षक विद्यार्थीबिच एक आपसमा छलफल गरी सिकाइमा सहजीकरण गर्न, विषयवस्तुको समीक्षा गर्न, अप्ठ्यारा शब्दहरूको उच्चारण गर्न तथा शब्दार्थ थाहा पाउन, पाठ्यक्रमले निर्दिष्ट गरेका कुराहरू यथाशक्य चाँडो सम्पन्न गर्न, पाठको उद्देश्य पूरा गर्न, विद्यार्थीलाई पाठप्रति ध्यान आकर्षित गराउन तथा विद्यार्थीहरूलाई थप अभ्यास (जस्तै : कक्षाकार्य, गृहकार्य, समूहकार्य तथा पाठ्यपुस्तकमा भएका अन्य थप क्रियाकलापहरू गराउनसमेत पाठ्यपुस्तकको आवश्यकता पर्ने हुन्छ । यसबाहेक कक्षामा के पढाउने, कति पढाउने, के पढ्ने, कति पढ्ने भन्ने जस्ता कुराहरूमा शिक्षकविद्यार्थी दुवैको अन्यौल निराकरण गर्ने कार्यमासमेत पाठ्यपुस्तकले सहयोगी भूमिका निर्वाह गरेको हुन्छ ।

## २. उद्देश्य

यो अध्ययन निम्नानुसारको उद्देश्य परिपूर्ति गर्न सञ्चालन गरिएको थियो :

- विद्यार्थीहरूलाई नियमित रूपमा कक्षाकोठामा पढाइ हुने विषयका पाठ्यपुस्तक ल्याउन अभिप्रेरित गर्नु

## ३. अनुसन्धान सञ्चालन प्रक्रिया

यो अनुसन्धान निम्नानुसारका प्रक्रिया अवलम्बन गरेर सम्पन्न गरिएको थियो :

### ३.१ अनुसन्धानको सुरुआत

मैले कक्षा ५ मा नियमित रूपमा अध्यापनको कार्य गर्ने क्रममा कक्षामा केही विद्यार्थीहरूले कक्षाकोठामा

पाठ्यपुस्तकहरू नल्याएर आउने गरेको जानकारी पाएँ । विभिन्न मूल्याङ्कनहरूबाट ती विद्यार्थीहरू पढाइमासमेत नियमित कक्षाकोठामा पाठ्यपुस्तक ल्याउने विद्यार्थीभन्दा कमजोर पनि देखिए । जसबाट मलाई यस विषयमा लघु अनुसन्धान गर्ने विचार आयो । यसका लागि मैले विभिन्न पुस्तकहरू, पत्रिकाहरू, सहकर्मी शिक्षकहरू र विद्यार्थीहरूलाई स्रोतको रूपमा प्रयोग गरी यो अनुसन्धानको सुरुआत गरेँ ।

## ३.२ जनसङ्ख्या र नमुना छनोट

यस अनुसन्धानका लागि मैले कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिएँ । त्यसपछि उक्त जनसङ्ख्यामध्येबाट नियमित रूपमा कक्षाकोठामा सबै विषयका पाठ्यपुस्तक ल्याउने ५ जना र नियमित रूपमा कक्षाकोठामा पाठ्यपुस्तक नल्याउने ५ जना गरी कुल १० जना विद्यार्थीहरूलाई उपलब्धताको आधारमा सुविधापूर्ण नमुना छनोट विधि प्रयोग गरेर छनोट गरेँ । यसबाहेक यस सम्बन्धमा गहन छलफलका लागि सहकर्मी सम्पूर्ण शिक्षकहरूलाई पनि उपलब्धताको आधारमा छनोट गरियो ।

## ३.३ तथ्याङ्क सङ्कलनका साधनहरू

यस अध्ययनको लागि निम्नानुसारको साधनहरू प्रयोग गरिएको थियो :

- **विद्यार्थीहरूका लागि प्रश्नावली** : विद्यार्थीहरूसँग केही विद्यार्थीले प्राय : पाठ्पुस्तक नल्याएर विद्यालय आउने गरेको कारण पहिचान गर्न निम्नानुसारका प्रश्नहरू खुल्ला प्रश्नावलीको रूपमा दिएर छलफलमार्फत उनीहरूको विचार सङ्कलन गरिएको थियो । यस प्रश्नावलीमार्फत अध्ययनका लागि मुख्य उत्तरदाताका रूपमा छनोट गरिएका विद्यार्थीहरूसँग देहायका प्रश्नहरू सोधिएको थियो:
  - कक्षामा पढाइ हुने विषयका पाठ्यपुस्तकहरूको आवश्यकता छ कि छैन ?
  - यदि छ/छैन भने किन ?
  - कक्षामा पढाइ हुने विषयका पाठ्यपुस्तक ल्याउनु/नल्याउनुका कारणहरू के के हुन ?
  - के कस्ता सुविधाहरू भएको अवस्थामा कक्षामा पढाइ हुने विषयका पाठ्यपुस्तक ल्याउन सक्छौ ?
- **छलफल निर्देशिका** : विद्यार्थीहरूले विद्यालय आउँदा पाठ्यपुस्तक नल्याउने प्रवृत्तिका कारण र यसको निराकरण गर्ने उपायहरूबारे थप जानकारी प्राप्त गर्न एक छलफल निर्देशिका तयार गरेर यसबारे शिक्षकहरूको अवधारणा पनि सङ्कलन गरिएको थियो । यस निर्देशिकामा छलफलका लागि निम्नानुसारका बुँदाहरू समावेश गरिएको थियो :
  - विद्यार्थी र शिक्षकका लागि पाठ्यपुस्तकको महत्त्व
  - विद्यार्थीले पाठ्यपुस्तक नल्याउने कारणहरू
  - यसको समाधानका उपायहरू

## ३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया

नमुनाको रूपमा छनोटमा परेका विद्यार्थीहरूसँग यस विषयमा प्रत्यक्ष छलफलको कार्य पनि गरेर उनीहरूको जवाप : सङ्कलन गर्नुका साथै टिपोटसमेत गरिएको थियो । सहकर्मी शिक्षकहरूसँग खुला छलफल गरेर उनीहरूको विचारसमेत सङ्कलन गरिएको थियो । यसबाहेका अनुसन्धानको यस विषयमा

फेला परेका साहित्यहरूको समेत अध्ययन गरेर आवश्यक सूचना एवम् तथ्याङ्कको सङ्कलन गर्ने कार्य पनि गरेँ ।

## ३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया

यस अध्ययनका उत्तरदाताहरूबाट प्राप्त गरिएका जानकारीलाई स्पष्टसाथ उतार गरिएको थियो । यी जानकारीहरूलाई समानताको आधारमा वर्गीकरण गरेर यस अध्ययनको उद्देश्य पूरा हुने गरी व्याख्या गरिएको थियो । विद्यार्थी र शिक्षकहरूबाट प्राप्त जानकारीलाई त्रिकोणीकरण गरेर प्राप्तिको वैधता सुनिश्चित गरिएको थियो ।

## ४. तथ्याङ्कको विश्लेषण र व्याख्या

यस अनुसन्धानका लागि उपर्युक्त प्रश्नावली र छलफलको आधारमा विद्यार्थी र शिक्षकहरूले दिएका सूचनाहरूको विश्लेषणका आधारमा भन्नुपर्दा नियमित रूपमा कक्षाकोठामा पढाइ हुने विषयका पाठ्यपुस्तकहरूको नितान्त आवश्यकता पर्ने र पाठ्यपुस्तकबिना अध्ययनअध्यापन कार्य अव्यवस्थित र अधुरो हुने कुराको जानकारी पाइयो । विद्यार्थीले कक्षाकोठामा पाठ्यपुस्तक नल्याउनका कारणहरूबारे सम्बन्धित विद्यार्थी र शिक्षकहरूको विचार निम्नानुसार रहेको पाइयो :

### ४.१ विद्यार्थीले कक्षाकोठामा पाठ्यपुस्तक नल्याउनका कारणहरू

विद्यार्थी तथा शिक्षकहरूले प्रस्तुत गरेको प्रतिक्रियाअनुसार निम्नलिखित कारणहरूले गर्दा विद्यार्थीहरू कक्षामा पढाइ हुने विषयको पाठ्यपुस्तकहरू नल्याउने कुरा जानकारी भयो :

विद्यालयको दैनिक कार्यतालिको बारेमा विद्यार्थीलाई स्पष्ट जानकारी नभएर

- कक्षामा कहिलेकाहीँ नियमित तालिकाअनुसार पढाइ नगरिने भएकाले
- घरायसी काममा खटिनु परेको दिन हतारमा विद्यालय आउनुपर्ने भएकाले
- घरमा एक ठाउँमा राखेका पाठ्यपुस्तक ससाना भाइबहिनीहरू र अभिभावकले चलाएर अर्कै ठाउँमा राख्नाले
- कमजोर आर्थिक अवस्थाका कारण पाठ्यपुस्तक बोक्ने झोला किन्न नसकेर
- पाठ्यपुस्तक बोक्ने झोला अभिभावकले अन्य कामका लागि प्रयोग गरिदिनाले
- विद्यार्थीले पाठ्यपुस्तक झोलामा राखी ल्याउन लाज मानेर
- विद्यार्थी स्वयम् पढाइप्रति लगनशील नभएर
- अप्ठ्यारा विषयहरू विशेष गरेर अङ्ग्रेजी, गणित, विज्ञान र प्रविधि विषयप्रति विद्यार्थीको रूचि नभएर

### ४.२ विद्यार्थीले कक्षाकोठामा पाठ्यपुस्तक नलिई जाँदा भोग्नुपर्ने समस्याहरू

विद्यार्थी र शिक्षकहरूबाट प्राप्त जानकारीअनुसार विद्यार्थीहरूले कक्षामा पढाइ हुने विषयको पाठ्यपुस्तकहरू नल्याएर आउँदा निम्न लिखित समस्याहरू उत्पन्न हुन सक्ने सम्भावना रहन्छ :

- अध्ययनअध्यापन कार्य प्रति विद्यार्थीको ध्यान केन्द्रित गराउन कठिनाई,
- कक्षामा अनुशासन कायम गराउन कठिनाई,(यथा समयमा शिक्षण कार्य सम्पन्न गर्न नसकिने,
- विषय केन्द्रित छलफल, अन्तरक्रिया गर्नमा कठिनाइ,
- पाठ्यपुस्तकमा दिइएका अभ्यासहरू गराउन कठिनाइ ।

## ४.३ विद्यार्थीले कक्षाकोठामा पाठ्यपुस्तक नलिई जाँदा भोग्नुपर्ने समस्या समाधानका उपायहरू

यस अनुसन्धानका लागि छनोट गरिएका मुख्य उत्तरदाताहरू र सहकर्मी शिक्षकहरूसँगको प्रश्नोत्तर, छलफल एवम् विभिन्न साहित्यहरूको अध्ययनबाट विद्यार्थीहरूले कक्षामा पढाइ हुने विषयको पाठ्यपुस्तकहरू नलिई जाँदा भोग्नुपर्ने विभिन्न समस्याहरूको समाधानका लागि निम्न लिखित उपायहरूको अवलम्बन गर्न सकिन्छ :

- विद्यार्थीहरूले कक्षामा पढाइ हुने विषयका पाठ्यपुस्तकहरू के कारणले नल्याएको हो सोको जानकारी लिई प्राप्त जानकारीअनुसारको समस्या समाधानका लागि उत्तम उपायको खोजी गरी कार्यान्वयन गर्ने
- प्रत्येक दिन शिक्षकहरूले सबै विद्यार्थीसँग आफूले पढाउने विषयको पाठ्यपुस्तक भए नभएको यकिन गरी नभएको भेटिएमा कारण पत्ता लगाई समाधानको उपाए अपनाउने
- पाठ्यपुस्तकको फाइदाहरूका बारेमा समसामयिक प्रसङ्ग मिलाई विद्यार्थीहरूलाई प्रभावित पार्ने खालका रोचक कथा, महान् व्यक्तित्वका जीवनी आदि सुनाएर प्रेरित गर्ने
- विषय शिक्षकहरूले नियमित उपस्थित भई अध्यापन गर्ने र कुनै कारणले कुनै दिन अनुपस्थित रहनु पर्ने अवस्थामा सम्भव भएसम्म विद्यार्थीलाई पूर्व जानकारी गराउने
- यसरी जानकारी गराउँदा पुन : आफू कक्षामा उपस्थित हुने दिनको समेत जानकारी गराउने
- नियमित रूपमा कक्षामा पाठ्यपुस्तक लिई आउने विद्यार्थीलाई पुरस्कृत गर्ने

## ५. सिकेको पाठ

यस लघु अनुसन्धानको कार्यबाट विद्यार्थीहरूले अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्नका लागि कक्षामा पढाइ हुने विषयका पाठ्यपुस्तकहरू नियमित ल्याउन आवश्यक छ भन्ने कुराको बुझाइ भएको छ । कक्षाकोठामा पढाइ हुने सबै विषयका पाठ्यपुस्तकहरूको नियमितता गराउन सकेमा कक्षामा अनुशासन कायम हुने, विद्यार्थीहरूलाई स्वावलम्बी बनाउन सहयोग पुग्छ । विद्यार्थीले कक्षामा पाठ्यपुस्तक ल्याउने बनाउन कुनै एक जना शिक्षकको प्रयासले मात्र सम्भव हुँदैन । यसका लागि सबैले आआफ्नो तवरबाट सकारात्मक कार्यको थालनी गर्नु उचित हुन्छ । यसका साथै सबै विषयका शिक्षकहरूको कक्षामा नियमितता हुनुपर्ने हुन्छ । यसद्वारा विद्यार्थीहरूमा पढाइप्रति लगनशीलता पनि बढाउन सकिन्छ ।

## ६. सिकेका कुराहरूको कार्यान्वयन

यस लघु अनुसन्धानबाट सिकेका कुराहरूको कार्यान्वयन देहायअनुसार गरिएको अवस्थामा विद्यार्थीलाई कक्षामा पढाइ हुने विषयका पाठ्यपुस्तक ल्याउने बनाउन सकिएर अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्नमा मदत पुग्न जाने देखिन्छ ।

- विद्यालय तहको कक्षा १० सम्मका विद्यार्थीहरूलाई सरकारले पाठ्यपुस्तकहरू निःशुल्क उपलब्ध गराउने व्यवस्था रहेको वर्तमान परिप्रेक्षमा जिल्ला समन्वय इकाइले विद्यालयलाई पाठ्यपुस्तकबापतको आवश्यक रकम उपलब्ध गराउँदा फागुन मसान्तभित्रै गराइसक्ने
- सम्बन्धित विद्यालयले जिल्ला समन्वय इकाइले उपलब्ध गराएको रकमबाट चैत्र मसान्तभित्र आवश्यक पर्ने सबै विषयका पाठ्यपुस्तकहरू खरिद गरी विद्यालयमा ल्याइपुऱ्याउने
- विद्यालयबाट विद्यार्थी भर्ना हुने समयमै सम्बन्धित अभिभावकमार्फत विद्यार्थीलाई पाठ्यपुस्तक उपलब्ध गराई विद्यार्थीले नियमित रूपमा कक्षामा पढाइ हुने विषयका पाठ्यपुस्तक ल्याएर आउनु पर्ने कुराको प्रबोधीकरण गर्ने
- विद्यालयले नयाँ शैक्षिक सत्रको सुरुकै दिनदेखि कार्यान्वय गर्न सकिने गरी दैनिक कार्यतालिका निर्माण गरी लागु गर्ने
- विषय शिक्षकहरूले कक्षामा पढाइ हुने विषयका पाठ्यपुस्तक नल्याउने विद्यार्थीलाई दण्ड र नियमित पाठ्यपुस्तक ल्याउने विद्यार्थीलाई पुरस्कृत गर्ने खालका कार्यहरूका लागि आवश्यक पहल गर्ने

# कक्षा ९ र १० को सामाजिक अध्ययन विषयमा सिकाइ सहजीकरण गर्दा विद्यार्थीहरूको अनुशासन तथा कक्षा व्यवस्थापन सम्बन्धी एक अध्ययन २०८१

## कार्यमूलक अनुसन्धान


प्रस्तुतकर्ता

प्रकाश ढकाल

श्री गणेश माध्यमिक विद्यालय

बुढानीलकण्ठ २, चपली, काठमाडौं

## १. परिचय :

म श्री गणेश माध्यमिक विद्यालय बु.न.पा. २, काठमाडौँमा विगत १० वर्षदेखि कार्यरत छु । यो विद्यालयको भौतिक, वातावरणीय, सामाजिक, राजनैतिक, प्रशासनिक हिसाबले व्यवस्थित रहेको छ । यस विद्यालयको स्थापना वि.सं. २०१८ सालमा भएको थियो । यो विद्यालय यस नगरपालिकाको वडा नं. २, ३, ४, ३ लगायतका वडाहरूको पायक पर्ने स्थानमा भएर होला पहिलेदेखि नै यस विद्यालयमा विद्यार्थी सङ्ख्या राम्रो रहेको छ । यस विद्यालयमा हाल कक्षा १ देखि कक्षा १० सम्म लगभग ८०० जना विद्यार्थी रहेको छन् भने कक्षा ११ र १२ मा ५०० जति विद्यार्थी अध्यापन गर्दछन् । यस विद्यालयमा हाल ६ कक्षा देखि १० कक्षा सम्म दुईओटा समूहमा विभाजन गरी एकमा नेपाली माध्यमबाट र अर्कोमा अङ्ग्रेजी माध्यमबाट पठनपाठन हुँदै आएको छ । दुवै माध्यममा विद्यार्थीहरूको चाप एकदमै धेरै रहेको छ । एक कक्षाकोठामा ६० देखि ७० सम्म विद्यार्थीहरूलाई राखी अध्यापन गराउनुपर्ने बाध्यता रहेको छ । विद्यालयमा कार्यरत सबै शिक्षकहरू उच्च योग्यता, तालिमप्राप्त प्रविधि सम्बन्धी ज्ञानमा दक्ष रहनुभएको छ । म यस विद्यालयमा शिक्षा सेवा आयोगबाट सिफारिस भएर आएदेखि नै सामाजिक अभ्ययन विषय अध्यापन गर्दै आएको छु । यो विषय अध्यापनकाक्रममा विद्यार्थीहरू अनुशासनमा नरहनु र कक्षा व्यवस्थापनमा चुनौती देखिएको छ । उक्त समस्याले गर्दा अपेक्षाअनुसार यस विषयमा उपलब्धि प्राप्त गर्न सकिएको छैन् ।

## २. समस्याको कथन :

विगत केही वर्षदेखि म यस विद्यालयमा निरन्तर रूपमा सामाजिक अध्ययन विषयको सिकाइ सहजीकरण गर्दै आएको छु । सुरुको समयदेखि नै विद्यार्थीको सङ्ख्या धेरै रहेको । कक्षाकोठामा शिक्षण सहजीकरणको समयमा विद्यार्थीहरूले अनावश्यक रूपमा हल्ला गर्ने, अनुसासनमा नबस्ने तथा सिकाइमा ध्यान नदिने कार्य गर्दै आएका छन् । जसले कक्षाकोठा व्यस्थापनमा समस्या सिर्जना भएको छ । कक्षामा पढ्न सिक्न मन गर्ने अनुशासनमा बस्ने विद्यार्थीहरूको सङ्ख्या पनि धेरै रहेको छ । यदि यी अनुशासनमा नबस्ने हल्ला गर्ने कक्षाकोठाको व्यवस्थापनमा बाधा पुऱ्याउने जस्ता समस्यालाई समयमै समाधान गर्न सकिएन भने अन्य सिक्न चाहने विद्यार्थीहरूको सिकाइमा समस्या देखिनुको साथै कक्षाकोठा झन् भद्रगोल हुने देखिन्छ । यो समस्यालाइ समाधान गर्नको लागि महिले विगत धेरै समय देखिनै विभिन्न प्रयासहरू गरेँ । जस्तै : कक्षाकोठाको शिक्षण सहजीकरण विधिमा परिवर्तन, समय समयमा विद्यार्थीहरूलाई पृष्ठपोषण, सम्भव भएसम्म विद्यार्थीहरूका अभिभावकहरूसँग भेटघाट, विद्यालय प्रशासनलाई जानाकारी तथा छलफल आदि लगायतका प्रयासहरू सफल हुन सकेनन् त्यसकारण मैले कक्षाकोठामा शिक्षण गर्दा विद्यार्थीहरू अनुशासनमा बस्न नसक्नु र कक्षाकोठा किन व्यवस्थापन गर्न सकिएन भन्ने विषयमा वास्तविक सत्य तथ्य पत्ता लगाउनका लागि अनुसन्धान गर्नुपरेको हो ।

## ३. उद्देश्य :

(क) विद्यार्थीहरूलाई कक्षाकोठामा अनुशासित राख्न तथा कक्षा व्यवस्थापनका उपायहरू पत्ता लगाउनु

## ४. अध्ययन विधि :

सम्बन्धित पक्षयहरूसँग अभिभावक, विद्यालय प्रशासन, शिक्षक तथा विद्यार्थीहरूबिच, विद्यार्थीहरूको अभिलेखीकरण, अन्तरक्रिया, डायरी लेखन, विभिन्न परीक्षामार्फत प्राप्त तथ्याङ्कको विश्लेषण, अवलोकन आदि ।

## ५. योजना :

मैले अब ६० देखि ७० सङ्ख्यामा रहेका कक्षा १० "क" र "ख"का कक्षाकोठामा अनुशासनमा नबस्ने विद्यार्थीहलाई सिकाइ सहजीकरण गर्दा नयाँ विधि र तरिका अवलम्बन गर्ने विचार गरेँ । यसका लागि मैले मेरा सहकर्मी साथीहरूसँग छलफल गरेँ । उनीहरूको अनुभव पनि लिए केही किताबहरू पढेँ । अहिले आएका प्रविधिहरूको पनि भरपुर प्रयोग गरी विभिन्न कम्प्युटर ऐपबाट भिडियो अडियो प्रेस सामग्री लगायतका सामग्रीहरूबाट प्राप्त कुराहरूलाई अभ्यास गरेर पनि हेरेँ । यसका आधारमा निम्न योजना बनाए :

### योजना

मेरो मनमा एउटा विचार आयो । अब म विद्यार्थीहरूको वास्तविक सिकाइको अवस्था बुझ्नको लागि व्यक्तिगत अभिलेखीकरण राख्ने कार्य गर्दछु । हल्ला गर्ने विद्यार्थीहरूको नाम प्रत्येक दिन डायरीमा लेखेर राख्छु । महिले प्रयोग गरेको शिक्षण विधिलाई परिवर्तन गरी समूह समूहमा विभाजन गरी छलफल र अन्तरक्रियामा लगाउँछु । विद्यार्थीको पारिवारिक अवस्था बुझ्नको लागि अभिभावकलाई विद्यालयमा बोलाई छलफल गर्छु । विद्यालय प्रशासन तथा अन्य विषयका शिक्षक साथीहरूसँग छलफल गर्छु । अभिभावकसँगको छलफलका आधारमा प्रत्येक विद्यार्थीको व्यक्तिगत विवरण रेकर्ड फाइलमा राख्छु । तथा कक्षाकोठामा प्रविधिको भरपुर प्रयोग गर्छु ।

### कार्यान्वयन :

मैले २ हप्तासम्म माथिको योजना बमोजिम सबै विद्यार्थीहरूको व्यक्तिगत अभिलेखीकरण राख्ने कार्य गरेँ किनभने उसले कुन विषमा कति अङ्क लिएको छ कस्तो व्यवहार देखाउँछ आदि विषयमा । सामाजिक अध्ययन तथा अन्य विषयहरूको अध्यापनका क्रममा अनुशासनमा नबस्ने विद्यार्थीहरूको लगातार नाम आफ्नो डायरीमा उतार्ने कार्य गरेँ । कक्षाकोठामा अनुशासनमा नबस्ने हल्ला गर्ने विद्यार्थीहरूका अभिभावकहरूलाई विद्यालयमा बोलाई ती विद्यार्थीहरूको वास्तविक पारिवारिक, आर्थिक, सामाजिक, शैक्षिक लगायतका विषयहरूमा जानकारी लिएँ । विद्यालय प्रशासन तथा अन्य विषयहरू अध्यापन गर्ने शिक्षक साथीहरूसँग छलफल गरेँ किनभने यी अनुशासनमा नबस्ने विद्यार्थी सामाजिक विषयमा मात्र हो वा अन्य विषयमा पनि त्यो कार्य गर्छन् भन्ने विषयमा व्यापक छलफल गरेँ । अबका दिनहरूमा सामाजिक विषय अध्यापन गराउँदा विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्ने फरक फरक विषयमा छलफल गराउने कक्षाकोठामा अन्तरक्रियात्मक वातावरणको सिर्जना गरेँ । अहिले आएको प्रविधिको भरपुर प्रयोग गर्दै जस्तै : स्मार्ट बोर्डको प्रयोग गरेर अडियो भिडियो तथा अन्य स्रोतबाट प्राप्त सामग्रीहरूको प्रयोग गरी शिक्षण सिकाइ सहजीकरणमा व्यापक परिवर्तन गरेँ ।

### प्रतिबिम्वन :

समस्या समाधानका लागि राखिएको योजना र योजना बमोजिमको कार्यान्वयनबाट के निष्कर्षमा पुगे भन्दा विद्यार्थीहरू कक्षाकोठामा अनुशासनमा नबस्नुका विभिन्न कारणहरू जस्तै : पारिवारिक, आर्थिक, सामाजिक, सांस्कृतिक किनभने सरकारी स्कुलमा अध्ययन गर्ने अधिकांश विद्यार्थी पारिवारिक रूपमा अलग भएका अरुको घरमा काम वा सहयोग गरी खाली समयमा विद्यालय आउने पारिवारिक माया ममता संस्कार राम्रो नपाउनु, आर्थिक रूपमा कमजोर परिवारका सामाजिक रूपले अपहेलित भएको । विद्यार्थीहरू

आफ्ना वास्तविक बाबा आमासित नबसेको कारण विद्यालयले बोलाएको समयमा अभिभावक विद्यालयमा नआउनु । विद्यालय प्रशासनले विद्यार्थीको अनुशासनलाई ध्यान दिन नसक्नु । विद्यार्थीहरूको व्यक्तिगत तथा शैक्षिक अभिलेखीकरण नगर्नु, शिक्षकले परम्परागत शिक्षण विधिको प्रयो गर्नु । शिक्षकहरूले विद्यार्थीले किन अनुशासनमा बस्न सक्दैन भन्ने कुराको अनुसन्धान नगर्नु वा हेलचेक्रयाइँ गर्नु । अहिलेका शिक्षण सिकाइ सहजीकरणमा नयाँ विधि र प्रविधिको प्रयोग नगरेको लगायतका कारणले विद्यार्थीहरू अनुशासनभन्दा बाहिर गएका रहेछन् । मैले माथि योजना बमोजिमको कार्यान्वय गरिसकेपछि धेरै विद्यार्थीहरू अनुशासनमा बस्न थाले किनभने उनीहरूको व्यक्तिगत तथा शैक्षिक अभिलेखीकरण गरिसकेपछि सिकाइको अवस्था थाहा भयो । हल्ला गऱ्यो भनी शिक्षकले नाम लेखी अभिभावकलाई बोलाउँछ भन्ने डर पैदा भयो भने । मैले सामाजिक विषय अध्ययनको क्रममा शिक्षण विधिमा व्यापक परिवर्तन गरेँ । जस्तै : विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरेँ । प्रत्येक समूहलाई अलग अलग परियोजना कार्य दिएँ जसले गर्दा विद्यार्थीहरूलाई अनावश्यक हल्ला गर्ने समय कमी भयो तथा मैले कक्षाकोठामा भएको स्मार्ट बोर्डको प्रयोग गरी शिक्षण विधिमा व्यापक परिवर्तन गरेँ । यति सबैको आधामा ८५ प्रतिशत प्रगति भएको पाएँ । बाँकी १५ प्रतिशत विद्यार्थीको लागि यो तरिकाले पनि हुन सकेन ।

बाँकी १५ प्रतिशत विद्यार्थीको लागि अब मैले अर्को योजना तयार गरेँ ।

**पूर्वयोजना**

अब म उनीहरूलाई र सम्बन्धित अभिभावकहरूलाई परामर्श दिनको लागि विद्यालयमा अनिवार्य उपस्थितिको लागि फोन गरी बोलाउने तथा एक परामर्श दिने व्यक्तिलाई पनि विद्यालयमा बोलाउने । प्रत्येक हप्तामा एक दिन विद्यालयमा अभिभावकलाई बोलाउने । प्रत्येक विषयको गृहकार्य गरेको छ या छैन हेर्ने । विद्यार्थीहरूको एक हप्तासम्मको मैले रेकर्ड राखेको विवरणमाथि अभिभावसँग छलफल गर्ने लगायतको योजना बनाएँ ।

उक्त रणनीति फेरि ३ हप्ता दिनसम्मका लागि अपनाउने निधो गरी कार्यान्वयनमा ल्याएँ परामर्श दाताको परामर्श, दैनिक अभिलेखीकरण, गृहकार्य वास्तविक समस्या पहिचान र त्यसको समाधान भएपछि विद्यार्थीहरूले सिकाइ सहजीकरणको समयमा अनुशासित तथा जिज्ञासु भई शिक्षण कार्यमा सहभागी भएको पाइयो ।

## ६. सिकाइ र निष्कर्ष :

मैले सामाजिक अध्यय विषयको सिकाइ सहजीकरण गर्दा धेरै सङ्ख्यामा रहेका विद्यार्थीहरू भएको ठाउँमा विद्यार्थीहरूलाइ विभिन्न समूहमा विभाजन गरी छलफल तथा अन्तरक्रियामा आधारित भएर गर्नुपर्दो रहेछ । विद्यार्थीहरूको व्यक्तिगत तथा शैक्षिक अवस्थाको अभिलेखीकरण गर्नुपर्दो रहेछ । समय समयमा अभिभावकलाइ बोलाई बालबालिकाको वास्तविक अवस्थाको जानाकारी लिनु दिनु पर्दो रहेछ । अभ : धेरै समस्या भएका बालबालिकाहरू तथा अभिभावकहरूलाई परामर्शको समेत आवश्कता पर्दो रहेछ । अहिलेको समयअनुसारको शिक्षण विधि तथा विभिन्न प्रविधिको प्रयोग गरेर शिक्षण सिकाइ कार्यमा सहभागी भएमा मात्र कक्षाकोठाको व्यवस्थापन तथा विद्यार्थीहरू अनुसासनमा बस्दा रहेछन् भन्ने कुरा असुन्धानबाट प्रमाणित भएको छ ।

# बुढानीलकण्ठ नगरपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूको कार्य र समयको व्यवस्थापनको अवस्था सम्बन्धी

# एक अध्ययन

प्रा. गिरिराज पौडेल

(अनुसन्धानकर्ता)

२०८१

## अध्याय एक : परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

सामान्य अर्थमा शिक्षण भनेको कक्षाकोठाको वातावरणमा विद्यार्थीलाई बताउनु (Telling) हो भने बृहत् अर्थमा शिक्षण भनेको बालबालिकामा रहेका अन्तर्निहित प्रतिभाहरूलाई प्रस्फुटन गराउन गरिने क्रियाकलाप हो । शिक्षण प्रक्रियाको सिकाइसँग प्रत्यक्ष अन्तरसम्बन्ध रहेको पाइन्छ । यी दुवै प्रक्रियाहरू बिच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । त्यसैले शिक्षण र सिकाइलाई एक सिक्काका दुईओटा पाटा मान्ने गरिन्छ । शिक्षणलाई सिकाइबाट अलग गर्न खोज्दा शिक्षणको अस्तित्वमाथि प्रश्नचिन्ह खडा हुन जान्छ । जबसम्म बालकले सिक्दैन तबसम्म शिक्षण गराएको ठहर्दैन भन्ने भनाइले पनि शिक्षण र सिकाइबिच अन्तरसम्बन्ध रहेको पुष्टि हुन्छ ।

शिक्षण सिकाइबिचको अन्तरसम्बन्धलाई प्रगाढ बनाउन शिक्षणका चरहरूको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । शिक्षणका चर ती हुन् जसले शिक्षण सिकाइमा विभिन्न मूल्य राख्छन् । शिक्षणलाई तीन चरयुक्त कार्य पनि भनिन्छ । शिक्षक शिक्षणमा स्वतन्त्र चरका रूपमा शिक्षक रहेका हुन्छन् जसले बालबालिकालाई सिकाइ गराउन विभिन्न प्रकारका अनुभव आदान प्रदान गराउन विभिन्न प्रकारका कार्यहरूलाई कक्षा शिक्षणमा प्रस्तुत गर्छन् । त्यस्तै कक्षाकोठाको शिक्षणमा बालबालिका आश्रित चरका रूपमा रहन्छन् किनकि शिक्षकद्वारा निर्मित योजना, निर्देशन र व्यवस्थापन अनुरूप पाठ्यवस्तुको प्रस्तुतीकरणको शैली र प्रारूप अनुकूल हुने गरी उनीहरू शिक्षण सिकाइ कार्यमा सक्रिय रूपमा सहभागी हुन्छन् । त्यस्तै शिक्षणको अर्को चर हस्तक्षेपकारी चर हो, जसमा शिक्षण विधि, पाठ्यवस्तु र शैक्षिक सामग्रीले शिक्षणको प्रभावकारितामा हस्तक्षेप पुऱ्याउँछन् (शर्मा, १९७०:१०) ।

शिक्षणलाई सरल र प्रभावकारी रूपमा सम्पन्न गर्न शिक्षक विषयवस्तुप्रति पोख्त हुनुका साथै त्यसलाई प्रस्तुत गर्न सिपालु हुनुपर्छ । त्यसैले शिक्षणलाई सिपयुक्त कार्य भनिन्छ । कक्षाकोठामा शिक्षकले सफल शिक्षण गराउन उसमा पूर्व शैक्षणिक सिप, शैक्षणिक सिप र पाश्र्व शैक्षणिक सिपको ज्ञान हुनुपर्छ (जोन क्यारोल (John Carral उद्धृत शर्मा, २०५८:८१-८२) । यी तीनै प्रकारका सिपअन्तर्गत शिक्षकमा निम्नलिखित सिपहरू हुनुपर्छ :

शिक्षकमा हुनुपर्ने पहिलो सिप पूर्व शैक्षणिक सिप हो । यसअन्तर्गत शिक्षकले कक्षा शिक्षण गर्नुभन्दा पूर्व आफ्नो पाठ्यवस्तु शिक्षणका लागि तयार गर्न चाहिने सिप, जस्तैः व्यावहारिक उद्देश्यको निर्माण, शैक्षिक सामग्रीको छनोट र निर्माण, ज्ञानको क्रमबद्धता र सङ्गठन शिक्षण सिकाइका रणनीतिको छनोट र मूल्याङ्कन विधिको निर्क्यौल गर्न सक्ने सिपहरू आवश्यक हुन्छन् ।

शिक्षकमा हुनुपर्ने दोस्रो सिप शैक्षणिक सिप हो । शैक्षणिक सिपहरूअन्तर्गत शिक्षक कक्षाकोठामा प्रवेश गरिसकेपछि शिक्षण कार्यमा सरिक रहँदा आवश्यक पर्ने सिप जस्तैः पाठको परिचय, व्याख्यान र विस्तृतीकरण सिप, विद्यार्थी प्रेरणा सिप, विद्यार्थीलाई सम्बल दिने सिप, प्रश्न सोध्ने कलात्मक सिप, विद्यार्थीको सिकाइ कठिनाइ निदान गर्ने र कालोपाटी/स्मार्ट बोर्ड प्रयोग गर्ने सिपहरू शिक्षकमा आवश्यक हुन्छन् ।

शिक्षकमा हुनुपर्ने तेस्रो सिप पाश्र्व शैक्षणिक सिप हो । पाश्र्व शैक्षणिक सिपअन्तर्गत शिक्षण कार्य सकेपछि शिक्षकले अपनाउनुपर्ने पाश्र्व शैक्षणिक सिपअन्तर्गतका सिपहरू जस्तैः परीक्षण सूची निर्माण गर्ने सिप,

विद्यार्थीको उपलब्धिको व्याख्या गर्ने सिप, कमजोरी हटाउने योजनाको सिप, पृष्ठपोषण प्रदान गर्ने जस्ता सिपहरू शिक्षकमा रहनुपर्दछ ।

शिक्षणका लागि शिक्षकमा हुनुपर्ने यी माथि उल्लेख गरिएका सिपहरूलाई शिक्षण सिकाइ क्रियाकलापमा कुन सिपलाई कति बेला उपयोगमा ल्याउने भनी द्विविधा अन्त्य गर्न शिक्षण प्रक्रियालाई तीनओटा अवस्थामा विभक्त गरिन्छ जसलाई शिक्षणका चरण भनिन्छ ।

शिक्षण त्यति बेला प्रभावकारी हुन्छ जति बेला शिक्षकले उद्देश्यको निर्धारण, शिक्षण सामग्रीको शिक्षण सिकाइ क्रियाकलापको छनोट तथा मूल्याङ्कन, प्रविधिको निर्धारण जस्ता पूर्वक्रियात्मक चरणलाई राम्रोसँग ध्यान पुऱ्याएर तय गर्दछ र पूर्व क्रियात्मक चरणमा तय गरिएका हरेक विषयवस्तुलाई राम्रोसँग कार्यान्वयनमा ल्याएर अन्तरक्रियात्मक चरणमा शैक्षणिक क्रियाकलाप सञ्चालन गर्छ र पाश्र्व क्रियात्मक चरणअन्तरका पृष्ठपोषण प्राप्त गर्दै आगामी दिनको लागि सुधारात्मक शिक्षण गर्ने खाका तयार पार्नुपर्छ (Jackson, 1986) ।

शिक्षकलाई सफल शिक्षक बन्नका लागि प्रभावकारी रूपमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न उसमा अध्यापन, अध्ययन, अभिलेखीकरण र अनुसन्धान अर्थात् '४ अ युक्त सिप आवश्यक पर्छ । त्यसैले शिक्षक '४ अ' युक्त सिप भएको हुनुपर्छ (पौडेल, २०७९) ।

कक्षाकोठामा शिक्षकले शिक्षण कार्य गर्दा विद्यार्थीका व्यवहारलाई परिवर्तन गराउन आधारस्तम्भ बन्ने गरी शैक्षणिक क्रियाकलाप सञ्चालन गर्नुपर्छ । यसका लागि शैक्षिक उद्देश्य तय गर्दा विद्यार्थीको पूर्व ज्ञानलाई आधार मान्ने तत्पश्चात् शिक्षण सिकाइ प्रक्रिया अगाडि बढाउन र अन्त्यमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्न उपलब्धिको मूल्याङ्कन गर्नुपर्छ (Bruce Joyce उद्धृत शर्मा, २०५८) ।

यसरी नै शिक्षकले सफल शिक्षण गराउने कममा विभिन्न भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । खास गरी शिक्षकले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा निम्नलिखित भूमिका निर्वाह गर्नुपर्छ (जबरा र पौडेल, २०७०:३५) ।

शिक्षकले निर्वाह गर्नुपर्ने एक प्रमुख भूमिका योजनाकारको भूमिका हो । शिक्षकले शिक्षण गर्नुपर्ने विषयको वार्षिक पाठयोजना र दैनिक पाठयोजना निर्माण गरेर सो को आधारमा शिक्षण सिकाइ प्रक्रिया सञ्चालन गर्नुपर्छ । शैक्षणिक योजना बनाएर मात्र शिक्षण गर्नुपर्ने भएकाले शिक्षकले योजनाकारको भूमिका निर्वाह गर्नुपर्छ ।

शिक्षकले सङ्गठनकर्ताको भूमिका समेत निर्वाह गर्नुपर्छ। शिक्षकले आफूले शिक्षण गर्ने विषयसँग सम्बन्धित शिक्षण सिकाइ क्रियाकलाप गर्न र सामग्रीको सङ्कलन वा निर्माण गर्न सहकर्मी शिक्षकहरू र विद्यार्थीको समेत सहायता लिनुपर्ने परिस्थितिमा यिनीहरूलाई सहयोगको लागि एकजुट गर्नुपर्छ। यसरी एकजुट बनाउन शिक्षक स्वयम् सक्रिय भएर सिकाइ प्रक्रिया सञ्चालन गर्नुपर्ने भएकाले शिक्षणमा सङ्गठनकर्ताको भूमिका निर्वाह गर्नुपर्छ ।

शिक्षकले एक कुशल व्यवस्थापकको भूमिका निर्वाह गर्नुपर्छ । शिक्षकले कक्षाकोठाको व्यवस्थापनलाई अपेक्षित सिकाइ उपलब्धि प्राप्त गराउन सहज हुने गरी कक्षाकोठाको वातावरणलाई सुदृढ बनाउने र सङ्गठित गर्ने जस्ता कार्य व्यवस्थापकीय कार्य शिक्षकले गर्नुपर्ने भएकाले शिक्षकद्वारा शिक्षण कार्यमा व्यवस्थापकको भूमिका निर्वाह गर्नुपर्छ । व्यवस्थापकीय भूमिका निर्वाह गर्दा विद्यार्थीलाई सिकाइतर्फ

अभिप्रेरित गर्ने, सहज वातावरण सिर्जना गरी उच्च शैक्षिक उपलब्धि हासिल गराउने दिशामा केन्द्रित रहनुपर्छ । यसका लागि विद्यार्थीको आत्मविश्वास जित्ने, उनीहरूको आत्मसम्मानमा वृद्धि गर्न सामूहिक र सहयोगात्मक कक्षाकोठाको विकास र गुणात्मक समयचक्र जस्ता सञ्चालन क्रियाकलापको अनुसरण गरी व्यवस्थापकीय भूमिका निर्वाह गर्नुपर्छ (जबरा र पौडेल, २०७०) । त्यस्तै कक्षाकोठाको वातावरण सङ्गठित गर्दा सिकाइ अनुकूलको कक्षा व्यवस्थापन मिलाउन कक्षाकोठाको ढाँचा उपयुक्त पार्ने, सिकाइका लागि विद्यार्थीको बसाइ व्यवस्थापन गर्दा कक्षाकोठाभित्र आवतजावत गर्न मिल्ने र स्मार्टबोर्ड वा चकबोर्डमा लेखेको सबैले देख्ने गरी व्यवस्थापन गरेर कुशल व्यवस्थापकको भूमिक निर्वाह गर्नुपर्छ ।

शिक्षणलाई गुणस्तरीय र प्रभावकारी बनाउन शिक्षकले कक्षाकोठाभित्र शिक्षण सिकाइसँग सम्बन्धित समस्याहरू आउन सक्छन् । यसरी शिक्षणमा समस्याहरू आए भने ती समस्याहरूको पहिचान गरी ती समस्यालाई तत्काल समाधान गर्न र प्रभावकारी सिकाइ गराउन क्रियात्मक अनुसन्धान गर्नुपर्छ । त्यसैले शिक्षकको भूमिका अनुसन्धानकर्ताको रूपमा रहेको हुन्छ ।

शिक्षकको एक महत्त्वपूर्ण भूमिका अभिलेखकको समेत हो । शिक्षकले विद्यार्थीको सिकाइका क्रममा कक्षाकोठा भित्र होस् वा कक्षा बाहिर होस् उसले प्रदर्शन गर्ने व्यवहारहरूको अवलोकन गरी त्यसलाई अभिलेख वा घटनावृत्त अभिलेखका रूपमा अभिलेखीकरण गर्नुपर्छ । यसरी विद्यार्थीको व्यवहारको अद्यावधिक रूपमा अभिलेख राख्नुपर्ने भएकाले शिक्षकको भूमिका अभिलेखकर्ताको रूपमा रहेको हुन्छ ।

शिक्षकले मूल्याङ्कनकर्ताको भूमिका समेत निर्वाह गर्नुपर्छ । शिक्षकले आफूले शिक्षण गरेको पाठ्यवस्तु विद्यार्थीहरूले के कति सिके ? कति सिक्न बाँकी छ ? भन्ने पत्ता लगाउन परीक्षण वा गैर परीक्षणका साधनको माध्यमबाट उपलब्धिको लेखाजोखा गर्दै पृष्ठपोषण समेत प्रदान गर्नुपर्ने भएकाले शिक्षक मूल्याङ्कनकर्ताको भूमिकामा रहन्छ ।

शिक्षकको नेतृत्वदायी भूमिका पनि एक प्रमुख भूमिका हो । शिक्षक कक्षाकोठामा विद्यार्थीको अगुवा, शैक्षिक क्रियाकलापको सहजकर्ता र पथप्रदर्शन गराउने नेताको रूपमा जिम्मेवारी लिने नेतृत्वदायी व्यक्ति भएकाले शिक्षकको भूमिका शैक्षिक नेताको रूपमा रहेको हुन्छ ।

शिक्षक बालमनोविज्ञानको समेत जानकार हुनुपर्छ । शिक्षकले सफल शिक्षण गराउन प्रत्येक बालबालिकाको व्यवहारको आद्योपान्त अध्ययन गरी उसको व्यवहार तथा आदतहरूको पहिचान गर्नुपर्छ । बालबालिकाको व्यवहार एवम् आदतको पहिचान गरी उसको मनोभावना बुझेर शिक्षण गराउँदा शिक्षण प्रभावकारी हुने भएकाले शिक्षकको भूमिका मनोवैज्ञानिकको रूपमा पनि रहेको हुन्छ ।

शिक्षकले निर्वाह गर्नुपर्ने भूमिकामध्ये उत्प्रेरकको भूमिका पनि एक हो । शिक्षकले सञ्चालन गरेको शिक्षणबाट पाठ्यक्रम अनुरूपका सिकाइ उपलब्धि हासिल गर्न कक्षाकोठामा विभिन्न पृष्ठभूमिका विद्यार्थीहरू आएका हुन्छन् । यी विभिन्न प्रकृतिका विद्यार्थीहरूको पृष्ठभूमिको अध्ययन गरी सो अनुकूल शिक्षण गर्ने, उनीहरूको सिकाइलाई सहजीकरण गर्ने, पठनपाठनमा लागिरहन उत्साहित बनाउने र उनीहरूलाई इमानदारी प्रयासमा संलग्न गराई राख्न प्रशंसा, हौसला, पुरस्कार जस्ता उद्दिपकलाई शिक्षण कार्यमा उपयोगमा ल्याउनुपर्छ, त्यसले शिक्षक उत्प्रेरकको रूपमा रहन्छ ।

शिक्षकले निर्वाह गर्नुपर्ने भूमिकाअन्तर्गत सम्बन्धकर्ताको भूमिका पनि एक हो । शिक्षकले आफ्ना विद्यार्थी, तिनका अभिभावक तथा सरोकारवाला सबैसँग विनापक्षपात सुमधुर सम्बन्ध राख्नुपर्छ । असल मानवीय

सम्बन्धले नै आशातीत सफलता प्राप्त गर्न सकिने भएकाले असल मानवीय सम्बन्ध कायम गर्न शिक्षकले सम्बन्धकर्ताको भूमिका निर्वाह गर्नुपर्छ ।

शिक्षक आफ्नो पेसाप्रति सजग र निपूर्ण हुनुपर्छ । निपूर्ण शिक्षकद्वारा मात्र प्रभावकारी शिक्षण सिकाइ सम्भव हुने भएकाले प्रभावकारी शिक्षणका लागि शिक्षकमा शिक्षणका लागि आवश्यक पर्ने ज्ञान, सिप, अभिक्षमता, खुबी र निपूर्णता आवश्यक हुन्छ । जसलाई शिक्षकका सक्षमता भनिन्छ । शिक्षकमा हुनुपर्ने सक्षमतालाई विभिन्न देशहरूले आआफ्नो आवश्यकता र परिवेशअनुसार सक्षमताका आयामहरू उल्लेख गरेका छन् । तीमध्ये केही देशका शिक्षकको सक्षमतालाई तल उल्लेख गरिएको छ (शै.ज.वि.के., २०७१) :

अस्ट्रेलियाले निर्धारण गरेको शिक्षकको सक्षमताको ढाँचालाई तीन चरणमा विभक्त गर्दै प्रत्येक चरणमा पाँच पाँचओटा आयमहरू तोकिएको छ । शिक्षकको पेसागत ज्ञान, सिप र अभिवृत्तिलाई समेटेर तयार गरिएको उक्त ढाँचाको पाँच आयमअन्तर्गत विद्यार्थीको सिकाइमा सहजीकरण, विद्यार्थीको सिकाइ उपलब्धिको मूल्याङ्कन र प्रतिवेदन, पेसागत सिकाइमा समर्पित पाठ्यक्रम सहितको नीति निर्माण कार्यमा सहभागिता र विद्यालय समुदाय साझेदारी निर्माण रहेका छन् (शै.ज.वि.के., २०७१) ।

फिलिपिन्सका शिक्षकहरूका लागि त्यहाँको सरकारले शिक्षकमा ७ ओटा आयमहरू रहेर सक्षमता निर्धारण गरेको छ । प्रत्येक क्षेत्रमा स्ट्याण्डर्डअन्तर्गत विशेष सूचाङ्कका रूपमा क्रमशः सिकाइको सामाजिक परिवेश, सिकाइ वातावरण, सिकाइको विविधता, पाठ्यक्रम योजना, मूल्याङ्कन र प्रतिवेदन, समुदायको सम्बन्ध र वैयक्तिक विकास निर्धारण गरिएका छन् (उद्धृत शै.ज.वि.के., २०७१) ।

पश्चिम अस्ट्रेलियाको शिक्षा र तालिम सम्बन्धी विभागले शिक्षकमा हुनुपर्ने सक्षमतालाई पाँचओटा आयाममा प्रस्तुत गर्दै भनिएको छ कि 'विद्यार्थीको सिकाइलाई सहजीकरण गर्नु, सिकाइको नतिजाको आँकलन गरी प्रतिवेदन दिनु, पेसागत सिकाइमा संलग्न हुनु, नतिजा केन्द्रित वातावरणमा पाठ्यक्रमको नीति, निर्माण र अन्य कार्यक्रम सम्बन्धी पहलहरूमा सहभागिता जनाउनुका साथै विद्यालयलाई समुदायसँग भागेदारी विकास गर्नु, सक्षमताको ३ चरणहरू निर्धारण गरेर विकास गर्ने लक्ष्य राखेको छ, (Department of Education & Training, 2004) ।

पाकिस्तानले पनि शिक्षकको शिक्षण कार्य निपूर्णतामा आधारित होस् र बालबालिकाको सिकाइमा बढोत्तरी आओस् भन्नका लागि शिक्षकको पेसागत ज्ञान, सिप, मान्यता र धारणालाई आधार बनाई यी तीन क्षेत्रको परिधिभित्र विभिन्न १० ओटा क्षेत्रलाई शिक्षकको सक्षमताका रूपमा परिभाषित गर्दै भनेको छ "विषयवस्तुको ज्ञान, मानव वृद्धि र विकास, इस्लामिक ज्ञान, नैतिक मूल्य, सामाजिक जीवन सम्बन्धी सिप, शैक्षणिक योजना र रणनीति, विद्यार्थी मूल्याङ्कन, सिकाइ वातावरण र सूचना प्रविधि सहित प्रभावकारी सञ्चार सहयोग र समझदारी निरन्तर पेसागत विकास र आचार संहिता, दोस्रो भाषाको रूपमा अङ्ग्रेजी सिकाइ गर्न सक्ने छन् (उद्धृत शै.ज.वि.के., २०७१) ।"

संयुक्त राज्य अमेरिकाको केन्टकी (Kentucky) राज्यले पनि शिक्षकको पेसागत मापदण्ड निर्धारण गर्ने प्रारम्भिक तह (Initial level) को कार्य सम्पादन र उच्च तहको (Advance level) को कार्य सम्पादन गर्ने कार्य बनाएको छ । जसअन्तर्गत शिक्षकका सक्षमताहरूमा विषयवस्तु सम्बन्धी ज्ञान, विद्यार्थीको क्षमताको विकास गर्ने, सञ्चार सिप अभिवृद्धि गर्ने योजना, सिकाइ वातावरणको सिर्जना र निरन्तरता, विद्यार्थीको क्षमता अभिवृद्धि गर्ने योजनाको कार्यान्वयन र मूल्याङ्कन सम्बन्धी ज्ञान र प्रयोग समन्वय र साझेदारी शिक्षणमा स्वःमूल्याङ्कन र पेसागत विकास र नेतृत्व क्षमता रहेका छन् (उद्धृत शै.ज.वि.के., २०७१) ।

यसरी माथि उल्लेख गरिएका विभिन्न देशहरूले तोकेका शिक्षकका सक्षमता तथा शिक्षक तथा सरोकारवालासँग छलफल गरी विज्ञको सुझाव समेतलाई आधार मानी नेपालले पनि २०७१ सालमा शिक्षकका आठओटा सक्षमताहरू तोकेको छ र जसअन्तर्गत विस्तृत क्षेत्र (Broad competencies area) त्यस अन्तर्गतका सक्षमताका क्षेत्रहरू (Core competencies) उल्लेख गरी शिक्षकको हरेक सक्षमतालाई ज्ञानमा निर्धारीत सक्षमता, सिप एवम् क्षमतामा आधारित सक्षमता र अभिवृद्धिमा आधारित निम्नलिखित सक्षमताहरू उल्लेख गरेको छ (शै.ज.वि.के., २०७१) :

- प्राज्ञिक तथा पाठ्यक्रम सम्बन्धी ज्ञानले भरिपूर्ण भएको
- बालमनोविज्ञानमा जानकारी प्राप्त गरेको
- सिकारुहरूको सिकाइ आवश्यकतालाई विश्लेषण गर्न सक्ने
- समयको व्यवस्थापन गर्दै आधुनिक प्रविधि समेत प्रयोग गर्ने
- विद्यार्थी एवम् अभिभावकलाई आवश्यक परामर्श तथा सुझाव दिने
- एक अर्कामा पेसागत सहयोग आदान प्रदान गर्ने
- प्रचलित ऐन नियममा परिचित भएको
- नागरिक मूल्यमान्यताप्रति सचेत भएको आदि तोकिएका छन्

शिक्षण काम र समय व्यवस्थापन भनेको शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीले विद्यार्थीमा सक्रियता जगाउँदै ज्ञान, सिप र मूल्य एवम् प्रवृत्ति हासिल गराउने कार्य हो । यसको लागि शिक्षकले मुख्य केन्द्रबिन्दु समयको प्रभावकारी व्यवस्थापनलाई मान्नुपर्छ (Prater, 1992, उद्धृत पौडेल, २०७९) । पूर्व निर्धारित योजनाअनुरूप शिक्षकले शिक्षण सिकाइका क्रममा कक्षाकोठाभित्र गर्ने कार्यहरू प्रभावकारी रूपमा पूरा गऱ्यो गरेन, समय व्यवस्थापनलाई उपयुक्त रूपमा व्यवस्थापन गऱ्यो गरेन भन्ने कुरा शिक्षकको सक्षमतामा निर्भर गर्छ ।

सक्षमतामा आधारित भएर शिक्षण गर्दा शिक्षकले के कस्ता कार्यहरू कति समयभित्र गर्ने भन्ने सन्दर्भमा ए.पोलार्डले औँल्याएअनुसार विद्यालयले तोकेको ४०-४५ मिनेटको पिरियड (घन्टी) को समयलाई उचित व्यवस्थापन गर्नुपर्छ । शिक्षकले प्रयोग गर्ने शिक्षण समयलाई प्रतिहप्ता पाठ्यभार अनुसार २८ प्रतिशत पूर्व तयारीमा, ३४ प्रतिशत शिक्षणमा, १७ प्रतिशत पेसागत विकासमा, १४ प्रतिशत र ७ प्रतिशत अन्य आवश्यकीय क्रियाकलापमा समय खपत गर्नुपर्छ । त्यस्तै सेनेगलमा शिक्षकहरूले शिक्षण कार्य गर्दा ४० प्रतिशत कक्षाकोठाको व्यवस्थापनमा, ४० प्रतिशत प्रस्तुतीकरणमा र २० प्रतिशत पुनः सम्झाउने कार्यमा खपत गर्नुपर्छ । सेनेगलमा शिक्षकहरूले शिक्षण कार्यमा लाग्ने कुल समयको ४० प्रतिशत कक्षाकोठा व्यवस्थापनमा, ४० प्रतिशत शिक्षणको प्रस्तुतीकरणमा र २० प्रतिशत समय पुनः सम्झाउने कार्यमा खपत गर्नुपर्छ भनिएको छ (उद्धृत जबरा र पौडेल, २०६७:१६४) ।

शैक्षिक गुणस्तर मापन केन्द्रद्वारा गरिएको अध्ययनअनुसार सामान्यतया शिक्षकले कक्षा शिक्षणको लागि छुट्याइएको एक दिनको ४०-४५ मिनेटको ५-६ घन्टी शिक्षण गर्छन् । एक पिरियडको लागि छुट्याइएको ४०-४५ मिनेटको पिरियडमा दुई मिनेट जति पूर्व पाठसँग आजको पाठ जोड्ने, तीन मिनेट जति उत्प्रेरणा

जगाउने, १५ मिनेट जति प्रस्तुतीकरण गर्ने, १५ मिनेट अभ्यासमा र पाँच मिनेट मूल्याङ्कन कार्यका लागि समय खपत गर्छन् (उद्धृत रिजाल र अन्य, सन् २०१४)

शिक्षकले शिक्षणसँग गर्ने कामहरूमध्ये शिक्षणका लागि पूर्वतयारी गर्नुपर्छ । त्यसपछि योजना निर्माण गर्नुपर्छ । योजना निर्माणपश्चात् योजनाअनुरूप कक्षामा शिक्षण क्रियाकलाप गर्ने र शिक्षण कार्य सकिए पछि अर्थात् शिक्षण पश्चात् विद्यार्थीको सिकाइको लेखाजोखा गरी पृष्ठपोषण प्रदान गर्नुपर्छ । त्यसर्थ शिक्षकले शिक्षण समय र कामको योजना तयार पार्दा कक्षाकोठाको शिक्षणपूर्व र शिक्षण पश्चात् गरिने काम र समयको समेत योजना बनाउनुपर्छ ।

कक्षाकोठाभित्र शिक्षकले एकोहोरो प्रवचन दिने काम मात्र नगरी विद्यार्थीलाई शिक्षणमा ध्यानाकृष्ट गर्न प्रश्नोत्तर, छलफल, प्रदर्शन, समालोचनात्मक चिन्तनमा संलग्न गराई उनीहरूको सिकाइको मूल्याङ्कन गरी पृष्ठपोषण समेत प्रदान गर्नुपर्छ । यी सबै कामहरू ४० देखि ४५ मिनेटको कक्षा समयभित्र सम्पन्न गरी सक्नुपर्ने हुन्छ । सामान्यतया शिक्षक कक्षामा प्रवेश गरिसकेपछि कहिलेकाहीँ विद्यार्थीले कापी र किताब झोलाबाट झिक्ने, सरसामान मिलाउने, सर एकछिन पख्नुहोस् भन्ने जस्ता कार्य गरेर करिब १० प्रतिशत समय खेर फाल्दछन् भने ६० प्रतिशत समय सिकाइमा र बाँकी आफैँ सङ्गठित भएर सिकाइमा व्यतित गर्छन् (उद्धृत जबरा र पौडेल, २०६७ : १६४) । त्यस्तै शैक्षिक गुणस्तर मापन केन्द्रद्वारा गरिएको अध्ययनअनुसार सामान्यतया शिक्षकले ४० देखि ४५ मिनेटको कक्षा पिरियड, एक दिनमा पाँच देखि छ पिरियड शिक्षण गर्छन् । ४० देखि ४५ मिनेटको पिरियड समयभित्र दुई मिनेट पूर्व पाठसँग वर्तमान शिक्षण पाठलाई जोड्ने, तीन मिनेट उत्प्रेरणा जगाउने, १५ मिनेट प्रस्तुतीकरण गर्ने, १५ मिनेट अभ्यास र पाँच मिनेटको समय मूल्याङ्कनमा खपत गर्छन् (उद्धृत रिजाल र अन्य, सन् २०१४) ।

शिक्षण प्रभावकारी र गुणस्तरीय बनाउन शिक्षकको महत्त्वपूर्ण स्थान रहेको हुन्छ किनभने कस्तो शैक्षणिक उद्देश्य राख्ने, कस्तो शैक्षिक सामग्री र विधि प्रयोग गर्ने, निर्धारित उद्देश्य पूरा गर्न के कति समय लगाउने, आफ्नो शिक्षण कत्तिको प्रभावकारी भयो भनेर निक्र्यौल गर्ने प्रमुख जिम्मेवारी शिक्षकमा नै रहने हुन्छ । शिक्षकले शिक्षणसँग सम्बन्धित कार्यहरू बफादारिता साथ सम्पादन गर्न ऊ स्वयम् सन्तुष्ट रहनुपर्छ । शिक्षकको सन्तुष्टिपनाको शिक्षणसँग निकटतम सम्बन्ध रहने हुनाले शिक्षकमा असन्तुष्ट आउने वातावरण विद्यालयमा हुनुहुँदैन ।

प्रभावकारी शिक्षणका लागि कक्षाकोठामा विद्यार्थीलाई उत्प्रेरित गर्ने, शिक्षण सामग्रीको उपयुक्त प्रयोग गर्ने, प्रभावकारी प्रस्तुतीकरण गर्ने, विद्यार्थीको मूल्याङ्कन तथा पृष्ठपोषण प्रदान गर्ने, विद्यार्थीसँग अन्तरक्रिया गर्ने, कक्षाकार्य/गृहकार्यको परीक्षण गर्ने जस्ता कार्यको लागि उपयुक्त समयको व्यवस्थापन गर्नुपर्छ । यी कार्यको लागि शिक्षकमा सक्षमता हुन आवश्यक देखिन्छ । यी कार्यहरूहरूको लागि शिक्षकले उपयुक्त रूपमा समयको व्यवस्थापन गर्‍यो वा गरेन भनी पहिचान गर्नमा यो अध्ययन केन्द्रित रहेको छ ।

## १.२ अध्ययनको औचित्य

शिक्षणको मुख्य उद्देश्य विद्यार्थीका व्यवहारहरूलाई निश्चित ढाँचामा रूपान्तरण हुने गरी सिकाइ उत्पन्न गराउनु हो । यसका लागि शिक्षकको प्रमुख भूमिका रहेको हुन्छ । विद्यार्थी र सिक्नुपर्ने विषयवस्तु कक्षाकोठामा शिक्षकले शिक्षण प्रकियाको माध्यमद्वारा विद्यार्थी र सिक्नुपर्ने विषयवस्तुबिच लक्ष्य केन्द्रित सम्बन्ध स्थापना गर्नुपर्छ । यस कार्यमा शिक्षकलाई निपूर्ण बनाउनु प्रशिक्षण दिइन्छ । प्रशिक्षणबाट प्राप्त

सिपको प्रयोग गरेर शैक्षणिक योजना निर्माण गर्ने, शैक्षणिक सामग्रीको छनोट र प्रयोग गर्ने, शिक्षण विधिको छनोट र प्रयोग गर्ने, विद्यार्थीको उपलब्धिको लेखाजोखा गर्न मूल्याङ्कन गर्ने र पृष्ठपोषण दिने जस्ता कामको लागि समयको व्यवस्थापन गर्नु शिक्षकको दायित्वभित्र पर्छ । प्रशिक्षणबाट सिकेको सिप अनुरूप शैक्षणिक योजनामा उल्लेख गरिएका तत्त्व वा आयामहरूलाई पाठको स्वरूप, विद्यार्थीको रुचि, क्षमता, चाहाना र शिक्षण अवधिलाई मध्यनजर राखेर शिक्षणको काम र समय व्यवस्थापनलाई सुव्यवस्थित गर्नुपर्छ ।

शिक्षकले नै विभिन्न पेसाको लागि आवश्यक पर्ने जनशक्ति उत्पादन गर्ने भएकाले पाठ्यवस्तुलाई कलात्मक रूपमा प्रस्तुत गर्न निपूर्ण हुनुपर्छ । यसका लागि उसले पाठको स्वरूप अनुसारको समय र कामको व्यवस्थापनलाई समुचित ढङ्गले उपयोग गर्नुपर्छ । कक्षाकोठामा शिक्षणका लागि छुट्याइएको ४०-४५ मिनेटको समयसीमाभित्र पाठ योजनामा उल्लेख गरिएका उद्देश्यहरू प्राप्त गर्न शिक्षकले विद्यार्थीको मनोविज्ञान, क्षमता तथा विविधताको पहिचान गरी शिक्षणलाई रमाइलो र जीवनोपयोगी बनाउनुपर्छ । स्तरहीन र अपरिस्कृत उत्पादनबाट विद्यार्थीलाई बचाउन शिक्षण कार्य र ती कार्यको लागि समयको व्यवस्थापन गर्दा शिक्षकले विशेष ध्यान पुऱ्याउनुपर्छ । शिक्षण कार्य र ती कार्य गर्दा खपत हुने समयको व्यवस्थापनलाई उपयुक्त बनाएर विद्यार्थीमा आउन सक्ने नैराश्यता र नकारात्मक उत्प्रेरणालाई शून्यमा झार्न ऊ स्वयम् उत्प्रेरित र सन्तुष्ट हुनुपर्छ। सन्तुष्टि प्राप्त शिक्षकले नै शिक्षण सिकाइका क्रममा आवश्यक पर्ने समय व्यवस्थापन गर्न सफल हुन्छ । विज्ञान र प्रविधिको प्रभावको कारण जटिल र विविधतायुक्त बन्दै गएको आजको एक्काइसौं शताब्दीमा शिक्षकको शिक्षण कार्य र समय व्यवस्थापन समाजको आकाङ्क्षा पूरा गर्नेतर्फ लक्षित हुनुपर्छ । कक्षाकोठाको शिक्षणबाट आफ्ना विद्यार्थीलाई आत्मसम्मानका साथ आधार भूत शैक्षिक सिप विकास गराउने र उच्च शिक्षाको लागि तयार पार्ने, विश्वव्यापी बुझाइ, कला, संस्कृति र पुरातात्त्विक कुरालाई कक्षाकोठाको शिक्षणमा सम्प्रेषण गर्ने कार्यमा शिक्षण कार्य र समयको व्यवस्थापन केन्द्रित हुनुपर्छ (ARENDS, 2001, उद्धृत शै.गु.मा.के.) ।

समग्रमा यो अनुसन्धानको औचित्यलाई निम्नलिखित बुँदा मार्फत प्रष्ट पारिएको छ :

(क) यस अनुसन्धानले सामुदायिक विद्यालयहरूमा कार्यरत शिक्षकहरूद्वारा कक्षा शिक्षणका क्रममा के कस्ता क्रियाकलापहरू गरिएका छन् र ती क्रियाकलापका लागि समयको व्यवस्थापन कसरी भएको छ पहिचान गरी शिक्षण कार्य र समय व्यवस्थापनसँग सम्बन्धित सिपहरूलाई कक्षाकोठामा प्रयोगमा ल्याउन र शिक्षणलाई अझ स्तरीय बनाउँदै आफ्नो शिक्षण कार्यको पेसागत अभिवृद्धि गर्न शिक्षकलाई यस अध्ययनमा सुझाएका सुझावले मार्ग दर्शनको काम गर्ने छ ।

(ख) शिक्षा क्षेत्रलाई व्यवस्थित बनाउन जिम्मा लिएका नीति निर्माताहरूलाई शैक्षिक नीति तयार पार्न, शैक्षिक योजनाकारलाई योजना तर्जुमा गर्न, सुपरिवेक्षकलाई उपचारात्मक सुपरिवेक्षण गर्न शैक्षिक व्यवस्थापक र शैक्षिक प्रशासकलाई शैक्षिक व्यवस्थापन र प्रशासनिक कार्यमा सुदृढ गराउन मार्ग निर्देश गर्ने छ ।

(ग) शैक्षिक नीति र अभ्यासका बिचमा भएको अन्तर (gap) पहिचान गरी उक्त अन्तरलाई कम गर्न मदत पुऱ्याउने छ ।

(घ) शिक्षकको कार्य र समय व्यवस्थापन नामक यस अनुसन्धानले शिक्षण सिकाइको क्षेत्रमा थप अनुसन्धान गर्न पनि मार्गदर्शनको काम गर्ने विश्वास राखिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि अनुसन्धान गर्नुभन्दा अगाडि त्यसलाई व्यवस्थित र प्रभावकारी ढङ्गले सञ्चालन गर्न उद्देश्य किटान गर्नुपर्ने हुन्छ । यस अनुसन्धानको मुख्य अभिप्राय शिक्षकको काम र समय व्यवस्थापनसँग सम्बन्धित रहेकाले देहायका उद्देश्य राखेर यो अनुसन्धान अगाडि बढाइएको थियो ।

(क) शिक्षकद्वारा कक्षाकोठामा सम्पादित विविध कक्षागत क्रियाकलाप प्रयोगको अवस्थालाई विश्लेषण गर्ने

(ख) शिक्षकहरूको कक्षागत क्रियाकलापहरूमा समय व्यवस्थापनको अवस्था विश्लेषण गर्ने

(ग) शिक्षकको कक्षा शिक्षण गर्दा गरेका कामहरू र समय व्यवस्थापनमा देखिएका समस्या पहिचान गर्ने

(घ) शिक्षकको शिक्षण क्रियाकलाप र समय व्यवस्थापनलाई प्रभावकारी बनाउने उपायहरू खोजी गर्ने

## १.४ अनुसन्धानात्मक प्रश्न

निम्नलिखित अनुसन्धानात्मक प्रश्नको उत्तर प्राप्ति हेतु यस अध्ययनलाई अगाडि बढाइएको छ :

(क) शिक्षकले शिक्षण कार्य र समयम व्यवस्थापनमा के कस्ता क्रियाकलाप गरेको छ ?

(ख) शिक्षकले कक्षाकोठामा शिक्षा सम्बन्धी के के क्रियाकलाप गरेका छन् ?

(ग) शिक्षकले शिक्षण कार्य गर्दा समयको व्यवस्थापनलाई कसरी मिलाएका छन् ?

(घ) शिक्षण सिकाइमा शिक्षक र विद्यार्थीको सक्रियताको अवस्था कस्तो छ ?

(ङ) मूल्याङ्कन र पृष्ठपोषणको मात्रा र स्वरूप कस्तो छ ?

(च) शिक्षण सिकाइ क्रियाकलाप र समय व्यवस्थापनमा के कस्ता समस्या आएका छन् र ती समस्यालाई कसरी समाधान गर्न सकिएला ?

## १.५ अध्ययनको परिसीमा

कुनै पनि अनुसन्धान गर्दा त्यसको परिसीमा निर्क्योल गर्नुपर्ने हुन्छ। परिसीमाको निर्क्योल गर्नाले अध्ययनको विषयवस्तुको दायरा, क्षेत्र र त्यसमा उपयोग गरिने साधन र विधिको सीमा तोक्न सहज हुन्छ। शिक्षकको काम र समय व्यवस्थापन नामक यस अनुसन्धानमा अवधारणात्मक सीमा र विधागत सीमालाई मध्यनजर गरी निम्नलिखित परिसीमा तोकेर यो अनुसन्धान गरिएको थियो :

(क) यो अध्ययन काठमाडौँ जिल्ला स्थित बुढानीलकण्ठ नगरपालिकाभित्र रहेका सामुदायिक विद्यालयमा केन्द्रित गरिएको थियो ।

(ख) बुढानीलकण्ठ नगरपालिकाभित्र सञ्चालित १९ ओटा सामुदायिक विद्यालयमध्ये ११ ओटा विद्यालयमा अध्यापन गराउने शिक्षकहरूमध्येबाट गणित, विज्ञान, अङ्ग्रेजी, नेपाली, सामाजिक अन्य विषय गरी तीनओटा विधा अध्यापन गराउने शिक्षकहरूको कक्षा सुपरिवेक्षण गरी उनीहरूले कक्षा शिक्षणमा गर्ने क्रियाकलापहरू र क्रियाकलापहरू गर्दा समयको व्यवस्थापन कसरी गरेका छन् ? समय व्यवस्थापनको उपयुक्तताको अवस्था पत्ता लगाउन विज्ञद्वारा कक्षा अवलोकनमार्फत सुपरिवेक्षण गरिएको छ। खास गरी शिक्षकले कक्षाकोठाभित्र शिक्षणका कममा गर्ने कार्यहरू र ती कार्यहरूलाई

पूरा गर्न लाग्ने समय र समयको व्यवस्थापन सैद्धान्तिक तथा प्रयोगात्मक पाठको स्वरूप र निजले सञ्चालन गर्ने शिक्षण विधि र क्रियाकलापमा आधारित हुने हुँदा क्रियाकलापहरूमा विविधता छन् तथा समयको व्यवस्थापनमा पनि फरक पर्ने भएकाले यस अध्ययनमा शिक्षकले कक्षाकोठाभित्र शिक्षण गर्दा अपनाएका क्रियाकलाप र ती क्रियाकलापका लागि प्रदान गरेको समय व्यवस्थापनको उपपततालाई मात्र अध्ययन गरिएको थियो ।

(ग) कक्षा आवलोकन गर्न शिक्षकको काम र समयको व्यवस्थापनसँग सम्बन्धित अनुसूची नं. २ र ३ मा दिएको अवलोकन फारम (श्रेणीमापन) र छलफल निर्देशिका तयार पारी त्यसैको आधारमा शिक्षकले कक्षाकोठाभित्र गरेका काम र ती कामको लागि समयको व्यवस्थापन के कसरी गरेका छन् सो को अवस्थालाई मात्र हेरिएको थियो अन्य हेरिएको थिएन ।

(घ) पृष्ठपोषणका लागि सुपरिवेक्षण कार्यमार्फत कक्षा अवलोकन गरी अध्ययनलाई व्यवस्थित बनाउन प्र.अ. र शिक्षक तथा नगरशिक्षा अधिकृतसँग सामूहिक छलफल गरिएको थियो ।

(ङ) सीमित क्षेत्रमा छोटो अवधिमा गरिएको यो अध्ययन अन्यत्र सामान्यीकरण नहुन पनि सक्दछ तथापि यस्तै प्रकृतिको अनुसन्धान गर्न अन्य अनुसन्धानकर्तालाई मार्गनिर्देशनको काम गर्ने छ भन्ने अपेक्षा राखिएको छ ।

# अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा

सामुदायिक विद्यालयहरूको शिक्षण पेसामा संलग्न शिक्षकहरूको कार्य र समय व्यवस्थापन नामक यस अनुसन्धानले बुढानीलकण्ठ नगरपालिकाभित्र सञ्चालित विद्यालयमा कार्यरत शिक्षकहरूले कक्षा कोठाभित्रको शिक्षण क्रियाकलापअन्तर्गत कुन कुन कामहरू गर्छन् ? ती कामको लागि समयको व्यवस्थापन कसरी मिलाएका छन् भन्ने तथ्य पहिचान गर्ने अभिप्राय राखेको थियो । यसका लागि निरीक्षण (अवलोकन), छलफल र सर्वेक्षण पद्धतिको अवलम्बन गरिएको थियो । अनुसन्धान सञ्चालन गर्नका लागि अध्ययन ढाँचाको अनुसन्धानलाई पूरा गर्न अवलम्बन गरिएको एक मार्ग चित्र हो । अनुसन्धानको मार्ग चित्रअन्तर्गत गुणात्मक, सङ्ख्यात्मक वा मिश्रित ढाँचालाई अनुसन्धान कर्ताले गुणात्मक ढाँचाअन्तर्गत शिक्षण कार्यमा शिक्षकले गर्ने कामहरू र ती कामहरूका लागि खपत गर्ने समयको व्यवस्थापन पहिचान गर्न कक्षा अवलोकन फारम (शिक्षण) र छलफलका माध्यमबाट जानकारी प्राप्त गरी गुणात्मक विधिमार्फत तिनको व्याख्या, विश्लेषण गरिएको थियो भने सङ्ख्यात्मक ढाँचाअन्तर्गत अवलोकन(समय व्यवस्थापन) र छलफल प्रयोग गरी प्राप्त तथ्याङ्कलाई परिमाणात्मक विश्लेषण गरिएकाले दुवै ढाँचालाई मिलाई मूलतः यो अनुसन्धान मिश्रित ढाँचामा रहेको छ । यस अनुसन्धानको जनसङ्ख्या लिएको नमुनाको आधार र छनोट प्रक्रिया, तथ्याङ्क सङ्कलन साधन र विधिहरू, तथ्याङ्कका स्रोतहरू, तथ्याङ्कको वैधता र विश्वसनीयताको निर्धारण तथा तथ्याङ्कको विश्लेषण एवम् व्याख्या निम्नानुसार रहेको थियो ।

## ३.२ अध्ययनको जनसङ्ख्या

काठमाडौँ जिल्ला स्थित बुढानीलकण्ठ नगरपालिकाभित्र रहेका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूले कक्षा शिक्षण गर्ने क्रियाकलाप र ती क्रियाकलापहरूका लागि समयको व्यवस्थापन पहिचानमा केन्द्रित रहेको थियो । यस नगरपालिकमा आठओटा आधारभूत विद्यालय (कक्षा एकदेखि पाँचसम्म सञ्चालित चार र कक्षा एकदेखि आठसम्म सञ्चालित चार) र माध्यमिक विद्यालय ११ ओटा गरी जम्मा १९ ओटा सामुदायिक विद्यालय रहेका छन् । यी १९ ओटा विद्यालयका आधारभूत तहअन्तर्गत साविकको प्राथमिक तहमा १२० जना र नि.मा.वि. तहमा ५८ जना तथा माध्यमिक तहमा ४८ जना गरेर कुल २४४ जना शिक्षक कार्यरत रहेका छन् । यी १९ ओटा विद्यालय र त्यहाँ कार्यरत शिक्षकहरूलाई यस अनुसन्धानका जनसङ्ख्याको रूपमा मानिएको थियो ।

## ३.३ नमुनाको छनोट विधि र नमुनाको आकार

बुढानीलकण्ठ नगरपालिकाभित्र सञ्चालित १९ ओटा सामुदायिक विद्यालयहरूमध्येबाट आधारभूत तह सञ्चालित विद्यालयमध्येबाट तीन र माध्यमिक तह सञ्चालित विद्यालयहरू मध्येबाट सात गरी जम्मा १० ओटा विद्यालयलाई सुविधाजनक नमुना छनोट विधिबाट विद्यालय छनोट गरिएको छ भने छनोटमा परेका विद्यालयहरूबाट भाषा समूहको नेपाली वा अङ्ग्रेजी, गणित, विज्ञान समूहको गणित वा विज्ञान र सामाजिक समूहको सामाजिक अध्ययन स्वास्थ्य, स्थानीय पाठ्यक्रम, व्यवसायिक विषयमा शिक्षण गर्ने शिक्षकहरूबाट प्रतिनिधित्व हुने गरी उद्देश्यमूलक नमुना छनोट विधिबाट प्रत्येक विद्यालयबाट कम्तीमा सात र बढीमा १८ जना पर्ने गरी ६५ जना शिक्षकहरूलाई छनोट गरिएको थियो । छनोटमा परेको विद्यालयको नाम अनुसूची नं. १ मा दिइएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधन र विधि

कुनै पनि अनुसन्धानका लागि तथ्याङ्क आवश्यक हुन्छन् त्यसैले यस अनुसन्धानका लागि पनि आवश्यक पर्ने तथ्याङ्क प्राप्ति हेतु निम्नलिखित तथ्याङ्क सङ्कलनका साधन, साधन र विधि मार्फत तथ्याङ्क सङ्कलन गरिएको थियो ।

### ३.४.१ अवलोकन

नमुना छनोटमा परेका विद्यालय र शिक्षकहरूको कार्य र समय व्यवस्थापन शिक्षकले कक्षा कोठामा गर्ने उत्प्रेरणाको समय व्यवस्थापन, शिक्षण सामग्रीको प्रयोगको व्यवस्थापन, पाठको प्रस्तुतीकरणको समय व्यवस्थापन, मूल्याङ्कन र पृष्ठपोषणको समय व्यवस्थापन, कक्षा कार्य वा परियोजना कार्यको समय व्यवस्थापन लगायत समग्रताको समय व्यवस्थापनको अवस्था पत्ता लगाउन दुई छुट्टाछुट्टै श्रेणी मापन फारम निर्माण गरी सोको अधिनमा रहेर कक्षा अवलोकन गरिएको थियो । कक्षा अवलोकन गर्न प्रयोग गरिएका दुईओटा श्रेणीमापन फारमलाई अनुसूची नं. २ र ३ मा दिइएको छ ।

### ३.४.२ छलफल निर्देशिका

कक्षा अवलोकन पश्चात् कक्षा अवलोकन गरिएका शिक्षकहरू र प्र.अ. सँगसँगै बसेर कक्षा अवलोकन गर्दा देखिएका सबल पक्षलाई प्रशंसा गर्दै कमजोर पक्ष सुधारका लागि सुझाव तथा पृष्ठपोषण प्रदान गरिएको थियो भने शिक्षण र व्यवस्थापनसँग सम्बन्धित विषयवस्तुमा केन्द्रित रही छलफल सञ्चालन गरिएको थियो । छलफलका लागि प्रयोग गरिएको छलफल निर्देशिकालाई अनुसूची नं. ४ मा दिइएको छ ।

### ३.४.३ दस्तावेज वा अभिलेख अध्ययन

शिक्षण कार्य र ती कार्यको समय व्यवस्थापनसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गर्ने क्रममा छनोटमा परेका विद्यालयका अभिलेखहरू र बुढानीलकण्ठ नगरपालिका शिक्षा तथा खेलकुद महाशाखाका अध्ययनसँग सम्बन्धित दस्तावेजलाई पनि अध्ययन गरिएको थियो ।

## ३.५ तथ्याङ्कको स्रोत

यस अनुसन्धानका लागि आवश्यक पर्ने तथ्याङ्क अवलोकन, छलफल र अनौपचारिक अन्तरर्वार्तामार्फत प्राथमिक तथ्याङ्क प्राप्त गरिएको थियो भने बुढानीलकण्ठ नगरपालिका शिक्षा, युवा तथा खेलकुद महाशाखाबाट शिक्षक तथा शिक्षणसँग सम्बन्धित अभिलेख, विद्यालयको अभिलेख र सम्बन्धित साहित्यको पुनरावलोकनमा परेका कृतिहरूबाट अद्वितीय तथ्याङ्क प्राप्त गरिएको थियो ।

## ३.६ वैधता र विश्वसनीयताको निर्धारण

यस अनुसन्धानका लागि निर्माण गरिएको फारम र छलफल निर्देशिका तयार गर्ने क्रममा बुढानीलकण्ठ नगरपालिकाका शिक्षा, युवा तथा खेलकुद महाशाखा प्रमुख, शिक्षा अधिकृत, स्रोत व्यक्ति र अनुसन्धानमा संलग्न विज्ञहरूसँग बसी व्यापक छलफल गरी साधनहरू निर्माण गरेर साधनलाई अन्तिम रूप दिएको थियो भने उक्त साधन प्रयोग गरी अनुसन्धान कार्यमा संलग्न विज्ञ अनुसन्धानकर्ताद्वारा कक्षा अवलोकन गर्ने र छलफल सञ्चालन गर्ने कार्य गरेर तथ्याङ्क सङ्कलन गरिएकाले साधनमा वैधता र प्राप्त तथ्याङ्कमा विश्वसनीयता रहेको छ भने ठम्याइएको छ ।

### ३.७ तथ्याङ्कको विश्लेषण र व्याख्या

अनुसन्धानको उद्देश्य अनुरूप हुने गरी छलफल निर्देशिका र श्रेणीमापन फारम तयार गरी उक्त तयार गरिएको साधनहरूलाई लिएर गई विद्यालयका प्र.अ.हरूलाई भेट गरी अध्ययनको उद्देश्य बताउँदै भाषा, गणित वा विज्ञान र सामाजिक समूहको प्रतिनिधित्व हुने गरी आधारभूत एकदेखि पाँच र एकदेखि आठ तथा माध्यमिक तहबाट अलग अलग शिक्षक पर्ने गरी शिक्षकको शिक्षण कार्य र समय व्यवस्थापनको अवस्था पहिचान गर्न अनुसन्धानमा राखिएका विज्ञद्वारा शिक्षकको शिक्षण कार्य र समय व्यवस्थापनलाई कक्षा अवलोकन गर्न दुईओटा श्रेणीमापन फारम प्रयोग गरी प्रत्येक विज्ञले प्रत्येक विद्यालयमा दुई वा तीन कक्षाको सुपरिवेक्षण पश्चात् मध्यान्हको छुट्टीमा र चार बजेको छुट्टीपछि शिक्षक र प्र.अ. सँगसँगै बसेर छलफल पनि गरिएको थियो । यसरी सामूहिक छलफलमा कक्षा अवलोकनमा परेका शिक्षकहरूले शिक्षणमा देखाएका सबल पक्षहरूलाई औँल्याउँदै त्यसलाई निरन्तरता दिन र कमजोर पक्ष औँल्याउँदै तिनलाई सुधार गर्न सुझाव र पृष्ठपोषण प्रदान गरिएको थियो भने शिक्षक र प्र.अ. ले पनि शिक्षण सिकाइ र व्यवस्थापनसँग सम्बन्धित समस्याहरू समाधानका लागि गरिएका प्रयास र प्रस्तावित कार्यहरू व्यक्त गरेका थिए । यसरी शिक्षक तथा प्र.अ. सँगको सम्मेलन तथा सामूहिक छलफल र सुपरिवेक्षण गरी श्रेणीकरण गरिएको अवलोकन फारमहरूमार्फत प्राप्त गरिएका तथ्याङ्कहरूलाई तालिकीकरण गर्दै अध्ययनको उद्देश्यको कममा मिश्रित ढाँचामा आधारित भएर तथ्याङ्कको व्याख्या, विश्लेषण गरिएको थियो ।

# अध्याय चार : तथ्याङ्कको व्याख्या तथा विश्लेषण

शिक्षण समय र कार्यको विश्लेषणको मुख्य उद्देश्य लिएर बुढानीलकण्ठ नगरपालिकाभित्र पर्ने सामुदायिक विद्यालयहरूलाई अध्ययन क्षेत्रको रूपमा लिएर सञ्चालन गरिएको यो अध्ययन मुख्यतया कक्षाकोठामा भइरहेको शिक्षण सिकाइ कार्यको प्रत्यक्ष अवलोकनमा आधारित थियो । अवलोकन गर्दा शिक्षणको क्रममा शिक्षकले प्रयोग गरेका विभिन्न कक्षागत क्रियाकलापहरूको प्रयोगको अवस्थाका साथै यी क्रियाकलापहरूको प्रयोगमा उपयोग गरिएको समयको उपयुक्तताबारे पनि विश्लेषण गरिएको थियो । कक्षाकोठाको अवलोकन पश्चात् शिक्षकहरूसँग प्रत्यक्ष रूपमा छलफल गरी उनीहरूका समस्याको पहिचानका साथै समाधानका उपायहरू पनि प्रस्तुत गरिएको थियो । यसरी कक्षाकोठाको अवलोकन र छलफलमार्फत प्राप्त जानकारीहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

## ४.१ शिक्षकहरूद्वारा कक्षाकोठामा सम्पादित विविध कक्षागत क्रियाकलापहरूको प्रयोगको अवस्था

यस अध्ययनको मूल उद्देश्य विद्यालयमा कार्यरत शिक्षकहरूले कक्षाकोठामा शिक्षणका अभिन्न अङ्गको रूपमा प्रयोग गर्नुपर्ने कक्षागत क्रियाकलापहरूको समयोचित र योजनाबद्ध प्रयोगको अवस्थाको अध्ययन रहेकोमा विज्ञहरूद्वारा उनीहरूको कक्षा शिक्षणको अवलोकन अनुसूची नं. २ र ३ मा दिइएबमोजिमका श्रेणीमापन फारमको उपयोग गरेर यसबारे जानकारी प्राप्त गरिएको थियो । यसको लागि दुईओटा अलग अलग फारामहरू प्रयोग गरिएका थिए । यी फारामहरूमध्ये पहिलो अवलोकन फाराममार्फत शिक्षकहरूद्वारा कक्षाकोठामा कक्षागत क्रियाकलापहरू प्रयोगको अवस्थाको अध्ययन गरिएको थियो । अनुसूचीमा दिइएबमोजिमको अवलोकन फारामको प्रयोग गरेर शिक्षकहरूले कक्षाकोठामा प्रयोग गर्नुपर्ने विविध कक्षागत क्रियाकलापहरू प्रयोगहरूको अवस्थाबारे प्राप्त जानकारीहरू निम्नानुसारका उपशीर्षकहरूमा विश्लेषण गरिएको छ :

### पाठयोजनाको प्रयोगको अवस्था

शिक्षकको कक्षागत क्रियाकलापअन्तर्गत पाठयोजनाको निर्माण एक निकै महत्त्वपूर्ण कक्षागत क्रियाकलाप हो । राम्रो पाठयोजनाले शिक्षण सिकाइलाई उपलब्धिपूर्ण बनाउँछ । यस अध्ययनमा शिक्षकहरूको पाठयोजना निर्माण तथा प्रयोगको अवस्थाबारे प्रत्यक्ष अवलोकन, शिक्षक तथा प्रधानाध्यापकको प्रतिक्रियाको आधारमा जानकारी प्राप्त गरिएको थियो । यी जानकारीहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका ४.१ पाठयोजनाको प्रयोगको अवस्था**

| धेरै राम्रो | राम्रो | उपयुक्त | सामान्य | कमजोर | जम्मा |
|---|---|---|---|---|---|
| ९ (१३.८%) | ३१ (४७.७%) | १३ (२०.०%) | ४ (६.२%) | ८ (१२.३%) | ६५ (१००%) |

माथिको तालिकाले प्रस्तुत गरेअनुसार ८० प्रतिशत भन्दा बढी शिक्षकहरूले पाठयोजना निर्माण गरेर प्रयोग गरिएको पाइयो । यसले शिक्षकहरूमा पाठयोजना निर्माण र प्रयोग गर्ने सिप राम्रो रहेको भन्न सकिन्छ । पाठयोजना निर्माण र प्रयोग सम्बन्धी शिक्षकको पेसागत सिप राम्रो हुनुको एक प्रमुख कारण सम्बन्धित बुढानीलकण्ठ नगरपालिकाको शिक्षा महाशाखाले शिक्षकहरूलाई एक शिक्षक डायरी प्रदान गरी अनिवार्य रूपमा पाठयोजना निर्माण गर्न लगाएको अवस्थालाई पनि लिन सकिन्छ । यसले शिक्षकलाई

आफ्नो शिक्षक डायरी अद्यावधिक राख्न लगाएकाले पाठयोजना निर्माण र प्रयोगको अवस्था राम्रो रहेको निक्यौल गर्न सकिन्छ ।

उत्प्रेरणाको प्रयोग

उत्प्रेरणाको प्रभावकारी प्रयोग शिक्षकहरूको कक्षागत क्रियाकलापहरूको एक निकै महत्त्वपूर्ण र अनिवार्य अवयव हो । यसले विद्यार्थीहरूमा सिकाइप्रति तत्परता उत्पन्न गर्छ । यस अध्ययनले शिक्षकहरूद्वारा कक्षाकोठामा उत्प्रेरणाको प्रयोगको अवस्थाको लेखाजोखा गरेको थियो । यस अध्ययनबाट प्राप्त जानकारीहरूलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४.२ उत्प्रेरणाको प्रयोगको अवस्था**

| धेरै राम्रो | राम्रो | उपयुक्त | सामान्य | कमजोर | जम्मा |
|---|---|---|---|---|---|
| ८ (१२.३%) | ३२ (४९.२%) | १९ (२९.२%) | ६ (९.२%) | ० (0%) | ६५ (१००%) |

माथिको तालिकाले दिएको जानकारीअनुसार अवलोकन गरिएका कक्षाहरूमध्ये ९० प्रतिशत कक्षाहरूमा शिक्षकहरूले पाठ थालनी गर्नुपूर्व उत्प्रेरणाको उपयुक्त प्रयोग गरेको पाइयो । यसले शिक्षकहरूमा उत्प्रेरणाको प्रयोग सम्बन्धी सिप प्रभावकारी रहेको निष्कर्षमा पुग्न सकिन्छ ।

शिक्षण सामग्रीको प्रयोग

शिक्षण सामग्री प्रयोगको सिप शिक्षकहरूमा हुनुपर्ने एक निकै महत्त्वपूर्ण पेसागत सिप हो । शिक्षण सामग्रीको प्रयोगले विद्यार्थीहरूको बोधलाई स्पष्ट पार्न सहयोग गर्नुको साथै उनीहरूलाई सिकाइतर्फ उत्प्रेरित गर्नमा समेत सहयोग गर्छ । कक्षाकोठाको अवलोकनको क्रममा शिक्षकहरूद्वारा शिक्षण सामग्रीको प्रयोगको अवस्था निम्नानुसार रहेको पाइयो :

**तालिका ४.३ शिक्षण सामग्रीको प्रयोगको अवस्था**

| धेरै राम्रो | राम्रो | उपयुक्त | सामान्य | कमजोर | जम्मा |
|---|---|---|---|---|---|
| ९ (१३.८%) | १४ (२१.५%) | २५ (३८.५%) | १७ (२६.२%) | ० (0%) | ६५ (१००%) |

उपर्युक्त तालिकामा प्रस्तुत गरेअनुसार लगभग ३५ प्रतिशत प्रस्तुति धेरै राम्रो र राम्रो वर्गका थिए भने बाँकी प्रस्तुति औसत दर्जा र सामान्य दर्जाका थिए । यस प्राप्तिमार्फत प्राप्त निष्कर्षअनुसार शिक्षकहरूको शिक्षण सामग्रीको प्रयोग सम्बन्धी सिप सन्तोषजनक भए तापनि यसमा सुधारको आवश्यकता देखियो ।

**पाठको प्रस्तुति**

अध्ययनको क्रममा शिक्षकले गरेको पाठको प्रस्तुतिको स्वरूपको समेत लेखाजोखा गरिएको थियो । शिक्षकद्वारा गरिएको पाठको प्रस्तुतिको अवस्था निम्नानुसार रहेको पाइयो :

**तालिका ४.४ पाठको प्रस्तुतिको अवस्था**

| धेरै राम्रो | राम्रो | उपयुक्त | सामान्य | कमजोर | जम्मा |
|---|---|---|---|---|---|
| ८ (१२.३%) | ४२ (६४.६%) | १३ (२०.०%) | २ (३.१%) | ० (0%) | ६५ (१००%) |

माथि प्रस्तुत जानकारीअनुसार कक्षाकोठामा शिक्षकद्वारा गरिएको पाठको प्रस्तुतिको अवस्थाको आँकलन गर्दा ७५ प्रतिशत कक्षाहरू राम्रो देखिनु र मात्र दुई कक्षाको प्रस्तुति सामान्य देखिनुले पाठको प्रस्तुतिको अवस्था समग्र रूपमा राम्रो नै रहेको भन्न सकिन्छ ।

### शिक्षण विधिको प्रयोग

कक्षाकोठामा शिक्षकहरूले थरी थरीका शिक्षण विधिहरू प्रयोग गर्छन् । यी विधिहरूको प्रयोग एकल अथवा मिश्रित रूपमा प्रयोग गरिन्छन् । विधिहरूको प्रयोग पाठको प्रकृतिको अनुरूप हुनुपर्छ । यस अध्ययनअन्तर्गत शिक्षकहरूद्वारा शिक्षण विधिको प्रयोगको गुणस्तरको लेखाजोखा गरिएको थियो । यस लेखाजोखाको प्राप्ति निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका ४.५ शिक्षण विधिको प्रयोगको अवस्था**

| धेरै राम्रो | राम्रो | उपयुक्त | सामान्य | कमजोर | जम्मा |
|---|---|---|---|---|---|
| ७ (१०.८%) | २८ (४३.१%) | २८ (४३.१%) | २ (३.१%) | ० (0%) | ६५ (१००%) |

माथि प्रस्तुत तालिकाअनुसार शिक्षण विधिको प्रयोगको अवस्था सम्बन्ध अवलोकन गरिएका आधिभन्दा कक्षाहरूमा यसको अवस्था राम्रो अथवा त्यसभन्दा माथि देखिए तापनि ४५ प्रतिशत कक्षाहरूमा यसको प्रयोगको अवस्था उपयुक्त र सामान्य स्वरूपको मात्र पाइएकाले यस क्षेत्रमा सुधारको आवश्यकता देखियो ।

### शिक्षण सिकाइमा विद्यार्थीको सहभागिता

शिक्षण एकहोरो सम्प्रेषण नभएर एक अन्तर्कियात्मक प्रक्रिया हो । एक राम्रो कक्षामा विद्यार्थीहरू शिक्षण सिकाइमा पूर्ण सक्रिय हुनुपर्छ । यस अध्ययनअन्तर्गत कक्षाकोठामा शिक्षणको अवलोकनको क्रममा शिक्षणमा विद्यार्थीको सहभागिताको अवस्थाको समेत लेखाजोखा गरिएको थियो । यस अवलोकनबाट प्राप्त जानकारीहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका ४.६ शिक्षण सिकाइमा विद्यार्थीको सहभागिताको अवस्था**

| धेरै राम्रो | राम्रो | उपयुक्त | सामान्य | कमजोर | जम्मा |
|---|---|---|---|---|---|
| ११ (१६.९%) | २७ (४१.५%) | २३ (३५.४%) | ४ (६.२%) | ० (0%) | ६५ (१००%) |

माथिको तालिकामा प्रस्तुत गरिएअनुसार अवलोकन गरिएका कक्षाहरूमध्ये ९० प्रतिशतभन्दा बढी कक्षाहरूमा शिक्षण सिकाइको कार्यमा विद्यार्थीको सहभागिताको अवस्था उपयुक्त र त्यो भन्दा माथि नै रहेको पाइएकाले यसलाई राम्रो नै मान्न सकिन्छ भने ६.२ प्रतिशत सामान्य रहेको पाइयो ।

### कक्षाकोठाको वातावरण व्यवस्थापन

कक्षाकोठाको वातावरणको व्यवस्थापन शिक्षकमा हुनुपर्ने एक निकै महत्त्वपूर्ण कक्षागत क्रियाकलाप हो । यसले विशेष गरेर सिकाइका लागि उपयुक्त वातावरणलाई समेट्छ । कक्षाकोठाको वातावरणको व्यवस्थापन एक बहुपक्षीय सिप भए तापनि कक्षाकोठामा भइरहेको शिक्षण सिकाइको अवलोकनको क्रममा यसको प्रभावकारी उपयोगको आधारमा वातावरण व्यवस्थापनको मूल्याङ्कन गरिएको थियो । यस अवलोकनमार्फत प्राप्त जानकारीहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका ४.७ : कक्षाकोठाको वातावरण व्यवस्थापनको अवस्था**

| धेरै राम्रो | राम्रो | उपयुक्त | सामान्य | कमजोर | जम्मा |
|---|---|---|---|---|---|
| १० (१५.४%) | २८ (४३.१%) | २४ (३६.९%) | ३ (४.६%) | ० (0%) | ६५ (१००%) |

माथि प्रस्तुत तालिकाअनुसार लगभग ६० प्रतिशत कक्षाकोठाहरूमा शिक्षण सिकाइको वातावरण राम्रो देखिए तापनि ४० प्रतिशत कक्षाहरूमा यसको अवस्था उपयुक्त र सामान्यको श्रेणीमा पर्नुले शिक्षकहरूको यस सिपमा सुधार गर्नुपर्ने आवश्यकता देखियो ।

### पाठको योजनाबद्ध पुनरावृत्ति

पाठको योजनाबद्ध पुनरावृत्ति शिक्षण सिकाइ कार्यको एक अपरिहार्य चरण हो । यसले विद्यार्थीहरूको सिकाइलाई सुदृढ गर्छ । तसर्थ पाठको योजनाबद्ध पुनरावृत्ति शिक्षण सिपको एक महत्त्वपूर्ण अङ्गको रूपमा लिइन्छ । यस अध्ययनले शिक्षकमा रहेको यस कक्षागत क्रियाकलापको समेत आँकलन गरेको थियो । यसको प्राप्तिलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४.८ पाठको योजनाबद्ध पुनरावृत्तिको अवस्था**

| धेरै राम्रो | राम्रो | उपयुक्त | सामान्य | कमजोर | जम्मा |
|---|---|---|---|---|---|
| ४ (६.२%) | ३४ (५२.३%) | १८ (२७.७%) | ८ (१२.३%) | १ (१.५%) | ६५ (१००%) |

अध्ययनको कममा प्राप्त जानकारीअनुसार शिक्षकहरूद्वारा पाठको योजनाबद्ध प्रस्तुतिको अवस्था सन्तोषजनक रहेको मान्न सकिन्छ । कुल शिक्षकहरूमध्ये ८५ प्रतिशतभन्दा बढी शिक्षकहरूले गरेको पाठको योजनाबद्ध प्रस्तुतिको अवस्था उपयुक्त अथवा त्यो भन्दा माथिल्लो अवस्थाको रहेको पाइयो भने समान्य १२.३ प्रतिशत र कमजोर १.५ प्रतिशत रहेको पाइयो ।

### मूल्याङ्कनको प्रयोग

मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्ग हो । यसले विद्यार्थीहरूको सिकाइ उपलब्धिको गुणस्तर लेखाजोखा गर्नुको साथै विद्यार्थी र शिक्षक दुवैलाई सुधारको लागि पृष्ठपोषण समेत प्रदान गर्छ तसर्थ मूल्याङ्कनको उपयुक्त प्रयोगलाई शिक्षकहरूमा हुनुपर्ने एक महत्त्वपूर्ण पेसागत सिप र कक्षागत क्रियाकलापको रूपमा लिइन्छ । यस अध्ययनले शिक्षकहरूमा हुनुपर्ने यस कक्षागत क्रियाकलापको अवस्थाबारे पनि कक्षा अवलोकनमार्फत जानकारी प्राप्त गर्ने प्रयास गरेको थियो । यस अवलोकनमार्फत प्राप्त जानकारीलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४.९ मूल्याङ्कनको प्रयोगको अवस्था**

| धेरै राम्रो | राम्रो | उपयुक्त | सामान्य | कमजोर | जम्मा |
|---|---|---|---|---|---|
| ५ (७.७%) | ३३ (५०.८%) | १८ (२७.७%) | ६ (९.२%) | ३ (४.६%) | ६५ (१००%) |

शिक्षकद्वारा कक्षा शिक्षणमा मूल्याङ्कनको प्रयोगको अवस्थाको आँकलन गर्दा शिक्षकहरूमा यस सम्बन्धी सिप उपयुक्त रहेको पाइयो । कुल शिक्षकहरूमध्ये ८५ प्रतिशतभन्दा बढी शिक्षकले यसलाई कक्षाकोठामा उपयुक्त तरिकाले प्रयोग गरेका थिए ।

### पृष्ठपोषणको प्रयोग

कक्षाकोठामा विद्यार्थीको सिकाइको मूल्याङ्कन जति आवश्यक हुन्छ, यस आधारमा पृष्ठपोषण पनि झन् आवश्यक हुन्छ । मूल्याङ्कनले लेखाजोखा गर्छ भने पृष्ठपोषणले सिकाइमा सुधार गर्छ । सिकाइलाई गुणस्तरयुक्त बनाउन मूल्याङ्कन पश्चात् अनिवार्य रूपमा पृष्ठपोषण गर्नुपर्छ । प्रभावकारी शिक्षण सिकाइमा लागि शिक्षकमा मूल्याङ्कन पश्चात् पृष्ठपोषण गर्ने सिप हुनुपर्छ । यस अध्ययनको क्रममा शिक्षकमा यो सिपको उपस्थितिको कक्षा अवलोकनमार्फत लेखाजोखा गरिएको थियो । अध्ययनमार्फत प्राप्त जानकारीलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४.१० : पृष्ठपोषणको प्रयोगको अवस्था**

| धेरै राम्रो | राम्रो | उपयुक्त | सामान्य | कमजोर | जम्मा |
|---|---|---|---|---|---|
| ५ (७.७%) | २२ (३३.८%) | २४ (३६.९%) | १० (१५.४%) | ४ (६.२%) | ६५ (१००%) |

माथिको तालिकामा प्रस्तुत जानकारीअनुसार कक्षाकोठामा मूल्याङ्कन पश्चात् पृष्ठपोषणको प्रयोगको अवस्था औसत दर्जाको मात्र रहेको पाइयो । अवलोकन गरिएका कक्षाहरूमध्ये लगभग ४० प्रतिशत कक्षामा पृष्ठपोषणको प्रयोगको अवस्था राम्रो थियो भने बाँकी ६० प्रतिशत कक्षामा यसको प्रयोगको अवस्था औसत वा यसभन्दा कम नै रहेको पाइयो ।

### कक्षाकार्य/गृहकार्यको प्रयोग

सिकाइको सबैभन्दा राम्रो उपाय गरेर सिक्नु हो । यसमा कक्षाकार्य र गृहकार्यको निकै महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । कक्षाकोठामा कक्षाकार्य र गृहकार्यको प्रभावकारी प्रयोग शिक्षकको एक कक्षागत महत्त्वपूर्ण क्रियाकलाप हो । यस अध्ययनको क्रममा शिक्षकमा रहेको यस सिपको पनि अवलोकनमार्फत लेखाजोखा गरिएको थियो । यस अवलोकनको निष्कर्ष निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका ४.११ कक्षाकार्य/गृहकार्यको प्रयोगको अवस्था**

| धेरै राम्रो | राम्रो | उपयुक्त | सामान्य | कमजोर | जम्मा |
|---|---|---|---|---|---|
| ७ (१०.८%) | २१ (३२.३%) | ३१ (४७.७%) | ५ (७.७%) | १ (१.५%) | ६५ (१००%) |

माथिको तालिकामा प्रस्तुत जानकारीअनुसार अवलोकन गरिएका कुल कक्षाहरूमध्ये ४० प्रतिशतभन्दा बढी कक्षाहरूमा यसको प्रयोग राम्रो र माथिल्लो श्रेणीको रहेको पाइयो तर लगभग आधि कक्षा (६५ मध्ये ३१ कक्षा) मा औसत दर्जा अर्थात् उपयुक्त दर्जाको देखिनुले यस क्षेत्रमा सुधारको आवश्यकता देखा परेको छ ।

### शिक्षक डायरीको प्रयोग

यस अध्ययनको अध्ययन क्षेत्रको रूपमा रहेको बुढानीलकण्ठ नगरपालिकाले शिक्षकहरूलाई एक शिक्षक डायरी उपलब्ध गराएको छ । यस डायरीले शिक्षकहरूलाई विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य, तहगत सक्षमताहरू, शिक्षक सक्षमता प्रारूप, विद्यालय शिक्षा सम्बन्धी विविध पक्षहरू, पाठ्यक्रम, मूल्याङ्कन, कार्यमूलक अनुसन्धान आदि जस्ता पक्षहरूका बारे जानकारी दिनुका साथै शैक्षणिक योजनाको निर्माणबारे जानकारीसमेत प्रदान गरेको छ । शिक्षकले यस डायरीलाई वार्षिक, एकाइ र पाठयोजना निर्माणको लागि समेत प्रयोग गर्छन् । यस अध्ययनको क्रममा शिक्षकहरूले यस डायरीलाई योजना निर्माण गर्न नियमित

तवरमा प्रयोग गरेको वा नगरेको समेत आँकलन गरिएको थियो । यसमार्फत प्राप्त जानकारीहरूलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४.१२ शिक्षक डायरीको प्रयोगको अवस्था**

| धेरै राम्रो | राम्रो | उपयुक्त | सामान्य | कमजोर | जम्मा |
|---|---|---|---|---|---|
| ४ (६.२%) | ३६ (५५.४%) | १३ (२०%) | ३ (४.६%) | ९(१३.८%) | ६५ (१००%) |

यस अध्ययनमार्फत प्राप्त जानकारीअनुसार दुईतिहाइ शिक्षकहरूले डायरीको नियमित तवरमा राम्रो तवरले प्रयोग गरिरहेका थिए । २० प्रतिशत शिक्षकहरूको प्रयोगको अवस्था उपयुक्त श्रेणीको थियो भने १३.८ प्रतिशत शिक्षकहरूले यसलाई प्रयोग गरेको पाइएन । समग्रमा डायरीको प्रयोगको अवस्था सन्तोषजनक मान्न सकिए तापनि यसको प्रयोगलाई अझ बढी प्रभावकारी र सशक्त बनाउन शिक्षकहरूलाई थप प्रोत्साहित गर्दै शिक्षक डायरीको प्रयोगमा बढोत्तरी गराउनुपर्ने देखिन्छ ।

## ४.२ कक्षागत क्रियाकलापको समय व्यवस्थापनको अवस्था

प्रभावकारी कक्षागत क्रियाकलाप कक्षाकोठाको प्रभावकारी शिक्षण सिकाइको अभिन्न अङ्ग हुन भने यिनीहरूको समयोचित र योजनाबद्ध प्रयोग यसको सफलताको आधारभूत शर्त हो । यस अध्ययनअन्तर्गत शिक्षकहरूले कक्षाकोठामा प्रयोग गरेका कक्षागत क्रियाकलापको उपयुक्त अध्ययन गर्नुका साथै यिनीहरूको समयोचित र योजनाबद्ध प्रयोगको अवस्थाको पनि अध्ययन गरिएको थियो । यसको लागि कक्षा अवलोकन फाराम प्रयोग गरेर कक्षागत क्रियाकलापहरूको समयोचित र योजनाबद्ध प्रयोगको उपयुक्ततालाई धेरै राम्रो, राम्रो, उपयुक्त, सामान्य र कमजोरका पाँच श्रेणीहरूमा मूल्याङ्कन गरिएको थियो । यसरी प्राप्त श्रेणीहरूका बारम्बारता गणना गरेर तालिकीकरण गरिएको थियो । यी धेरै राम्रो, राम्रो, उपयुक्त, सामान्य र कमजोरका पाँच श्रेणीहरू कमशः ५, ४, ३, २ र १ अङ्कभार प्रदान गरी अध्ययन गरिएका प्रत्येक कक्षागत क्रियाकलापलाई अङ्कभार प्रदान गरिएको थियो । अङ्कभारको व्याख्या गर्दा ७० प्रतिशत भन्दा माथिको अङ्कभारलाई राम्रो, ४० देखि ७० प्रतिशतलाई सन्तोषजनक र ४० प्रतिशतभन्दा कमलाई अनुपयुक्तको श्रेणीमा व्याख्या गरिएको थियो । अवलोकन फाराम अनुसूची २ मा प्रस्तुत गरिएको छ । यस अध्ययनका प्राप्तिहरूलाई निम्नानुसारका उपशीर्षकहरूमा प्रस्तुत गरिएको छ :

### उत्प्रेरणाको समय व्यवस्थापन

अध्ययनको क्रममा गरिएको अवलोकनमार्फत प्राप्त जानकारी अनुसार शिक्षकको कक्षागत क्रियाकलापअन्तर्गत उत्प्रेरणाको समय व्यवस्थापनको अवस्था निम्नानुसार रहेको पाइयो :

**तालिका ४.१३ उत्प्रेरणाको समय व्यवस्थापन**

| श्रेणी | धेरै राम्रो | राम्रो | उपयुक्त | सामान्य | कमजोर |
|---|---|---|---|---|---|
| अङ्कभार | ५ | ४ | ३ | २ | १ |
| बारम्बारता | ८ | ३२ | १९ | ६ | ० |
| कुल अङ्कभार | ४० | १२८ | ५७ | १२ | ० |

जम्माः २३७, प्रतिशतः ७२.९ प्रतिशत

कक्षाकोठाको शिक्षणमा शिक्षकद्वारा गरिएको उत्प्रेरणाको समय व्यवस्थापनका लागि अवलोकनकर्ताहरूले दिएको श्रेणीलाई अङ्कमा बदलेर यसको कुल अङ्कभार २३७ र ६५ जना शिक्षकले प्राप्त गर्न सक्ने अधिकतम अङ्क ३२५लाई आधार मानेर प्रतिशत गणना गर्दा यसको प्रतिशत ७२.८ प्रतिशत पाइयो । यसको मान ७० प्रतिशतभन्दा बढी रहेकाले शिक्षकद्वारा गरिएको उत्प्रेरणाको समय व्यवस्थापनको स्वरूप राम्रो रहेको पाइयो ।

### शिक्षण सामग्रीको प्रयोगको समय व्यवस्थापन

यस अध्ययनमा शिक्षकले कक्षाकोठामा प्रयोग गरेको कक्षागत क्रियाकलापअन्तर्गत शिक्षण सामग्रीको प्रयोगको समय व्यवस्थापनको स्वरूपको कक्षा अवलोकनमार्फत लेखाजोखा गरिएको थियो । यसको समय व्यवस्थापनको अवस्था निम्नानुसार रहेको पाइयो :

**तालिका ४.१४ शिक्षण सामग्रीको प्रयोगको समय व्यवस्थापन**

| श्रेणी | धेरै राम्रो | राम्रो | उपयुक्त | सामान्य | कमजोर |
|---|---|---|---|---|---|
| अङ्कभार | ५ | ४ | ३ | २ | १ |
| बारम्बारता | ८ | ३२ | १९ | ६ | ० |
| कुल अङ्कभार | ४० | १२८ | ५७ | १२ | ० |

जम्माः २१७, प्रतिशतः ६६.८ प्रतिशत

कक्षाकोठाको शिक्षणमा शिक्षकद्वारा गरिएको शिक्षण सामग्रीको प्रयोगको समय व्यवस्थापनका लागि अवलोकनकर्ताहरूले दिएको श्रेणीलाई अङ्कमा बदलेर यसको कुल अङ्कभार २१७ र ६५ जना शिक्षकले प्राप्त गर्न सक्ने अधिकतम अङ्क ३२५लाई आधार मानेर प्रतिशत गणना गर्दा यसको प्रतिशत ६६.८ प्रतिशत पाइयो । यसको मान ४० देखि ७० प्रतिशतको बिच रहेकाले शिक्षकद्वारा गरिएको शिक्षण सामग्रीको प्रयोगको समय व्यवस्थापनको स्वरूप सन्तोषजनक रहेको पाइयो ।

### प्रस्तुतीकरणको समय व्यवस्थापन

कक्षाकोठामा शिक्षकको प्रस्तुति शिक्षकले गर्ने कक्षागत क्रियाकलापको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो । यसमार्फत नै शिक्षकले पाठ्यक्रमको उद्देश्यअनुसार विषयवस्तुलाई विद्यार्थीसँग जोड्ने कार्य गर्छन् । यस अध्ययनको कममा शिक्षकद्वारा गरिने प्रस्तुतीकरणको समय व्यवस्थापन बारे पनि कक्षाकोठाको शिक्षण सिकाइको प्रत्यक्ष अवलोकनमार्फत अध्ययन गरिएको थियो । अध्ययनबाट प्रस्तुतीकरणको समय व्यवस्थापनको देखा परेको अवस्था निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४.१५ : प्रस्तुतीकरणको समय व्यवस्थापन**

| श्रेणी | धेरै राम्रो | राम्रो | उपयुक्त | सामान्य | कमजोर |
|---|---|---|---|---|---|
| अङ्कभार | ५ | ४ | ३ | २ | १ |
| बारम्बारता | ८ | ३८ | १६ | ३ | ० |
| कुल अङ्कभार | ४० | १५२ | ४८ | ६ | ० |

जम्माः २७६, प्रतिशतः ७५.७ प्रतिशत

कक्षाकोठाको शिक्षणमा शिक्षकद्वारा गरिएको प्रस्तुतीकरण समय व्यवस्थापनका लागि अवलोकनकर्ताहरूले दिएको श्रेणीलाई अङ्कमा बदलेर यसको कुल अङ्कभार २७६ र प्रतिशत ७५.७ प्रतिशत पाइयो । यसको मान ७० प्रतिशत भन्दा बढी रहेकाले शिक्षकद्वारा गरिएको शिक्षण पद्धतिमा प्रयोग भएको समय व्यवस्थापनको स्वरूप राम्रो रहेको पाइयो ।

**मूल्याङ्कनको समय व्यवस्थापन**

प्रभावकारी शिक्षणका लागि शिक्षकले कक्षाकोठामा गर्ने एक प्रमुख क्रियाकलाप विद्यार्थीको सिकाइको निरन्तर मूल्याङ्कन हो । यसले विद्यार्थीको सिकाइमा निरन्तर सुधार गर्ने कार्य गर्छ । यस अध्ययनको क्रममा शिक्षकद्वारा कक्षाकोठामा गर्ने मूल्याङ्कनको समय व्यवस्थापनबारे पनि कक्षाकोठाको शिक्षण सिकाइको प्रत्यक्ष अवलोकनमार्फत अध्ययन गरिएको थियो । अध्ययनबाट मूल्याङ्कनको समय व्यवस्थापनको देखापरेको अवस्था निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४.१६ मूल्याङ्कनको समय व्यवस्थापन**

| श्रेणी | धेरै राम्रो | राम्रो | उपयुक्त | सामान्य | कमजोर |
|---|---|---|---|---|---|
| अङ्कभार | ५ | ४ | ३ | २ | १ |
| बारम्बारता | २ | २९ | २५ | ७ | २ |
| कुल अङ्कभार | १० | ११६ | ७५ | १४ | २ |

जम्माः २१७, प्रतिशतः ६६.८ प्रतिशत

माथिको तालिकामा प्रस्तुत गरिएअनुसार कक्षा अवलोकनकर्ताले अवलोकनमार्फत मूल्याङ्कनको समय व्यवस्थापनका लागि दिएको कुल अङ्कभार २१७ र प्रतिशत ६६.८ प्रतिशत रहेको पाइयो । यसरी यसको मान ४० देखि ७० प्रतिशतको बिच रहेकाले शिक्षकद्वारा गरिएको मूल्याङ्कनको समय व्यवस्थापनको स्वरूप सन्तोषजनक रहेको पाइयो ।

**पृष्ठपोषणको समय व्यवस्थापन**

शिक्षकको कक्षागत क्रियाकलापअन्तर्गत उनीहरूले विद्यार्थीलाई सिकाइका लागि गर्ने पृष्ठपोषणको समय व्यवस्थापनको स्वरूपको समेत प्रत्यक्ष अवलोकनमार्फत आँकलन गरिएको थियो । यसको प्राप्ति निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४.१७ पृष्ठपोषणको समय व्यवस्थापन**

| श्रेणी | धेरै राम्रो | राम्रो | उपयुक्त | सामान्य | कमजोर |
|---|---|---|---|---|---|
| अङ्कभार | ५ | ४ | ३ | २ | १ |
| बारम्बारता | ३ | १० | २८ | २१ | ३ |
| कुल अङ्कभार | १५ | ४० | ८४ | ४२ | ३ |

जम्माः १८४, प्रतिशतः ५६.६ प्रतिशत

अवलोकनमार्फत प्राप्त जानकारीअनुसार अवलोकनकर्ताहरूले श्रेणीमापनमार्फत पृष्ठपोषणको समय

व्यवस्थापनका लागि दिएको कुल अङ्कभार १८४ र प्रतिशत ५६.६ प्रतिशत रहेको पाइयो । यसरी यसको मान ४० देखि ७० प्रतिशतको बिच रहेकाले शिक्षकद्वारा गरिएको मूल्याङ्कनको समय व्यवस्थापनको स्वरूप सन्तोषजनक रहेको पाइए तापनि शिक्षकले गर्ने कक्षागत क्रियाकलापमा पृष्ठपोषणको समय व्यवस्थापनको अवस्था सबैभन्दा कमजोर रहेको पाइयो ।

**शिक्षकको सक्रियताको मात्रा**

शिक्षकको कक्षागत क्रियाकलापअन्तर्गत उनीहरूको सक्रियताको मात्रा पनि आँकलन गरिएको थियो । आँकलनको नतिजा निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४.१८ शिक्षकको सक्रियताको मात्रा**

| श्रेणी | धेरै राम्रो | राम्रो | उपयुक्त | सामान्य | कमजोर |
|---|---|---|---|---|---|
| अङ्कभार | ५ | ४ | ३ | २ | १ |
| बारम्बारता | १६ | ३३ | १४ | २ | ० |
| कुल अङ्कभार | ८० | १३२ | ४२ | ४ | ० |

जम्मा: २५८,     प्रतिशत: ७९.४ प्रतिशत

माथिको तालिकामा प्रस्तुत गरिएअनुसार कक्षा अवलोकनकर्ताले अवलोकनमार्फत शिक्षकको सक्रियताको मात्राको समय व्यवस्थापनका लागि दिएको कुल अङ्कभार २५८ र प्रतिशत ७९.४ प्रतिशत रहेको पाइयो । यसरी यसको मान ७० प्रतिशतभन्दा निकै माथि रहेकाले शिक्षकहरूको सक्रियताको मात्राकाको समय व्यवस्थापनको स्वरूप राम्रो रहेको पाइयो ।

**विद्यार्थीको सक्रियताको मात्रा**

शिक्षण सिकाइअन्तर्गत गरिने कक्षागत क्रियाकलापअन्तर्गत शिक्षकहरूका साथै विद्यार्थीहरूको सक्रियताको मात्रा पनि आँकलन गरिएको थियो । आँकलनको नतिजा निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४.१९ विद्यार्थीको सक्रियताको मात्रा**

| श्रेणी | धेरै राम्रो | राम्रो | उपयुक्त | सामान्य | कमजोर |
|---|---|---|---|---|---|
| अङ्कभार | ५ | ४ | ३ | २ | १ |
| बारम्बारता | १० | २९ | २० | ६ | ० |
| कुल अङ्कभार | ५० | ११६ | ६० | १२ | ० |

जम्मा: २३८,     प्रतिशत: ७३.२ प्रतिशत

माथिको तालिकामा प्रस्तुत गरिएअनुसार कक्षा अवलोकनकर्ताले अवलोकनमार्फत विद्यार्थीहरूको सक्रियताको मात्राका लागि दिएको कुल अङ्कभार २३८ र प्रतिशत ७३.२ प्रतिशत रहेको पाइयो । यसरी यसको मान ७० प्रतिशत भन्दा माथि रहेकाले विद्यार्थीहरूको सक्रियताको मात्राको स्वरूप राम्रो रहेको पाइयो ।

**अन्तरक्रियाको मात्रा**

कक्षागत क्रियाकलापको एक महत्त्वपूर्ण अङ्ग यहाँ हुने शिक्षक र विद्यार्थीबिचको अन्तर्किया हो । यसद्वारा

नै सिकाइको आदान प्रदान हुन्छ। अन्तरक्रियात्मक कक्षा एक प्रभावकारी कक्षागत क्रियाकलाप भएकाले अवलोकनमार्फत यसको पनि गुण निर्धारण गरिएको थियो। यस अवलोकनको नतिजा निम्नानुसार प्रस्तुत गरिएका छ :

**तालिका ४.२० : अन्तरक्रियाको मात्रा**

| श्रेणी | धेरै राम्रो | राम्रो | उपयुक्त | सामान्य | कमजोर |
|---|---|---|---|---|---|
| अङ्कभाार | ५ | ४ | ३ | २ | १ |
| बारम्बारता | ११ | २३ | २१ | १० | ० |
| कुल अङ्कभार | ५५ | ९२ | ६३ | २० | ० |

जम्मा: २०३,    प्रतिशत: ७०.८ प्रतिशत

माथि प्रस्तुत तालिकाअनुसार अवलोकनकर्ताहरूले कक्षाकोठामा भएको अन्तरक्रियाका लागि कुल अङ्कभार २०३ प्रदान गरे जसको प्रतिशत ७०.८ प्रतिशत रहेको थियो। यसको मान ४० देखि ७० प्रतिशतको श्रेणीको बिचमा पर्ने भएकाले कक्षाकोठामा भएको अन्तरक्रियाको मात्रा राम्रो नै मान्न सकिन्छ।

**गृहकार्य/परियोजना कार्यको समय व्यवस्थापन**

गृहकार्य/परियोजना कक्षाभित्र सम्पन्न हुने कार्य नभए पनि यिनीहरू कक्षागत क्रियाकलापको परिपूरकको रूपमा रहेका हुन्छन्। यिनीहरूले 'गरेर सिकाए' तथा 'अभ्यासमार्फत सिकाइ'का लागि कक्षागत क्रियाकलापद्वारा अपेक्षित लक्ष्यहरूको हासिल गर्ने कार्यलाई पूर्णता प्रदान गर्छन्। यस अध्ययनमा गृहकार्य/परियोजना कार्यको समय व्यवस्थापनको गुणस्तरको पनि लेखाजोखा गरिएको थियो। यस लेखाजोखाको प्राप्तिलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४.२१ गृहकार्य/परियोजना कार्यको समय व्यवस्थापन**

| श्रेणी | धेरै राम्रो | राम्रो | उपयुक्त | सामान्य | कमजोर |
|---|---|---|---|---|---|
| अङ्कभार | ५ | ४ | ३ | २ | १ |
| बारम्बारता | ६ | २४ | १९ | ८ | ८ |
| कुल अङ्कभार | ३० | ९६ | ५७ | १६ | ८ |

जम्मा: २०७,    प्रतिशत: ६३.७ प्रतिशत

माथि प्रस्तुत तालिकाअनुसार अवलोकनकर्ताहरूले गृहकार्य/परियोजना कार्यको समय व्यवस्थापनको गुणस्तरका लागि कुल अङ्कभार २०७ प्रदान गरे जसको प्रतिशत ६३.७ प्रतिशत रहेको थियो। यसको मान ४० देखि ७० प्रतिशतको श्रेणीको बिचमा पर्ने भएकाले कक्षाकोठामा भएको अन्तरक्रियाको मात्रा सन्तोषजनक मान्न सकिन्छ।

**समग्र समय व्यवस्थापन**

शिक्षकद्वारा व्यवस्थापन गरिएको कक्षागत क्रियाकलापहरूको समग्र समय व्यवस्थापनको गुणस्तरलाई पनि प्रत्यक्ष अवलोकनमार्फत आँकलन गरिएको थियो। यसको निष्कर्ष निम्नानुसार रहेको पाइयो :

**तालिका ४.२२ समग्र समय व्यवस्थापन**

| श्रेणी | धेरै राम्रो | राम्रो | उपयुक्त | सामान्य | कमजोर |
|---|---|---|---|---|---|
| अङ्कभार | ५ | ४ | ३ | २ | १ |
| बारम्बारता | ११ | ३४ | १२ | ६ | २ |
| कुल अङ्कभार | ५५ | १३२ | ३६ | १२ | २ |

जम्मा: २४१, प्रतिशत: ७४.२ प्रतिशत

समग्र समय व्यवस्थापनको स्वरूपको लेखाजोखा गर्दा अवलोकनकर्ताहरूले यसलाई कुल २४१ अङ्कप्रदान गरे जसको प्रतिशत ७४.२ प्रतिशत रहेको पाइयो । यसको मान ७० प्रतिशतभन्दा बढी रहकाले समग्र समय व्यवस्थापनको स्वरूप राम्रो रहेको पाइयो ।

## ४.३ कक्षागत क्रियाकलापअन्तर्गत समय व्यवस्थापनका समस्याहरू

नमुना छनोटमा परेका विद्यालयका छनोटमा परेका विषयहरू अध्यापन गराउने शिक्षकहरूको कक्षा अवलोवकन र कक्षा अवलोकन पश्चात् शिक्षकहरूसँग गरिएको सम्मेलन एवम् छलफलका आधारमा शिक्षकहरूका कक्षागत क्रियाकलाप र समयको व्यवस्थापनको अवस्थासँग सम्बन्धित समस्याहरू निम्नानुसार रहेको पाइयो ।

- पुरानै शिक्षण शैलीमा अभ्यस्त भएको कारण र सूचना प्रविधिको प्रयोगमा कम दखलता भएकाले कार्य र समय व्यवस्थापनमा समस्या आएको भन्ने भनाइ अधिकांश शिक्षकले व्यक्त गरेका थिए ।
- कार्य बोझ बढी भएको कारण शैक्षणिक योजनाहरूको निर्माण र प्रयोग गर्न, क्रियात्मक अनुसन्धान सञ्चालन गर्न, शिक्षण सामग्रीको निर्माण र प्रयोग गर्न, कक्षाकार्य सञ्चालन गर्न तथा गृहकार्यलाई समयमै परीक्षण गर्न समस्या आउने गरेको छलफलका क्रममा शिक्षकहरूले बताएका थिए ।
- समयावधि तथा पुनर्ताजगी तालिमको अभाव, सूचना तथा सञ्चार प्रविधिमा परिचित भई कम्प्युटर सञ्चालन र प्रयोग सम्बन्धी तालिमको अभाव रहेको, पुनर्ताजगी तालिम प्रदान गर्ने तथा सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित तालिमलाई सञ्चालन गर्नुपर्ने जस्ता अभिमत शिक्षकहरूले छलफलका कममा व्यक्त गरेका थिए ।
- विद्यार्थीको अनुपस्थितिका कारण शिक्षकका शिक्षणसँग सम्बन्धित कार्य र त्यसको व्यवस्थापनमा समस्या आउने गरेको शिक्षकले समस्याका रूपमा औँल्याएका थिए ।
- शिक्षकहरूलाई प्रोत्साहित गर्ने खालका कार्यहरूमा कमी रहेको भन्ने भनाइलाई पनि शिक्षकहरूले समस्याका रूपमा औँल्याएका थिए ।
- शिक्षकको कार्य र समय व्यवस्थापनसँग सम्बन्धित समस्यामा नियमित रूपमा सुपरिवेक्षण र पृष्ठपोषण पनि प्रमुख रहेको भन्ने अभिमत व्यक्त गरेका थिए ।
- शिक्षक मेन्टरिङको अभाव रहेको पक्षलाई पनि समस्याकै रूपमा शिक्षकहरूले व्यक्त गरेका थिए ।

## ४.४ कक्षागत क्रियाकलापको समय व्यवस्थापनलाई प्रभावकारी बनाउने उपायहरू

शिक्षकहरूको कक्षागत क्रियाकलापहरूको अवलोकन र यसको गुणस्तरको आँकलन गर्नुका साथै

अवलोकनकर्ताहरूले यसलाई प्रभावकारी बनाउन शिक्षकहरूले अवलम्बन गर्नुपर्ने सुझावहरू पनि प्रस्तुत गरेका थिए । यी सुझावहरूको सूची र मात्राको प्राथमिकता क्रममा निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४.२२ सुझावहरू**

| क.सं. | सुझावहरू | सङ्ख्या |
|---|---|---|
| १. | शैक्षणिक सामग्रीको प्रयोगमा जोड | ४० (६१.५%) |
| २. | विद्यार्थीको सक्रियता बढाउने | २२ (३३.८%) |
| ३. | सामूहिक प्रश्न गर्ने र व्यक्तिगत उत्तर लिने | २२ (३३.८%) |
| ४. | पृष्ठपोषण प्रदान गर्ने | २२ (३३.८%) |
| ५. | उत्प्रेरणाको प्रयोग | १५ (२३.१%) |
| ६. | विद्यार्थीसँग अन्तरक्रियाको मात्रा बढाउने | ११ (१६.९%) |
| ७. | पाठयोजनाको प्रयोग गर्ने | १० (१५.४%) |
| ८. | प्रस्तुतीकरण सँगसँगै मूल्याङ्कन गर्ने | ९ (१३.८%) |
| ९. | बोर्डमा स्पष्ट लेख्ने | ८ (१२.३%) |
| १०. | विद्यार्थीकेन्द्रित विधिको प्रयोग गर्ने | ८ (१२.३%) |
| ११. | समय र प्रस्तुत गरिएको पाठ्यवस्तुको सन्तुलन मिलाउने | ७ (१०.८%) |
| १२. | कक्षामा गतिशील रहने | ६ (९.२%) |
| १३. | शिक्षण विधिमा विविधता ल्याउने | ५ (७.७%) |
| १४. | पाठको पुनरावृत्तिमा जोड दिने | ५ (७.७%) |
| १५. | समय व्यवस्थापनमा ध्यान दिने | ५ (७.७%) |
| १६. | विद्यार्थीको स्तर अनुरूप शिक्षण गर्ने | ३ (४.६%) |
| १७. | धारणाको स्पष्टतामा ध्यान दिने | १ (१.५%) |

माथिको तालिकामा प्रस्तुत गरेअनुसार लगभग दुईतिहाइ अवलोकनकर्ताहरू (६१.५ प्रतिशत) ले शैक्षणिक सामग्रीको प्रयोगमा जोड दिनुपर्ने सुझाव दिए । यसरी नै एकतिहाइ अवलोकनकर्ताहरू (३३.८ प्रतिशत) ले विद्यार्थीको सक्रियता बढाउने, सामूहिक प्रश्न गर्ने र व्यक्तिगत उत्तर लिने र पृष्ठपोषण प्रदान गर्ने जस्ता सुझावहरू दिए । अवलोकनकर्ताहरूले दिने अन्य प्रमुख सुझावहरूमा उत्प्रेरणाको प्रयोग (२३.१ प्रतिशत), विद्यार्थीसँग अन्तरक्रियाको मात्रा बढाउने (१६.९ प्रतिशत), पाठयोजनाको प्रयोग गर्ने (१५.४ प्रतिशत), प्रस्तुतीकरण सँगसँगै मूल्याङ्कन गर्ने (१३.८ प्रतिशत), बोर्डमा स्पष्ट लेख्ने (१२.३ प्रतिशत), विद्यार्थी केन्द्रित विधिको प्रयोग गर्ने (१२.३ प्रतिशत), समय र प्रस्तुत गरिएको पाठ्यवस्तुको सन्तुलन मिलाउने (१०.८ प्रतिशत) आदि थिए । दश प्रतिशतभन्दा कम अवलोकनकर्ताहरूले कक्षामा गतिशील रहने, शिक्षण विधिमा विविधता ल्याउने, पाठको पुनरावृत्तिमा जोड दिने समय व्यवस्थापनमा ध्यान दिने, विद्यार्थीको स्तर अनुरूप शिक्षण गर्ने, धारणाको स्पष्टतामा ध्यान दिने जस्ता सुझावहरू प्रदान गरे ।

## अध्याय पाँच : प्राप्ति निष्कर्ष र सुझाव

शिक्षकहरूको शिक्षण कार्य र समय व्यवस्थापनको अध्ययन हेतु छनोटमा परेका विद्यालयमा छनोटमा परेका शिक्षकहरूको कक्षा अवलोकन र समूह छलफलका आधारमा पाइएका प्राप्ति, निष्कर्ष र सुझावहरू निम्नानुसार प्रस्तुत गरिएका छन् :

### ५.१ प्राप्ति

यस अध्ययनका प्रमुख प्राप्ति निम्नानुसार रहेका छन् :

**(क) कक्षागत क्रियाकलापको प्रयोगको अवस्थासँग सम्बन्धित प्राप्तिहरू**

- अध्ययनका लागि कक्षा अवलोकन गर्दा छनोट गरिएका शिक्षकहरूमा दैनिक पाठयोजना निर्माण र प्रयोग गर्ने शिक्षक ८० प्रतिशत रहेको र २० प्रतिशत शिक्षकले दैनिक पाठयोजना निर्माण नगरेको र पाठको प्रस्तुति अवस्थालाई आँकलन गर्दा ७५ प्रतिशत शिक्षकको प्रस्तुति राम्रो रहेको र २५ प्रतिशत शिक्षकमा यो सिप कम रहेको पाइयो ।
- शिक्षण सिकाइको क्रममा विद्यार्थीको सक्रियताको अवस्थालाई हेर्दा ९० प्रतिशत जति कक्षाहरूको शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीको सक्रियता राम्रो रहेको पाइयो ।
- कक्षाकोठाभित्र उत्प्रेरणाको व्यवस्थापन गर्ने शिक्षक ९० प्रतिशत रहेकाले शिक्षकमा यो सिप रहेको पाइयो ।
- कक्षाकोठाको वातावरण व्यवस्थापनको अवस्थालाई हेर्दा लगभग ५९ प्रतिशत कक्षाकोठामा शिक्षण सिकाइको वातावरण राम्रो रहेको ४१ प्रतिशत शिक्षकमा यो सिपमा कमी रहेको पाइयो ।
- पाठलाई योजनाबद्ध रूपमा पुनरावृत्ति गर्ने शिक्षक ८६ प्रतिशत र नगर्ने शिक्षक १४ प्रतिशत रहेको पाइयो ।
- शिक्षण सिकाइको क्रममा विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने मूल्याङ्कन सिपलाई राम्रोसँग उपयोग गर्ने शिक्षक ८६ प्रतिशत रहेको पृष्ठपोषणको सिपलाई राम्रोसँग प्रयोग गर्ने ४१ प्रतिशत र सो सिपको प्रयोग औसत र त्योभन्दा कमी रहने शिक्षक ५९ प्रतिशत रहेको पाइयो ।
- अध्ययनका गरिएका कक्षाहरू मध्ये कक्षाकार्य र गृहकार्य व्यवस्थापनको अवस्थालाई हेर्दा ४३ प्रतिशत राम्रो,४७ प्रतिशत उपयुक्त,७.७ प्रतिशतमा सामान्य तथा १.५ प्रतिशत कमजोर रहेको पाइएकाले यस कार्यमा सुधार गर्न आवश्यक ठानिएको छ ।
- शिक्षक डायरीलाई राम्रोसँग प्रयोग गर्ने शिक्षक दुईतिहाइ रहेका पाइयो भने बाँकी शिक्षकले डायरीलाई राम्रो प्रयोग गरिएको देखिएन ।

**(ख) कक्षागत क्रियाकलापको समय व्यवस्थापनको अवस्था सम्बन्धी प्राप्ति**

- उत्प्रेरणाको समय व्यवस्थापनको मान ७० प्रतिशत भन्दा बढी रहेको पाइएकाले उत्प्रेरणाको समयको व्यवस्थापन स्वरूप राम्रो रहेको पाइयो ।

- कक्षाकोठाको शिक्षणमा ६५ जना शिक्षकमध्ये ६६.८ प्रतिशतले शिक्षण सामग्री प्रयोग गरेको समयको व्यवस्थापन राम्रो गरेको पाइए पनि प्रयोग गरिएका शिक्षक निर्मित सामग्री सानो आकारका रहेको अवलोकनको क्रममा देखिन आएकाले यसमा सुधारको खाँचो रहेको पाइयो ।
- पाठलाई योजनाबद्ध रूपमा पुनरावृत्ति गर्ने शिक्षक करिब ८६ प्रतिशत भन्दा बढी रहेको, सामान्य रूपमा पुनरावृत्ति गर्ने १२.३ प्रतिशत र पुनरावृत्तिमा कमजोरी गर्ने १.५ प्रतिशत शिक्षक रहेको पाइयो ।
- मूल्याङ्कनको समय व्यवस्थापनको मान ७० प्रतिशतभन्दा बढी रहेको पाइएकाले मूल्याङ्कनको समय व्यवस्थापन राम्रो रहेको भए पनि पृष्ठपोषण प्रदान गर्ने कार्यको व्यवस्थापन सबैभन्दा कमजोर रहेको पाइयो ।
- शिक्षकको सक्रियताको मात्राको समयको व्यवस्थापन ७० प्रतिशतभन्दा माथि रहेको र विद्यार्थी सकियताको मात्रा करिब ७३ प्रतिशत रहेको र अन्तरक्रियाको लागि छुट्याइएको समयको व्यवस्थापन पनि राम्रै रहेको पाइयो ।
- गृहकार्य/परियोजना कार्यको लागि शिक्षकद्वारा सो कार्यमा गरिएको समयको व्यवस्थापनको अवस्थालाई हेर्दा यसको समय व्यवस्थापन करिव ६३.७ प्रतिशत राम्रो रहेको भए पनि अरूमा कम रहेको पाइयो ।
- समग्र समय व्यवस्थापनको स्वरूपको लेखाजोखा गर्दा कुल अङ्क २४१ तथा प्रतिशतमा ७४.२ प्रतिशत रहेकोले समग्र समय व्यवस्थापनको स्वरूप राम्रो रहेको पाइयो ।

### (ग) शिक्षण कार्य र समय व्यवस्थापन गर्ने काममा शिक्षकले भोग्नुपरेका समस्यासँग सम्बन्धित प्राप्ति

- अवलोकन गरिएका विद्यालयका शिक्षकहरूले प्रयोगात्मक कक्षा तथा प्रयोजना कार्य केन्द्रित क्रियाकलाप गराउन कक्षा आकार ठुलो भएको भन्ने भनाइ छलफलको कममा शिक्षकले राखेको पाइयो ।
- शिक्षक स्वयम् आफूहरू पनि पुरानै शिक्षण शैलीमा अभ्यस्त रहेको भन्ने भनाइ व्यक्त गरेको पाइयो ।
- विद्यार्थीको उपस्थितिमा अनियमितता भएकाले शिक्षणमा समस्या आउने गरेको पाइयो ।
- कार्यबोध बढी रहेको भन्ने भनाइ व्यक्त गरेको पाइयो ।
- नियमित रूपमा सुपरिवेक्षण र पृष्ठपोषण प्राप्त नहुँदा समस्या आएको भन्ने भनाइ रहेको पाइयो ।
- शिक्षकहरूलाई पुनर्ताजगी तालिमको व्यवस्था नहुँदा समस्या आएको भन्ने भनाइ रहेको पाइयो ।
- शिक्षकहरूलाई प्रोत्साहित गर्न प्रशंसा पत्र, पुरस्कार जस्ता प्रोत्साहनमूलक कार्यहरूको प्रभावकारी व्यवस्था नभएको भन्ने जस्ता समस्याहरू व्यक्त गरेको पाइएको छ ।

## ५.२ निष्कर्ष

यस अध्ययनको प्राप्तिलाई अध्ययन गर्दा निम्नानुसारको निष्कर्षमा पुग्न सकिन्छ :

कक्षा अवलोकन गर्दा कक्षा थालनी पूर्व उत्प्रेरणालाई व्यवस्थापन गर्ने सिपको अवस्था राम्रो देखिएको र शिक्षकहरूमा पाठयोजना निर्माण र प्रयोग सम्बन्धी सिप रहेको भए पनि २० प्रतिशत शिक्षकले पाठयोजना निर्माण नगरेको देखिएको तथा एकाइ योजनाको निर्माण र प्रयोग नभएको पाइएकाले यसमा सुधार गर्नुपर्ने देखिन आयो ।

शिक्षण सिकाइको क्रममा शिक्षक कक्षाकोठाको अगाडि मात्र उभिएर शिक्षण गर्ने गरेको, व्याख्यान विधि र परम्परागत शिक्षण शैलीलाई अवलम्बन गरेको, कालोपाटी/लेखनबोर्ड र मार्करपेनलाई शैक्षिक सामग्रीका रूपमा बढी प्रयोग गर्ने गरेको, शिक्षक निर्मित शैक्षिक सामग्रीको प्रयोग कम र प्रयोग गरिएका शैक्षिक सामग्री पनि सानो आकारको भएको देखियो ।

योजनाबद्ध रूपमा पाठको पुनरावृत्ति गर्ने कार्य र समयको व्यवस्थापन भने राम्रो गरेको भए पनि कक्षामा उपयुक्त वातावरणको व्यवस्थापन गर्ने काममा शिक्षक अल्मलिएको देखिन आएकाले यसमा सुधार गर्नुपर्ने देखियो ।

मूल्याङ्कन कार्यको व्यवस्थापन राम्रोसँग गरेको भए पनि पृष्ठपोषण दिने कार्यलाई शिक्षकहरूले कम महत्त्व दिएको देखिन आएकाले पृष्ठपोषण दिने कार्यमा सुधार गर्नुपर्ने तथा कक्षाकार्य र गृहकार्य प्रयोगको अवस्था हेर्दा ४३ प्रतिशतमा राम्रो रहेको बाँकीमा औसत र औसतभन्दा कमी रहनुले गृहकार्य र कक्षाकार्यको लागि समयको व्यवस्थापनमा ध्यान पुऱ्याउँदै कक्षाकार्य र गृहकार्य दिने कार्य र समयको व्यवस्थापनमा सुधार गर्नुपर्ने देखियो । यस्तै गरी दुईतिहाइ शिक्षकले मात्र शिक्षक डायरीको पूर्ण रूपमा प्रयोग गरेकाले अरू शिक्षकलाई शिक्षक डायरीको प्रयोगमा प्रोत्साहन गर्नुपर्ने देखियो ।

प्रभावकारी सुपरिवेक्षण र पृष्ठपोषणको अभाव, पुनर्ताजगी तथा सूचना प्रविधि सम्बन्धी तालिमको अभाव रहेको भन्ने भनाइ शिक्षकहरूले व्यक्त गरेकाले प्रभावकारी रूपमा यी कार्यलाई सुधार गरी अगाडि बढाउनुपर्ने देखियो ।

शिक्षकलाई उनीहरूको कार्य र समयको व्यवस्थापनमा सुधार गर्न समय समयमा प्रोत्साहित गर्न प्रशंसा, पुरस्कार प्रदान गर्ने जस्ता कार्यलाई प्रभावकारी बनाउनुपर्ने शिक्षकहरूको अभिव्यक्ति रहेको पाइयो ।

विद्यार्थीको उपस्थितिमा अनियमितता र कार्यबोझ बढिरहेको कारण र समय व्यवस्थापनमा कठिनाइ हुने गरको भन्ने भनाइ शिक्षकको रहेकाले शिक्षकहरूको कार्यबोध कम गर्न र विद्यार्थीको नियमितता बढाउन अभिभावकलाई जानकारी गराउन अभिभावक शिक्षा प्रदान गर्नुपर्ने महसुस गरियो ।

प्रयोगात्मक कक्षा तथा परियोजनात्मक कक्षाका लागि सैद्धान्तिक कक्षा सरहको कक्षा आकार भएको भन्ने भनाइ शिक्षकहरूको रहेकाले यसमा पुनर्विचार गर्नुपर्ने देखियो ।

## ५.३ सुझावहरू

उपर्युक्त प्राप्ति तथा निष्कर्षहरूको आधारमा शिक्षकका कार्य र समयको व्यवस्थापनको उपयुक्तताका लागि निम्नानुसार सुझावहरू प्रदान गरिएको छ :

- दैनिक पाठयोजना निर्माण र प्रयोग तथा बुढानीलकण्ठ नगरपालिकाले वितरण गरेको शिक्षक डायरीको पूर्ण प्रयोगमा सबै शिक्षकहरूलाई प्रोत्साहित गर्नुपर्ने देखियो भने एकाइ योजना निर्माणमा बुढानीलकण्ठ नगरपालिका शिक्षा, युवा तथा खेलकुद महाशाखाले पहल कदमी लिनुपर्ने देखियो ।
- कक्षाकोठामा शिक्षण सिकाइको वातावरणको व्यवस्थापनको अवस्थामा सुधार गर्दै प्रयोगात्मक तथा परियोजना कार्य र कक्षाकार्यका लागि कक्षा आकार सैद्धान्तिक कक्षा सरह भएकाले कक्षामा कक्षाकार्य, परियोजना कार्य र प्रयोगात्मक कार्यका लागि कक्षाको आकार सानो गराउनुपर्ने देखियो ।
- कक्षा शिक्षणका क्रममा शिक्षकले विद्यार्थीको सिकाइको लेखाजोखा गर्न सञ्चालित मूल्याङ्कन प्रक्रिया राम्रो भए पनि मूल्याङ्कन पश्चात्को पृष्ठपोषण प्रदान गर्ने कार्य र कक्षामा शिक्षक गतिशील हुनुपर्ने सिपमा कमी रहेको पाइएकाले यसमा सुधार गर्नुपर्ने देखियो ।
- शिक्षक निर्मित शिक्षण सामग्रीलाई प्रभावकारी रूपमा प्रयोग गर्न सक्ने बनाउन, कक्षाकार्य, गृहकार्य र परियोजना कार्य जस्ता विद्यार्थी केन्द्रित शिक्षण विधि प्रयोग गरी शिक्षण गर्न तथा क्रियामूलक अनुसन्धान जस्ता शिक्षण सिकाइमा सुधार गर्ने कार्यहरूमा सघाउ पुऱ्याउन, पुनर्ताजगी तालिम सञ्चालन गर्ने र शिक्षणमा नवप्रवर्तन भित्र्याउन सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित प्रशिक्षण शिक्षकहरूलाई दिनुपर्ने देखियो ।
- शिक्षण विधिमा विविधता ल्याउने सिप र शैक्षिक सामग्रीको निर्माण, सङ्कलन तथा प्रयोग गर्ने कार्यमा शिक्षकलाई अभिप्रेरित गर्नुपर्ने देखियो ।
- शिक्षकको कार्यबोझ बढी भएको भन्ने भनाइ शिक्षकहरूका रहेको पाइएकाले शिक्षकहरूको कार्यबोझलाई वैज्ञानिक बनाउनु पर्ने देखियो ।
- विद्यालयमा विद्यार्थी अनुपस्थिति हुने दर घटाई बालबालिकालाई नियमित रूपमा विद्यालयमा पठाउँन, छोराछोरीको पढाइप्रति चासो राख्न अभिभावकलाई अभिभावक शिक्षामार्फत सुसूचित गर्न विद्यालयले अभिभावक शिक्षा प्रदान गर्नुपर्ने देखियो ।
- शिक्षकको शिक्षण कार्य र समय व्यवस्थापनमा गुणात्मकता ल्याउन, शिक्षकलाई उत्प्रेरित गराउन उनीहरूलाई अभिनन्दन गर्ने, प्रशंसापत्र एवम् पुरस्कार प्रदान गर्ने, अन्तरविद्यालयगत शिक्षकहरूको अन्तरक्रिया सञ्चालन गर्नु पर्ने देखियो ।

## ५.४ कार्य चरण

माथि प्रस्तुत गरिएका सुझावहरूलाई कार्यान्वयन गरी शिक्षकको कार्य र समय व्यवस्थापनमा उपयुक्तता ल्याउनका लागि कार्य चरणहरूको प्रस्तावित खाका तल दिइएको छ ।

| क्र.सं. | गर्नुपर्ने काम | जिम्मेवार व्यक्ति / निकाय | समयावधि |
|---|---|---|---|
| १. | समयावधिक र पुनर्ताजगी तालिम सञ्चालन | स्थानीय सरकार | शैक्षिक सत्रको सुरुमा |
| २. | मेन्टरिङ, सुपरिवेक्षण तथा पृष्ठपोषण | अनुभवी जेष्ठ शिक्षक प्र.अ.तथा स्थानीय सरकार | प्रत्येक महिनामा एक पटक |

| | | | |
|---|---|---|---|
| ३. | शिक्षकको प्रोत्साहनका लागि पुरस्कार प्रशंसापत्र प्रदान | वि.व्य.स., स्थानीय सरकार | प्रत्येक वर्षको शिक्षा दिवसका दिन |
| ४. | अभिभावकलाई सुसूचित गर्न अभिभावक शिक्षा | वि.व्य.स.. स्थानीय सरकार | शैक्षिक सत्रको प्रारम्भमा |
| ५. | पालिका स्तरीय शिक्षक अन्तरक्रिया कार्यकम सञ्चालन | स्थानीय सरकार | जाडो या गर्मी बिदाको समयमा |
| ६. | सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित तालिम सञ्चालन | विद्यालय र स्थानीय सरकार | शैक्षिक सत्रको प्रारम्भमा |

# प्रारम्भिक बालविकास सम्बन्धी एकीकृत योजना
# २०७९-२०८४

## बुढानीलकण्ठ नगरपालिका

# यस रणनीतिमा प्रयोग भएको मुख्य शब्दहरूको परिभाषा

## १.२ परिभाषा

**प्रारम्भिक बालविकास उमेर :** प्रारम्भिक बालविकास भन्नाले गर्भावस्थादेखि ८ वर्षसम्मको उमेरलाई जनाउँनु ।

**विकास** : कुनै पनि बालबालिकाको शारीरिक, बौद्धिक, सामाजिक, संवेगात्मक र भाषिक पक्षको समुचित विकासलाई नै सर्वाङ्गीण विकासलाई भनिन्छ ।

**बालविकास केन्द्र** : बालविकास केन्द्र भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत ४ वर्ष उमेरका बालबालिकाका लागि आधारभूत सिकाइ गरिने स्थान वा केन्द्रलाई जनाउँछ ।

**केन्द्रमा आधारित कार्यक्रम** : केन्द्रमा आधारित कार्यक्रम भन्नाले बालबालिकालाई घरभन्दा बाहिर बालविकास केन्द्र वा दिवा शिशु स्याहार केन्द्र वा पूर्वप्राथमिक विद्यालयमा दिइने शिक्षा, संस्कार, स्वास्थ्य, पोषण र सुरक्षासम्बन्धी सेवाहरू प्रदान गर्ने कार्यक्रमहरूलाई जनाउँछ ।

**घरमा आधारित कार्यक्रम** : घरमा आधारित कार्यक्रम भन्नाले बालबालिकालाई घरमा नै वा घरपरिवार कै वातावरणमा राखेर आमाबुबा, अभिभावक, संरक्षक, परिवारका सदस्यहरू वा छिमेकीद्वारा बालबालिकाको उमेर अनुरूपको उचित स्याहारसुसार, सिकाइ र विकासका लागि आवश्यक स्वास्थ्य, पोषण, संरक्षण एवम् पूर्वसिकाइका अभ्यासहरू गराउने कार्यक्रमहरूलाई जनाउँछ ।

**दिवा शिशु स्याहार केन्द्र** : दिवा शिशु स्याहार केन्द्र भन्नाले तीन वर्षभन्दा मुनिका बालबालिकालाई शिक्षक वा सहयोगी कार्यकर्ताद्वारा बालबालिकाको हेरचाह, सामाजिक अन्तरक्रिया र खेल आदि क्रियाकलापमा संलग्न गराइ उमेरअनुसारको सामाजिक व्यवहार र स्वावलम्बी हुने सिपहरू सिकाइने कार्यक्रमलाई जनाउँछ ।

**घुम्ती बाल स्याहार सेवा** : घुम्ती बाल स्याहार तथा विकास भन्नाले अस्थाइ बसाइँसराइको कारणले विद्यमान केन्द्रमा उपस्थित हुननसक्ने शिशु तथा बालबालिकाको लागि स्थान परिवर्तन हुनेगरी व्यवस्थित गरिएको एकीकृत प्रारम्भिक बाल सेवालाई बुझाउँछ ।

**प्रारम्भिक बालविकास कार्यक्रम** : प्रारम्भिक बालविकास कार्यक्रम भन्नाले गर्भावस्थादेखि ८ वर्ष उमेरसम्मका बालबालिकाको विकासका लागि स्वास्थ्यकर्मी, शिक्षक, सहयोगी कार्यकर्ताहरू, अभिभावक, तथा बालबालिकालाई लक्षित गरिएका कार्यक्रमहरूलाई जनाउँछ ।

**प्रारम्भिक बाल शिक्षा तथा विकास** : प्रारम्भिक बाल शिक्षा तथा विकास भन्नाले ५ वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, बौद्धिक, नैतिक र सांस्कृतिक क्षमताहरूको विकास गर्न लक्षित कार्यक्रमलाई जनाउँछ ।

**प्रारम्भिक बाल स्याहार तथा शिक्षा** : प्रारम्भिक बाल स्याहार तथा शिक्षा भन्नाले आमाबुबा तथा अभिभावकको उपस्थिति बिना बालबालिकाको स्याहार र शिक्षा प्रदान गर्ने कार्यलाई समेत जनाउँछ ।

**स्थानीय तह** : स्थानीय तह भन्नाले गाउँपालिका, नगरपालिकालाई बुझाउँछ साथै त्यसले उपमहानगरपालिका र महानगरपालिकालाई समेत बुझाउँछ ।

**बालबालिका** : बालबालिका भन्नाले प्रारम्भिक बालविकास उमेरका बालबालिकालाई जनाउँछ । जसमा गर्भावस्थादेखि आठ वर्षसम्मको उमेर समूहको बालबालिका पर्छन् ।

बालमैत्री संरचना : बालबालिकाले सजिलैसँग हिँड्न, डुल्न, र अति आवश्यकीय समूहका क्रियाकलाप जस्तै : धारामा आफैँले पानी पिउन पाउने/सक्ने, बालबालिकालाई उमेर सुहाउँदो शौचालयको प्रयोग गर्न पाउने, बालबालिका आफ्नो अभिभावकसँग जहाँ गए पनि एकछिनको लागि खेल्न पाउने स्थान आदि । .

# १. परिचय

## १.१. पृष्ठभूमि

प्रारम्भिक बाल्यावस्था मानव जीवनको सबैभन्दा महत्त्वपूर्ण अवस्था हो । प्रारम्भिक बालविकास भन्नाले गर्भावस्थादेखि आठ वर्षसम्मको उमेर समूहका बालबालिकाको शारीरिक, बौद्धिक, संवेगात्मक, सामाजिक तथा भाषिक विकासलाई भनिन्छ जसलाई हामी सर्वाङ्गीण विकास पनि भन्ने गर्छौं । बालविकासका यी महत्त्वूर्ण पक्षहरू एक अर्कोसँग सम्बन्धित छन् । यो एउटा विकासत्मक परिवर्तन हो जसका लागि स्वास्थ्य, पोषण, सुरक्षा, संरक्षण, प्रारम्भिक सिकाइ र उत्प्रेरणा आवश्यक हुन्छ । नेपालको संविधान, राष्ट्रिय कानून तथा संयुक्त राष्ट्रसङ्घीय बालअधिकार सम्बन्धी महासन्धि, १९८९ अनुसार सबै बालबालिकालाई प्रारम्भिक बालविकास सम्बन्धी सबै सेवाहरू सहजताका साथ उपलब्ध गराई उनीहरूको बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागी हुन पाउने अधिकार सुनिश्चित गर्न नेपाल सरकार प्रतिबद्ध छ । विभिन्न स्नायु विज्ञानसम्बन्धी अनुसन्धान अनुसार जीवनको पहिलो तिन वर्ष सम्ममा ८ प्रतिशत मस्तिष्कको विकास भएको हुन्छ र यति बेला उनीहरूको मस्तिष्क वयस्कको भन्दा दुई गुणा बढी क्रियाशिल हुन्छन ।

सुरुआती तीन वर्षको उमेरलाई सिकाइको झ्याल पनि भनिन्छ किनकि यो बेला न्युरोनहरू (मस्तिष्कका कोशहरू) ७०० देखि १००० प्रति सेकेन्डको दरले एक आपसमा जोडिने र नयाँ सम्पर्क बनाउने क्रममा हुन्छन् । यो उमेरमा बालबालिकाले गुणस्तरीय स्वास्थ्य सेवा, पोषण, प्रारम्भिक सिकाइको अवसर, सुरक्षा र संरक्षण साथै उत्तरदायीपूर्ण स्याहार र उत्प्रेरणा पाए भने उनीहरूको शारीरिक, बौद्धिक, सामाजिक, भाषिक र संवेगात्मक विकास हुनमा मदत पुग्छ । प्रारम्भिक बालविकास उमेरका बालबालिकाले यो समयमा पाउने सकारात्मक वातावरणले उनीहरूको स्वास्थ्य, भविष्यको पढाइ, रोजगारीको अवसर र उत्पादनशीलतामा वृद्धि भई बालबालिकाको समग्र विकासका लागि आवश्यक अवसरहरू प्राप्त भैरहेका हुन्छन् ।

हेकम्यान (२०००) को अध्ययनअनुसार प्रारम्भिक बालविकासमा गरेको लगानीले भविष्यमा गएर त्यसको ७ देखि १० गुणा प्रतिफल प्राप्त हुने पुष्टि गरेको छ । बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक स्वास्थ्य, पोषण, सुरक्षा तथा संरक्षण, प्रारम्भिक सिकाइको अवसर, उत्तरदायीपूर्ण स्याहार र उत्प्रेरणा र अन्य सेवाहरू सम्बन्धित निकायहरूले एकीकृत रूपमा प्रदान गर्नुपर्ने हुन्छ । प्रारम्भिक बालविकास एउटा बहुपक्षयी कार्यक्रम भएकाले सबै क्षेत्र बिच समन्वय, सहकार्य र एकीकृत रूपमा सेवा प्रवाह हुनु जरुरी छ तर हालसम्म बालबालिकाको लागि आवश्यक स्वास्थ्य, शिक्षा, पोषण, सुरक्षा र संरक्षणका कार्यक्रमहरू अन्तर शाखा र सहयोगी संस्थाहरू बिच समन्वयको कमीले गर्दा एकीकृत रूपमा सञ्चालन गर्न सकिएको छैन । जसले गर्दा बालबालिकाको सर्वाङ्गीण विकासमा असर पुग्न सक्छ । प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२०८८ को आधारमा बालबालिकाको शारीरिक, सामाजिक, भाषिक, संवेगात्मक र बौद्धिक

विकासको अवसर सुनिश्चित गर्न बुढानीलकण्ठ नगरपालिकाको रणनीति निर्माण गरिएको हो ।

## १.२. प्रारम्भिक बालविकास रणनीतिको आवश्यकता

१. नेपालको संविधानमा उल्लिखित प्रारम्भिक उमेरका बालबालिकाको मौलिक हक सुनिश्चित गर्न तथा स्थानीय तहमा नीति, योजना र कार्यक्रमहरू तर्जुमाका लागि मार्गनिर्देशन गर्न,

२. प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२०८८ को लक्ष्य पूरा गर्न विभिन्न सरकारी, गैरसरकारी तथा निजी क्षेत्रले एकीकृत रूपमा कार्यक्रमहरू सञ्चालन, स्रोत साधनको व्यवस्थापन र अनुगमन मूल्याङ्कन र गुणस्तरीय अभिवृद्धि गर्न,

३. बुढानीलकण्ठ नगरपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक, भौगोलिक तथा त्यहाँको जनसमुदायको रहनसहन र बालविकासमा गरिएको हालसम्मको लगानी र अवस्था सम्बोधन गर्न,

४. स्थानीय तहका सबै सम्बन्धित निकायहरूबिच प्रारम्भिक बालविकासको अवधारणा, परिभाषा र दुरदृष्टि स्पष्ट र समान धारणा बनाउन

## १.३. रणनीति निर्माण प्रक्रिया

**१. एकीकृत योजना निर्माणको लागि प्रारम्भिक छलफल** : बुढानीलकण्ठ नगरपालिकाले प्रारम्भिक बाल विकासको एकीकृत योजना निर्माणको लागि शिक्षा, युवा तथा खेलकुद महाशाखाको संयोजनमा विभिन्न चरणमा छलफल र बैठकहरूको आयोजना गरेको थियो । यस क्रममा योजना निर्माणको लागि चाइल्ड नेपालसँग प्राविधिक एवम् आर्थिक साझेदारी गर्ने निर्णय अनुरूप योजना निर्माणको थालनी गरिएको हो साथै नगरपालिकामा विषयगत शाखाहरूसँगको संयुक्त बैठक आयोजना गरी सबै शाखाहरूको सामूहिक निर्णयमा प्रारम्भिक बाल विकासको एकीकृत योजना निर्माणको कार्य थालनी गरिएको हो ।




**२. एकीकृत योजना निर्माणको लागि दुई दिने कार्यशाला :** प्रारम्भिक बालविकासको रणनीति निर्माणको क्रममा बुढानीलकण्ठ नगरपालिकाका आदरणीय नगर प्रमुख श्री मिठाराम अधिकारीको अध्यक्षतामा दुई दिने कार्यशाला आयोजना गरिएको थियो । यस रणनीति तर्जुमाको/निर्माणको सुरुआतमा दुई दिने कार्यशालामा पालिकाका सबै विषयगत शाखाहरूका स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाइ, महिला, बालबालिका र बिपद व्यवस्थापनका प्रमुखहरू साथै १३ ओटै वडाका अध्यक्ष र प्रतिनिधि लगायत गैरसरकारी संस्था/सहयोगी संस्था चाइल्ड नेपाल र विकास साझेदार संस्था Planete Enfants & Developpement (PE&D) को प्रमुख तथा प्रतिनिधिको पूर्ण रूपमा सक्रिय सहभागिता रह्यो । यस कार्यक्रममा प्रारम्भिक बालविकास बारे जानकारी, यसको महत्त्व, दिमागको विकास, सुनौलो हजार दिन, उचित स्याहारको ढाँचा साथै बालविकासका लागि उपयुक्त वातावरण कसरी तयार गर्ने तथा अभिभावक र जिम्मेवार निकायको भूमिका बारे गहन तरिकाले छलफल गरियो ।

रणनीति निर्माणको लागि एउटा प्रारम्भिक खाका तयार गरिएको थियो जसको आधारमा बुढानीलकण्ठ नगरपालिकाकामा प्रारम्भिक बालविकास सम्बन्धी वर्तमान अवस्था, सेवाहरू, चुनौती र अवसरहरूको विश्लेषण गर्नुको साथै सबै सहभागीबाट सुझावहरू सङ्कलन गरियो । यस खाकामा प्रारम्भिक बालविकासले समेट्नुपर्ने विषयवस्तुहरू जस्तै उचित स्याहारको ढाँचा ( १. राम्रो स्वास्थ्य, २. उचित पोषण ३. उचित स्याहार ४.सुरक्षा तथा संरक्षण ५. उत्तप्रेरणा र सिकाइका अवसर ६. एकीकृत सेवा) र प्रारम्भिक बालविकासको उमेर समूह (१.गर्भावस्था २. जन्मदेखि २४ महिना ३. २४ देखि ३६ महिना ४.३६ देखि ६० महिना र ५ .६० देखि ९६ महिना)लाई समुचित ढङ्गले समावेश गरिएको थियो ।

रणनीति तर्जुमाको/निर्माणको क्रममा विभिन्न चरणमा औपचारिक, अनौपचारिक छलफल, लगायत पालिका र वडा प्रतिनिधिबिच विचार, विमर्श तथा परामर्श गरिएको थियो र यसै क्रममा गरिएको छलफल तथा सुझाव सङ्कलन गरिएको थियो ।

३. **प्रारम्भिक बालविकास एकीकृत योजना निर्माण कार्यदलको गठन र मस्यौदा तयारी** : प्रारम्भिक बाल विकासको एकीकृत योजना निर्माणका लागि आयोजना गरिएको दुई दिने कार्यशालामा बुढानीलकण्ठ नगरापालिका सामाजिक विकास समितिका संयोजक श्री शान्ता ढकालको अध्यक्षतामा १३ सदस्यीय प्रारम्भिक बालविकास एकीकृत योजना निर्माण कार्यदल गठन गरिएको थियो । उक्त कार्यदलको पहिलो बैठक (२०७९ मंसिर १९) ले एकीकृत योजनाको प्रारम्भिक खाकाको छलफल गर्नुका साथै मस्यौदा तयारीको लागि कार्यदलको सदस्य श्री पुजा पन्त र श्री मोहन दँगाललाई दिएको थियो र त्यसै अनुरूप एकीकृत योजनाको पहिलो मस्यौदा तयार गरिएको थियो । उक्त मस्यौदा कार्यदलको बैठकमा प्रस्तुति गर्दै त्यहाँबाट प्राप्त पृष्ठपोषणलाई सम्बोधन गर्दै एकीकृत योजनाको अन्तिम प्रारूप तयार गरी नगरपालिकामा अनुमोदनको लागि प्रस्तुत गरिएको थियो ।

४. **नगरपालिकाबाट अनुमोदन** : प्रस्तुत प्रारम्भिक बालविकासको एकीकृत योजनालाई बुढानीलकण्ठ नगरपालिकाको अध्यक्ष श्री मिठाराम अधिकारीको अध्यक्षतामा बसेको बैठकले अनुमोदन गर्दै कार्यान्वयनमा ल्याएको थियो ।

# २. प्रारम्भिक बालविकासको अवस्था विश्लेषण

## २.१ बुढानीलकण्ठ नगरपालिकाको प्रारम्भिक बालविकासको अवस्थाको विश्लेषण

बुढानीलकण्ठ नगरपालिका नेपालकै ऐतिहासिक नगरपालिकामध्येको एक नगरपालिका हो । नेपालको राजधानीमा अवस्थित काठमाडौँ जिल्लाका ११ ओटा स्थानीय सरकारमध्ये (महानगरपालिका बाहेक) जनसङ्ख्याको आधारमा नेपाल भरिको दोस्रो ठुलो यस नगरपालिकाको उत्तरतर्फ नुवाकोट जिल्लासँग जोडिएको तथा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, दक्षिणमा काठमाडौँ महानगरपालिकाको वडा नम्बर ३,४,६,७ र टोखा नगरपालिकाको वडा नम्बर ४ धापासी रहेको छ । त्यस्तै पश्चिमतर्फ टोखा नगरपालिका पदर्छ भने पूर्वतर्फ गोकर्णेश्वर नगरपालिका र काठमाडौँ महानगरपालिकाको वडा नम्बर ६सँग जोडिएको छ । काठमाडौँ उपत्यकाका थुप्रै धार्मिक स्थलहरूमध्ये बुढानीलकण्ठ नगरपालिका पनि महत्वपूर्ण मानिन्छ । उत्तरी भागमा शिवपुरीका फेदीमा रहेको यो स्थल शैव, वैष्णव, र बौद्ध धर्मालम्बीको आस्थाको क्षेत्र हो । आवासीय क्षेत्र धेरै रहेको यस नगरपालिकाको उत्तरतर्फ शिवपुरी पर्वत शृङ्खला लगायत हरियाली

जङ्गल रहेको यस नगरपालिकामा भिरालो भूभाग पनि रहेको छ भने दक्षिणतर्फ समथर भूभाग रहेको र अधिकांश भूभाग बाक्लो बस्तीले ढाकेको छ । यस क्षेत्रबाट विष्णुमती, रूद्रमती, धोबीखोला, यज्ञमती, च्यानेखोला जस्ता नदीखोलाहरू बगेर गएका छन् ।

यस नगरपालिका भित्र १३ ओटा वडा छन् र राष्ट्रिय जनगण्ना २०६८ अनुसार नगरपालिकाको कुल जनसङ्ख्या १,१२,२८१ रहेको छ जसमा ५०.९६ प्रतिशत पुरुष (५७२२२ ) र ४९.०४ प्रतिशत महिला (५५०५९) रहेका छन् । त्यसै गरी औसतमा प्रति परिवार नगरपालिकामा ४.२५ जना सदस्य रहेका छन् । नगरपालिकावासीको साक्षरता ९५.०९ प्रतिशत रहेको छ । कुल जनसङ्ख्याको १.१३ प्रतिशत अपाङ्गता रहेको जसमा ५०.०४ प्रतिशत पुरुष र ४९.९६ प्रतिशत महिला रहेको छन् । बुढानीलकण्ठ नगरपालिकामा विभिन्न भाषाभाषी र समुदायमा विविध धर्म, संस्कृति अनुसरण गर्दै आएका नागरिकहरूको बसोबास रहेको छ । जसमा परम्परागत रूपमा बसोबास गर्ने जातजाति कम भए पनि बसाइँसराइ वा अस्थायी बसोबास गर्ने बासिन्दाहरू विविध जातजातिका छन् । जनगरणना अनुसार १०२ जातजातिका मानिसहरू बसोबास गर्छन् भने करिब १२३ भाषाभाषीहरू रहेको तथ्याङ्क छ ।

**स्वास्थ्य क्षेत्रको अवस्था**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको तथ्याङ्कअनुसार बुढानीलकण्ठ नगरपालिकामा १० ओटा स्वाथ्य चौकी, एउटा आयुर्वेदालय, एउटा प्रयोगशाला, एउटा निजी लगानीको अस्पताल तथा केही मात्रामा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य क्लिनिकहरू रहेको छन् । यस नगरपालिकाको सिमानामा नेपालकै ठुलो सहिद गंगालाल हृदयरोग केन्द्र र न्यूरो अस्पताल रहेको छ । यस नगरपालिकामा १ वर्षमुनिका बालबालिकाको सङ्ख्या छ भने ५ वर्ष मुनिका बालबालिकाको सङ्ख्या १०८८३ रहेको छ । त्यसैगरी १० देखि १९ वर्षसम्मका किशोरकिशोरीको सङ्ख्या २९६५१ रहेको छ र १५ देखि ४९ वर्षका प्रजनन उमेरका महिलाहरूको सङ्ख्या ५७४५० रहेको छ । नगरपालिकाले आफ्नो जनताहरूलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तोकिए बमोजिमको आत्यवश्यक स्वास्थ्य सेवाहरू प्रदान गर्दै आएरहेको छ । बुढानीलकण्ठ नगरपालिकाका केही महत्वपूर्ण स्वास्थ्य सूचकहरू यस प्रकार छन्

| क. सं. | सूचक | बागमती प्रदेश नेपाल | बुढानीलकण्ठ नगरपालिका |
|---|---|---|---|
| १ | पूर्ण खोप पाएको १२ देखि २३ महिनाको बालबालिकाको प्रतिशत | | ८४ |
| | संस्थागत प्रसूतिको प्रतिशत | | १४ |
| | कम्तिमा ४ पटक स्वस्थ संस्थामा गर्भावस्थाको जाँच गराएको प्रतिशत | | ३०.३ |
| | महिला स्वास्थ्य स्वयम्सेविकको सङ्ख्या | | ११९ |

बुढानीलकण्ठ नगरपालिअन्तर्गत रहेका स्वास्थ्य संस्थाबाट गर्भाधानको लागि आवश्यक तयारी तथा परामर्श दिने गरेको छ तथा यसको लागि छुटै परामर्श केन्द्र भने छैन तर पूर्व प्रसूति जाँचको व्यवस्था साथै गर्भवती तथा सुत्केरी महिलालाई दक्ष प्रसूतिकर्ताबाट स्याहारको व्यवस्था हरेक १० ओटा स्वास्थ्य संस्थाबाट गर्दै

आएको छ । सुत्केरी स्याहारको लागि घरदैलो कार्यक्रमअन्तर्गत ३ र ७ दिनमा बर्थिंग सेन्टरमार्फत सेवा प्रदान गरी सुत्केरी आमालाई स्थानीय सरकारद्वारा रु. ३००० । - पोषण खर्चको व्यवस्था गरिएको छ तर सुत्केरी बेलामा हुने जटिलताको स्याहारको लागि छुट्टै व्यवस्था नभएकाले त्यस्तो बिरामीलाई प्रेषण गर्ने गरिन्छ । यस पालिकाको २ ओटा बिर्थिंग सेन्टरबाट ५ प्रकारका परिवार योजनाका साधनको उपलब्धता रहेको तथा अन्य स्वास्थ्य संस्थामा सोभन्दा कम परिवार योजनाका साधन प्रदान गरिएका छन् । यहाँको हरेक स्वास्थ्य संस्था, गाँउघर महिला स्वास्थ्य सेविकामार्फत गर्भ अनुकूल स्याहार, उत्प्रेरणा र बाल स्याहारमा अभिभावकको जिम्मेवारी बारे सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता छ । सबै स्वास्थ्य संस्थाबाट ०-२४ महिनाको शिशुमा हुने जटिलताको व्यवस्थापन (CBIMNCI) कार्यक्रम मार्फत सञ्चालन गर्दै आएको छ। बुढानीलकण्ठ नगरपालिकाअन्तर्गतका स्वास्थ संस्थाहरूमा सुत्केरीको मानसिक स्वास्थ स्याहार र नि : शुल्क नवजात शिशु उपचार कार्यक्रमको स्थापना गर्न जरुरी छ। त्यसै गरी कम तौल भएको शिशुको उचित स्याहार र अपाङ्गताको प्रारम्भिक पहिचान र त्यसको उपचारको व्यवस्था गर्नु पर्ने देखिन्छ र बालबालिकाको अभिभावक अनि स्यहारकर्तालाई पनि मानसिक स्वास्थ्यको परामर्श अथवा शिक्षाको आवश्यकता देखिन्छ। स्वास्थ्य संस्थामा सेवा लिन आउने बालबालिकाको लागि खेल कुना र स्तनपान कक्ष नभएको अवस्था छ ।

**खानेपानी तथा सरसफाइ क्षेत्रको अवस्था** : बुढानीलकण्ठ नगरपालिकामा पानीको त्यति समस्या छैन किनकि यहाँ अझै पनि कुवा, धारा, पधेरा, तथा पानीका स्रोतहरूले परम्परागत अस्तित्व राखेको छ। यो नगरपालिकाको जनजीवन खुला, प्राकृतिक र गाउँले परिवेश झल्किने प्रकारको रहेको छ । यहाँको वातावरण सरसफाइको प्रवर्धन गर्नलाई खुला दिशा मुक्त अभियान पनि चलाइएको थियो र अहिले सबै जसो घरमा चर्पी बनाएको पाइन्छ यो पालिकामा पानीको पर्याप्तता भए तापनि अझै पनि धेरैजसो विद्यालय, स्वास्थ्य संस्थामा सफा पिउने पानी सँगसगै बालमैत्री तवरले खानेपानीको व्यवस्था गर्नुपर्ने आवश्यकता छ । त्यसैगरी बालमैत्री शौचालय र नवजात शिशुको दिशा व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रम ल्याउनुपर्ने आवश्यकता छ साथै सबै विद्यालय, कार्यालय तथा सार्वजनिक स्थलमा महिलामैत्री शौचालयको निर्माण गर्नुपर्ने देखिन्छ जहाँ सजिलै आफूले प्रयोग गरेको (sanitary) pad हरू विसर्जन गर्न सकियोस् ।

**शिक्षा क्षेत्रको अवस्था** : यस नगरपालिकावासीको साक्षरता ९५.०९ प्रतिशत रहेको छ जुनै सन्तोषजनक छ र शिक्षाबाट वञ्चित भएका करिव ५ प्रतिशतलाई समेट्न र गुणस्तर कायम गर्न अझै धेरै काम गर्नेपर्ने देखिन्छ । बुढानीलकण्ठ नगरपालिकामा हाल २ प्राथमिक विद्यालय छन् जहाँ बालबालिकाहरू अध्यनरत छन् । त्यसैगरी २० बालविकास केन्द्र छन् जहाँबाट बालबालिका लाभान्वित भएका छन् । यस पालिकामा न्यूनतम मापदण्ड अनुसारको गुणस्तरीय बालविकास केन्द्र बनाउन सुरुआत गरिएको छ तर ३ वर्षमुनिका बालबालिकाको लागि दिवा शिशु स्याहार केन्द्र, घुम्ती शिशु स्याहार केन्द्र, घरमा आधारित शिशु स्याहार केन्द्र नभएकाले कामकाजी महिला अभिभावकले आर्थिक रूपमा परिवारलाई सहयोग गर्न कठिनाइ भोग्नु परेको र सँगसँगै बालबालिकाको प्राम्भिक सिकाइमा समेत असर पुग्ने सक्ने देखिन्छ । त्यसै गरी अभिभावकलाई बालबालिकाको प्रारम्भिक उत्प्रेरणा तथा स्याहारको लागि शिक्षा र सहयोगको व्यवस्था छैन । हरेक बालविकास केन्द्र तथा विधालयमा बाल सिकाइमा अभिभावकको संलग्नता प्रवर्धन गर्नुपर्ने छ साथै विद्यालयमा भयरहित शिक्षाको सुनिश्चितता गर्नुपर्ने देखिन्छ । जस्तैः दण्डसजाय, सानो कक्षाको बालबालिकाले ठुलो ठुलो भारी झोला बोकेर विद्यालय जानुपर्ने पीडा भए, नभएको आदि । यो सबै कारणले गर्दा बाल मस्तिष्कमा नराम्रो असर पर्न सक्छ ।

**महिला तथा बालबालिका/बाल सुरक्षा र संरक्षण**

बुढानीलकण्ठ नगरपालिकामा प्रारम्भिक उमेरको बालबालिकाको निम्ति सामाजिक सुरक्षा नीतिको कुरा कार्यक्रममा समावेश गरेको तर स्थानीय स्थरमा लिखित नीति भने छैन । जन्मदर्ताको सेवा सुविधा हुँदा हुँदै पनि शतप्रतिशत हुन सकेको छैन । महिलाको लागि केही भत्ताको सुविधा छ कि छैन ......?? यस पालिकामा गर्भावस्थाको बेलामा पाइने विभेदरहित आमा र शिशु स्याहारको प्रवर्धन, सामान्य तथा आपतकालीन अवस्थामा हिंसा र दुर्व्यवहारको सुनुवाइको व्यवस्था गरिएको छ तर पर्याप्त छैन । हिंसाको सुनुवाइ सम्बोधन गर्ने साथै आमाबुबा तथा शिशुप्रति दुर्व्यवहार, हिंसा, हेलाबाट संरक्षणको व्यवस्था गरिएको छ । त्यसै गरी बालबालिकामा दण्ड, सजायराहित सिकाइ अवसरको प्रवर्धन गरिएको छ तर सबै विद्यालयले यसलाई अनुसरण गरे नगरेको यकिन गर्नु अति जरुरी छ ।

## २.२ प्रारम्भिक बालविकासका चुनौती तथा अवसरहरू

प्रारम्भिक बालविकास राष्ट्रिय रणनीतिअनुसार सबै बालबालिकालाई स्वास्थ्य, पोषण, सुरक्षा, र बालबालिका सम्बन्धी सबै सेवाहरू गुणस्तरीय र एकीकृत रूपमा उपलब्ध गराई उनीहरूको सर्वाङ्गीण विकास गर्नुपर्ने कुरा उल्लेख भए तापनि विभिन्न कारणले गर्दा अझै पनि यसको सुनिश्चित गर्न नसक्नु र सोचे जस्तो उपलब्धि हासिल गर्न नसक्नु लगायत अरु चुनौतीहरू तल उल्लेखित छन् ।

### चुनौतीहरू

१. **नीति तथा कानुनको व्यवस्था** : नेपालमा प्रारम्भिक बालविकास सम्बन्धी ऐन, कानुनको व्यवस्था भए तापनि अझै स्थानीय तहमा गुणस्तरीय र एकीकृतरूपमा कसरी कार्यक्रमहरू सञ्चालन गर्ने भन्ने मार्गदर्शन पर्याप्त छैन ।

२. **गुणस्तरीय एकीकृत सेवाको कमी :** प्रारम्भिक उमेरका बालबालिकाको सर्वाङ्गीण विकासको लागि अत्यावश्यक सेवा सुविधाहरू जस्तै स्वस्थ, पोषण, शिक्षा, सफा पिउने पानि आदिको अवस्था पहिचान गरी सबै सेवाहरू अझै पनि एकीकृतरूपले दिन सकिएको छैन ।

३. **बालबालिका, अपाङ्ग र लैङ्गिकमैत्री पूर्वाधार** : प्रारम्भिक उमेरका बालबालिकाको सर्वाङ्गीण विकासको अवसर सुनिश्चित गर्न पर्याप्त पूर्वाधारको आवश्यकता पर्छ । प्रारम्भिक बालविकासको उमेर ०-८ वर्षसम्म भएकाले यो उमेर समूहलाई सुहाउँदो, सजिलो पूर्वाधार सबै स्वास्थ्य संस्था, विद्यालय, पार्क, र सार्वजनिक स्थलमा हुनु जरुरी छ साथसाथै यो पूर्वाधारहरू अपाङ्ग मैत्री र लैङ्गिकमैत्री पनि हुनु अति जरुरी छ जुन अहिलेको अवस्थामा बुढानीलकण्ठ नगरपालिकामा पर्याप्त छैन ।

४. **प्रभावकारी समन्वय र सहकार्य** : प्रारम्भिक बालविकासका लागि बहुपक्षीय सेवा तथा कार्यक्रमहरूको एकीकृत रूपमा समन्वय, सहकार्य र सञ्चालनकार्यमा चुनौती छ । विभिन्न विभागको कार्यक्रमहरू बाल केन्द्रित भए तापनि सबैले भिन्ना भिन्नै प्रकार र स्रोतबाट सेवा दिँदै आएकाले सीमित स्रोत साधनको राम्रो बाँडफाँड हुन नसक्दा सबै बालबालिकालाई अत्यावश्यक सेवा पुऱ्याउन कठिनाइ छ ।

५. **प्रारम्भिक बालविकास सम्बन्धी अध्यन र अनुसन्धान** : प्रारम्भिक बालविकासका लागि सबै जिम्मेवार व्यक्ति तथा निकायलाई यो विषयमा राम्रो ज्ञान हुनु अति नै आवश्यक छ । पालिका र वडाका सबै

प्रतिनिधि र कर्मचारीले यो विषयमा अभिमुखीकरण वा तालिम पाएको हुनुपर्छ जुन चाहिँ अहिले पर्याप्त छैन र यो यस नगरपालिकाको प्रारम्भिक बालविकास सम्बन्धी अध्यन अनुसन्धानको कमी भएकोले स्थानीय स्तरमा रणनीति र यसको कार्यनीति निर्माण गर्न सबै सरोकारवालासँग समन्वय गर्न ढिलाइ भएको छ ।

**अवसरहरू**

१. **कानुनी तथा नीतिगत व्यवस्था** : नेपालमा कानुनी तहमा प्रारम्भिक बालविकास सम्बन्धी महत्त्वपूर्ण प्रावधानहरू समेटिएका छन् । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५, बालबालिकासम्बन्धी ऐन, २०७५ मा प्रारम्भिक बालविकास सम्बन्धी कानुनी प्रावधान रहेका छन् । पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१), बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९, विद्यालय क्षेत्र विकास योजना (२०७३-२०८०), बहुक्षेत्रीय पोषण योजना, दोस्रो (२०७५ र ७६-२०७९ र ८०) र बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ समेतमा प्रारम्भिक बालविकास सम्बन्धी प्रावधानहरू समेटिएका छन् ।

२. **कार्यक्रमगत व्यवस्था** : यस नगरपालिकामा धेरै अगाडिदेखि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गत गर्भवती महिला, नवजात शिशु र बालबालिकाको स्वास्थ्यमा सुधार ल्याउन र बालबालिकाको मौलिक हक सुनिश्चित गर्न स्वास्थ्य तथा पोषणसम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन भैरहेको छ । जस्तै : पोषण, खोप, गर्वास्थामा ८ पटक जाँच र स्वास्थ्य संस्थामा बच्चा जन्माए बापत प्रोत्साहन भत्ता (रु २८००), आइरन र फोलिक एसिडको वितरणले महिला र बालबालिकाको स्वास्थ्यमा सुधार हुँदै आएको छ र यो सँगसंगै स्वास्थ्य र पोषण कार्यक्रममा उत्तरदायी पूर्ण स्याहार र उत्प्रेरणाको कुरा जोड्न पाए बालबालिकाको सर्वाङ्गीण विकास टेवा पुग्ने थियो ।

त्यसै गरी यस नगरपालिकामा प्रारम्भिक सिकाइको लागि २० ओटा बालविकास केन्द्रहरूको रहेका छन् जहाँ ३-४ वर्षका बालबालिका (बालबालिकाको सङ्ख्या ……) सिक्न आउने गर्छन् जसले उनीहरूको प्रारम्भिक सिकाइमा मदत पुऱ्याइरहेको छ ।

बालबालिकाको सुरक्षा र संरक्षणका लागि यस नगरपालिकाले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ जस्तै पोषण, आमा सुरक्षा जसले महिला तथा प्रारम्भिक उमेरका बालबालिकाको सर्वाङ्गीण विकासमा मदत पुऱ्याउन सक्छ ।

३. **स्थानीय स्रोत** : यस बुढानीलकण्ठ नगरपालिकाका लागि धेरै संरचनाहरू छन् । जस्तै : पार्क, नजिकमा रहेको खाली जमिन, सानो सानो खोल्सा जसलाई व्यवस्थित गर्न सकिएमा बालबालिकाले प्रकृतिसँग नजिक रहेर खेल्न, रमाउन र सिक्न सक्छन् र उनीहरूको सर्वाङ्गीण विकासमा मदत पुग्छ । त्यसै गरी यस नगरपालिकामा बाल संरक्षण तथा बाल विकासको क्षेत्रमा काम गर्ने विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू छन् साथै यहाँ भएका बहुपक्षीय कार्यालयहरूसँग मिलेर बालविकासमा गरिएको उल्लेखनीय अभ्यासलाई सम्बर्धन र विस्तार गर्न सकिन्छ । प्रारम्भिक बाल विकास उमेरका सबै बालबालिकालाई स्वास्थ्य, पोषण,शिक्षा, संरक्षण जस्ता आवश्यक सेवाहरूबाट कुनै बालबालिकाहरू वञ्चित हुन नदिनलाई साझेदार संस्थासँग मिलेर बाल विकासको क्षेत्रमा अध्यन तथा अनुसन्धान गर्न सकिन्छ ।

## ३. रणनीतिका आधार र मान्यताहरू

### ३.१ रणनीतिका आधार

#### ३.१.१ बहुपक्षीय संलग्नता :

प्रारम्भिक बालविकास एक बहुपक्षीय कार्यक्रम भएकाले यस नगरपालिकाको योजना शाखाको नेतृत्वमा र सम्बन्धित सरोकारवालासँगको सहकार्यमा सबै कार्यक्रमहरू एकीकृत रूपमा कार्यन्वयन गरिने छ ।

#### ३.१.२ अधिकारमा आधारित

प्रारम्भिक बालविकास मानवअधिकार विशेषत : बालअधिकारको अभिन्न अङ्ग हो । बालबालिकाका लागि सञ्चालन गरिने हरेक कार्यक्रमहरू बाल अधिकारमा आधारित हुने छन् । बालबालिकाका लागि गरिने क्रियाकलापमा सर्वात्तमहित, भेदभावरहित, स्वस्थ जीवन र विकास तथा सहभागिताको सिद्धान्तलाई सर्वोपरि राखिने छ ।

#### ३.१.३ जीवनचक्रमा आधारित

बालबालिकाको सर्वाङ्गीण विकासको लागि उनीहरूको उमेरअनुसार (गर्भावस्थादेखि जन्म, जन्मदेखि चौबिस महिना, २४ देखि ३६ महिना, ३६ देखि ६० महिना तथा ६० देखि ९६ महिना) को आवश्यकतालाई मध्यनजर राखेर कार्यक्रम निर्माण तथा कार्यान्वयन गरिने छ ।

### ३.२ आधारभूत मान्यताहरू

(क) प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाको उमेर, लिङ्ग, क्षमता, अपाङ्गता, पारिवारिक स्थिति, जातजातीयता, वर्ग, धार्मिक आस्था, आर्थिक अवस्था, सामाजिक सांस्कृतिक अवस्था, राजनीतिक आस्था र भूगोलको आधारमा विना भेदभाव सर्वाङ्गीण विकासको अवसर सुनिश्चित गरिने छ ।

(ख) प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वोत्तम हित अनुकूल संरक्षण, बचावट, सहभागिता र विकास गर्ने वातावरण तयार गर्दै बालअधिकारको सुनिश्चितता गरिने छ ।

(ग) प्रत्येक प्रारम्भिक बालविकास उमेरका बालबालिकालाई आफ्नो उमेर, क्षमता र आवश्यकताको आधारमा पूर्ण क्षमताको विकास गर्ने अवसरको प्रत्याभूति गरिने छ ।

(घ) प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकासलाई सहयोग पुग्ने वातावरण तयार गरिने छ ।

(ङ) दिगो र गुणस्तरीय सेवाको सुनिश्चितता गर्ने जिम्मेवारी आमाबुबा, परिवार, अभिभावक, समुदाय र राज्यको हुने छ ।

(च) स्थानीय तथा परम्परागत राम्रा प्रचलनको प्रवर्धन र समाजमा रहेका रुढिवादी परम्परार प्रचलन पहिचान गरी त्यसलाई निरूत्साहित गर्दै बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक सबै सेवाहरू एकीकृत रूपमा प्रवाह गरिने छ ।

(छ) बालबालिकामा हुने लैङ्गिक विभेद पहिचान गरी सोको न्यूनीकरण गर्दै कार्यक्रम सञ्चालन गरिने छ ।

(ज) बालबालिकालाई जिम्मेवार र प्रतिष्ठित नागरिक सरह सम्मान गर्दै अनुशासित र जिम्मेवार नागरिक बनाइने छ ।

## ३.३ प्रारिम्भक बालविकास सम्बन्धी आधारभूत सेवाहरू

बालबालिकाको सर्वाङ्गीण विकासको लागि गर्भावस्थादेखि नै स्वास्थ्य, पोषण, उत्तरदायीपूर्ण स्याहार, सुरक्षा तथा संरक्षण र प्रारम्भिक सिकाइका लागि एकीकृत सेवाहरू प्रदान गर्नुपर्छ जुन चाहिँ उमेर अनुसार फरक हुन्छ ।

| उमेर | गर्भावस्था - जन्म | ०-२४ | २५-६० | ६१ -९६ |
|---|---|---|---|---|
| स्वास्थ्य | गर्भवतीको नियमित परीक्षण<br>खोप सेवा<br>तालिम प्राप्त स्वाथ्यकर्मीबाट संस्थागत निःशुल्क प्रसूति सेवा<br>प्रसव र सुत्केरी अवस्थामा आवश्यक प्रजनन् स्वास्थ्य सेवा | सुत्केरी तथा नवजात शिशुको नियमित स्वास्थ्य परीक्षण<br>भिटामिन ए तथा जुकाको औषधी वितरण<br>जन्मजात समस्या तथा अपाङ्गताको प्रारम्भिक पहिचान तथा व्यवस्थापन<br>परिवार नियोजन सेवा<br>आधारभूत गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच<br>समुदाय परिचालन (महिला स्वास्थ्य स्वयम्सेविका र आमा समूह)<br>अभिभावकको मानसिक उदासिनता (डिप्रेशन) को रोकथाम तथा उपचार | भिटामिन ए तथा जुकाको औषधी वितरण<br>जन्मजात समस्या तथा अपाङ्गताको प्रारम्भिक पहिचान तथा व्यवस्थापन<br>परिवार नियोजन सेवा<br>आधारभूत गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच<br>समुदाय परिचालन (महिला स्वास्थ्य स्वयम्सेविका र आमा समूह)<br>अभिभावकको मानसिक उदासिनता (डिप्रेशन) को रोकथाम तथा उपचार | भिटामिन ए तथा जुकाको औषधी वितरण<br>जन्मजात समस्या तथा अपाङ्गताको प्रारम्भिक पहिचान तथा व्यवस्थापन<br>परिवार नियोजन सेवा<br>आधारभूत गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच<br>समुदाय परिचालन (महिला स्वास्थ्य स्वयम्सेविका र आमा समूह)<br>अभिभावकको मानसिक उदासिनता (डिप्रेशन) को रोकथाम तथा उपचार |

| | | | | |
|---|---|---|---|---|
| पोषण | पोषण सम्बन्धी परामर्श<br>आइरन र फोलिक एसिडको व्यवस्था | पूर्ण स्तनपान<br>पूर्ण खोप<br>पुरक खाना<br>वृद्धि अनुगमन तथा उत्प्रेरणाबर्धक खुवाइ बारे परामर्श<br>झाडापखालाका लागि उपचारात्मक जिङ्कको पूरक व्यवस्था<br>सूक्ष्म पोषक तत्त्वको व्यवस्था र आपूर्ति<br>कडा तथा मध्यम कुपोषणको रोकथाम तथा उपचार | खोप सेवा<br>पर्याप्त, पोषणयुक्त र सुरक्षित खाना<br>वृद्धि अनुगमन तथा उत्प्रेरणाबर्धक खुवाइ बारे परामश<br>झाडापखालाका लागि उपचारात्मक जिङ्कको पूरक व्यवस्था<br>झाडापखालाका लागि उपचारात्मक जिङ्कको पूरक व्यवस्था<br>सूक्ष्म पोषक तत्त्वको व्यवस्था र आपूर्ति<br>कडा तथा मध्यम कुपोषणको रोकथाम तथा उपचार | खोप सेवा<br>पर्याप्त, पोषणयुक्त र सुरक्षित खाना<br>वृद्धि अनुगमन तथा उत्प्रेरणाबर्धक खुवाइ बारे परामश<br>झाडापखालाका लागि उपचारात्मक जिङ्कको पूरक व्यवस्था<br>झाडापखालाका लागि उपचारात्मक जिङ्कको पूरक व्यवस्था<br>सूक्ष्म पोषक तत्त्वको व्यवस्था र आपूर्ति<br>कडा तथा मध्यम कुपोषणको रोकथाम तथा उपचार |
| खानेपानीतथा सरसफाइ | सुरक्षित पिउने पानीमा पहुँच<br>पर्याप्त सरसफाइ (शिशुको दिसाको उचित व्यवस्थापन)<br>स्वास्थ्य बानी व्यवहार/हात धुने बानी | | | |
| शिक्षा | आमा तथा किशोरी शिक्षा<br>अभिभावक शिक्षा तथा सहयोग<br>प्रारम्भिक उत्प्रेरणा, वृद्धि र विकास सम्बन्धी शिक्षा | अभिभावक शिक्षा तथा सहयोग<br>प्रारम्भिक उत्प्रेरणा, वृद्धि र विकास सम्बन्धी शिक्षा | प्रारम्भिक बालविकास तथा पूर्वप्राथमिक अनौपचारिक केन्द्रहरू शिक्षा कार्यक्रम<br>अभिभावक शिक्षा तथा सहयोग<br>प्रारम्भिक उत्प्रेरणा, वृद्धि र विकास सम्बन्धी शिक्षा | अभिभावक शिक्षा तथा सहयोग<br>प्रारम्भिक उत्प्रेरणा, वृद्धि र विकास सम्बन्धी शिक्षा |

| | | | | |
|---|---|---|---|---|
| सुरक्षा र संरक्षण | जन्म दर्ता<br>सुत्केरी बिदा तथा पर्याप्त शिशु स्याहारको व्यवस्था<br>बाल संरक्षणका सेवाहरू (लैङ्गिक दुर्व्यवहार, उपेक्षा, अपहेलनाबाट संरक्षण, सकारात्मक अनुशासनको प्रवर्धन आदि)<br>सामाजिक सुरक्षा कार्यक्रम (बाल अनुदान) | जन्म दर्ता<br>सुत्केरी बिदा तथा पर्याप्त शिशु स्याहारको व्यवस्था<br>बाल संरक्षणका सेवाहरू (लैङ्गिक दुर्व्यवहार, उपेक्षा, अपहेलनाबाट संरक्षण, सकारात्मक अनुशासनको प्रवर्धन आदि)<br>सामाजिक सुरक्षा कार्यक्रम (बाल अनुदान) | बाल संरक्षणका सेवाहरू (लैङ्गिक दुर्व्यवहार, उपेक्षा, अपहेलनाबाट संरक्षण, सकारात्मक अनुशासनको प्रवर्धन आदि)<br>सामाजिक सुरक्षा कार्यक्रम (बाल अनुदान) | बाल संरक्षणका सेवाहरू (लैङ्गिक दुर्व्यवहार, उपेक्षा, अपहेलनाबाट संरक्षण, सकारात्मक अनुशासनको प्रवर्धन आदि)<br>सामाजिक सुरक्षा कार्यक्रम (बाल अनुदान) |
| बिपद् व्यवस्थापन | गर्भवती महिला तथा बालबालिकाका लागि आपतकालीन सामग्री (सुरक्षित प्रसूति बाकस, नवजात शिशु बाकस, खाद्य सामग्रीको भण्डारण) | | | |

## ४. प्रारिम्भक बालविकास सम्बन्धी एकीकृत योजना

### ४.१ दूरदृष्टि

बालबालिकाको सर्वोत्तम हितको सुनिश्चितता

### ४.२ ध्येय

वि.सं. २०८४ सम्ममा एकीकृत बालविकास योजनाको कार्यान्यवन गरेर बालमैत्री नगरपालिकाको निर्माण गरी बालबालिकाको सर्वाङ्गीण विकास गर्ने

### ४.३ लक्ष्य

वि.सं.२०८४ सम्ममा गर्भावस्था देखि ८ वर्षसम्मका सबै बालबालिकाको शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक र भाषिक विकासको अवसर सुनिश्चित गरिने छ ।

## ४.४ उद्देश्य

१. सर्वाङ्गीण विकासको लागि गर्भावस्थादेखि ८ वर्षसम्मका सबै बालबालिकालाई उमेरअनुसार लक्षित एवम् गुणस्तरीय सेवा एकीकृत रूपमा प्रदान गर्नु

२. एकीकृत प्रारम्भिक बालविकासका लागि कानुनी, संस्थागत तथा संरचनागत संयन्त्र निर्माण गर्नु

३. एकीकृत प्रारम्भिक बालविकासको प्रभावकारी सेवा पुऱ्याउन दक्ष मानव तथा आर्थिक स्रोत सुनिश्चित गर्नु

४. बालबालिकाको सर्वाङ्गीण विकासका लागि आमाबुबा, परिवार, संरक्षक तथा समुदायको सक्रिय संलग्नता सुनिश्चित गर्नु

५. विशेष संरक्षण आवश्यकता भएका प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकासका लागि लक्षित रूपमा एकीकृत एवम् गुणस्तरीय सेवाको पहुँच विस्तार गर्नु

## ४.४ रणनीति तथा कार्यनीति

| | | |
|---|---|---|
| **उद्देश्य १.** सर्वाङ्गीण विकासको लागि गर्भावस्थादेखि ८ वर्षसम्मका सबै बालबालिकालाई उमेरअनुसार लक्षित एवम् गुणस्तरीय सेवा एकीकृत रूपमा प्रदान गर्नु | | |
| १.१ | प्रारम्भिक बालविकासको लागि उचित सेवाहरू एकीकृत र गुणस्तरीय रूपमा प्रवाह गर्ने | १. प्रारम्भिक बालविकासको लागि स्थानीय परिवेश र आवश्यकताअनुसार स्थानीय स्तरमा घर, तथा विद्यालयमा आधारित प्रारम्भिक बालविकासका कार्यक्रमहरू सञ्चालन गरिने छ (जस्तै : कामकाजीर अस्थाइ बसाइसराइ गर्ने अभिभावकको लागि घुम्ती स्याहार केन्द्र, दिवा शिशु स्याहार केन्द्र, कार्यालयमा स्तनपान कक्ष, खेल कुना आदि)<br>२. गर्भावस्थादेखि आठ वर्षसम्मका बालबालिकाको लागि एकीकृत सेवाहरू जस्तै : स्वास्थ्य, पोषण, उत्तरदायीपूर्ण स्याहार र उत्प्रेरणा, प्रारम्भिक सिकाइ, सुरक्षा र संरक्षको व्यवथा गरिने छ<br>३. जन्म पूर्व तयारीमा गर्भवती महिला र घर परिवारले गर्नुपर्ने तयारीमा उत्प्रेरणाका गतिविधि थपिने छन्। जस्तै : १ डोको/झोला खेलौनाको व्यवस्था, बुबाको संलग्नता, कोठा सजाउने आदि)<br>४. स्थानीय स्तर तथा विद्यालयमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरी अभिभावक र स्याहारकर्ताको क्षमता र पहुँचमा अभिवृद्धि गर्ने<br>५. गर्भवती महिला, सुत्केरी महिला, प्रारम्भिक उमेरको बालबालिका र उनीहरूको अभिभावक तथा स्याहार कर्ता साथै प्रारम्भिक बालविकासका शिक्षकहरूलाई मानसिक स्वाथ्य सम्बन्धी शिक्षा, परामर्श र उपचारको व्यवस्था गरिने छ<br>६. प्रारम्भिक बालविकासका लागि सबै सेवाहरू समावेशी र समतामूलक हुने छन्<br>७. प्रारम्भिक बालविकास उमेरका बालबालिकालाई घर, बालविकास केन्द्र तथा विद्यालयमा पोषणयुक्त खानको प्रवर्धन र व्यवस्था गरिने छ<br>८. स्वास्थ्य, शिक्षा, खानेपानी, महिला तथा बालबालिका, कृषि र बिपद् व्यवस्थापन शाखाको समन्वयमा बालविकासको कार्यक्रमहरू एकीकृतरूपमा सञ्चालन हुने छन्<br>९. प्रारम्भिक बालविकासको केन्द्र तथा विद्यालय जाने बालबालिकाको स्कुल भर्नाको समयमा तथा त्रैमसिक/नियमित रूपमा स्वास्थ्य जाँच गरिने छ |

| | | |
|---|---|---|
| १.२ | प्रारम्भिक बालविकास सेवाको गुणस्तर र न्यूनतम मापदण्ड निर्धारण गर्ने | - गर्भवती महिला तथा बालबालिका सम्बन्धी सेवा प्रदायक सङ्घसंस्था (परिवार, स्वास्थ्य केन्द्र, बालविकास केन्द्र, विद्यालय आदि) को न्यूनतम मापदण्ड तयार गरी लागु गरिने छ।<br>- प्रारम्भिक बालविकासका लागि एकीकृत सेवाको व्यवस्था गरिने छ।<br>- नियमित सुपरिवेक्षण तथा अनुगमन गरेर तोकिएको मापदण्डको आधारमा कार्यक्रम सञ्चालन भए नभएको सुनिश्चित गरी आवश्यकता अनुसार तिनीहरूको सुधार गरिने छ।<br>- बालबालिकाको उमेरगत विकास र सिकाइ मापदण्ड तयारी तथा लागू गर्न संयन्त्र तयार गरिने छ।<br>- गर्भवती महिला तथा बालबालिकाको लागि आवश्यक सेवाहरूको न्यूनतम मापदण्ड निर्धारण गरिने छ।<br>- औपोचारिक तथा अनौपचारिक शिक्षामा प्रारम्भिक बालविकास सम्बन्धी विषय समावेश गरिने छ। |
| १.३ | प्रारम्भिक बालविकास सेवाका लागि सूचना तथा सञ्चारको गुणस्तरीय व्यवस्थापन र सुदृढीकरण | १. प्रारम्भिक बालविकास सम्बन्धी तथ्याङ्क सङ्कलन तथा नक्सांकन गरी त्यसको आधारमा कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन गरिने छ।<br>२. स्थानीय भाषामा प्रारम्भिक बालविकास सम्बन्धी सूचना तथा सचेतना कार्यक्रम सञ्चालन गरिने छ।<br>३. बालबालिकाको सर्वाङ्गीण विकासमा बुबाको संलग्नताको महत्त्वबारे व्यापक रूपमा प्रचार प्रसार गरिने छ।<br>४. अभिभावक, स्याहारकर्ता, शिक्षक तथा बालबालिकासँग नियमित रूपमा गरिने असल अभ्यासको बारेमा छलफल कार्यक्रम सञ्चालन गरिने छ।<br>५. नगरपालिकाबाट सेवाग्राहीलाई दिइने सबै कागतपत्रमा प्रारम्भिक बालविकासको मुख्य सन्देश छापिएको हुने छ। ( पत्रको तलपट्टि १ वा २ लिनेमा, लिखित वा चित्र सन्देश ) |
| १.४ | लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गतामैत्री पूर्वाधार र सेवाको सुनिश्चित गर्न | १. बालबालिकाको लागि उमेरअनुसारको पूर्वाधारहरूको निर्माण तथा व्यवस्था गरिने छ। जस्तै : बालउद्यान, दिवा शिशु स्याहार केन्द्र,बालविकास केन्द्र,अस्थायी संरक्षण सेवा केन्द्र आदि।<br>२. प्रत्येक संरचना बालमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री हुने छ। जस्तै : स्वास्थ्य संस्था, मन्दिर, सार्वजनिक स्थल, कार्यालय, विद्यालयमा, घरमा बालमैत्री धारा, चर्पी, खेल कुना, सिकाइ कुना, महिला/ पुरुष छुट्टै चर्पी आदि।<br>३. नगरपालिकाबाट पूर्वाधार सम्बन्धी निर्देशिका र मापदण्डहरूमा बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री भए नभएको सुनिश्चितता गरी आवश्यकताअनुसार संशोधन गरिने छ।<br>४. सार्वजनिक सवारी साधनमा पनि बालमैत्री, लैङ्गिक र अपाङ्गमैत्री सुविधाको व्यवस्था र सुनिश्चितता गरिने छ। |
| **उद्देश्य २.** एकीकृत प्रारम्भिक बालविकासका लागि कानुनी, संस्थागत तथा संरचनागत संयन्त्र निर्माण गर्नु | | |
| २.१ | स्थानीय तहमा प्रारम्भिक बालविकास सम्बन्धी कानुन नीति र कार्यविधि निर्माण गरी गुणस्तरीय र प्रभावकारी सेवा प्रदान गर्ने . | १. प्रारम्भिक बालविकास सम्बन्धी विद्यमान कानुनमा एकरूपता कायम गर्न तिनमा समायोजन गरिने छ।<br>२. सङ्घीय तथा प्रादेशिक कानुनको आधारमा स्थानीयतहमा प्रारम्भिक बालविकास सम्बन्धी नीति, कानुन बनाइने छ।<br>३. नगरपालिकाको मातहतमा रहेर काम गर्ने बालविकाससँग सम्बन्धित स्थानीय संस्था तथा साझेदार संस्थाहरूले आफ्नो नीति, योजना र कार्यक्रममा प्रारम्भिक बालविकासका क्रियाकलाप समावेश गर्ने छन्। |

| | | |
|---|---|---|
| २.२ | प्रदेश र स्थानीय तहमा काम गर्ने सबै सरोकारवालाहरूको संलग्नता हुने गरी प्रारम्भिक बालविकास समिति निर्माण गर्ने | स्थानीय तहमा प्रारम्भिक बालविकास समिति निर्माण गरिने छ। जसमा बालबालिकासँग सम्बन्धित सबै सङ्घसंस्थाको प्रतिनिधित्व रहने छ।<br>प्रारम्भिक बालविकास समितिले रणनीतिको प्रभावकारी समन्वय, कार्यान्वयन, अनुगमन, मूल्याङ्कनको व्यवस्था गरिने छ।<br>स्थानीय तहको प्रारम्भिक बालविकास समितिमा बालविकास संयोजकको व्यवस्था गरिने छ साथै वडा प्रारम्भिक बालविकास समिति गठन गरी घरपरिवार, टोलमा कार्यक्रम लागु गरिने छ। |
| २.३ | बिपद् पूर्वतयारी योजनामा प्रारम्भिक बालविकास उमेरका बालबालिकाको लागि सुरक्षा र संरक्षणको विशेष व्यवस्था गर्ने। | १. स्थानीय तहको बिपद् पूर्वतयारी योजनामा गर्भवती महिला र प्रारम्भिक बालविकास उमेरको बालबालिकाको लागि सुरक्षा र संरक्षणलाई प्राथमिकता दिइने छ।<br>२. स्थानीय तहमा रहेका संयन्त्रहरूमा प्रारम्भिक बालविकासको विषयलाई समावेश गरीसेवा प्रवाह गरिने छ।<br>३. बिपद् पूर्वतयारी तथा व्यवस्थापन योजनामा परिवार र समुदायलाई पूर्ण संलग्नता गरिने छ।<br>४. बिपद् पूर्वतयारीको लागि परिवारलाई सुरक्षित स्थानको नक्साङ्कन गराइने र झटपट झोला सबै परिवारसँग तयारी अवस्थामा भएको सुनिश्चित गरिने छ। त्यो झोलामा अत्यावश्यक सामन सहित बालबालिकाको खेल सामग्री, कथा पुस्तिका गरिने छ। |
| **उद्देश्य ३.** एकीकृत प्रारम्भिक बालविकासको प्रभावकारी सेवा पुऱ्याउन दक्ष मानव तथा आर्थिक स्रोतको सुनिश्चित गर्नु | | |
| ३.१ | स्थानीय तहमा प्रारम्भिक बालविकासकालागि एकीकृत योजना र कार्यक्रम तर्जुमा साथै बजेट बिनियोजन गर्ने | एकीकृत प्रारम्भिक बालविकासको योजना तर्जुमासम्बन्धी निर्देशिका तयार गरिने छ।<br>गर्भावस्थादेखि आठ वर्ष सम्मको बालबालिकाको लागि एकीकृत प्रारम्भिक बालविकास योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वन गरिने छ।<br>एकीकृत प्रारम्भिक बालविकास कार्यक्रमको लागि बजेट विनियोजनको व्यवस्था सुनिश्चित गरिने छ।<br>निर्देशिका बमोजिम एकीकृत प्रारम्भिक बालविकास योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वन गर्न सबै सम्बन्धित विषयगत शाखाको संलग्नतामा संयन्त्र व्यवस्था गरिने छ र भएको स्रोतको विभाजन/बाँडफाँड गरिने छ। |
| ३.२ | बालबालिकाका सर्वाङ्गगीण विकासको लागि गैरसरकारी संस्था, सञ्चार, निजी क्षेत्र तथा समुदायलाई सहयोग, सहकार्य तथा लगानी गर्न प्रोत्साहन गर्ने | गैरसरकारी संस्थालाई प्रारम्भिक बालविकासको क्षेत्रमा सहयोग (लगानी) बढाउन प्रोत्साहन गरिने छ।<br>प्रारम्भिक बालविकासको क्षेत्रमा सहयोग र सहकार्य गर्न निजी र सञ्चार क्षेत्रलाई प्रोत्साहन गरिने छ।<br>प्रारम्भिक बालविकासको क्षेत्रमा गरिने सहयोगलाई एकद्वार प्रणालीबाट व्यवस्थापन नीति अवलम्बन गरिने छ। |
| ३.३ | प्रारम्भिक बालविकासकालागि स्थानीय तहमा दक्ष मानवस्रोतको विकास तथा परिचालन गरिने छ | १. दक्ष मानवस्रोतको विकासका लागि आवश्यक तथा इच्छुक व्यक्तिको पहिचान गरी क्षमता विकास गरिने छ।<br>२. दक्ष मानवस्रोत विकास र टिकाउका लागि विशेष प्रावधानको व्यवस्था गरिने छ। जस्तै : सिप तथा तालिम exposure visit for atleast 4,5 months<br>३. हाल कार्यरत मानवस्रोतको कामको मूल्याङ्कन गरिवृत्ति विकासका अवसरहरू सहित विशेषज्ञता हासिल गर्न अवसर प्रदान गरिने छ।<br>४. प्रारम्भिक बालविकासको क्षेत्रमा काम गर्ने सबै मानवस्रोतलाई यस विषयको ज्ञान र सिप प्रधान गर्ने व्यवस्था गरिने छ।<br>५. स्थानीय तहमार्फत प्रारम्भिक बालविकासमा कार्यरत मानवस्रोतको स्तर निर्धारण गरिने छ।<br>६. स्थानीय स्तरका विज्ञ र समाजमा योगदान पुऱ्याएका व्यक्तिमार्फत प्रारम्भिक बालविकासका विषयहरू विद्यालय तथा विभिन्न कार्यक्रममा समावेश गरिने छ। |

| | | |
|---|---|---|
| **उद्देश्य ४.** बालबालिकाको सर्वाङ्गीण विकासका लागि आमाबुबा, परिवार, संरक्षक तथा समुदायको सक्रिय संलग्नता सुनिश्चित गर्नु | | |
| ४.१ | परिवार तथा समुदायको सहभागिता, संलग्नता र जिम्मेवारी अभिवृद्धि गर्ने | १. प्रारम्भिक बालविकासका नीति, कानुन, कार्यक्रम, उपलब्ध सेवा सुविधा तथा न्यूनतम मापदण्डको बारेमा सुसूचित गरिने छ।<br>२. अभिभावक तथा स्याहारकर्तालाई प्रारम्भिक बालविकासको महत्त्व र बालबालिकाको सर्वाङ्गीण विकासमा उहाँहरूको भूमिका बारे ज्ञान र सिपको अभिवृद्धि गर्न लक्षित कार्यक्रम सञ्चालन गरिने छ। जस्तै : अभिभावक शिक्षा, घर भेट कार्यक्रम, रेडियो, टेलिभिजन नाटक, सामुदायक संबाद आदि<br>३. गर्भावस्थादेखिने बालबालिकाको स्याहार र हुर्काइमा पुरुष तथा बुबाको सक्रिय संलग्नताको लागि लक्षित कार्यक्रम सञ्चालन गरिने छ। पुरुषका लागि छुट्टै समय मिलाएर अभिभावक शिक्षा, घुम्ती शिक्षाको व्यवस्था, role model fatherको पहिचान र प्रोत्साहन<br>४. घरमा तथा समुदायमा प्रारम्भिक सिकाइको वातावरण सिर्जना गर्न अभिभावक तथा समुदायलाई जिम्मेवार बनाइने छ।<br>५. प्रारम्भिक बालविकास सम्बन्धी अभिभावक/स्याहारकर्ता तथा समुदायलाई केन्द्रित गरेर जनचेतनाको लागि सामग्री निर्माण र वितरण गरिने छ। हाते पुस्तिका, स्टिकर, भित्तेपात्रो, चाबीको झुप्पामा बच्चा सम्बन्धी चित्र वा मूर्तिसहित नगरपालिका अफिसमा राख्न पेन होल्डर, डायरी आदि<br>६. गर्भावस्थादेखि ४ वर्षसम्मको बालबालिकाको लागि अभिभावक र स्याहारकर्तालाई स्वास्थ्य कर्मी वा म .स्वा.से. र चारदेखि ५ वर्षसम्मको बालबालिकाको लागि प्रारम्भिक बाल विकास केन्द्रको शिक्षकमार्फत अभिभावक शिक्षा सञ्चालन गरिने छ।<br>७. प्रारम्भिक सिकाइका र विकासको लागि शिक्षक र अभिभावकबिच समन्वय र साझेदारी गरिने छ। प्रारम्भिक उमेरको बालबालिकाको सर्वाङ्गीण विकासको लागि अभिभावकको संलग्नता प्रा.वि.वि.के., विद्यालयमा खेल कुना, पोषण, हात धुने ठाउँको व्यवस्थाको साथै घरबाट पोषिलो खाना ल्याउने प्रबन्ध गरिने छ।<br>८. प्रत्येक टोल विकास समिति, आमा समूह, बालक्लव, स्वयम्सेविकाहरूलाई प्रारम्भिक बालविकास कार्यक्रम व्यवस्थापन, सञ्चालन, अनुगमन गर्न प्रोत्साहन गरिने छ।<br>९. अभिभावक वा समुदायमा भएको सिपको पहिचान गर्ने र त्यसका promotion गर्ने कुनै अभिभावक वा समुदायमा भएको व्यक्तिलाई खेल सामग्री बनाउन आउने सिप वा घरमा पोषिलो खाना, जस्तै : लिटो, चटपटे बनाउने सिप छ भने यस्तो व्यक्तिलाई प्रा.वि.वि.के. तथा विद्यालयसँग समन्वय गरिने छ साथै गुणस्तरीय अभिवृद्धिका लागि सहयोग गरिने छ अनि स्थानीय र प्रदेश स्थरमा त्यसको promotion गरिने छ। |
| **उद्देश्य ५.** विशेष संरक्षण आवश्यकता भएका प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकासका लागि लक्षित रूपमा एकीकृत एवम् गुणस्तरीय सेवाको पहुँच विस्तार गर्नु। | | |
| ५.१ | विशेष संरक्षण आवश्यक भएका गर्भवती र ८ वर्षसम्मको बालबालिकालाई एकीकृत र गुणस्तरीय सेवाको अवसर सुनिश्चित गरिने छ। | १. विशेष संरक्षणको आवश्यकता भएका बालबालिका र गर्भवती महिलाको पहिचान गरी उनीहरूको सर्वाङ्गीण विकासका लागि लक्षित कार्यक्रम बनाई गुणस्तरीय सेवा प्रवाह गरिने छ।<br>२. अपाङ्गताको प्रारम्भिक पहिचान गरी त्यही अनुसारको लक्षित कार्यक्रमहरू सञ्चालन गरिने छ।<br>३. पहिचान भएको आपाङ्ग बालबालिकालाई उपयुक्त सेवाको लागि सही ठाउँमा referको व्यवस्था गरिने छ।<br>४. विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाको सर्वाङ्गीण विकास गर्न समावेशी विशेष कार्यक्रमको व्यवस्था गरिने छ।<br>५. बालगृह, बालसुधार गृह र कारागारमा अभिभावकसँगै रहेका बालवालिकाहरू र गर्भवती महिलाहरूको विकास, संरक्षण, सामाजिकीकरण, सशक्तीकरणका लागि एकीकृत सेवा र सुविधाको व्यवस्था साथै गणस्तरीयताको सुनिश्चित गरिने छ। |

| | | |
|---|---|---|
| ५.२ | भौगोलिक तथा सामाजिक दुरीमा रहेका बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्ने | १. भौगोलिक तथा सामाजिक दुरीमा रहेका गर्भवती महिला र बालबालिकाको सख्या र अवस्थाको तथ्याङ्क सङ्कलन गरी सोही अनुरूप घरमा वा समुदायमा आधारित कार्यक्रमको तर्जुमा र व्यवस्था गरिने छ।<br>२. साझेदार संस्था तथा निजी संस्थाहरूलाई यस्तो ठाउँमा कार्यक्रम सञ्चालन गर्नका लागि उत्साहित र साझेदारी गरिने छ। |

## ४.५ कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

### (क) कार्यान्वयन

यो रणनीति बुढानीलकण्ठ न.पा.को कार्यपालिकाबाट स्वीकृत भएपछि तत्कालै कार्यान्वयनमा लगिने छ। साथै यसको कार्यान्वयनका लागि विद्यमान कानुनको आधारमा रही कार्यन्वयन गरिने छ । त्यस्तै आवश्यक निर्देशिका र मार्गदर्शन तर्जुमा कार्य पनि अघि बढाइने छ । यस रणनीति कार्यान्वयनका लागि पालिका तहमा संस्थागत संरचनाको निर्माण गरिने छ । यसअनुसार प्रारम्भिक बालविकास निर्देशक समिति (अनुसूची १), तथा वडा तहमा वडा प्रारम्भिक बालविकास समिति (अनुसूची २) रहने छ ।

(ख) अनुगमन

यस रणनीति कार्यान्वयनमा भएको प्रगतिको नियमित अनुगमनका लागि अनुसूची १ र २ अनुसार गठन भएका समितिहरू क्रमश : पालिका प्रारम्भिक बालविकास निर्देशक समिति र वडा स्तरीय प्रारम्भिक बालविकास समितिहरू संलग्न हुने छन् । अनुगमन कार्यमा प्रारम्भिक बालविकास निर्देशक समिति (अनुसूची १), तथा वडा तहमा वडा प्रारम्भिक बालविकास समिति (अनुसूची २) रहने छ ।

(ग) मूल्याङ्कन

यो रणनीतिको कार्यान्वयन र सोबाट प्रारम्भिक बालविकासको क्षेत्रमा परेको असर तथा प्रभावको आन्तरिक र तेस्रो पक्षबाट मूल्याङ्कन गरिने छ। मूल्याङ्कन गर्दा अनुसूची ४ मा व्यवस्था भएको असरका सूचकलाई आधार मानिने छ ।

# विद्यालय तहमा लोक सेवा पाठ्यक्रम

**लक्षित वर्ग :** कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरू ।

**पाठ्यक्रम तर्जुमाको आधार :** लोकसेवा आयोगको राज पत्र अनङ्कित प्रथम श्रेणीको पाठ्यक्रम।

**अङ्क भार तथा कक्षा सङ्ख्या :** यो पाठ्यक्रम १०० अङ्क भारको रहेको छ । जम्मा १५० सत्रमध्ये, १४२ पठनपाठनलाई छुट्याइएको छ भने बाँकि ८ सत्रहरू नमूना परीक्षाको लागि छुट्याइएको छ । पाठ्यक्रमको हरेक एकाइमा त्यो एकाइले बोक्ने अङ्क भार र त्यो इकाइको लागि छुट्याइएको सत्रहरूको सङ्ख्या उल्लेख गरिएको छ तथापि कक्षा सञ्चालनले विषयवस्तुको गहराइको आधारमा कक्षा सङ्ख्यामा केही हेरफेर गर्न सक्ने छ ।

**उद्देश्य :** यो पाठ्यक्रमको पठनपाठन गर्दै गर्दा तथा पठनपाठनको समाप्तिपछि निम्न उद्देश्यहरू प्राप्त हुनेछन्ः

**सिकाइ स्तरको उद्देश्य :** यो पाठ्यक्रमको अन्त्यमा सहभागी विद्यार्थीहरूले लोकसेवा आयोगबाट लिइने नायब सुब्बा तथा खरिदार पदको प्रथम पत्रको सामान्य ज्ञानका विषयवस्तुहरू सिक्ने छन्।

**कार्य सञ्चालन स्तरको उद्देश्य :** यो पाठ्यक्रमको समाप्तिपछि सहभागी विद्यार्थीहरू लोकसेवा आयोगको परीक्षाका लागि निरन्तर अध्ययन जारी राख्ने छन्।

**प्रभाव स्तरको उद्देश्य :** यो पाठ्यक्रमको समाप्तिपछि सहभागी विद्यार्थीहरू लोकसेवा आयोगको परीक्षामा सामेल हुने छन् र उल्लेख्य सङ्ख्यामा नाम निकाल्न सफल हुने छन्।

**पाठ्यक्रम कार्यान्वयन विधि :**

१. प्रवचन तथा अन्तरक्रिया

२. प्रश्नोत्तर

३. लोकसेवा आयोगको पद्दतिमा नमुना परीक्षा सञ्चालन गरी पृष्ठपोषण प्रदान गर्ने

४. विद्यार्थीहरूलाई शिक्षकहरूले निरन्तर उत्प्रेरित गर्ने

५. विषय विज्ञलाई आमन्त्रण गरी कक्षा सञ्चालन गर्ने

६. सफल उम्मेदवारहरूलाई आमन्त्रण गरी अनुभब सुन्ने

**ध्यान दिनुपर्ने विषयहरूः**

१. उल्लेखित विषयवस्तुहरू पठनपाठन गर्दा/गराउँदा मूलतः सामान्य ज्ञान केन्द्रित भएर गर्ने

२. हरेक विषयवस्तु पढाउँदा पछिल्लो बखत विकास भएका जानकारीहरू समावेश गर्ने

३. विद्यार्थीहरूलाई आफ्नो नोट बुक बनाइ समसामयिक तथ्य तथा सामान्य ज्ञानको टिपोट बनाउन र हरेक दिन पढ्न उत्प्रेरित गर्ने

४. लोकसेवा आयोगकै पद्दति र खाकामा सामान्य ज्ञानको परीक्षा लिने

५. पढाउँदा "आजका कनिष्ठ कर्मचारी नै भोलिका नीति निर्माता हुन् र पढ्ने कार्य कहिले पनि नछोड्ने" भनी बारम्बार उल्लेख गरी विद्यार्थीहरूलाई उत्प्रेरित गरिरहने

६. विद्यालयको वार्षिक कार्यक्रममा सामान्य ज्ञान/हाजिरी जवाफ कार्यक्रम आयोजन गर्ने तथा सरकार वा अन्य कुनै संस्थाले आह्वान गरेको सामान्य ज्ञान प्रतियोगितामा विद्यार्थीहरूलाई भाग लिन लगाउने

७. यो पाठ्यक्रममा अतिरिक्त विषयवस्तु Artificial Intelligence र सामाजिक सञ्जाल समेटिएको

८. सरकारी सेवा बाहेक अन्य अर्धसरकारी तथा स्वायत्त संस्थाहरूका प्रतियोगितालाई पनि यो पाठ्यक्रमले मदत पुऱ्याउने ।

**अतिरिक्त विषयवस्तु :**

**(क) Artificial Intelligence (AI) [४ कक्षा]**

१. AI को सुरुआती कार्य [ऐतिहासिक परिप्रेक्षमा] र AI को बुझाइ

२. AI को विभिन्न क्षेत्रहरू :

मेसिन सिकाइ (Machine Learning), गहिरो सिकाइ (Deep Learning), प्राकृतिक भाषा परिषोधन (Natural Language Processing, NLP), कम्प्युटर दृश्य (Computer vision), रोबोटिक्स (Robotics), र AI सत्य निष्ठता (Ethics)

३. AI को प्रमुख तथा निर्दिष्ट प्रयोग/उपयोगिता

४. AI का विभिन्न प्रकारहरू : A) Reactive Machine. B) Limited Memorial Machine C) Theory of Mind D) Self awareness

**(ख) सामाजिक सञ्जाल [४ कक्षा]**

१. सामाजिक सञ्जालको अवधारणा तथा परिभाषा

२. सामाजिक सञ्जालको प्रमुख प्रकारहरू :

Social Network Sites (SNS), Micro-blogging Platforms, फोटो तथा फोटो share गर्ने Platforms, Social Book Marking Sites, Professional Networking Sites, छलफल फोरमहरू र समुदायहरू, Blogging गर्ने Platforms

३. सामाजिक सञ्जालका विभिन्न उपयोगिताहरूः

३.१. सञ्चार र सञ्जाल ३.२. सूचनाको आदानप्रदान ३.३ ब्रान्ड निर्माण ३.४. बजारीकरण र प्रवर्द्धन ३.५. समुदाय निर्माण ३.६. शिक्षा र सचेतना ३.७. मनोरञ्जन र सिर्जनशीलता ३.८. सचेतना campaign ३.९. अनुसन्धान तथा प्रवृत्ति (Trend) विश्लेषण ३.१०. Civic Engagement/Activism

**(ग) लोकसेवा आयोगका परीक्षा र सार्वजनिक सेवा सम्बन्धी [२ कक्षा]**

१. १. केन्द्रीय निजामती सेवाको परिचय, २. विभिन्न सेवा, समूह/उपसमूह, ३. लोकसेवाको परीक्षा प्रणालीको सङ्क्षिप्त परिचय, ४. तयारीका लागि आवश्यक गृहकार्य।

२. प्रदेश सेवा तथा स्थानीय सरकार सेवाः १. प्रदेश सेवा तथा स्थानीय सेवाको चिनारी, २. प्रदेश लोकसेवाको भूमिका र परीक्षा प्रणाली

३. लोकसेवा आयोग परीक्षा उत्तीर्ण गरेपछि हुने वृत्ति विकासका पक्ष

## १. नेपालको भूगोल (६ प्रश्न x २ अङ्क = १२ अङ्क) [१६ कक्षा]

१.१ नेपालको भौगोलिक अवस्था र धरातलीय स्वरूप :

१.१.१ अवस्थिति

१.१.२ भौगोलिक विभाजन

१.१.२.१ हिमाल क्षेत्र (प्रमुख हिमालहरू सहित)

१.१.२.२ पहाडी भूभाग (महाभारत र चुरे)

१.१.२.३ तराई (भित्री मधेश चुरेभाबर खण्ड सहित)

१. १.३. नदी नालाहरू, उपत्यकाहरू र तालतलैया समेत।

१. १.४. हावापानीः प्रकार, तापक्रम, वर्षा र वनस्पति

१. १.५. जैविक विविधता

१. १.६. भूकम्प, वाढीपहिरो, चटयाङ, हिमताल बिष्फोट (Glacial Lake Out-burst), हिमपहिरो, डढेलो आदि।

१.२ प्राकृतिक स्रोतहरूः किसिम, उपलब्धि र वर्तमान अवस्था

१.२.१ किसिमः जलविद्युत, वन तथा जैविक विविधता, खनिज (Minerals and mining), खेतीयोग्य जमिन, जलस्रोत, पर्यटन सम्भावना र नवीकरणीय ऊर्जा

१.२.२ उपलब्धिः

१.२.२.१ आर्थिक विकास

१.२.२.२ प्राकृतिक संशाधन

१.२.२.३ पर्यटन तथा मनोरञ्जन

१.२.२.४ ऊर्जा

१.२.२.५ जीवनयापनको आधार

१.२.२.६ वातावरणीय दिगोपन

- कार्वन क्रेडिट
- जलवायु परिवर्तन रोक्न सहयोग
- विकासको आधारशिला

१.२.३ प्राकृतिक स्रोतको वर्तमान अवस्था : वनजङ्गल खानी तथा खनिज, जलस्रोत तथा जलविद्युत् जैविक विविधता, ताल तलैया, आरक्षित तथा संरक्षित क्षेत्रहरू, सौर्य तथा वायु ऊर्जा, हिमनदी तथा नदीहरू, हावापानी तथा वातावरण, हिम श्रृखला तथा विभिन्न प्रसिद्ध झरनाहरू

१.३ भौगोलिक विविधता, हावपानी तथा जनजीवन सम्बन्धी जानकारी

१.३.१ भौगोलिक विविधताः

१.३.१.१ हिमाली भूभाग

**प्रमुख हिमालय शृङ्खला तथा हिम शिखरहरू :**

विश्वका ८ सय मिटरभन्दा माथिका ८ ओटा हिमालहरू; प्रसिद्ध पदयात्राहरू; हिमनदी तथा हिमतालहरू;

हिमाली बसोबास, जैविक विविधता र जङ्गली पशुपन्क्षी, जडीबुटी आदि; उपत्यका तथा भङ्गालाहरू (Gorges); हिमाल पारीको भूभाग, यसको विशेषता र रहनसहन तथा हिमाली जिल्लाहरू ।

१.३.१.२. पहाडी भूभाग

भौगोलिक अवस्थिति, उचाई तथा Terrain, जलवायु/हावापानी, वनजङ्गल तथा जैविक विविधता, पहाडी बसाइ तथा जनजीवन, पहाडी जिल्लाहरू, तथा प्रसिद्ध उपत्यकाहरू

१.३.१.३. तराई भूभाग

भौगोलिक अवस्थिति, हावापानी, वनस्पति तथा जैविक विविधता, भूभौतिक बनावट, संरक्षित र आरक्षित क्षेत्रहरू, वनजङ्गल तथा वन्य जन्तु, नदी तथा नदी प्रणाली, माटो तथा माटोका गुणहरू, बालीनाली तथा उब्जनी तथा तराईका जिल्लाहरू

१.३.२. हावापानी

हावापानीका प्रकारहरू : उष्ण (Tropical), उप(सम)उष्ण (sub-Tropical), शितोष्ण (Temperate), उपअल्पाइन र अल्पाइन आर्कटिक, वृष्टि छायाँ क्षेत्र (Rain Shadow Area), तथा सूक्ष्म हावापानी (Micro-climate)

वर्षा र वर्षाका प्रकारहरू : (क) मनसुन ख) पूर्व मनसुन (ग) मनसुन पश्चात वर्षा (घ) हिउँदे वर्षा (ङ) असिना वर्षा (च) हिम वर्षा (छ) खण्डित वर्षा

१.३.३ जनजीवन सम्बन्धी जानकारी

(क) हिमाली भूभाग : विभिन्न जाति तथा समुदाय र जीवन शैली; आर्थिक क्रियाकलाप; धर्म, संस्कृति र रहनसहन

(ख) पहाड तथा उपत्यकाहरू : पहाडी भूभाग ; विभिन्न जातजाति तथा समुदाय; जीवनशैली; आर्थिक क्रियाकलाप; धर्म, संस्कृति र रहनसहन

(ग) तराई क्षेत्र : तराई भूभाग; विभिन्न जातजाति तथा समुदाय; जीवनशैली; आर्थिक क्रियाकलाप;
धर्म, संस्कृति र रहनसहन

## २. नेपालको इतिहास (६ प्रश्न X २ अङ्क =१२ अङ्क) [१६ कक्षा]

२.१ प्राचीन इतिहासको सामाजिक र आर्थिक अवस्था

२.१.१ नेपालमा गोपाल वंश र अहिर वंशको शासनको सङ्क्षिप्त परिचय।

२.१.२ किराँतकाल : सङ्क्षिप्त परिचय; आर्थिक क्रियाकलाप (कृषि, कलाकौशल, व्यापार, र पशुपालन)

२.१.३. लिच्छविकाल

- सङ्क्षिप्त परिचय
- आर्थिक क्रियाकलाप : १. कृषि २. कलाकौशल ३. व्यापार ४. पशुपालन ५. कर व्यवस्था
- सामाजिक अवस्था : १. सामाजिक संरचना र सोपन २. धर्म तथा संस्कृति चाडबाड (चाडपर्व), रीतिरिवाज आदि, ३. शासकीय प्रणाली

२.१.४. मध्यकाल

- सङ्क्षिप्त परिचय

- आर्थिक क्रियाकलापः १. कृषि २. कलाकौशल ३. व्यापार ४. पशु पालन ५. कर व्यवस्था
- सामाजिक अवस्थाः १. सामाजिक संरचना र सामाजिक सोपन २. धर्म तथा संस्कृति, चाडबाड (चाडपर्व), रीतिरिवाज आदि ३. शासकीय प्रणाली

२.२ नेपालको आधुनिक इतिहास र महत्त्वपूर्ण घटनाहरू

- नेपाल एकीकरणको समय र शाहकाल

१. शाह काल २. राणा शासन ३. प्रजातन्त्र काल, (२००७-२०१७) ४. पञ्चायत काल, २०१७-२०४६ ५. लोकतन्त्र काल २०४६/४७ (जनआन्दोलन-१) ६. माओवादी जनयुद्ध, २०५३-२०६२/६३ ७. जनआन्दोलन-२, २०६२/६३ ८. मधेश आन्दोलन ९. संविधान निर्माण, २०७२

## ३. सामाजिक र सांकृतिक अवस्था (६ प्रश्न x २ अङ्क = १२ अङ्क) [१६ कक्षा]

३.१ नेपालको सामाजिक अवस्था : जातजाति तथा सांस्कृतिक विविधता; परम्परा, मूल्यमान्यता; प्रमुख प्रथाहरू र प्रमुख चाडपर्व

३.२ मूर्त तथा अमूर्त संस्कृति :

- मूर्त तथा अमूर्त संस्कृतिको परिचय
- धर्म : प्रमुख धर्महरूको सङ्क्षिप्त परिचय; प्रमुख धार्मिक व्यक्तित्वहरू र धार्मिक पर्वहरू ।
- भाषा : नेपालमा बोलिने भाषाहरू, भाषा परिवारहरू र भाषाहरू ।
- सङ्गित : अवधारणा/परिभाषा; लोक सङ्गीत, गीत, नृत्य र आधुनिक गीतः गीत, सङ्गीत, नृत्य
- बाजाहरू : मादल, तवला, खैंजडी, ढोलक, धिमे, खिं, टिन्चु, गितार, सितार, सारङ्गी, बाँसुरी, स्याक्सफोन, वीणा, क्लारिनेट, चेलो, भ्वाइलिन, मुर्चुङ्गा, ड्रम, कि-बोर्ड, मन्जिरा, पियानो, पियानो एकोर्डिङ्ग आदि।
- प्रसारण केन्द्र : रेडियो, टि.भी, प्रत्यक्ष कार्यक्रम, सामाजिक सञ्जालहरू आदि
- साङ्गीतिक पुरस्कारहरू
- परम्पराः वैवाहिक परम्परा; छेवर, पास्नी, श्राद्ध, व्रतबन्ध; न्वारान; मृत्यु संस्कार; वेषभूषा; खानपान
- सांस्कृतिक मूल्य : आदर, सत्कार, धार्मिक आस्था, पूजाआजा आदि
- कला : अवधारणा, शैली (शिखर शैली प्यागोडा शैली) तथा कला
- शिल्पकला, काष्ठकला, धातुकला, मूर्तिकला आदि
- थाङ्का, मिथिलाकला, थारूकला आदि
- समसामयिक कलाकौशल (डिजिटल कला सहित)
- साहित्य : प्राचीन साहित्य र संस्कृत तथा अन्य भाषाका साहित्य
- आधुनिक साहित्य : भानुभक्त, मोतिराम, लक्ष्मीप्रसाद देवकोटादेखि हालसम्म
- नेपालका कवि, लेखक, कलाकार तथा साहित्यकारहरूको विभिन्न उपाधिहरू

- कवि तथा साहित्यकारका उपनामहरू
- साहित्यिक कृतिहरू
- चर्चित पुस्तक तथा यिनका लेखकहरू
- साहित्यिक पुरस्कारहरू

पुरातात्विक महत्त्वका सम्पदाहरू : अवधारणा; नेपालका प्रमुख भौतिक (मूर्त) तथा अभौतिक (अमूर्त) सम्पदाहरू; सांस्कृतिक तथा पुरातात्विक सङ्ग्रहालयहरू; विश्व सम्पदामा परेका सम्पदाहरू (सांस्कृतिक, पुरातात्विक तथा प्राकृतिक) आदि

**४. नेपालको आर्थिक अवस्था (८ प्रश्न x २ अङ्क = १६ अङ्क) [२२ कक्षा]**

४.१ आर्थिक परिसूचकहरू : कूल गार्हस्थ्य उत्पादन; कुल राष्ट्रिय आम्दानी; मुद्रा स्फिति दर; बेरोजगार दर; व्यापार सन्तुलन; वैदेशिक प्रत्यक्ष लगानी; सरकारी ऋण; मुद्रा विनिमय दर; प्रतिव्यक्ति आम्दानी; विप्रेषण; वैदेशिक सहयोग (विकास सहयोग) आदि

४.२ नेपालको आर्थिक अवस्था

४.२.१ कृषि : परिचय; खाद्यान्न बालिहरू; नगदे बालीहरू; तरकारी बालिहरू; फलफूल खेती; पशुपालन तथा दुग्ध विकास; जडीबुटी खेती; फूल खेती; मत्स्यपालन तथा मोती खेती; कुखुरा पालन आदि

- कृषिका मूल समस्याहरू : निर्वाहमूखी कृषि; बजारीकरण र बजार पहुँचको समस्या; विचौलीयाको समस्या; परम्परागत खेती प्रणाली; सिंचाइको कमी; कृषि सामग्रीको अभाव; मल तथा उन्नत बिउ बिजनको अभाव; कृषि सडकको अभाव; उत्पादनको उचित मोल प्राप्त नहुनु आदि
- कृषि गणना
- कृषि नीति तथा रणनीति एवम् आयोजनाहरू

४.२.२ उद्योग

- परिचय (उद्योगका प्रकार सहित)
- प्रमुख उद्योगहरू : सिमेन्ट; जलविद्युत; पर्यटन; कृषि; कपडा; सूचना तथा सञ्चार; होटल व्यवसाय; औषधी उत्पादन; कुटीर तथा हस्तकला; वित्तीय तथा बैंक सेवाहरू; मदिरा तथा चुरोट; निर्माण व्यवसाय आदि
- औद्योगिक विकासको मूल समस्याहरू
- चुनौती तथा अवसर
- औद्योगिक नीति र रणनीतिहरू

४.२.३ व्यापारः परिचय; आयात; निर्यात आदि

- केही व्यापार सम्झौताहरू : BIPPA; SAFTA; BBIN; नेपाल भारत वाणिज्य सन्धि आदि
- विश्व व्यापार सङ्गठन र नेपाल

४.२.४ पर्यटन

- परिचय

- पर्यटनका प्रकारहरू : प्राकृतिक तथा सांस्कृतिक पर्यटन; शाहसी पर्यटन; सांस्कृतिक तथा धार्मिक पर्यटन; पर्यापर्यटन; कृषि पर्यटन; वन्यजन्तु तथा प्रकृति पर्यटन; पदयात्रा तथा आरोहण; Conference पर्यटन; Mountain Flight आदि
- पर्यटन नीति

४.२.५ पूर्वाधार विकास

- परिचय
- पूर्वाधारका किसिमहरू: सडक यातायात; हवाइ यातायात; सुख्खा बन्दरगाहाहरू; औद्योगिक क्षेत्र; निर्यात प्रशोधन केन्द्र; हवाइ अड्डाहरू; विद्युतीय यातायात; केवल कार; रेल यातायात; जल यातायात; रज्जु मार्ग; ऊर्जा सम्बन्धी (जल शक्ति, सौर्य शक्ति, वायु शक्ति, विद्युत शक्ति, जैविक ऊर्जा); खानेपानी; ढल निकास; दूरसञ्चार तथा सूचना सञ्चार; शिक्षा तथा स्वास्थ्य सेवा आवास तथा सहरी विकास; सत्कार (Hospitality) सम्बन्धी; न्यूनत्तम शान्ति र सुरक्षा आदि

४.३ चालु आवधिक योजना र सरकारी बजेट प्रणाली सम्बन्धी जानकारी

४.३.१ चालु आवधिक योजना

- नेपालमा आवधिक योजनाको सुरूआत तथा योजनाको सङ्क्षिप्त परिचय
- चालु आवधिक योजना
    - उद्देश्यहरू
    - ध्येय
    - भावी सोच
    - रणनीतिहरू
    - प्राथमिकता
    - लक्ष्यहरू (परिमाणात्मक)

**५. शासन पद्धति र संविधान (८ प्रश्न X २ अङ्क = १६ अङ्क) [२२ कक्षा]**

५.१ नेपालको विभिन्न संविधान सम्बन्धी सामान्य जानकारी (२०१७ देखि २०७२ सम्म)

- नेपालको संविधान भाग १ देखि भाग ५ सम्म तथा अनुसूचीहरू
- नेपालको संविधानका विशेषताहरू

५.२ नेपालको शासन पद्धति तथा सङ्घ, प्रदेश र स्थानीय सरकार

- नेपालको शासन पद्धतिः सङ्घीय लोकतान्त्रिक गणतन्त्रको परिभाषा तथा परिचय
- राज्यका तीन अङ्गहरू कार्यपालिका (निक्षेपणमा आधारित ३ तहका सरकारहरू): सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार; विधायिकाः (द्विसदनीय प्रणालीः प्रतिनिधि सभा र राष्ट्रिय सभा); न्यायपालिकाः सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालत
- सङ्घीय सरकार :
    - सामान्य परिचय

        - राष्ट्रपति
        - प्रधानमन्त्री तथा मन्त्रीहरू
        - सङ्घीय निजामती सेवा
        - संवैधानिक अङ्गहरू
    - प्रदेश सरकार
        - सामान्य परिचय (कार्य क्षेत्रसहित)
        - प्रदेश प्रमुख
        - मुख्यमन्त्री तथा मन्त्रीहरू
        - प्रदेश सरकारी सेवा
        - प्रदेशका अन्य सरकारी कार्यालयहरू
    - स्थानीय सरकारः
        - सामान्य परिचय (७७ जिल्ला सहित)
        - पालिकाहरू
            - महानगरपालिका
            - उपमहानगरपालिका
            - नगरपालिका
            - गाउँपालिका
    - स्थनीय सरकारको काम कर्तव्य तथा अधिकार

५.३ लोकतन्त्र र मानव अधिकार, आवधिक निर्वाचन र बालिग मताधिकार

- लोकतन्त्र र मानव अधिकार
    - संवैधानिक प्रावधानहरू र राष्ट्रिय मानव अधिकार आयोग
    - नागरिक अधिकार तथा स्वतन्त्रता
    - बाल अधिकार
    - लैङ्गिक समानता
- आवधिक निर्वाचन र बलिग मताधिकार
- आवधिक निर्वाचन र बलिग मताधिकार बारे सङ्क्षिप्त जानकारी
- निर्वाचन आयोग बारे जानकारी
- निर्वाचन प्रणाली
- निर्वाचनका प्रकारहरू
    - सङ्घीय निर्वाचन
    - प्रादेशिक निर्वाचन
    - स्थानीय निर्वाचन

- निर्वाचन अवधि : प्रतिनिधि सभा र राष्ट्रिय सभा
- निर्वाचन आचारसंहिता
- उम्मेदवारको योग्यता
- २०४६ पछिका निर्वाचनहरू
    - आमनिर्वाचन, २०४६
    - आमनिर्वाचन (मध्यावधि), २०५१
    - स्थानीय निर्वाचन, २०५४
    - आमनिर्वाचन, २०५६
    - संविधान सभा निर्वाचन, २०६४
    - दोस्रो संविधान सभा निर्वाचन, २०७०
    - संविधान सभा उपनिर्वाचन, २०७१
    - स्थानीय तह निर्वाचन, २०७४
    - प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचन, २०७४
    - स्थानीय तह निर्वाचन, २०७९
    - प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचन, २०७९
    - प्रतिनिधिसभा उपनिर्वाचन, २०८०

५.४ सहकारिताको अर्थ, महत्त्व तथा नेपालमा सहकारी क्षेत्रको वर्तमान अवस्था

- सहकारिताको अर्थ र पादुर्भाव
- सहकारिताको महत्त्व र सिद्धान्त
- सहकारी संस्था स्थापनाका आधारभूत शर्तहरू
- सहकारी ऐन तथा नियमको सामान्य ज्ञान
- राष्ट्रिय सहकारी महासङ्घको सामान्य जानकारी
- सहकारी क्षेत्रको वर्तमान अवस्था
- (सहकारीहरूको सङ्ख्या, सदस्यहरूको सङ्ख्या, महिला तथा पुरूषको सहभागिता प्रतिशत, कार्यकारी पदहरूमा महिलाहरूको सहभागिता, सहकारीको चुनौती तथा समस्याहरू)

५.५ निजामती सेवाको गठन, सङ्गठन संरचना, पदपूर्ति गर्ने तरिका र प्रक्रियाहरू, बढुवा, बिदा, बिभागीय सजाय, अवकाश एवम् कर्मचारीले पालना गर्नुपर्ने आचरण र कर्तव्यहरू सम्बन्धमा निजामती सेवा ऐन र नियमावलीमा भएका व्यवस्थाहरू

- निजामती सेवाको गठन (स्वास्थ्य सेवा तथा संसद सेवा सहित)
    - संविधानमा भएको प्रावधान निजामती सेवा ऐनमा भएका सेवाका प्रकारहरू
    - स्वास्थ्य सेवा ऐन र संसद सेवा ऐनमा भए बमोजिमको सेवाहरू
    - निजामती सेवाको सङ्गठन संरचना

- पदपूर्ति गर्ने तरिका र प्रक्रियाहरू
- बढुवा
- बिदा
- विभागीय सजाय
- अवकाशः विभागीय सजाय र अवकाश, स्वाभाविक अवकाश र अवकाशपछि पाउने सुविधाहरू
- कर्मचारीले पालना गर्नुपर्ने आचरण र पूरा गर्नुपर्ने कर्तव्य

**६.अन्तर्राष्ट्रिय सम्बन्ध र अन्तर्राष्ट्रिय सङ्घ/संस्था (५ प्रश्न X २ अङ्क=१०अङ्क) [१४ कक्षा]**

६.१ नेपालका छिमेकी देशहरू तथा बेलायत, अमेरिका र जापानसँगको सम्बन्ध

६.१.१ नेपाल भारत सम्बन्ध : सम्बन्धको आधार (ऐतिहासिक, सांस्कृतिक तथा भौगोलिक सम्बन्ध; नेपाल र भारत बीचका सन्धि सम्झौताहरू; भारतको सहयोगका परियोजनाहरू आदि

६.१.२ नेपाल - चीन सम्बन्ध : नेपाल चीन सम्बन्धका आधारहरू; नेपाल चीनबिचका सन्धि सम्झौताहरू; चीनको सहयोगका परियोजनाहरू आदि

६.१.३ नेपाल - बेलायत सम्बन्ध : नेपाल बेलायत सम्बन्धका आधारहरू; नेपाल बेलायत बिचका सन्धि सम्झौताहरू; नेपालमा बेलायती परियोजनाहरू आदि

६.१.४ नेपाल अमेरिका सम्बन्ध : सम्बन्धका आधारहरू; सहयोगका विभिन्न स्वरूपहरू; शैक्षिक तथा सांस्कृतिक आदान प्रदान; सुरक्षा सहयोग; विकासमा सहयोग (USAID मार्फत) आदि

६.१.५ नेपाल जापान सम्बन्ध : सम्बन्धका आधारहरू; सहयोगका विभिन्न स्वरूपहरू आदि

६.२ संयुक्त राष्ट्र सङ्घ र यसका विशिष्टिकृत संस्था र गतिविधिहरू

६.२.१ संयुक्त राष्ट्र सङ्घः संयुक्त राष्ट्र सङ्घको उत्पत्ति तथा पृष्ठभूमी; संयुक्त राष्ट्र सङ्घको उद्देश्यहरू; प्रमुख अङ्गहरू; संयुक्त राष्ट्र सङ्घका महासचिवहरू; संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरू आदि

६.२.२ संयुक्त राष्ट्र सङ्घका विशिष्टिकृत संस्था र गतिविधिहरूः

- विश्व स्वास्थ्य सङ्गठन
- अन्तर्राष्ट्रिय मुद्रा कोष
- अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घ
- विश्व हुलाक सङ्घ
- अन्तरार्ष्ट्रिय श्रम सङ्गठन
- खाद्य तथा कृषि सङ्गठन
- संयुक्त राष्ट्र सङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन
- अन्तर्राष्ट्रिय नागरिक उड्डयान सङ्गठन
- विश्व बौद्धिक सम्पत्ति सङ्गठन
- अन्तर्राष्ट्रिय कृषि विकास कोष

- अन्तर्राष्ट्रिय अणुशक्ति आयोग
- भन्सार महशुल र व्यापार सम्बन्धी सामान्य सम्झौता
- अन्तर्राष्ट्रिय सामुद्रिक सङ्गठन
- विश्व जलवायु विज्ञान सङ्गठन
- संयुक्त राष्ट्र सङ्घीय औद्योगिक विकास सङ्गठन
- विश्व बैंक समूह : यसका अन्य ४ संस्थहरू छन्।
    - अन्तर्राष्ट्रिय पुनर्निर्माण तथा विकास बैंक
    - अन्तर्राष्ट्रिय विकास संस्था
    - अन्तर्राष्ट्रिय वित्त निगम
    - बहुपक्षीय लगानी प्रत्याभूती एजेन्सी

६.३ क्षेत्रीय सङ्गठनः सार्क, विमस्टेक र आसियान

६.३.१ सार्क (SAARC)

- सार्क उत्पत्तिको सामान्य जानकारी र सदस्य देशहरू
- वडापत्र तथा सार्कका उद्देश्यहरू एवम् सिद्धान्तहरू
- सार्क संरचनाः
    - सरकार प्रमुखहरूको बैठक
    - मन्त्रिपरिषद बैठक
    - स्थायी समिति
    - प्राविधिक समिति
    - कार्य समिति
    - सार्क सचिवालय
- सार्क सहयोग क्षेत्रहरू सार्कका अहिले सम्मका उपलब्धिहरू
- सार्क विशेषताहरू
- सार्क घोषणा वर्ष/दशक
- सार्क शिखर सम्मेलनहरू
- सार्क सम्बन्धी अन्य विभिन्न जानकारीहरू

६.४ विमस्टेक (BIMSTEC)

- विमस्टेकको उत्पत्ति तथा परिचय
- संरचना उद्देश्यहरू
- संरचनाः
    - शिखर सम्मेलन
    - मन्त्रीस्तरीय बैठक

        - वरिष्ठ अधिकारीहरूको बैठक
        - क्षेत्रगत बैठक
    - सहयोगका क्षेत्रहरू
    - शिखर सम्मेलनहरूका सङ्क्षिप्त जानकारी
    - विविध जानकारीहरू

६.५ आसियान (ASEAN)

- सङ्क्षिप्त परिचय
- उद्देश्यहरू
- संरचना
    - शिखर सम्मेलन
    - मन्त्रीस्तरीय बैठक
    - सचिवालय
    - आसियान समुदाय : APSC, AEC, र ASCC
- सहयोगका क्षेत्रहरू
- शिखर सम्मेलनको सङ्क्षिप्त जानकारी
- विविध जानकारीहरू

**७. विज्ञान प्रविधि, जनसङ्ख्या र वातावरण (५ प्रश्न x २ अङ्क = १० अङ्क) [१४ कक्षा]**

७१ मानव जीवनमा प्रत्यक्ष प्रभाव पार्ने विज्ञानका प्रमुख आविष्कारहरू र सूचना तथा सञ्चार प्रविधि

७.१.१ प्रमुख आविष्कारहरू

- टेलिफोन ट्रान्जिस्टर
- वाफइञ्जिन सौर्य सेलहरू
- कम्प्युटर ब्याट्री
- ईन्टरनेट आन्तरिक दहन इञ्जिन (INTERNAL COMBUSTION ENGINE)
- खोप छपाइ
- पेनिसिलिन फोटोकपि मेसिन
- DNA संरचना एफ.एम. रेडियो
- टेलिभिजन रोबोट
- रेडियम

७.१.२ सूचना तथा सञ्चार प्रविधि : अवधारणात्मक बुझाइ; सूचना तथा सञ्चार प्रविधिका अवयवहरू; उपयोगिताहरू; सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ को सामान्य जानकारी ; सूचना तथा सञ्चार प्रविधिमा प्रयोग हुने शब्दहरू : http, org, www आदि; सूचना तथा सञ्चार प्रविधि सम्बन्धी विभिन्न जानकारीहरू आदि

७.२ जनस्वास्थ्य, रोग, खाद्य र पोषण सम्बन्धी जानकारी

७.२.१ स्वास्थ्यको परिभाषा र परिचय

- रोगका प्रकारहरू :
    - सरूवा रोग (उदाहरणसहित)
    - नसर्ने रोग (उदाहरणसहित)
- प्रमुख रोगहरू र यिनका खोपहरू
- स्वास्थ्य विज्ञानका प्रमुख अनुसन्धानकर्ता तथा वैज्ञानिकहरू
- स्वास्थ्य सम्बन्धी विकासहरू
- स्वास्थ्य सम्बन्धी विविध जानकारीहरू

७.२.२ खाद्य र पोषणको सामान्य जानकारी

- खाद्य सुरक्षा
- सूक्ष्म पोषक तत्त्वहरू
- बृहत् पोषक तत्त्वहरू
- सन्तुलित आहार
- कुपोषणका कारणहरू

७.३ दैनिक जीवनमा प्रयोग हुने वस्तुहरूः सावुन, प्लास्टिक, रेसा, काँच, मल र किटनाशक औषधी

७.३.१ साबुनको बनावट

- साबुनका विभिन्न प्रकारहरू
- साबुन र सोडा बीचको अन्तर
- साबुनका विभिन्न उपयोग
- नरम पानी र कडा पानी

७.३.२ प्लास्टिक

- प्लास्टिकको बनावट
- प्लास्टिकको प्रकारहरू
- प्लास्टिकको प्रकृति
- प्लास्टिकको विभिन्न प्रयोगहरू
- प्लास्टिक प्रयोगको विकल्प तथा जैविक प्लास्टिक

७.३.३ रेसा

- रेसा सम्बन्धी बुझाइ
- रेसाका प्रकारहरू :
    - प्राकृतिक : प्रकारहरू

- कृत्रिम (Synthetic): प्रकारहरू
    - मिश्रित प्रकार तथा फाइदा
- Optical fibre
- रेसाका विभिन्न उपयोग

७.३.४ काँच

- काँच सम्बन्धी बुझाइ
- काँचका प्रकारहरू र प्रयोग
- काँच सम्बन्धी विविध जानकारी

७.३.५ मल

- परिभाषा/परिचय
- मलका विविध प्रकारहरू
    - महापोषक (Macro-nutrient) मलहरू
    - द्वितीयक पोषक मलहरू
    - सूक्ष्म पोषक मलहरू
    - जैविक तथा अजैविक मलहरू
- मलका फाइदाहरू

७.३.६ किटनाशक औषधी

- परिभाषा/परिचय
- किटनाशक औषधीका प्रकारहरू
- प्रमुख प्रयोग विधिहरू
- फाइदाहरू
- प्रयोग गर्दा ध्यान दिनुपर्ने पक्षहरू

७.४ दिगो विकास, जैविक विविधता, जलवायु परिवर्तन, वातावरण व्यवस्थापन, प्रदूषण व्यवस्थापन र जनसङ्ख्या व्यवस्थापन सम्बन्धी जानकारी।

७.४.१ दिगो विकास

- दिगो विकासको अवधारणा
- दिगो विकासका आयाम/पक्षहरू
- दिगो विकासका सिद्धान्तहरू तथा लक्ष्यहरू
- दिगो विकासका लागि प्रयोग हुने विधिहरू : IEE, EIA, SEA; DIA(Disaster Impact Assessment)
- दिगो विकास सम्बन्धी प्रमुख सम्मेलनहरू
- दिगो विकास सम्बन्धी विविध जानकारीहरू

७.४.२ जैविक विविधता

- अवधारणा :
- जैविक विविधताका प्रकारहरू
    - वंशाणुगत विविधता
    - जातिगत विविधता
    - परिस्थितिक प्रणालीगत विविधता
- जैविक विविधताको महत्त्व
- जैविक विविधता सम्बन्धी रोचक जानकारीहरू

७.४.३ जलवायु परिवर्तन

- जलवायु परिवर्तन सम्बन्धी बुझाइ
- जलवायु परिवर्तनका कारणहरू
    - हरितगृह प्रभाव
    - भूमण्डलीय तापमानमा वृद्धि
    - ओजोन तहको क्षयीकरण
- जलवायु परिवर्तनका विभिन्न प्रभावहरू
- जलवायु परिवर्तनको न्यूनीकरणका प्रमुख उपायहरू
- जलवायु परिवर्तनका सम्बन्धमा अन्तर्राष्ट्रिय सङ्घ/संस्था तथा सम्मेलनहरू
- जलवायु परिवर्तन सम्बन्धी रोचक जानकारीहरू

७.४.४ वातावरण व्यवस्थापन

- वातावरण तथा वातावरण व्यवस्थापनको बुझाइ
- वातावरण व्यवस्थापनका प्रमुख पक्षहरू :
    - प्राकृतिक संशाधन व्यवस्थापन
    - प्रदूषण नियन्त्रण तथा फोहर व्यवस्थापन
    - जलवायु परिवर्तनको रोकथाप तथा न्यूनीकरण
    - दिगो विकास तथा हरित अर्थतन्त्रको प्रयोग
    - वातावरणीय मापदण्डको पालनाको अनुगमन
    - वातावरणीय योजना तथा नीति
- वातावरण सम्बन्धी सङ्घ/संस्था तथा सम्मेलनहरू
- कार्वन क्रेडिट सम्बन्धी सामान्य जानकारी

७.४.५ प्रदूषण व्यवस्थापन

- प्रदूषणको अर्थ
- प्रदूषणका प्रकारहरू र न्यूनीकरणका उपायहरू

- वायु प्रदूषण
    - ध्वनी प्रदूषण
    - जल प्रदूषण
    - हानिकारक फोहर
    - माटो तथा जमिन प्रदूषण एवम् क्षयीकरण
    - विद्युतीय उपकरण प्रदूषण
    - हस्पिटल फोहर प्रदूषण आदि
- प्रदूषण सम्बन्धी विविध जानकारीहरू

७.४.६ जनसङ्ख्या व्यवस्थापन

- जनसङ्ख्या व्यवस्थापन सम्बन्धी बुझाइ
- जनसङ्ख्यामा प्रभाव पार्ने तत्त्वहरू
- जनसङ्ख्या सम्बन्धी विभिन्न दरहरूः
    - लिङ्ग अनुपात
    - मृत्युदर
    - उत्प्रवासन दर
    - जन्मदर
    - सक्रिय समूह
    - उत्पादन (Fertility) दर
    - जनसाङ्खिक प्रिमियम आदि
- नेपालमा जनसङ्ख्या सम्बन्धी विभिन्न क्रियाकलापहरू (जनगणना, कृषि गणना सहित)
- नेपाल तथा विश्वको जनसङ्ख्या सम्बन्धी तथ्यहरू

**८. समसामयिक गतिविधिहरू (६ प्रश्न X २ अङ्क = १२ अङ्क) [१६ कक्षा]**

८.१ राष्ट्रिय तथा अन्तराष्ट्रिय समसामयिक गतिविधिहरू

८.२ महत्त्वपूर्ण व्यक्तित्व तथा विचारकहरू सम्बन्धी जानकारी

- अन्तर्राष्ट्रिय विचारक, बैज्ञानिक, खेलाडि, राजनेता, धार्मिक व्यक्तित्व, उद्योगी-व्यापारी, सङ्गीतज्ञ/गायक कवि/कलाकार/उपन्यासकार आदि।
- राष्ट्रिय विचारक, वैज्ञानिक, खेलाडि, राजनेता, धार्मिक व्यक्तित्व, उद्योगी-व्यापारी, सङ्गीतज्ञ/गायक कवि/कलाकार/उपन्यासकार आदि।
- राष्ट्रिय विभूतिहरू
- नेपालमा प्रथम (जुनसुकै क्षेत्र)